
# धम्मपद-अट्ठकथा

[ भाग-१ ]



लेखिका :

**सुश्री नानीमैयाँ मानन्धर**

Downloaded from http://www.dhamma.digital

**प्रकाशक :**

**श्री प्रल्हाद कृष्ण मानन्धर**

मरु, अट्कोनारायणस्थान

काठमाडौं, नेपाल ।

[सर्वाधिकार लेखिकामा सुरक्षित ]

**प्रथम संस्करण - १००० प्रति**

बुद्ध सम्वत् - २५४५

विक्रम सम्वत् - २०५८

नेपाल सम्वत् - ११२१

ईस्वी सम्वत् - २००१

Dhamma.Digital

**मूल्य :** रु. १००/–

• *कम्प्यूटर :*

*गोबिन्द स्यूमत, रामकृष्ण लामिछाने, सुरेन्द्रकुमार राणथला*

*मुद्रक :*

**न्यू नेपाल प्रेस**

*प्रधान कार्यालय :*

नक्साल, नागपोखरी, काठमाडौं

फोन : ४३४८५०, ४३४७५३

फ्याक्स : (९७७-१) ४३३९२९

*शाखा कार्यालय :*

शुक्रपथ, न्यूरोड, काठमाडौं

फोन : २५९०३२, २५९४५०

फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital

# समर्पण

प्रातः स्मरणीय पूज्य पिताज्यू

श्री पञ्चनारायण मानन्धरज्यूको

पुण्य स्मृतिमा

सश्रद्धा

समर्पित् !

Downloaded from http://www.dhamma.digital

# विषय - सूची


| विषय | | पृष्ठ |
|---|---|---|
| **भूमिका** | | **1—6** |
| **दुइ शब्द** | | **I—V** |
| **प्रकाशकीय** | | **क–ग** |
| **१** | **यमकवग्गो** | १–१०५ |
| **१.१.** | **चक्षुपाल भिक्षुको कथा** | १–८ |
| | १.१. (क) चक्षुपाल भिक्षुको अतीतका कथा | ५ |
| **१.२.** | **मट्ठकुण्डलीको कथा** | ९ |
| **१.३.** | **वैरभाव शान्त हुने उपाय** | १४–१८ |
| | १.३. (क) देवल र नारदको पूर्व कथा | १६ |
| **१.४.** | **वैरभावले वैरभाव शान्त हुँदैन** | १९–२५ |
| | १.४. (क) मैत्रीभावले शत्रुभाव शान्त हुन्छ | २३ |
| **१.५.** | **कसको कलह शान्त हुन्छ ?** | २६ |
| **१.६.** | **मारले कस्तोलाई डगमगाउन सक्तैन ?** | ३२ |
| **१.७.** | **काषाय वस्त्रको अधिकारी** | ३८ |
| **१.८.** | **सारिपुत्र र मौद्‍गल्यायन** | ४३–६२ |
| | १.८ (क) कौडण्य भिक्षुको अतीत कथा | ४८ |
| | १.८. (ख) यश कुमारको पूर्व कथा | ५२ |
| | १.८. (ग) भद्रवर्गीयहरूको पूर्व कथा | ५४ |
| | १.८. (घ) उरुवेल कश्यपहरूको पूर्व कथा | ५५ |
| | १.८. (ङ) अग्रश्रावकहरूको अतीत कथा | ५८ |
| **१.९.** | **कस्तो चित्तमा राग घुस्दैन ?** | ६३ |
| **१.१०.** | **पापीले शोक गर्दछ** | ६९ |
| **१.११.** | **धर्मात्मा प्रमुदित हुन्छ** | ७२ |
| **१.१२.** | **देवदत्तको कथा** | ७६–९७ |
| | १.१२. (क) एउटा अर्को घटना | ८० |


Downloaded from http://www.dhamma.digital

१.१२. (ख) भगवान बुद्ध प्रति देवदत्तको शत्रु-भाव ------ ८४
१.१२. (ग) आनन्द स्थविरको महान त्याग ------------ ८७
१.१२. (घ) देवदत्तको अकीर्ति ---------------------- ८९
१.१२. (ङ) संघ भेद ------------------------------ ९०
१.१२. (च) अग्रश्रावकहरूको ऋद्धि प्रातिहार्य ----------- ९३
१.१२. (छ) देवदत्त अवीचि नरकमा पतन ------------ ९४
**१.१३. सुमना देवी** -------------------------- ९८
**१.१४. दुइ सहायक भिक्षुहरूको कथा** ------------------ १०२
**२. अप्पमादवग्गो** ---------------------- १०६–१६५
**२.१. अल्लकप्प र वेठदीपक राजाहरू** ------------------ १०६–१४१
२.१. (क) उदेनको जन्म ------------------------ १०९
२.१. (ख) घोषकको जन्म ------------------------ ११२
२.१. (ग) घोषकलाई मार्ने षड्यन्त्र ----------------- ११५
२.१. (घ) घोषकलाई श्रेष्ठी-पद प्राप्त --------------- १२०
२.१. (ङ) श्यामावती र राजा उदेन ---------------- १२४
२.१. (च) राजा चण्डप्रद्योत र राजा उदेन ----------- १२७
२.१. (छ) मागण्डियको कुचक्र ---------------------- १३१
२.१. (ज) श्यामावती र उनका सखीहरूको अतीत घटना १३५
२.१. (झ) अप्रमादी निर्वाणका भागिदार बन्छ --------- १३९
**२.२. अप्रमादीको यश बढ्छ** ---------------------- १४२
**२.३. महापन्थक** ------------------------------ १४६–१५२
२.३. (क) चूलपन्थक ------------------------ १४९
**२.४. अप्रमादीले सुख पाउँछ** ---------------------- १५३
**२.५. अज्ञानीहरूलाई हेर्दछ** ------------------------ १५५
**२.६. बुद्धिमान अगाडि पर्दछ** ---------------------- १५७
**२.७. शक्र देवराज** ------------------------------ १५९
**२.८. अप्रमादले बन्धनलाई जलाउँछ** ------------------ १६२
**२.९. अप्रमादी पतन हुँदैन** ---------------------- १६४
**शब्दार्थ** ------------------------------------ १६६–१७१


Downloaded from http://www.dhamma.digital

# भूमिका

**बुद्ध-वचन** पालि त्रिपिटक अनि **पालि वाङ्मयमा** नै सर्वाधिक प्रामाणिक रूपमा उपलब्ध छ । **धम्मपद** पालि त्रिपिटकको **सुत्तपिटक खुद्दकनिकायको** दोश्रो पुस्तक हो । **पालि धम्मपदमा** ४२३ **पालि गाथाहरू** छन् । यी गाथाहरू बुद्धद्वारा विभिन्न ठाउँमा अनेक श्रावक-श्राविका, श्रमण, श्रद्धालु र जिज्ञासुहरूलाई अथवा तिनीहरूसँगको घटना-परिवेश सम्बन्धमा दिनु भएका उपदेशहरू हुन् । भूत यर्थाथ तथ्य र परमार्थ सत्यको सार हो ।

पालि त्रिपिटकका पुस्तकहरू मध्येमा **धम्मपद** नै विश्वका प्राचीन, अर्वाचीन र वर्तमान समयका सबै भन्दा बढ्ता भाषाहरूमा अनुदित भएको पुस्तक हो । आज भन्दा सत्तरी वर्ष अगाडि (1931 A.D.) **डा. इन्द्रमान बैद्यबाट** अनुदित **नेपाल (नेवाः) भाषानुवाद धम्मपद** प्रकाशित भएको थियो भने **भिक्षु अमृतानन्द महास्थविरको** पालि गाथाका साथै सुसंगठित यसै भाषाको अनुवाद साठी वर्ष (1949 A.D.) अघि निस्केको देखियो । उहाँबाटै पालि गाथासँगै नेपाली भाषामा अनुदित **धम्मपद** उन्नान्चास (1952) वर्ष अघि प्रकाशित भएको थियो । अनि छयालिस वर्ष अगाडि (1955) **श्री सत्यमोहन जोशीज्यूको नेपाल भाषा पद्यानुवाद धम्मपद** देखा पर्‍यो । यस भन्दा अघिको **तिब्बती भाषानुवाद धम्मपद** नेपाल अधिराज्यको हिमालय भेगमा भएको पत्ता लागे कुनै आश्चर्य मान्नु पर्ने कुरा छैन । नौ वर्ष अगाडि **श्री रामानन्द प्रसाद सिंह र सुवोध कुमार सिंह थारुबाट थारु भाषामा** अनुदित अर्थको र **धर्मराज तामाङ्गबाट तामाङ्ग भाषामा** अनुदित अर्थको **भिक्षु अमृतानन्द महास्थविर** बाट **पालि र नेपाली भाषा** अनुवाद सहितको **धम्मपद** प्रकाशित भयो । नेपाल भाषामा अनुदित '**धम्मपद**' को एक वर्ग **अर्थकथा** आज भन्दा

Downloaded from http://www.dhamma.digital

बाउन्न वर्ष अगाडि प्रकाशित भएको थियो भने एकतीस वर्ष (1980) अगाड़ि **भिक्षु अनिरुद्ध महास्थविर**बाट र बाँकी भएका २५ वर्गका अर्थ कथा तेह्र वर्ष लागेता पनि निरन्तर अनुदित गर्नु भई स्वयं निरन्तर रूपमा प्रकाशित पनि गर्नु भयो ।

'**धम्मपद अट्ठकथा**'को नेपाली भाषानुवादको कथा पनि यही रीतिमा परेको छ । "**धम्मपदट्ठकथा**" को तीन वर्गको नेपाली भाषानुवाद सहितको "**संक्षिप्त कथा सहित धम्मपद**" रूपमा १८ वर्ष अगाडि स्वयं भिक्षु अमृतानन्द महास्थविरबाट भएको देखा पऱ्यो भने हालै (2001) **श्री धर्मरत्न शाक्य**बाट नेपालीमा अनुदित **धम्मपदट्ठ कथा**को चौथो वर्ग पुष्प (**पुप्फ वग्ग**) प्रकाशित भएको छ ।

प्रस्तुत-पुस्तक "**धम्मपद-अट्ठकथा (भाग १)" पालि धम्मपदको यमक** र **अप्रमाद** २ **वर्ग**का ३२ वटा शुद्ध पालि गाथाहरू, त्यसका नेपाली अर्थानुवाद र गाथासँग सम्बद्ध पालि अट्ठकथाको स्वतन्त्र तर धार्मिक शैलीमा सरल र सरस २३ वटा बुद्धकालीन कथाहरू अनि २०-२१ यी कथाहरूकै केही **अतीत कथाहरू** एवं **उपकथाहरू**को संग्रह हो । प्रस्तुत पुस्तक बुद्ध-वचन धर्मका पदहरूको संग्रह हो । बुद्ध-शासनमा लाग्नु भएका र बुद्ध शासन पूरा गर्नु भएका व्यक्तित्वहरूको चरित्र कथा संग्रह हो । बुद्ध शासनमा सहयोग गर्नेहरूको र धर्म नबुझेर दुःख पाएकाहरूको वास्तविक कथा संग्रह हो । यस पुस्तकको प्रस्तुति पछाडि अर्को पनि एउटा सानो तर निरन्तर प्रवाहित भएको **हेतु कथा** छ ।

सुश्री नानीमैयाँ मानन्धरज्यूले विगत ६-७ वर्ष देखि आजसम्म निरन्तर रूपमा प्रत्येक शुक्रवार विहानको रेडियो नेपालको धार्मिक कार्यक्रममा बुद्ध, बुद्धधर्म, बौद्ध-दर्शन र बौद्ध-संस्कृतिमा धार्मिक प्रवचन दिँदै आउनु भएको छ । यसैको लागि रेडियो नेपालको प्रसारणको दृष्टिबाट **पालि गाथा**को अर्थ लेख्ने र कथा लेख्ने भएको थियो । प्रस्तुत पुस्तक यसैको प्रतिफल संग्रह हो ।

Downloaded from http://www.dhamma.digital

बुद्धकालीन र त्यसभन्दा अगाडिका लामा-लामा कथाहरूलाई संक्षिप्त सार रूपमा प्रस्तुत गर्नु सजिलो कुरो होइन । किनभने त्यस बेलाको प्रकृति, सामाजिक संरचना र मान्यता, प्रचलित रीतिथिति , आस्था र संस्कार विशेषत: मनुज-स्वभाव एवं चित्त-वृत्ति आजको भन्दा भिन्न स्तरको छ । केही कुरा आज अज्ञानताको गर्भमा विलीन भएका हुन्छन् । जस्तो कि **शब्दविद्या, पद-चिन्ह विद्या, हत्थिकन्तमन्त्र विद्या** र **हत्थिकन्त वीणा वादन** आदि । स्वर्णमुद्राले भरिएका घड़ाहरूको भूगर्भ-सम्पत्ति भएता पनि गरीब जस्तो भई सामान्य काम गरी रहनु पर्ने **कुम्भघोषकको** सामान्य अर्थ बोधक कुरा सुन्दा पनि उसको कण्ठ-ध्वनिको तरंगमा प्रतिध्वनित विपुल सम्पति भएको थाहा पाउने "**शब्दविद्या**" आज कहाँ छ र ? उहाँको समयमा भुईंमा छाप परेका **चरणचिन्ह** देखेर मानिसको क्षमता र चरित्र थाहा पाउने **चरणलक्षणविद्**हरू **मागण्डिकी** आमा जस्तै थुप्रै थिए । **राजा चन्द्रप्रद्योत राजा उदेन**बाट हात्तीलाई वशमा पार्ने **हत्थिकन्तविद्या** सिक्न धेरै चाहेर पनि गुरु मानेर उदेनलाई ढोग्न चाँहि राजकीय अहँले उनलाई दिएन । छोरीलाई छलगरी सिकाउन लगाउन चाह्यो तर आफै छलिए । यस्ता अन्ध-अहँ आज पनि हामी यस समाजमा छ्याप्-छ्याप्ति व्याप्त रहेको देख्छौं । **कोसम्बी घोषितारामका** भिक्षुहरू शौचालयको पानीको लोटा घोप्ट्याएर आउन बिर्सेको एउटा कुरामा **धर्म-कथिक** र **विनयधर**को बीचमा वैचारिक संघर्ष छिडेर अथवा आ-आफ्ना अहँ र इर्ष्या पोषण गर्न स्वयं धर्म र विनयलाई माध्यम बनाएको प्रसङ्ग कम रोचक छैन । छद्मभेषी संसार सँधै यस्तै छ । बोधिसत्वको **काषायवस्त्र** चोरेर लगी **काषायवस्त्र** लगाएर हात्ती शिकार गर्ने व्याधा हिजो थियो र आज पनि धर्मको छाला पहिरी रहने गद्रभ अज्ञानीहरू प्रशस्त छन् । त्यस्तै काषायवस्त्र देख्ने वित्तिकै त्यस प्रति गौरब राखेर भुंईमा पछाड्ने विचार त्याग्ने जस्ता सन्त मनोवृतिका मानिस आज पनि नभएका होइनन् ।

Downloaded from http://www.dhamma.digital

# भूमिका

राग, द्वेष र मोहको चारित्रिक कथामा स्वरूप र शैली फरक हुन्छ। तर यी कथाहरू यस धरतीमा, यस प्राकृतिक छाया र **स्रोतापन्न** मनोवृतिका मानव सहित प्राणीहरूमा सदैव उस्तै-उस्तै हुन्छ । बुद्धकालीन युगमा छोरीहरूलाई आफ्नो दृष्टि र प्रतिष्ठाभिमान अनुसार विवाह गरी दिन सात तल्ला माथि थुनी राख्दथे । तर अन्ततः आफ्नो इच्छानुसार मन पर्नेसँग भागि हाल्ने हुन्थ्यो ।

बुद्धको समयमा परेवाको खुट्टा जस्तै रातो रंगको चरण सौन्दर्यको प्रतीक भए रातो रंगले पाउ रंगाउने र नंग रंगाउने आजको पनि प्रचलित विधि हो । तर तृष्णाको स्वरूप सँधै उस्तै हुन्छ । जस्तै तृष्णा र राग हो त्यस्तै द्वेष र इर्ष्या हो । **मागण्डि**को बुद्धप्रतिको द्वेष र **श्यामावती** प्रतिको इर्ष्या यसको हृदयस्पर्शी उदाहरण हो ।

प्रस्तुत कथाहरू पढ्दा धेरै कुराहरू हामी आज पनि अर्को रूपमा यसका अवशेष भएको पाउँछौं । त्यस बेला नक्षत्र उत्सवमा सात दिनसम्म जथानाम अपशब्द बोल्ने गर्दथ्यो भने आज पनि गथांमुग: (घण्टाकर्ण) को दिन भरी विशेषतः घण्टाकर्ण फाल्न जाँदा त्यस्तै अपशब्द बोल्ने गर्छन् । मुंग्रोले चुटेर मासु बेच्नेले मासु फुलाउँछन् भने आज इञ्जेकशन दिएर तौल बढ़ाउने गर्दछन् ।

**देवदत्त**को अर्थ हो देवताले दिएको । देवदत्तकी आमा देवताले दिएको छोरा भनेर कत्ति दंग परेकी होली । बुद्धद्वारा बुद्धशासनमा प्रव्रजित भएर पनि **भिक्षु देवदत्त** मान-सम्मान, स्वगर्व, इर्ष्या र द्वेषको वशमा परेर **अविची नरक**मा पतन हुनु पर्‍यो । त्यतिको धार्मिक संस्कार अन्तरभूत अर्थको नाम "**देवदत्त**" कसैले आफ्नो छोरालाई राख्न चाहेन । यो मानवको चरित्र पतनको कथा यस पुस्तकमा राम्ररी वर्णन गरिएको छ । कहिल्यै कसैलाई केही दिएको भन्न नजान्ने ब्राह्मण "**अदिन्न पुब्बक**" हाम्रो यस संसारमा आज पनि नभएका होइन ।

Downloaded from http://www.dhamma.digital

प्रस्तुत कथाहरूमा राम्रोसँग ध्यान पुऱ्याउन सके त्यस्ता अनेक कुराहरूको ज्ञान हामीलाई हुन्छ; जुन आजको संसारमा अभाव हुँदै गएका छन् ।

सीमान्तमा अशान्ति उपद्रव शान्त गरेर फर्केका सेनाहरू श्वेतवस्त्र लाइकन **दश शील**मा बस्ने आदर्श व्यवस्था संयुक्त राष्ट्र संघका शान्ति सेनामा कहाँ छ र ? देशको ठाउँ-ठाउँमा व्यवस्था गरिने बुद्धकालीन दानशाला आज कहाँ देख्न पाउने ? त्यस्तै दूधे धान छोड़ाएर पानी नभएको दूधमा क्षीर पकाई दान दिने प्रणीत त्याग-प्रवृति देउताहरूलाई उखुको टुप्पोको र फेदको टुक्रा चढ़ाउने आफूलाई बीचको गर्ने हाम्रो श्रद्धामा कहिले पलाउने ? आजको मानस संसार क्लिष्ट, जटील र आवरण आच्छादितयुक्त भएर नै जति पारदर्शी भन्ने कुरा गरेता पनि आज स्वयं पारदर्शी भन्ने तथ्य नै यथार्थमा गुप्तवास छ । यसैको फल हो, सहज, सरल र सरस बोधबाट हामी च्यूत भयौं । **खुज्जुतराले** जस्तै आफ्नो अधार्मिक नाफा-लाभ हामीले तुरन्त त्याग्न सकेका छैनौं । मैले अगाडि नै पनि भनी सकें प्राचीन कथा आज हामीबाट संक्षिप्तीकरण गर्नु सहज काम पटक्कै होइन । अन्धो भएको भिक्षु **महापन्थक**लाई उनको भाञ्जाले लहुरो समाइकन बुद्धकहाँ पुऱ्याउन ल्याई राखेको थियो । जंगलमा स्त्री-स्वरमा मीठो गीत सुने पछि पिशाब फेर्ने निहुँ राखेर त्यहाँ पुग्यो र शील भ्रष्ठ भयो । अनि फेरि उसलाई लहुरो समाउन दिन क्षीणास्रवी भिक्षु महापन्थक तयार भएन । एक्लै नै हिंड्न लाग्दा अरूहरूले सहयोग गरे । यो अन्तर-कथा भित्रको रस "महापन्थकले आफ्नो भाञ्जा श्रामणेर र अनि अरूको सहयोगबाट" पाउन गाह्रो छ । **हेतुवाद**को धम्माबोध भएका **सारिपुत्र**को मुख देख्ने बित्तिकै उनका सहचारी **मौद्गल्यायन**ले के तिमीले अमृत पायौ भन्ने प्रश्न चिन्हमा नै अमृत-अनुभूति मुखमण्डलमा प्रभाषित भएको सत्य-तथ्य छ ।

**धम्म**को अन्तर-अर्थ बुझ्नु अवश्य पनि त्यति सजिलो हुँदैन ।

Downloaded from http://www.dhamma.digital

# भूमिका

**अनाथपिण्डिक** जस्तो **स्रोतापन्न आर्य पुदग्ल**ले आफ्नो कांछी छोरी **सुमनादेवी**ले **मरणासन्न** अवस्थामा "**भाइ**" भन्ने सम्बोधन बुझ्न सकेन। बुबा भएका अनाथपिण्डिक श्रोतापन्न मात्र भएकोले कांछी छोरी **अनागामी** भई सकेको **मार्ग-फल**को **उच्चस्तर** अन्तर-अर्थ अनाथपिण्डिकले देख्ने बुझ्ने सक्ने स्थिति पनि छैन। तसर्थ पुस्तकमा भएका कथाहरूका **भत्तुदेसक, उपोसथकम्म, पटिसम्भिदा, दक्षिणोदक, गणसंगणिक** जस्ता थुप्रै शब्दहरू लेखिकाले अर्थ दिएता पनि हाम्रो रागबाट अनुरंजित, द्वेषबाट दुषित र मोहबाट अभिभूत मन मस्तिष्कले सहज अनुभूत गर्न सक्ने होइन। **कलाकृति** देख्न कलात्मक दृष्टि; काव्यरस पान गर्न कवि-हृदय; **लैला**लाई हेर्न **मजनु**को आँखा चाहिन्छ।

"**अरियसच्च**", "**अट्ठङ्गमग्ग**" र "**निब्बान**" आदि बुझ्न **विपस्सना-साधनाका विपस्सना आचार्य** सुश्री नानीमैयाँ मानन्धरको सानिध्यमा नै बढ्नु अपेक्षित छ साथै कमसेकम सुश्री नानीमैयाँ मानन्धरबाट अनुदित **बुद्ध-वचन**, **मग्गङ्ग दीपनी**, **बोधिपक्खिय दीपनी**, **नियाम दीपनी**, **चतुसच्च दीपनी** र **धर्मः जीवन जिउने कला** पढी दिनु हुन यस ग्रन्थका पाठक वर्गसँग सविनय आग्रह गर्दछु।

**न.म. श्री कीर्ति विहार,**
कीर्तिपुर नगर पालिका-१७,
कीर्तिपुर, काठमाडौं,
नेपाल।
२०५८ श्रावण ३०

**-भिक्षु सुदर्शन महास्थविर**

Downloaded from http://www.dhamma.digital

# दुइ शब्द

**धम्मपद** पालि साहित्यको एउटा अमूल्य ग्रन्थ-रत्न हो । यो **सुत्तपिटक**को अन्तर्गत पर्ने **खुद्दकनिकाय**को दोस्रो ग्रन्थ हो । भगवान बुद्धले बुद्धत्व प्राप्त गर्नु भएदेखि महापरिनिर्वाण नहुन्जेल ४५ वर्षसम्म तथागतले समय समयमा दिनु भएको धर्म-उपदेशको सार संक्षेप यसमा संग्रहित भएको छ । यसमा २६ वर्ग र ४२३ गाथाहरू छन् ।

**धम्मपद** यस्तो एक ग्रन्थ हो, जसको प्रत्येक गाथामा धर्मको सारतत्वले भरिएको छ । ती गाथाहरू शील, समाधि, प्रज्ञा र निर्वाणलाई बडो रसयुक्त ढंगले उपमा, उपमेय सहित वर्णन गरिएको छ । यी गाथाहरू पढ्दा अद्भूत किसिमको धर्म-संवेग उत्पन्न भई शान्ति र शितलताको अनुभूति हुन्छ । विशेष गरी मानव जीवनमा अनायास घट्ने हानी-नोक्सानी, वियोग-व्यथा, सोक-परिदेव आदिबाट संतापित घड़ीमा यी गाथाहरूले औषधि उपचारको कार्य गर्दछन् ।

**त्रिपिटक ग्रन्थ**लाई अत्यन्त विस्तारपूर्वक लेखिने **भाष्य** अर्थात् व्याख्यालाई **अट्ठकथा** भनिन्छ । **अट्ठकथा**मा सम्बन्धित् घटना– कहाँ, कहिले, कोसँग, के विषयमा घटेको थियो; तथागतले कसलाई सम्बोधन गर्नु भई के उद्देश्यले गाथा प्रकाशमा ल्याउनु भयो; वर्तमानको घटनासँग पूर्व-जन्मको घटना कसरी सम्बन्धित् हुन गयो; यसबाट श्रोतावर्गलाई के कति मार्ग-फल एवम् लाभ प्राप्त भयो– यी सबै कुरा **भाष्यकार**ले स्पष्ट वर्णन गरी दिएको हुन्छ ।

प्रारम्भमा **अट्ठकथा** श्रीलंकामा सिंहल भाषामा लिपिबद्ध भएको थियो । ईस्वी सम्बत् ५०० शताब्दीमा भारतमा जन्मनु भएका **आचार्य बुद्धघोष**ले सम्पूर्ण त्रिपिटक अध्ययन गरिसक्नु भएपछि उहाँ श्रीलंकामा जानु भयो । उहाँले त्यहाँ भएका सबै **अट्ठकथा** पालि भाषामा अनुवाद गर्नु भयो । यो काम पूरा गर्न उहाँलाई ३० वर्ष लागेको थियो । अनुवाद कार्य

Downloaded from http://www.dhamma.digital

## दुइ शब्द

पूर्ण भइसकेपछि पालि अट्ठकथा सहित आफ्नो गुरु **संघ महानायक रेवत महास्थविरज्यू**लाई भेट्न भारत फर्कनु भयो । त्यसबेलादेखि उहाँले अनुदित गर्नु भएको **पालि अट्ठकथा**को महत्व बढ्दै गई आज बौद्ध जगतमा यसले ठूलो स्थान पाएको छ ।

एकातिर यस "**धम्मपद-अट्ठकथा**"मा पुण्य पारमी संग्रहित भएका मानिसहरू तथागतको दया र छत्रछाँया पाएर अथवा कुनै न कुनै कारणबाट भगवान बुद्धको सम्पर्कमा आउने गर्दछन् । अनि तथागतको उपदेश अनुरूप चार आर्य-सत्य र अष्ठाङ्ग-मार्ग आ-आफ्नो अनुभूतिद्वारा जीवनमा उतारी आर्य मार्ग-फल र निर्वाणलाई साक्षात्कार गरी मानव जीवन सफल पारेका कतिपय सत्य घटनाहरू यसमा दर्शाइएका छन् । अर्कोतिर पुण्य पारमिता संग्रहित भएका तर तथागत समक्ष आउने संयोग नपरेका अथवा अशक्त भएका कतिपय नर-नारीहरूकहाँ स्वयम् तथागत उपस्थित हुनु भई अथवा **छवण्ण रश्मि**को आभाष फैलाउनु भई धर्म उपदेश दिनु भएको कारणबाट तिनीहरूले मार्ग-फल र निर्वाण प्राप्त गर्न सकेको थुप्रै तथ्यहरू हाम्रो सामु छन् ।

भगवान बुद्धको समयमा तथागतको नजिक अथवा टाढा रहेका भिक्षु-भिक्षुणी, श्रामणेर, परिव्राजक, देवता, मार, राजपरिवार, गृहस्थ, यक्ष-यक्षणी आदि अमनुष्यहरूबाट विषम परिस्थिति र समस्याहरू सिर्जना भए । त्यसलाई तथागतले **मैत्री, करुणा र उपेक्षाभाव**बाट मनोवैज्ञानिक तवरले समाधान गर्नु भएको घटना प्रसंशनीय र अनुकरणीय छन् ।

भगवान बुद्धलाई जतिसुकै प्रसंशा गर्ने भक्तहरू देखी प्रभावित भई तथागतले कहिल्यै कसैलाई **वरदान** दिनु भएन । त्यस्तै भए-नभएका कुराको लाञ्छना लगाई निन्दा गर्ने असभ्य, बेइमानी, पापीहरूलाई कहिल्यै **श्राप** दिनु भएन । बरु तथागतले बडो करुणाायुक्त चित्तले तिनीहरूको जीवनसँग सम्बन्धित् पूर्व-जन्मका घटनाहरूको माध्यमबाट धर्म-उपदेश गर्नु भई तिनीहरूलाई सही मार्ग दर्शाउनु हुन्थ्यो ।

Downloaded from http://www.dhamma.digital

## दुइ शब्द

प्राणीका सानो भन्दा सानो कर्मदेखि लिएर ठूल-ठूला कर्म-विपाक भोग गर्नै पर्ने; अझ आर्य पुद्गलको स्थितिमा पुगी सकेर पनि भोग गर्नु पर्ने विपाकबाट मुक्त नहुने कुरा '**धम्मपद अट्ठकथा**'ले हामीलाई सतर्क गराई जुनसुकै कर्म गर्दा समयमा नै बडो होश पुऱ्याउनु पर्ने सन्देश दिएको छ।

प्रस्तुत पुस्तक "**धम्मपद-अट्ठकथा**"मा भगवान बुद्धको अमृत वचन पालि गाथाबाट शुरु गरी तथागतले यस गाथा कहाँ, कहिले, कसको सन्दर्भमा प्रकाश पार्नु भएको हो; त्यो कुरो स्पष्ट उल्लेख गरी दिएकी छु।

यसमा कुनै-कुनै कथा यथावत् नै छन् भने कुनै-कुनै घटनाक्रमलाई संक्षेपीकरण गर्नु परेको छ। यस पुस्तकमा घटनाक्रम अनुसारको **शिर्षक** र **उप-शिर्षक** राखी दिएकी छु। कथाको अन्तमा गाथालाई फेरि एकचोटी दोहऱ्याई त्यसको अर्थ प्रष्ट पारी दिएकी छु। साथै त्यस धर्म-उपदेशबाट 'श्रोतावर्गले के, कति मार्ग-फल एवम् लाभ प्राप्त गरेका छन्' भन्ने कुराको परिणाम पनि दर्शाई दिएकी छु।

यस पुस्तकमा '**यमकवग्गो**' को २० वटा गाथा र '**अप्पमादवग्गो**' को १२ वटा गाथा समेत जम्मा ३२ वटा गाथाहरूको सन्दर्भमा आएका बुद्धकालीन घटनाहरू र त्यससँग सम्बन्धित् अतीतका कथाहरू समावेश भएका छन्।

'**धम्मपद**' पुस्तक मैले सानै उमेरदेखि पढेको थिएँ। तर त्यस बेला गाथा र अर्थमा मात्रै सीमित रह्यो। हुनत यसले पनि मेरो जीवनमा कहिले माता-पिताको वियोग-व्यथालाई मलम-पट्टिको कार्य गरी दिन्थ्यो भने कहिले कल्याण-मित्रको निर्देशन दिइरहन्थ्यो। अझ गम्भीर साधनाको अवधिमा त तथागतले साधना सम्बन्धी सारयुक्त वाणी उच्चारण गरिरहनु भएको जस्तै भान हुन्थ्यो।

संयोगको कुरा हो, गत छ-सात वर्षदेखि प्रत्येक शुक्रबार विहान प्रसारित हुने रेडियो नेपालको धार्मिक कार्यक्रममा बुद्ध-धर्म सम्बन्धी

Downloaded from http://www.dhamma.digital

## दुइ शब्द

प्रवचन प्रसारण गर्ने कार्य गर्दै आइरहेको थिएँ । त्यसै सिलसिलामा "**धम्मपद-अट्ठकथा**" पढ्ने लेख्ने कार्यतिर लाग्दा यसको महत्ता र विशेषता झन छर्लङ्ग हुँदै आयो । रेडियो नेपालको धार्मिक कार्यक्रममा प्रसारित गर्ने लक्ष्य लिई लेखेकोले लेख लेख्दा समय र परिस्थितिको परिधि भित्र रहेर लेख्नु पर्ने भएकोले यस पुस्तकमा कतै कुनै लेख छोट्याउनु पर्ने, कुनै बढाउनु पर्ने वाध्यता भएको महशूश हुन्छ ।

मूल "**धम्मपद-अट्ठकथा**" झैं प्रस्तुत पुस्तकको रूप त्यति विस्तृत नहोला । तैपनि यस पुस्तक साह्रै संक्षिप्त पनि छैन । मध्यम कायको रूपमा आजको समय सुहाँउदो भाषा र शैलीमा उतार्ने धृष्टता लिएकी छु ।

पुज्य संघनायक भिक्षु अनिरुद्ध महास्थविरज्यूले अनुवाद गर्नु भएको "**धम्मपदट्ठ कथा**" तथा श्रद्धेय भिक्षु अमृतानन्द महास्थविरज्यूले लेख्नु भएको "**संक्षिप्त कथा सहित धम्मपद**"को आधारमा प्रस्तुत पुस्तक '**धम्मपद-अट्ठकथा**' लेखेकी छु । अत: उहाँहरू दुबैलाई म भित्री हृदयदेखि आभार व्यक्त गर्दछु ।

Dhamma.Digital

त्रिपिटकाचार्य भिक्षु धर्मरक्षितद्वारा अनुदित एवम् सम्पादित "**धम्मपद**", विपश्यना विशोधन विन्यास इगतपुरीबाट प्रकाशित "**धम्मपद-अट्ठकथा**"र DAW MYA TIN M. A. द्वारा अनुदित "The Dhammapada verses and stories" सहायक पुस्तकहरूको रूपमा लिएकी छु । उहाँहरू सबैलाई कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

५० वर्ष भन्दा पहिल्यै दिवंगत हुनु भएका सुश्री गंगा कुमारी मानन्धर श्री प्रल्हाद कृष्ण मानन्धरज्यूको दिदी रहेछ । उहाँ राणाकालीन समयका एक शिक्षित महिला हुनुहुन्थ्यो । उहाँ आफ्ना परिवारका सदस्यहरूलाई शिक्षा अध्ययन गराउने र समाज सुधार गर्ने कार्यमा अग्रसर हुनुहुन्थ्यो । उहाँकै प्रेरणाबाट श्री प्रल्हाद कृष्ण मानन्धरज्यूले उच्च शिक्षा हासिल गर्न पाएकोले उहाँ प्रति कृतज्ञ भई आफ्नो आदरनीय

Downloaded from http://www.dhamma.digital

## दुइ शब्द

ःदी सुश्री गंगा कुमारी मानन्धरज्यूको स्मृतिको रूपमा प्रस्तुत पुस्तक **धम्मपद-अट्ठकथा** (भाग-१)" प्रकाशन गर्ने इच्छा व्यक्त गर्नु भयो ।

आजको स्वार्थी समाजमा श्री प्रल्हाद कृष्ण मानन्धरज्यू जस्तो भाइ ाउनु पनि सुश्री गंगा कुमारी मानन्धरज्यूको भाग्यको कुरा जस्तो लाग्छ । हाँ दिवंगत हुनु भएको आधा शताब्दी नाघिसकेर पनि भाइले दिदीले गरी ाख्नु भएको गुणलाई बार-बार सम्झेर कृतज्ञता ज्ञापन गर्न सक्नु चान्चुने ुरा होइन । साँचै भन्ने हो भने आजको युगमा श्री प्रल्हाद कृष्ण मानन्धरज्यू स्तो भाइ लाखमा एक पाउनु पनि दुर्लभ होला जस्तो लाग्छ ।

भगवान बुद्धले ४५ वर्षसम्म गाउँ, नगर र जनपदमा चारिका गर्नु ई धर्म-उपदेश गर्नु भएको तथागतको सारयुक्त वाणीले ओतप्रोत एको र त्यसको व्याख्या सहितको "**धम्मपद-अट्ठकथा** (भाग-१)" पुस्तक काशन गरी दिनु भएकोमा म श्री प्रल्हाद कृष्ण मानन्धरज्यूलाई हार्दिक न्यवाद दिन चाहन्छु र 'यसरी नै धार्मिक कार्यमा अघि बढ्न सकुन् !' न्ने शुभेच्छा व्यक्त गर्दछु । साथै यस पुस्तक प्रकाशनको पुण्य ार्यद्वारा 'उहाँको आदरनीय दिदी सुश्री गंगा कुमारी मानन्धरज्यूको ार्वाण प्राप्तिको हेतु बनोस्' भन्ने कामना पनि गर्दछु ।

*"चीरं तिट्ठतु सद्धम्मो !"*

ु-३/७६०, कुमारी गल्ली,
याँ बजार, काठमाडौं, नेपाल ।
०५८ आषाढ १७ गते, आइतवार,
रिशयनी एकादशी ।
ोन : ३५८९९३

– **नानीमैयाँ**

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

आफू कलिलो उमेरमा नै रहँदा दिवंगत हुनु भएकी दिदी गंगा कुमारी मानन्धरको विषयमा दुइ शब्द लेख्न पनि सजिलो हुँदो रहेनछ । तर सुश्री नानीमैंया मानन्धरज्यूले लेख्नु भएको **"धम्मपद-अट्ठकथा** (भाग १)" पुस्तक प्रकाशनमा सहयोग गरी दिवंगत गंगा दिदीको स्मृतिमा प्रकाशनमा ल्याई आफन्त, हितैषीहरू तथा यस ज्ञानवर्धक पुस्तक अध्ययन गर्न ईच्छुकहरूमा उपलब्ध गराई दिन आफूले पनि केही हद सम्म सार्थक बन्न पाएकोमा ज्यादै हर्षित् छु ।

यस दुइ शब्द तयार गर्न हाम्रा परिवारका केही मान्यवरहरू तथा दिदी गंगा कुमारीसँगै परिचित केही सहकर्मीहरूसँग साक्षात्कार गरिएको छ । यसमा श्री ५ को सरकारका पूर्व मुख्य सचीव श्री कृष्ण बहादुर मानन्धरज्यू, श्री तीर्थनारायण मानन्धरज्यू तथा केशव नारायण मानन्धरज्यूको नाम उल्लेखनिय छन् । उहाँहरू सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

सुश्री गंगा कुमारी मानन्धर १९७९ वैशाख अक्षय तृतीयाको दिन हाम्रा पारिवारिक घर मरुमा जन्मनु भएको थियो । उहाँ दिवंगत सुब्बा रत्नदास तथा श्रीमती वाल कुमारी मानन्धरका छोरा दिवंगत मच्छे नारायण मानन्धर तथा दिवंगत दिलमाया मानन्धरको छैठौं सन्तान (चौथी सुपुत्री) हुनु हुन्थ्यो । उहाँको ज्यादै सानो उमेरमा नै मुमाको देहान्त भएकोले सानी मुमा दिवंगत जनकमाया मानन्धरले लालन पालन गर्नु भएको थियो । वहाँ क्षयरोगबाट पिडित हुनु भई २००४ साल माघ पूर्णिमाका एकदिन अघि सबैभाई संझाई बुझाई कति पनि नहडवडाई आफ्नै-निवासमा कुरा गर्दै असामयिक निधन हुनु भएको थियो ।

उहाँको प्रारंभिक शिक्षा बसन्तपुरका गुरुबाबाट घरैमा भएको थियो । त्यसबेला नेपाली भाषा तथा हिसाबको ज्ञानमा

Downloaded from http://www.dhamma.digital

बढी जोड दिईन्थ्यो । त्यसबेला केटीहरूको छुट्टै स्कूल नहुँदा उहाँले स्कूलमा गई अध्ययन गर्ने कुरा नै भएन । पछि उहाँ आफ्ना २ भाइहरू तथा एक भतिजीका साथ भारतको बनारसमा गई अध्ययन गर्न जाने सायद पहिलो मानन्धर महिला हुनु पर्छ । शुरुमा त्यहाँका प्रसिद्ध कम्यूनिष्ट नेता रुस्टमजीको धर्मपत्नीले संचालन गर्नु भएको छात्रावासमा बसी प्राइभेट अध्ययन गरे पछि त्यहींको रामेश्वर गर्ल्स स्कूलमा अध्ययन गर्न शुरु गर्नु भएको थियो । तर अचानक उहाँलाई क्षयरोगले छोए पछि बीचैमा काठमाडौं फर्कन बाध्य हुनु पऱ्यो ।

उहाँलाई संझने सबैको मतानुसार उहाँ अतिनै सहनशील, गरीब प्रति दया माया भएको ममतामयी स्वभावको हुनुहुन्थ्यो । गरीबहरूलाई देखे पछि उहाँको आँखाहरू रसाउने गर्दो रहेछ । 'समाजमा भएका रुढीवादी कुरीति हटाई समाज सुधार गर्नु पर्छ' भन्ने उहाँको दृढ संकल्प रहेछ । यसै सिलसिलामा उहाँको प्रेरणामा "**जातीय संघ**" को जन्म पनि भएको थियो । पछि गएर यस संघले **मानन्धर संघ**को रूप लिएको पनि भनिन्छ । उहाँले आफ्नो जीवनकालमा राजनीतिमा कहिल्यै प्रत्यक्ष भाग नलिए पनि राणा शाही प्रति उहाँको घोर आपत्ति रहेछ । 'यस किसिमको क्रूर व्यवस्था रहेसम्म देशको प्रगति हुँदैन' भन्ने उहाँको स्पष्ट धारणा रहेको पनि बुझिन्छ ।

सुश्री गंगा कुमारी मानन्धर 'महिलाहरूलाई तथा केटाकेटीहरूलाई समयमा नै अध्ययनमा लगाउनु पर्छ' भन्ने प्रेरणा आफ्ना अभिभावकहरूलाई पनि नम्रतापूर्वक अनुरोध गर्नमा सफल हुनु भएको थियो । सायद उहाँको निर्देशन नपाएको भए आफू यस अवस्थासम्म कदापि पुग्न सक्ने थिएन होला ।

शिक्षाको अतिरिक्त संगीतमा खासगरी हारमोनियम, तबला तथा सीतार जस्ता बाद्य वादनमा उहाँको निकै अभिरूचि रहेछ ।

अभाग्यवस उहाँको निधन हुनु अघि पेनिसिलीन औषधिको आविष्कार भएको थिएन । त्यसबेलाका ख्याति प्राप्त

Downloaded from http://www.dhamma.digital

## प्रकाशकीय

डाक्टरहरू– जीतसिं मल्ल, हल्डर तथा पारिवारिक डा. इन्द्र वहादुर मालि समेतको अटूट प्रयासबाट पनि उहाँलाई बचाउन सकिएन । सन् १९४८ जनवरी महिनामा भारतमा महात्मा गान्धीको हत्याकाण्ड पछि उहाँले औषधि सेवन गर्न छोड्नुँ भएको र केही दिन भित्रै नै उहाँ हामीसँग सदाको लागि नश्वर शरीरलाई छोडी विदा हुनु भए पनि उहाँको स्मृति हमेशाको लागि ताजा राखी जानु भयो ।

मरु टोलको एक मानन्धर परिवारको ज्योतिको विलय भएको छ । उहाँको निधनमा १३ रौं दिनको क्रियाको उपलक्ष्यमा स्व. कवि हृदय चन्द्रसिंज्यूले परिवारको अनुरोधमा अति नै मार्मिक कविता पनि कोर्नु भएको थियो; जसको शुरुको बोलि थियो–

**"देवी गंगा तिम्रो जय होस्**
**तिमी शुद्ध बुद्ध तिमी प्रेमागार**...."

उहाँलाई दैनिक पूजा-आजा भन्दा बढी बुद्ध वचन सुन्न बुझ्नमा विशेष अभिरूचि थियो । बुद्ध उपदेशबाट ज्यादै प्रभावित भएको कुरा पनि उहाँ बताउनु हुँदो रहेछ ।

यस पुस्तक प्रकाशनमा सहयोग गर्न अवसर दिनु भएकोमा सुश्री नानीमैंया मानन्धरज्यूलाई पुनः धन्यवाद ज्ञापन गर्दछु । साथै आफूलाई विश्वास छ, यस पुस्तकको अध्ययनबाट पाठक-वर्ग लाभान्वित हुने छन् ।

**–प्रल्हाद कृष्ण मानन्धर**

७/५६२ मरु, अट्कोनारायण
काठमाडौं, नेपाल ।
२१ आषाढ, २०५८ गुरू पूर्णिमा,
फोन : २६३३९१/५२१७३६

Downloaded from http://www.dhamma.digital

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**

## धम्मपदं

# १. यमकवग्गो

## १.१. चक्षुपाल भिक्षुको कथा

१.(१) **"मनोपुब्बङ्गमा धम्मा – मनोसेट्ठा मनोमया ।**
**मनसा चे पदुट्ठेन – भासति वा करोति वा ।**
**ततो नं दुक्खमन्वेति – चक्कंव वहतो पदं ॥"**

एक समय भगवान बुद्ध श्रावस्तीमा अनाथपिण्डिक महाजनले बनाइएको जेतवनाराममा विहार गरिरहनु भएको थियो । त्यस बेला तथागतले यो गाथा **चक्षुपाल** भिक्षुको सन्दर्भमा भन्नु भएको हो ।

श्रावस्ती नगरमा **महासुवर्ण** नाम गरेको एक धनी सेठ बस्दथ्यो । ऊ महाधनी थियो । तर सन्तान थिएन । एक दिन नदीमा नुहाएर आइरहेको बेला उनले बाटोमा एउटा ठूलो रूख देख्यो । उनले विचार गऱ्यो– "यो वृक्षमा अवश्य पनि कुनै प्रभावशाली देवताले बास गरेको हुनु पर्छ ।" उनले त्यस वृक्षलाई ध्वजा-पताकाले सिंगाऱ्यो र प्रार्थना गऱ्यो– "यदि मलाई छोरो वा छोरी प्राप्त भएमा म तपाईलाई ठूलो सम्मान गर्नेछु ।" नभन्दै उनकी धर्म-पत्नीले गर्भ धारण गरिन् । दश महिना पछि एक छोरो जन्माइन् । 'आफूले पालन गरेको वृक्ष देवताको कृपाले छोरो पाएँ' भन्ठानी पुत्रको नाम **पाल** राखियो । पछि फेरि अर्को छोरो पायो । उसको नाम **चूलपाल** राखियो । अनि जेठोको नाम '**महापाल**' रहनु गयो । दुबै छोराहरू ठूला भए । घर-गृहस्थ गरी बसे ।

त्यस बेला श्रावस्तीको जनसंख्या सात करोड थिए । यी मध्ये तथागतको धर्म-श्रवण गरी त्यस अनुसार आचरण र अभ्यासमा लागि

Downloaded from http://www.dhamma.digital

पाँच करोडले **आर्य मार्ग-फल** प्राप्त गरी सकेका थिए। बाँकी दुइ करोड **पृथग्जनहरू** थिए। श्रावस्ती निवासी ती आर्य-श्रावकहरू दिनहूँ सुगन्धित फूलहरू लिई भगवान बुद्धको दर्शन गर्न र उपदेश सुन्न जेतवन विहारमा जाने गर्थे।

एक दिन महापालले ती आर्यश्रावकहरू जेतवनाराममा गइरहेको देखेर ऊ पनि पछि पछि लाग्यो। धर्म-सभाको एक छेऊमा बस्यो। भगवान बुद्धले देशना गर्नु भएको **आनुपूर्वी कथा** सुनेपछि महापालको मनमा यस्तो लाग्यो– "परलोक जाँदा यी धन सम्पत्ति र छोरा-छोरीहरू साथमा आउने होइनन्। अरू त के यही शरीर पनि साथमा आउँदैन। यस्तो स्थितिमा घरमा मात्र बसेर के गर्ने ? **प्रव्रजित** हुनु पर्‍यो।" अनि उसले **प्रव्रज्या**को निमित्त भगवान बुद्धसँग प्रार्थना गर्‍यो।

भगवान बुद्धले भन्नु भयो– "तिमीले घरमा सोध्नु पर्ने अरू कोही छ कि ?"

महापालले बिन्ति गर्‍यो– "एउटा भाइ छ, भगवन्।"

तथागतले भन्नु भयो– "त्यसो भए भाइसँग अनुमति लिएर आउनु।"

महापाल घरमा गई भाइलाई बोलाई भन्यो– "भाइ ! यो घरमा भएको सजीव-निर्जीव जे-जति सम्पत्तिहरू छन्, ती सबै तिम्रै भयो।"

भाइले सोध्यो– "तपाई के गर्नु हुन्छ नि ?"

महापालले भन्यो– "म भगवान बुद्ध कहाँ गई प्रव्रजित हुनेछु।"

भाइले भन्यो– "दाजु ! के भन्नुभएको ? आमाबाबुको परलोक पछि तपाई मेरो आमाबाबु समान हुनु हुन्छ। घरमा बसेर पनि धर्म-कर्म गर्न सकिन्छ नि। घरमा यत्रो धन-सम्पत्ति छ। यस्तो कुरा नगर्नु होस्, दाजु !"

महापालले सम्झाउँदै भन्यो– "भाइ ! तथागतले **आदि-मध्य-अन्तको कल्याण** हुने धर्मोपदेश सुनाउनु भयो। सूक्ष्मरूपले **अनित्य, दुःख, अनात्म– त्रिलक्षण**को उपदेश गर्नु भयो। प्रव्रजित नभइकन त्यस्तो

Downloaded from http://www.dhamma.digital

कल्याण कारी धर्म प्राप्त गर्न सकिन्न ।"

उसले फेरि भन्यो– "भाइ ! मलाई प्रव्रजित हुने अनुमति देऊ ।"

भाइले आफ्नो विचार व्यक्त गर्दै भन्यो– "दाजु ! अहिले तपाई तन्नेरी नै हुनुहुन्छ बुढो भइसकेपछि मात्र प्रव्रजित हुनुहोला ।"

महापालले कुरो बुझ्ने गरी सम्झायो– "भाइ ! बुढेस-कालमा आफ्ना हात-खुट्टा आफूले भने जस्तो हुँदैनन् । हात-खुट्टा कमजोर भइसकेपछि कसरी धर्म पालन गर्न सकिएला ?"

महापालले आफ्ना भाइ चूलपाललाई सम्झाई बुझाई अनुमति लियो । अनि भगवान बुद्ध कहाँ गएर प्रव्रजित भयो ।

महापाल भिक्षु भइसकेपछि **विपश्यना ध्यान** गरी विमुक्तिको अवस्था प्राप्त गर्न साठी जना अरू भिक्षुहरूका साथ श्रावस्तीबाट धेरै टाढा एउटा गाउँमा वर्षावास बस्न गए । त्यस गाउँका एक जना बैद्य आएर ती भिक्षुहरूलाई भन्यो – "भन्ते धेरै मानिस बस्ने ठाउँमा रोग लाग्ने सम्भावना हुन्छ । भन्तेहरूलाई केही भएमा मलाई भन्नु होला । म औषधि गरी दिनेछु ।"

महापाल भिक्षुले **वर्षावास** भरी अर्थात् तीन महिनासम्म तीन '**इर्य्यापथ**' मा रहने अर्थात् लेटेर सुत्ने क्रिया छोड्ने अधिष्ठान गऱ्यो ।

भिक्षु महापाललाई लेटेर सुत्ने इर्य्यापथ छोडेको कारणले राम्रो निन्द्रा लागेन । अनि उनको आँखा रातो भयो । दुख्न थाल्यो । यो कुरो थाहा पाई अरू भिक्षुहरूले बैद्यलाई खबर दिए । बैद्यले सुतेर नाकमा हाल्नु पर्ने तेलको औषधि दियो । भिक्षु महापालले तेलको औषधि नाकमा हाल्दा सुतेर नहाली बसेर नै हाल्यो ।

एक दिन भिक्षाटन गरिरहेको बेलामा बैद्यले त्यस भिक्षुको आँखाबाट आँसु बगिरहेको देखेर सोध्यो– "भन्ते ! मैले दिएको तेल नाकमा हाल्नु भएन ?"

Downloaded from http://www.dhamma.digital

"हालें" भनी भिक्षुले भन्यो ।

बैद्यले मनमनै सोच्यो– "एकै मात्रामा रोग निको हुने तेलको औषधि दिएको थिएँ । तर रोग निको भएन । किन होला ?" 'उहाँ बस्ने ठाउँमा गई हेर्नु पर्‍यो' भनी विहारमा गई हेर्दा त्यहाँ कतै सुत्ने ठाउँ देखेन । फेरि भिक्षुसँग उसले सोध्यो– "भन्ते ! तपाईले सुतेर नाकमा तेल राख्नु भएन ?"

भिक्षुले जवाफ दिएन ।

"भन्ते ! स्वास्थ्य ठीक भए मात्र ध्यान-भावना गर्न सकिन्छ । अत: सुतेर नै नाकमा तेल हाल्नुस् " भनी अनेक प्रकारले सम्झाई बैद्य आफ्नो घर फर्क्यो ।

भिक्षु महापालले मनमनै विचार गर्‍यो– "मैले तीन महिना अर्थात् वर्षावास भरी लेटेर नसुत्ने प्रतिज्ञा गरी सकें । म अन्धो नै भएपनि मैले आफ्नो प्रतिज्ञालाई तोड्ने छैन । यस भौतिक शरीरलाई त्याग्नु परेता पनि बुद्ध-शासनको आरक्षा गर्नु मेरो कर्तव्य हो ।"

यसरी आफूले आफूलाई सम्झाई-बुझाई श्रमण-धर्म पालन गर्नमा तल्लीन भयो । विपश्यना ध्यान गर्दै रह्यो । दिन बित्दै गयो । एक रातको मध्यम याममा उनको दुबै आँखाहरू अन्धा भए साथै उहाँ क्लेशबाट पनि विमुक्त हुनुभयो । यी दुबै घटना एकै समयमा घटे ।

भोलिपल्ट अरू भिक्षुहरूले भिक्षाटनको लागि सूचना दिन जाँदा उहाँले दुबै आँखा गुमाई सकेको कुरा थाहा पाए । तिनीहरू साह्रै दु:खीभए । त्यस बेलादेखि भिक्षुहरूले उहाँको हेरचाह गर्न थाले र गाउँका भक्तजनहरूले दिनहूँ भोजनको प्रबन्ध मिलाई दिए । भिक्षु महापालको अर्ति बुद्धिमा रहेर ती साठी जना भिक्षुहरूले वर्षावासको अन्तमा **प्रतिसम्भिदाज्ञान** सहित **अरहत्व**को स्थिति प्राप्त गरे ।

Downloaded from http://www.dhamma.digital

# १.१. (क) चक्षुपाल भिक्षुको अतीतका कथा

वर्षावास सकिएपछि ती साठी जना **अर्हत्** भिक्षुहरू भगवान बुद्धको र्शन गर्न श्रावस्तीमा जाने विचार गरी भिक्षु महापाललाई निवेदन गरे। हापाल भिक्षुलाई पनि बुद्धको दर्शन गर्ने प्रबल इच्छा थियो। तर गर्ने ? 'उनीहरूसँगै जाँदा बाटोमा उनीहरूलाई कष्ट हुन्छ' भन्ने विचार री यसो भन्नु भयो– "आवुसो ! हुन्छ, तिमीहरू जाऊ।"

भिक्षुहरूले भने– "भन्ते ! तपाई जाने होइन ? हामी तपाईलाई गै लिएर जान चाहन्छौ।"

महापाल भिक्षुले भन्नु भयो– "म सँगै गएमा बाटोमा तिमीहरूलाई ख हुनेछ। तिमीहरू श्रावस्तीमा पुगेपछि दशबल तथागतलाई र असीति हाश्रावकहरूलाई मेरो वचनले वन्दना गरी दिनु। अनि मेरो भाइलाई टेर म अन्धो भएको कुरा सुनाई दिनु। शायद उसले कोही ज्ञाति-न्धुलाई यहाँ पठाई मेरो मद्दत गर्नेछ।"

अर्हत् भिक्षुहरू श्रावस्तीमा पुगेर महापाल भन्तेको कुरा भाइ हिँलाई सविस्तार सुनाए। भाइ चूलपालले दाजुलाई ल्याउन आफ्नो ञ्जालाई **श्रामणेर** गरी पठायो। अर्हत् भिक्षु महापाल आफ्ना भाञ्जा र स पछि अन्य मित्रको सहयोग लिई बल्ल तल्ल श्रावस्ती आइपुग्नु भयो।

दाजु आइपुगेको खबर पाएपछि भाइ तुरन्तै उहाँ बस्ने ठाउँमा यो। दाजुको अवस्था देखी साह्रै दुःखी भयो। आफ्नो दुइ जना सहरूलाई दासत्वबाट मुक्त गरी श्रामणेर बनाएर दाजुको सेवा-टहल र्न पठाइ दियो। ती दुइ श्रामणेरहरूले उहाँको चाँहिदो सेवा गरी बसे।

एक दिन गाउँका केही भिक्षुहरू भगवान बुद्धको दर्शन गर्न जेतवन एका थिए। तिनीहरूले अरू महाश्रावकहरूको पनि दर्शन गरे। भिक्षु हापाल अन्धो भइसकेपछि उहाँको नाम **चक्षुपाल** रहन गयो। नीहरूले उहाँको दर्शन गर्न उहाँ बस्ने निवासमा बिहान सबेरै पुगे।

Downloaded from http://www.dhamma.digital

उहाँले आफ्ना समय धेरै जसो ध्यानमा नै बिताउँथे। उहाँ सँधै भैं बिहान सबेरै उठेर चक्रमण गर्नु हुन्थ्यो । त्यस रातमा पानी परेको कारणले चक्रमण गर्ने ठाउँमा धेरै किराहरू निस्केका रहेछन्। यो कुरो चक्षुपाल भन्तेलाई थाहा थिएन । उहाँ सदा भैं चक्रमण गरेर जानु भयो । ती आगन्तुक भिक्षुहरू त्यहाँ पुग्दा मरेका किराहरू देखेर कराउन थाले– "यहाँ चक्रमण गर्ने को हँ ?"

श्रामणेरहरूले जवाफ दिए– "हाम्रा उपाध्याय चक्षुपाल भन्ते ।"

"आँखाले देख्नुञ्जेल केही नगरी सुतेर बस्यो । अहिले अन्धो भइसकेपछि चक्रमण गरी यतिका प्राणीहरू नाश गऱ्यो" भनी कराउँदै तिनीहरू भगवान बुद्ध कहाँ पुगे ।

भगवान बुद्धले ती भिक्षुहरूसँग सोध्नु भयो– "भिक्षुहरू ! चक्षुपालले प्राणीहरूलाई मारेको तिमीहरूले देख्यौ ?"

ती भिक्षुहरूले बिन्ति गरे– "अहँ, हामीले देखेनौ भन्ते, भगवन् ।"

तथागतले भन्नु भयो– "जस्तै तिमीहरूले प्राणी मारेको देखेनौं, त्यस्तै चक्षुपालले पनि प्राणीहरू देखेको थिएन । भिक्षुहरू ! अरहन्तको मनमा प्राणी हिंसा गर्ने चेतना हुँदैन ।"

भिक्षुहरूले बिन्ति गरे– "भगवन् शास्ता ! अरहन्त हुने पुण्य संस्कार भएको भए किन चक्षुपाल भिक्षु अन्धो भएको ?"

तथागतले भन्नु भयो– "भिक्षुहरू ! ऊ आफैले गरेको कर्म-विपाकले अन्धो भएको हो ।"

भिक्षुहरूले बिन्ति गरे– "भगवन् शास्ता ! चक्षुपाल भिक्षुले अतीत समयमा कस्तो कर्म गरेको थियो ?"

भगवान बुद्धले चक्षुपालको अतीतका कथाहरू यसरी सुनाउनु भयो– "चक्षुपाल अतीत समयमा वाराणशीमा गाउँ घरमा घुमेर औषधि गर्ने एक

Downloaded from http://www.dhamma.digital

बैद्य थियो । एक दिन उसले आँखा कमजोर भएकी एक महिलालाई देख्यो र सोध्यो– "वहिनी ! तिमीलाई के भयो ?"

महिलाले भनिन्– "म आँखा देख्दिन ।"

बैद्यले सोध्यो– "त्यसो भए म औषधि गरी दिन्छु । मलाई के दिन्छ्यौ त ?"

महिलाले जवाफ दिइन्– "यदि मेरा आँखा राम्ररी निको पारी दिनु भएमा म मेरो छोरा-छोरी सहित तपाईको दासी भएर बस्नेछु ।"

बैद्यले औषधि बनाई दियो । एक मात्रा औषधिले नै उनको आँखा निको भई राम्रैसँग देखिन थाल्यो । अनि उनले विचार गरिन्– "आँखा निको भएमा छोरा-छोरी सहित दासी भई बस्नेछु भनी वचन दिएकी थिएँ । दासीहरू प्रति उसले राम्रो व्यवहार गर्दैन होला । त्यसैले उसलाई छल्नु पर्‍यो ।"

एक दिन उनको बैद्यसँग भेट भयो । बैद्यले सोध्यो– "भद्रे ! तिम्रो आँखा ठीक भयो ?"

उनले भनिन्– "अघि मेरो आँखा अलि अलि मात्र दुख्थ्यो; अहिले त झन् बढी दुख्न थाल्यो ।"

उनले ढाँटेको कुरो बैद्यलाई थाहा भयो । उसलाई रीस उठ्यो । 'यिनको दुइ वटै आँखा अन्धा पारी दिनु पर्‍यो' भनी विचार गरी भन्यो – "त्यसो भए म अर्को असल औषधि दिनेछु ।" अर्को औषधि तयार गरी उनको आँखामा राख्न लगायो । औषधि लगाउने वित्तिकै उनी अन्धी भईन् ।

"भिक्षुहरू ! त्यस वखत उसले गरेको कर्म पछि पछि लागेर आयो । पाप कर्मको फल भनेको गाडा तान्ने गोरुको पछि पछि चक्का आए झैं आउँछ ।"

Downloaded from http://www.dhamma.digital

यसै सन्दर्भमा भगवान बुद्धले यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"मनोपुब्बङ्गमा धम्मा–मनोसेट्ठा मनोमया ।**
**मनसा चे पदुट्ठेन–भासति वा करोति वा ।**
**ततो नं दुक्खमन्वेति–चक्कंव वहतो पदं ॥"**

अर्थ– जुनसुकै काममा पनि अगुवा हुनु मनको स्वभाव हो । मन नै श्रेष्ठ छ, मनोमयी छ । प्रदुष्ट मनले, दूषित मनले कसैले बोल्दछ वा काम गर्दछ भने गाडा तान्ने गोरुको पछि पछि पांग्रा आए झैं दु:ख पनि उसको पछि पछि लागेर आउँछ ।

तथागतले यस गाथालाई व्याख्या गर्नु भई धर्म-देशना गर्नु हुँदा थुप्रै भिक्षुहरू **प्रतिसम्भिदा** सहित **अर्हत् मार्ग-फल** प्राप्त गर्नमा सफल भए । अर्थात् **अनेक ज्ञान** सहित जीवन मुक्त भए । बाँकी रहेका परिषदहरूलाई **धर्म-उपदेश** सार्थक भयो ।

Downloaded from http://www.dhamma.digital

# १.२. मट्ठकुण्डलीको कथा

१.(२) **"मनोपुब्बङ्गमा धम्मा–मनोसेट्ठा मनोमया ।**
**मनसा चे पसन्नेन–भासति वा करोति वा ।**
**ततो नं सुखमन्वेति–छाया व अनपायिनी ॥"**

यो गाथा भगवान बुद्धले श्रावस्तीमा **मट्ठकुण्डली**को कारणमा भन्नु भएको हो ।

बुद्धको समयमा श्रावस्तीमा **अदिन्नपुब्बक** भन्ने एक धनी ब्राह्मण बस्दथ्यो । ऊ साह्रै कंजूस थियो । एक पैसा कसैलाई दिँदैनथ्यो । त्यसैले उसको नाम नै '**अदिन्नपुब्बक**' रहन गयो ।

अदिन्नपुब्बकको सन्तानमा एउटै मात्र छोरो थियो । छोरो राम्रो र मायालाग्दो थियो । अदिन्न-पुब्बकले आफ्नो प्यारो छोरोलाई सुनको कुण्डली बनाई दिने विचार गर्‍यो । 'कुण्डली सुवर्णकारलाई बनाउन दिएमा ज्याला दिनु पर्ला' भनी विचार गरी आफैले सुन पिटी कुण्डली बनाएर लगाई दियो । त्यसबेलादेखि छोरोको नाम **मट्ठकुण्डली** रहन गयो ।

अलि कलिलो उमेरमा नै मट्ठकुण्डलीलाई एक प्रकारको पहेँलो हुने रोग लाग्यो । विरामी भयो । ओछ्यानमा पर्‍यो । ब्राह्मणीले छोरोलाई औषधि गर्न बैद्यकहाँ लैजान सल्लाह दिइन् । तर अदिन्नपुब्बकले कंजूस भएकोले औषधि पनि हुने पैसा पनि बच्ने उपाय सोच्न थाल्यो । अनि एक बैद्य कहाँ गई सोध्यो– "बैद्य बा ! फलानो-फलानो रोग भएमा तपाईहरू के के औषधि गर्नु हुन्छ ?"

बैद्यलाई 'यो व्यक्ति साह्रै कंजूस छ' भनी थाहा थियो । उसले भन्यो "तिम्रो छोरोलाई फलानो रूखको बोक्रो पकाएर ख्वाउनु ।"

Downloaded from http://www.dhamma.digital

बैद्यले भने जस्तै रूखको बोक्रा ल्याई पकाई ख्वाउन थाल्यो। यसो गर्दा रोग झन् झन् बढ्यो । निको नहुने अवस्थामा पुग्यो । 'यस्तो अवस्थामा पुगी सकेको छोरोलाई कोठा भित्रै सुताई राख्दा छर-छिमेकी आफन्तहरूले हेर्न आउने छन् र तिनीहरूले घर-भित्रका सम्पत्तिहरू देख्ने छन्' भन्ने विचार गरी बिरामीलाई बाहिर पिंढीमा ल्याई सुतायो।

त्यही दिन बिहान भगवान बुद्धले आफ्नो **करुणा-समापत्ति ध्यानमा मरणासन्न** अवस्थामा पुगेको मट्ठकुण्डलीलाई देख्नु भयो । मट्ठकुण्डलीले अन्तिम क्षणमा प्रसन्न चित्तले प्राण त्याग्न सके देवलोकमा उत्पन्न हुने र उसको माध्यमबाट अदिन्नपुब्बक ब्राह्मण पनि '**स्रोतापन्न**' हुन सक्ने तिनीहरूको पूर्व पारमी बुद्ध चक्षुद्वारा देख्नु भयो।

त्यस दिन भगवान बुद्ध श्रावस्ती नगरमा भिक्षुहरू सहित भिक्षाटन गर्दै त्यस ब्राह्मणको घरतिर जानु भयो। त्यस बेला मट्ठकुण्डली घरको भित्तातिर फर्केर सुतिरहेको थियो । भगवान बुद्धले त्यसै भित्तामा पर्ने गरी रश्मी पठाउनु भयो । मट्ठकुण्डलीले 'यो कहाँबाट आएको रश्मी रहेछ' भनी फर्केर हेर्दा तथागतको दर्शन पाई प्रमुदित भयो। त्यही प्रसन्न चित्तले उसको मरण भई देवलोकमा उत्पन्न भयो।

छोरो मरिसकेपछि अदिन्नपुब्बकले साह्रै विरह गर्‍यो । दिन-दिनै ऊ मसानमा गई "मेरो एक मात्र छोरो ! तिमी कहाँ गयौ। कहाँ गयौ ! भन्दै रुन्थ्यो, कराउँथ्यो।"

देवलोकमा उत्पन्न हुने बित्तिकै मट्ठकुण्डलीले विचार गरी हेर्दा, दिव्य सम्पत्ति प्राप्त भएको कारण थाहा पायो । ब्राह्मणको विषयमा चिन्तन गर्दा "ऊ दिन-दिनै मसानमा गई विलाप गर्ने दृश्य देखी उसलाई उपकार गर्ने युक्ति सोच्यो।"

अदिन्नपुब्बक सँधै झैं मसानमा गई छोरो सम्झदै, रूदै, विलाप गर्दै थियो। मसानको अर्को छेउमा मट्ठकुण्डली देवपुत्र ब्राह्मणको छोरो

Downloaded from http://www.dhamma.digital

जस्तै भई टाउँकोमा हात राखी रोइरह्यो। ब्राह्मणले मसानमा एकजना बालक रोईरहेको देखेर गएर सोध्यो– "हे बालक ! तिमीलाई के दुःख पऱ्यो ? किन यस्तो मसानमा आएर रोई रहेको ?"

बालकले भन्यो– "हे ब्राह्मण ! मैले एउटा साह्रै राम्रो रथ पाएको छु। तर त्यसलाई सुहाउने दुइ वटा रथको पांग्रा पाउन नसेकोले रोई रहेछु।"

बालकको अनुहार हेर्दा आफ्नो छोरो जस्तै लाग्यो र ब्राह्मणको मनमा पुत्र-स्नेह उत्पन्न भयो र भन्यो– "बाबु ! तिमीलाई कस्तो चक्का चाहियो ? सुनको चाहियो कि चाँदीको ? जस्तो भने पनि म बनाई दिन्छु। नरोऊ बाबा ! नरोऊ !"

बालकले भन्यो– "मलाई सुन-चाँदीको चक्का होइन। उ ! त्यो चन्द्र र सूर्य ती दुइ चक्का चाहिएको छ।"

अदिन्नपुब्बकले भन्यो– "बाबु ! तिमीले पाउन नसक्ने चीज मागे छौ। मरे पनि तिमीले चन्द्र-सूर्य चक्का पाउन सक्ने छैनौ। तिमी त साह्रै मूर्ख रहेछौ।"

बालकले सोध्यो– "देखिने वस्तु प्रार्थना गर्ने मूर्ख हो कि नदेखिने वस्तु अर्थात् मरिसकेको छोरोको लागि रोई रहने मूर्ख ?"

यो कुरा सुनी ब्राह्मणले आफ्नो मूर्खता स्वीकार गऱ्यो। उसको मनको शोक, सन्ताप शान्त भयो। ऊ खुशी भयो र बालकको परिचय लियो।

भगवान बुद्धको मैत्री र करुणाको आनुभावले अन्तिम समयमा प्रसन्न चित्तले प्राण त्याग गरेको कारणले आफू देवलोकमा उत्पन्न भएको कुरा सुनायो। ब्राह्मणलाई बुद्ध, धर्म, संघको शरणमा जाने; दान गर्ने; धर्म श्रवण गर्ने; पाँच शीलमा प्रतिष्ठित हुने प्रेरणा दिएर अन्तरधान भयो।

त्यसपछि अदिन्नपुब्बकले भिक्षुसंघ सहित भगवान बुद्धलाई

Downloaded from http://www.dhamma.digital

निमन्त्रणा गरी अत्यन्त भक्ति र श्रद्धापूर्वक भोजन दान गऱ्यो। त्यस बखत उसको घरमा भगवान बुद्धको धर्मोपदेश सुन्न, अरू धेरै मानिसहरू भेला भएका थिए। प्रश्नको सिलसिलामा अदिन्नपुब्बकले यो प्रश्न पनि सोध्यो– "भन्ते, भगवन् ! दान नदिइकन, धर्म-श्रवण नगरीकन र उपोसथ-ब्रत पालन नगरीकन अन्तिम समयमा केवल बुद्ध प्रति प्रसन्न चित्त गरी प्राण छोड्न सकेमा देवलोकमा पुग्ने सम्भावना छ ?"

उसको प्रश्न मट्ठकुण्डलीको घटित घटनासँग अक्षरस मिल्ने भएकोले मट्ठकुण्डली देवपुत्र कै मुखबाट उत्तर दिन लगाउन भगवान बुद्धले देवपुत्रलाई आव्हान गर्नु भयो। त्यहाँ आई तथागतलाई अभिवादन गरी एक छेउमा उभिरहेको देवपुत्रले भगवान बुद्धको आज्ञा अनुसार घटित घटना प्रकाश पारी दियो। यी कुरा सुनी त्यहाँ भेला भएका सबै मानिसहरू आश्चर्य चकित भई बुद्ध गुणको प्रशंसा गर्न थाले।

अनि भगवान बुद्धले भन्नु भयो– "कुशल-अकुशल गर्ने काममा चित्त प्रमुख हुन्छ, चित्त प्रधान हुन्छ। चित्त प्रसन्न पारी गरेको कर्म-फल छाया समान पछि पछि लाग्छ।"

यसै सन्दर्भ तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"मनोपुब्बङ्गमा धम्मा – मनोसेट्ठा मनोमया।**
**मनसा चे पसन्नेन – भासति वा करोति वा।**
**ततो नं सुखमन्वेति – छाया व अनपायिनी॥"**

अर्थ– जुनसुकै काममा पनि मन पहिले जान्छ। मन नै श्रेष्ठ छ, मनोमयी छ। प्रसन्न मनले, शुद्ध मनले कोही व्यक्तिले बोल्दछ वा काम गर्दछ भने मानिसको पछि पछि छाया लागे झैं सुख उसको पछि पछि लाग्छ।

तथागतको यो धर्म-देशना सुनेर मट्ठकुण्डली देवपुत्र र अदिन्नपुब्बक ब्राह्मण स्रोतापत्ति मार्ग-फलमा प्रतिस्थित भए अर्थात् ती

Downloaded from http://www.dhamma.digital

दुबै जना मुक्तिको श्रोतमा परे। बाँकी रहेका थुप्रै श्रोतागणहरूलाई ठूलो धर्म लाभ भयो।

त्यसपछि अदिन्नपुब्बक ब्राह्मणले आफ्नो अपार धन-सम्पत्ति बुद्ध-शासनको निमित्त प्रदान गऱ्यो।

Downloaded from http://www.dhamma.digital

# १.३. वैरभाव शान्त हुने उपाय

१.(३) "**अक्कोच्छि मं अवधि मं – अजिनि मं अहासि मे ।**
**ये च तं उपनय्हन्ति – वेरं तेसं न सम्मति ॥**"

१.(४) "**अक्कोच्छि मं अवधि मं – अजिनि मं अहासि मे ।**
**ये तं न उपनय्हन्ति – वेरं तेसूपसम्मति ॥**"

भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा विहार गरिरहनु हुँदा यी दुइ गाथाहरू **थुल्लतिस्स थेरको** कारणमा भन्नु भएको हो ।

थुल्लतिस्स थेर भगवान बुद्धको फुपूको छोरो थियो । ऊ निकै मोटो थियो । उनी वैश ढल्किसकेपछि प्रव्रजित भएको थियो । उनी बुद्धलाई प्राप्त हुने लाभ-सत्कार परिभोग गरी राम्रो खाले चीवर लगाई विहारको प्रमुख स्थानमा बसिरहन्थ्यो ।

भगवान बुद्धलाई दर्शन गर्न आउने भिक्षुहरूले उनलाई प्रमुख स्थानमा बसिरहेको देखेर 'कुनै महास्थविर होला' भन्ठानी उनको नजिक गई भिक्षुहरूले गर्नु पर्ने नियमाचरणको विषयमा सोद्धथे । ऊ चूप लागेर बस्दथ्यो । आफू भन्दा जेष्ठ भिक्षुहरूको आदर-सत्कार तथा स्वागत गर्ने काम पनि उसले गर्दैनथ्यो ।

एक पटक एक तरुण भिक्षुले सोध्यो– "भन्ते ! तपाई कति वर्ष हुनु भयो ?"

उसले जवाफ दियो– "बैश गइसकेपछि भिक्षु भएको; खोई ! मलाई त वर्ष थाहा छैन ।"

'कस्तो शोभत नभएको भिक्षु रहेछ ! आफ्नो वर्ष पनि थाहा नभएको ! आफू भन्दा जेष्ठ महास्थविरहरू आएको देखे पनि आसनबाट उठेर आगन्तुक सत्कार नगर्ने, चूप लागेर प्रमुख स्थानमा बसिरहने ! कस्तो अभिमान भएको भिक्षु रहेछ !' भन्दै अरू तरुण भिक्षुहरू कराउन थाले ।

Downloaded from http://www.dhamma.digital

तिनीहरूले यसरी आफूलाई निन्दा गरेको सहन नसकी दुःखी भई ऊ भगवान बुद्ध कहाँ गयो । अरू भिक्षुहरू पनि उसको पछि पछि लागे ।

थुल्लतिस्स भिक्षुले तथागतलाई बिन्ति गर्दै भन्यो– "भन्ते, भगवान ! यी भिक्षुहरूले मलाई गालि गर्छन् ।"

तथागतले भन्नु भयो– "तिस्स ! तिमी कहाँ बसिरहेका थियौ ?"

थुल्लतिस्सले बिन्ति गऱ्यो– "भन्ते ! म प्रमुख विहारको बीचको उपस्थान शालामा बसिरहेको थिएँ ।

तथागतले प्रश्न गर्नु भयो– "यी भिक्षुहरू आएको देखेपछि आसनबाट उठी यिनीहरूलाई आगन्तुक स्वागत-सत्कार आदि गर्नु पर्ने काम गऱ्यौं कि गरेनौ ?"

उसले भन्यो– "गरिन, भन्ते !"

तथागतले भन्नु भयो– "त्यसो भए दोष तिम्रै हो । यी भिक्षुहरूसँग क्षमा माग ।"

तिस्स भिक्षु क्षमा माग्न तयार भएन । अनि ती भिक्षुहरूले बिन्ति गर्दै भने– "भन्ते ! यी तिस्स भिक्षु भनेको कुरा नमान्ने, नटेर्ने रहेछ ।"

भगवान बुद्धले भन्नु भयो– "भिक्षुहरू ! यस तिस्स भिक्षु अहिले मात्र भनेको कुरा नमान्ने, नटेर्ने होइन; पहिले पनि यस्तै थियो ।"

ती भिक्षुहरूले उसको अतीत कुरा जान्ने जिज्ञासा राखेपछि भगवान बुद्धले अतीतका कथा यसरी बताउनु भयो ।

Downloaded from http://www.dhamma.digital

# १.३. (क) देवल र नारदको पूर्व कथा

एक समयमा **देवल** भन्ने तपस्वी हिमालय पर्वतबाट शहरमा आएको थियो । शहरमा उसलाई बास बस्न पऱ्यो । देवल तपस्वी एक कुम्हालेको घरमा गई 'बास पाइन्छ कि' भनी प्रश्न गऱ्यो ।

"भन्ते ! रातमा मेरो शालामा कुनै काम छैन । चाहनु हुन्छ भने बस्न सक्नु हुन्छ" भनी कुम्हालेले भन्यो । तपस्वी गएर बस्यो ।

एक छिन पछि '**नारद**' भन्ने अर्को तपस्वीले कुम्हालेसँग एक रात बस्न बास माग्यो । कुम्हालेले भन्यो– "पहिले बसेको तपस्वीलाई कुनै आपत्ति छैन भने बस्नु होस् ।"

नारद कुम्हालेको शालामा गई देवलसँग अनुमति लिई दुबै जना त्यहाँ बसे । सुत्न जाँदा नारदले देवल सुत्ने ठाउँ राम्रोसँग हेरी सुत्यो । देवल चाहिँ अघि सुत्न लागेको ठाउँमा न सुती दैलोनिर तेर्सो परी सुत्यो । रातमा नारद बाहिर जाँदा देवलको जटा कुल्च्यो ।

देवल करायो– "मेरो जटा कुल्चने को हो ?"

नारदले भन्यो– "आचार्य म हुँ ।"

देवलले भन्यो– "दुष्ट जटिल ! जंगलबाट आएर मेरो जटा कुल्चिलन्छस् ?"

"आचार्य ! तपाई यहाँ सुत्नु भएको थाहा पाइन । मलाई क्षमा गर्नु होस्" भन्दै नारद बाहिर निस्क्यो ।

'फर्केर आउँदा फेरि यसले मेरो जटा कुल्चन सक्छ' भनी पहिलेको सिरानतिर गोडा पारी सुत्यो । भित्र आइरहेको नारदले सोच्यो– "अघि मैले आचार्यमाथि अपराध गरेँ । अब गोडा पट्टिबाट जान्छु" भनी जाँदा गर्दनमा कुल्च्यो ।

Downloaded from http://www.dhamma.digital

देवल रीसले चूर भई भन्यो– "दुष्ट ! अघि मेरो जटामा कुल्चिस्, अहिले गर्दनमा ? अब म तँलाई सराप दिनेछु ।"

नारदले भन्यो– "आचार्य ! मेरो दोष छैन । तपाई यसरी सुत्नु भएको मलाई थाहा थिएन । मलाई क्षमा गर्नुहोस् ।"

क्षमा माग्दा माग्दै पनि देवलले नारदलाई 'भोलि सूर्योदय हुँदा तेरो शीर सात टुक्रा होस्' भनी सराप दियो । नारदले पनि 'जसको दोष हो उसैको शीर टुक्रियोस्' भनी **सराप दियो** ।

नारद तपस्वी महाप्रतापी थियो । उनले अतीत र अनागतका चालिस चालिस **कल्पका** कुराहरू संस्मरण गर्न सक्थ्यो । 'यो सराप कसलाई पर्ने छ' भनी ध्यान दृष्टिले हेर्दा आफूलाई नपर्ने कुरा बुझी देवलमाथि अनुकम्पा राखी आफ्नो ऋद्धिबलद्वारा सूर्योदय समेत रोकी दियो । सूर्योदय नभए पछि कोलाहल मच्चियो । नागरिकहरू राजा कहाँ गई कराउन थाले ।

राजाले कारण पत्ता लगाई नारद तपस्वी कहाँ गई निवेदन गऱ्यो । नारदले सबै घटना विवरण सहित बतायो र भन्यो– "आचार्यको शीरमा सराप लाग्ने देखेर मैले आफ्नो ऋद्धि बलले सूर्यको प्रकाशलाई छेकेको हुँ ।"

राजाले सोध्यो– "सराप मोचन हुने कुनै उपाय छ ?"

नारदले भन्यो– "मसँग क्षमा मागेको खण्डमा मोचन हुनेछ ।"

अनि राजाले देवललाई नारदसँग क्षमा माग्न अनुरोध गऱ्यो । तर देवल केही गरे पनि क्षमा माग्न तयार भएन । अनि राजाले उसको हातगोडा समात्न लगाई नारदको गोडामा ढोग्न लगायो । तर जवरजस्त क्षमा माग्न लगाएको कारणले नारदले राजालाई भन्यो – "यसले आफ्नो खुशीले क्षमा मागेन । यसकारण यसलाई फलानो पोखरीमा लगी गर्दनसम्म पानीमा डुबाई यसको टाउँकोमा माटोको

Downloaded from http://www.dhamma.digital

डल्लोले छोपी दिनु । मैले ऋद्धि-बल हटाउने बित्तिकै सूर्यको किरण माटोको डल्लोमा परी माटो फुट्ने छ र देवल पानीमा डुबुल्की मारी अन्तै ठाउँबाट निस्कनु पर्नेछ ।"

राजाले त्यस्तै गरायो ।

भगवान बुद्धले भिक्षुहरूलाई अतीतका कुरा सुनाउनु भइसकेपछि तिस्स भिक्षुलाई सम्बोधन गर्दै भन्नु भयो– "तिस्स ! फलानोले मलाई गालि गर्‍यो, मलाई कुट्यो, मलाई जित्यो, मेरो वस्तु लुटेर लग्यो भनी बार-बार मनमा राख्ने भिक्षुको वैरभाव शान्त हुँदैन । यसरी मनमा नराख्नेको वैरभाव शान्त हुन्छ ।"

यसै सन्दर्भमा बुद्धले यी गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"अक्कोछि मं अवधि म – अजिनि मं अहासि मे ।**
**ये च तं उपनय्हन्ति – वेरं तेसं न सम्मति ॥"**

अर्थ– जो व्यक्तिले 'मलाई गालि गर्‍यो', 'मलाई पिट्यो', 'मलाई जित्यो', 'मेरो लुटेर लग्यो' भनी बारम्बार विचार गर्दछ ; उसको वैरभाव (रीस) कहिल्यै शान्त हुँदैन ।

**"अक्कोच्छि मं अवधि मं – अजिनि मं अहासि मे ।**
**ये तं न उपनय्हन्ति – वेरं तेसूपसम्मति ॥"**

अर्थ– जो व्यक्तिले 'मलाई गालि गर्‍यो', 'मलाई पिट्यो, 'मलाई जित्यो', 'मेरो लुटेर लग्यो' भनी बारम्बार विचार गर्दैन; उसको वैरभाव (रीस) शान्त भएर जान्छ ।

तथागतको यी धर्म उपदेश सुनेर थुप्रै भिक्षुहरूले **स्रोतापत्ति मार्ग-फल** प्राप्त गरे । अरू धेरै श्रोतावर्गलाई यो उपदेश सार्थक भयो । तथागतको धर्मोपदेशबाट प्रभावित भई थुल्लतिस्स भिक्षुले पनि आफ्नो बानीलाई सपार्‍यो ।

Downloaded from http://www.dhamma.digital

# १.४. वैरभावले वैरभाव शान्त हुँदैन

१.(५) **"नहि वेरेन वेरानि – सम्मन्तीध कुदाचनं ।**
**अवेरेन च सम्मन्ति – एस धम्मो सनन्तनो ।"**

एक समय भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा विहार गरिरहनु भएको थियो । त्यस बेला तथागतले यो गाथा **काली यक्षिणी**को कारणमा भन्नु भएको हो ।

त्यस समयमा श्रावस्तीमा बाबु-आमा र एक्लो छोरो भएको एउटा सानो परिवार बस्तथ्यो । केही समय बितेपछि बाबु चाहिँको हेदान्त भयो । घरमा आमा छोरो मात्रै बाँकी रह्यो । छोरोले आमालाई साह्रै माया गर्थ्यो र सेवा-टहल पनि उत्तिकै गर्थ्यो । घर-खेतको काम पनि ऊ एकलैले हेर्ने गर्थ्यो । समय बित्दै गयो । एक दिन आमा चाहिँले बुहारी ल्याउने कुरो उठाइन् । छोरोले विहे गर्न मानेन । 'यस्तै ठीक छ' भनी उसले जवाफ दिन्थ्यो ।

पछि आमा कै करकापले उसले विहे गऱ्यो । विहे गरेको दुइ चार वर्ष बित्यो । सन्तान भएन । अनि आमाले फेरि अर्को दुलही ल्याउने कुरा गरिन् । बुहारीले यो कुरा सुनी विचार गर्न थालिन्– "म बाँझी छु । कस्ती सौता पर्ने हो भन्न सकिन्न । बरु आफूले भनेको कुरा मान्ने एक जना केटी खोजेर ल्याई दिनु पऱ्यो ।"

तिनले एउटी केटी ल्याई दिई । केही दिन बितेपछि यसरी सोच्न थालिन्– "यिनले छोरा-छोरी जन्माइन् भने उही घरकी मालिकनी बन्छे । यिनले सन्तान नजन्माउने उपाय सोच्नु पऱ्यो ।"

अनि तिनले सौतालाई भनिन्– "तिमी गर्भवती भयो भने मलाई भन्नु ल ।"

Downloaded from http://www.dhamma.digital

सौता सोभ्की थिई । आफूले पेट बोकेको कुरा जेठीलाई भनी । जेठीले गर्भ पतन हुने औषधि ख्वाई दिई । दोस्रो पटक पनि यस्तै भयो ।

एक दिन छिमेकीहरूसँग कुरा कानी हुँदा जेठीले दुइ पटकसम्म गर्भ-पतन गराएको र आफू ठगिएको कुरा कान्छिले थाहा पाइन् । तेस्रो पटकको गर्भको कुरा तिनले जेठीलाई नभनीकन बसिन् । गर्भ छिपिसकेपछि मात्र कुरा थाहा भयो । 'अब भने मेरो सत्यानाश भयो' भन्दै जेठीले मौका छोपी गर्भ परिपक्व भए पनि फेरि औषधि ख्वाई दिईन् । गर्भ छिपिसकेकोले पतन गराउन सकेन । तर पेटको बच्चा तेर्सो परिरह्‌यो । आमा हुनेलाई साह्रै वेदना भयो ।

जीवन-मरणको दोसाँधमा परेकी सौताले जेठीलाई भनिन्– "तिमीले नै मलाई ल्यायौ । दुइ-दुइ पटकसम्म मेरो पेटको बच्चा विनाश पारी दियौ । यो तेस्रो बच्चा पनि मर्नेछ । म पनि मर्नेछु । मरेपछि **यक्षिणी** भई तिम्रो बच्चालाई खान सकूँ ।" यसरी प्रार्थना गर्दै उनी मरेर त्यही घरमा विरालो भई जन्म्यो ।

Dhamma.Digital

लोग्नेचाहिँले "मेरो कुल विनाश गर्ने" भन्दै जेठीलाई पिट्न सम्म पिट्यो । त्यही पिटाईको कारणले उनी मरेर सोही घरमा कुखुरा भएर जन्म्यो । कुखुराले फुल पार्न थाल्यो । विरालोले पटक पटक गरी तीन पटकसम्म कुखुराले पारेको फुलहरू खाइदियो ।

"तिमीले मैले पारेको जति फुलहरू जम्मै खाइदियौ । अब मलाई पनि खाने छौ । यहाँबाट मरेर बच्चासहित तिमीलाई पनि खान सकुँ" भनी प्रार्थना गर्दै कुखुरा मऱ्यो ।

कुखुरा त्यहाँबाट मरेर चितुवा भई जन्म्यो । बिरालो हुने मृगिणी भएर जन्म्यो । मृगिणीले बच्चा पाउँदा चितुवा आएर खाइ दिन्थ्यो । यसरी तीन पटकसम्म बच्चाहरू खाइसके पछि मृगिणीले प्रार्थना गऱ्यो– "यस चितुवाले अब मलाई पनि खाने छ । यहाँबाट मृत्यु भई यक्षिणी भई

Downloaded from http://www.dhamma.digital

जन्मेर यसको छोरा सहित यसलाई खान पाउँ ।"

प्रार्थना अनुसार मृगिणी यक्षिणी भएर जन्म्यो । चितुवा त्यस जुनिबाट च्यूत भई श्रावस्तीमा एक कुलपुत्री भएर जन्मी ।

ठूली भएपछि **द्वार** गाउँमा बस्ने एक जना केटोसँग तिनको विवाह भयो । तिनले एक छोरो जन्माइन् । यक्षिणीले तिनको साथीको भेष लिई तिनको घरमा आइपुगीन् । छोरो हेर्ने निहूँ गरी कोठा भित्र पसी बालकलाई खाई दिइन् । दोस्रो पटक पनि त्यस्तै गरी बालक भेट्टाएर आफ्नो आहार बनाइन् । तेस्रो पटक सुत्केरी हुने बेला नजिक आइपुगेपछि स्वास्नीले लोग्नेलाई भनीन् – "स्वामी ! यहाँ एक यक्षिणी आएर मेरो दुइ बालकहरू खाएर गइसकी । अब सुत्केरी हुने बेलामा म माइती घरमा गएर बच्चा जन्माउने छु ।"

उनी माइतीतिर लागिन् । समय भएपनि तिनले बच्चा जन्माइन् ।

उता यक्षिणी 'अब त बच्चा पाइसकी होली' भन्दै खोज्दै आइपुगीन् । त्यहाँका मानिसहरूसँग सोधेर हेर्दा 'यस पटक सुत्केरी हुन तिनी माइति गएकी छिन्' भन्ने खबर पाइन् । 'तिमी जहाँ जाऊ, मेरो हातबाट बच्न पाउने छैनौ' भन्दै यक्षिणी दगुर्दै श्रावस्ती नगरमा पुगीन् ।

उता बालकको नामकरण सिध्याएर 'अब घर फर्कनु पऱ्यो' भनी बालक लिई ती स्त्री आफ्नो लोग्नेसँगै जेतवन विहारको बाटो हुँदै घर फर्किरहेकी थिइन् । विहारको नजिक एउटा पोखरी थियो । बच्चालाई लोग्नेको हातमा दिई तिनी पोखरीमा नुहाउन गइन् । आफूले नुहाइसकेपछि लोग्नेलाई नुहाउन पठाई पोखरीको एक छेउमा बसी बालकलाई दूध ख्वाई रहिन् ।

यत्तिकैमा टाढैबाट त्यस यक्षिणी दगुर्दै आइरहेको देखिन् । तिनले 'स्वामी ! स्वामी !' भन्दै चिच्याएर कराइन् र बच्चालाई बोकेर दौडेर गई जेतवन विहार भित्र पसिन् ।

Downloaded from http://www.dhamma.digital

त्यसबेला भगवान बुद्ध परिषदको बीचमा बस्नु भई धर्मोपदेश गरिरहनु भएको थियो। "यो बालक तपाईलाई चढाएँ। मेरो पुत्रको ज्यान बचाई दिनु होस् भन्दै, रूदै, कराउँदै तिनले बालकलाई भगवान बुद्धको श्रीचरणमा राखी दिइन्।"

यक्षिणी पनि दगुरेर आई तिनको पछि पछि लागी विहार भित्र पस्न खोज्दा द्वारपालले तिनलाई पस्न दिएन।

भगवान बुद्धले आनन्दलाई सम्बोधन गरी भन्नु भयो– "आनन्द ! जाऊ त्यस यक्षिणीलाई बोलाएर ल्याऊ।"

आनन्द स्थविर गएर यक्षिणीलाई बोलाएर ल्याउनु भयो। यक्षिणी आएर एक छेउमा उभिरहिन्। बालककी आमाचाहिँ यक्षिणी देखेर थरथर कामिरहेकी थिइन्।

भगवान बुद्धले यक्षिणीलाई प्रश्न गर्दै भन्नु भयो– "हेर ! तिमी दुइले एकले अर्कोको बच्चा मार्ने र खाने काम धेरै गरी सक्यौ। यदि आज तिमीहरू दुबैजना म कहाँ आउने संयोग नपरेको भए तिमी दुइको वैरभाव अर्थात् शत्रुता कल्पसम्म रहने थियो। किन एकले अर्कोलाई शत्रु भाव गरिहेको ? वैर भावले वैर भाव कहिल्यै शान्त हुन सक्तैन। अवैरभाव तथा मित्रताले मात्र वैरभाव शान्त हुन सक्तछ।"

Downloaded from http://www.dhamma.digital

# १.४. (क) मैत्रीभावले शत्रुभाव शान्त हुन्छ

भगवान बुद्धले **काली यक्षिणी**को सन्दर्भमा यो गाथा प्रकाशमा ल्याउनु भई धर्म उपदेश गर्नु भयो–

**"नहि वेरेन वेरानि – सम्मन्तीध कुदाचनं ।**
**अवेरेन च सम्मति – एस धम्मो सनन्तनो ॥"**

अर्थ– यस संसारमा वैरभावले वैरभाव कहिल्यै शान्त हुन सक्तैन अर्थात् मैत्री भावले मात्र शत्रुभाव शान्त हुन सक्छ । यही **सनातन** अर्थात् पहिले देखि चलि आएको धर्म हो ।

तथागतको यस्तो उपदेश सुनी चित्त एकाग्र भई विपश्यना ध्यानद्वारा काली यक्षिणी स्रोतापत्ति मार्ग र फलमा प्रतिष्ठित भइन् ।

अरू श्रोतावर्गलाई तथागतको धर्म उपदेश सार्थक भयो ।

त्यसपछि भगवान बुद्धले बच्चाको आमालाई भन्नु भयो– "तिमीले यो बच्चा काली यक्षिणीको हातमा देऊ ।"

यक्षिणीले तथागतलाई बिन्ति गरी भनिन्– "भन्ते, भगवन् ! मलाई ती यक्षिणी देखी साह्रै डर लाग्छ ।"

तथागतले भन्नु भयो– "अब तिमी तिनी देखी डराउन पर्दैन । तिमी तिनको भयबाट मुक्त भयौ । तिम्रो छोरो तिनको हातमा देऊ ।"

तिनले बालकलाई यक्षिणीको हातमा राखी दिइन् । यक्षिणीले बालकलाई आफ्नो हातमा लिई साह्रै माया गरी म्वाइ खाइन् । अनि आमा चाहिँलाई नै फिर्ता दिइन् । त्यसपछि यक्षिणी बेसरी रोइन् ।

तथागतले सोध्नु भयो– "काली ! तिमी किन रोएकी ?"

यक्षिणीले बिन्ति गरिन्– "भन्ते, भगवन् ! पहिले मैले प्राणी हिंसा गरी खाँदा त एक पेट भर्न मुस्किल हुन्थ्यो भने अहिले म प्राणी हिंसा

Downloaded from http://www.dhamma.digital

गर्नबाट अलग्ग हुन्छु। मैले के खाएर बाँच्ने होला !"

भगवान बुद्धले तिनलाई आश्वासन दिनु हुँदै भन्नु भयो– "यसमा तिमीले केही चिन्ता गर्नु पर्दैन।"

त्यसपछि तथागतले बालकको आमालाई भन्नु भयो– "तिमीले यिनलाई घरमा सँगै लिएर जानु; उत्तम भोजन आदि ख्वाई सेवा-टहल गरी राख्नु।"

तिनले तथागतको वचनलाई सहर्ष स्वीकार गरिन्। यक्षिणीलाई आफूसँगै घरमा लगिन् र घर पछाडिको धान कुट्ने ढिकी भएको ठाउँमा राखी उत्तम भोजन आदि ख्वाई सेवा-टहल गरी राखिन्।

मानिसहरू त्यहाँ ढिकीमा धान कुट्न जान्थे। धान कुट्दा तिनकै टाउँकोमा कुटिरहेको जस्तै यक्षिणीलाई अनुभव हुन्थ्यो। त्यसकारण एक दिन काली यक्षिणीले बालकको आमालाई भनिन्– "म यहाँ बस्न सक्तिन। मलाई अरू ठाउँमा बस्ने व्यवस्था मिलाई दिनु।"

तिनले उनलाई जुठो फ्याक्ने ठाउँमा राखी दिइन्। उनी त्यहाँ पनि बस्न सकिनन्। चुलोमा लगेर राखिन्। त्यहाँ बस्न नसके पछि घरको पाखामा लगेर राखिन्। त्यहाँ पनि बस्न नसकेपछि धुलो फ्याक्ने ठाउँमा लगिन्। त्यहाँबाट फेरि गाउँको ढोकामा पुऱ्याई दिइन्। काली यक्षिणीलाई जहाँ बसे पनि तिनको टाउँकोमा ढिकीको मुसलले कुटिरहेको जस्तो अनुभव हुन्थ्यो। साथै जुठो फ्याँक्ने ठाउँमा बस्दा बच्चाहरूले जुठो पानी फ्याँकेर ल्याउने चुलोमा बस्दा कुकुरहरूसँगै सुत्न आउने; घरको पाखामा बस्दा बच्चाहरूले फोहर गर्न आउने; धुलो फ्याँक्ने ठाउँमा बस्दा मानिसहरूले धुलो फ्याँक्न ल्याउने; गाउँको ढोकामा बस्दा गाउँका केटी-केटीहरू ढुंगाले हानेर खेल्ने आदि कारणले गर्दा तिनी कहीं पनि बस्न सकेनन्। पछि तिनले काली यक्षिणीलाई गाउँ बाहिरको एउटा खुल्ला मैदानमा लगेर राखिन्। खाने-पिउने चीज-वस्तुहरू पनि तिनलाई त्यहीं पुऱ्याइ दिइन्।

Downloaded from http://www.dhamma.digital

यसरी बालकको आमाले तिनलाई अनेक तरहले हेरचाह गरी राखेकीले यक्षिणीले विचार गरिन् – "यिनले गरेको गुणको बदला मैले अवश्य तिर्नु पर्छ।"

समय अनुसार काली यक्षिणीले तिनलाई यसरी सल्लाह दिने गर्थिन्– "यसपालिको वर्षा राम्रो हुन्छ। सुक्खा र अग्लो ठाउँमा पनि धान रोप्नु। यसपालिको वर्षा ठीक हुँदैन। पानी जम्ने होचो जग्गामा मात्र धान रोप्नु।"

यसरी बेला बखतमा काली यक्षिणीले सूचना दिने भएकोले तिनको बाली जहिले पनि सप्रन्थ्यो। तर गाउलेहरूको भने त्यस्तो हुँदैनथ्यो। त्यसैले गाउँलेहरू तिनीकहाँ गएर सोधे– "बहिनी ! तिम्रो बाली भने जहिले पनि सप्रने; हाम्रो भने बिग्रिने; यसको कारण के हो ?"

तिनले भनिन् – "दाजुहरू ! काली यक्षिणी नाम गरेकी मेरो एक जना साथी छिन्। तिनले मलाई वर्षाद् समय र लक्षणको सूचना दिने गर्थिन्। तिनले भने अनुसार मैले धान रोप्ने गर्थें र त्यसको फल पनि पाउँथें। हामीले तिनलाई नित्य प्रतिदिन भोजन आदि लगेर ख्वाउने गरेका छौं। तपाईहरूले पनि त्यसो गरेको खण्डमा तिनले तपाईहरूलाई मद्दत गर्नेछ।"

यसरी कुरा थाहा पाइसकेपछि नगरवासीहरू सबै मिलेर काली यक्षिणी कहाँ गए। तिनलाई आदर सत्कार गरे। नगरवासीहरूले पालो पालो गरी तिनलाई भोजन दान दिने व्यवस्था गरे तिनी खुशी भई नगर वासीहरूलाई काम कुरो आइ पर्दा मद्दत गर्थिन्। यसरी तिनको थुप्रै इष्ट मित्रहरू भए।

पछि **अष्ट सलाक भोजन** दान दिने पुण्य कर्मको प्रतिस्थापित भयो। त्यस सलाक दान आज सम्म चलिआइरहेको छ।

Downloaded from http://www.dhamma.digital

# १.५. कसको कलह शान्त हुन्छ ?

१. (६) **"परे च न विजानन्ति – मयमेत्थ यमामसे ।**
**ये च तत्थ विजानन्ति– ततो सम्मन्ति मेधगा ॥"**

एक समय भगवान बुद्ध जेतवनाराममा विहार गरिरहनु भएको थियो । त्यसबेला तथागतले यो गाथा **कोसम्बिक** भिक्षुहरूको कारणमा भन्नु भएको हो ।

**कोसम्बिको घोषितारामम**मा दुइ जना नायक भिक्षुहरू थिए । ती दुइमा एक जना **विनय-धर** (भिक्षुहरूको विनय-नियम जान्ने) अर्को **धर्म-कथिक** (धर्मको उपदेश दिने) थियो । ती दुबैको पाँच-पाच शय शिष्यहरू थिए ।

एक दिन धर्म-कथिक भिक्षु पाइखाना जाँदा लोटामा बाँकीरहेको पानी नखन्याईकन त्यत्तिकै बाहिर निस्क्यो । त्यसपछि त्यही चर्पिमा विनय-धर भिक्षु जाँदा लोटामा बाँकी पानी देखी बाहिर आएर धर्म-कथिक भिक्षुसँग सोध्यो–

"आवुसो ! तिमीले लोटामा पानी बाँकी राखेर आयौ ?"

"हो, आवुसो !"

"के यसमा दोष छ भन्ने कुरा थाहा छैन ?"

"अहँ, थाहा छैन ।"

"आवुसो ! यसमा दोष (आपत्ति) हुन्छ ।"

"त्यसो भए प्रतिकार गर्नेछु ।"

"आवुसो ! यदि तिमीले नजानेर अथवा होश नभएर यस्तो हुन गएको भए दोष छैन ।"

Downloaded from http://www.dhamma.digital

धर्म-कथिक भिक्षुलाई आफू निर्दोष भएको कुरा सुनी ढुक्क भयो।

यता विनय-धर भिक्षुले आफ्ना शिष्यहरूलाई भन्यो– "धर्म-कथिक भिक्षुलाई दोष-निर्दोष भन्ने कुरा पनि थाहा रहनेछ।" यही कुरा धर्म-कथिक भिक्षुको शिष्यहरूको कानमा पुग्यो। तिनीहरूले यही कुरा आफ्ना उपाध्याय कहाँ गएर सुनाए।

यो कुरा सुनेर धर्म-कथिक भिक्षुले भन्यो– "यस विनय-धर भिक्षुले अघि भने दोष छैन भन्यो, अहिले फेरि दोष छ रे। कस्तो मृषावादी भिक्षु रहेछ ?" शिष्यहरूको तरफबाट यी शब्द विनय-धर भिक्षुको कानमा पऱ्यो। आखिर यसो गर्दा गर्दै तिनीहरूको बीचमा झगडा बढन थाल्यो।

एक दिन विनय-धर भिक्षुले धर्म-कथिक भिक्षुलाई 'दोषलाई दोष' भनी जान्न नसकेकोले '**उत्क्षेपणीय कर्म**' गऱ्यो। त्यसबेलादेखि तिनीहरू अलग्ग-अलग्ग भए। तिनीहरूका दान गर्ने दाताहरू पनि दुइ भागमा विभाजित भए।

यस्तो घटना घटिसकेपछि एक जना भिक्षुले तथागत कहाँ गई सम्पूर्ण विवरण सहित बिन्ति गऱ्यो– "भन्ते, भगवन् ! भिक्षुहरू र दायकहरू दुइ भागमा विभाजित भइरहेका छन्।"

भगवान बुद्धले "भिक्षुहरू मिलेर बस्नु पर्दछ" भनी दुइ पटकसम्म सन्देश पठाउनु भयो। तैपनि ती भिक्षुहरू मिलेर बसेनन्। तेस्रो पटक स्वयं तथागत तिनीहरू कहाँ जानु भई "निष्कासन गर्नेहरूले निष्कासन गर्नमा' र 'दोषलाई दोष' भनी जान्न नसकेको दुष्परिणामको कुरा बताउनु भई फेरि तिनीहरूलाई एकै ठाउँमा '**उपोसथ**' गर्ने अनुमति दिनु भयो। तैपनि ती भिक्षुहरूको झगडा शान्त भएन।

अनि तथागत एकान्तमा बस्ने विचारले कुनै पनि भिक्षुलाई केही नभनी कोसम्बीमा भिक्षाटन गरी '**पारिलेय्यक बन**मा एकलै जानु भयो।

Downloaded from http://www.dhamma.digital

त्यहाँ तीन महिनासम्म वर्षावास बस्नु भयो। '**पारिलेय्यक**' भन्ने हात्तीले उहाँको सेवा गऱ्यो।

कोसम्बिवासी दाताहरूले धेरै दिनसम्म पनि तथागतको दर्शन नपाएपछि सोधपूछ गरी हेर्दा कारण थाहा पाई ती झगडालु भिक्षुहरूलाई निन्दा गरी तिनीहरूलाई दान दिने, आदर-सत्कार गर्ने समेत छोडी दिए। भोजन भिक्षा नपाउँदा भिक्षुहरूले खान पाएन। खान नपाएपछि दुब्लो हुँदै गए। कमजोर हुँदै गए। आखिर कायल भई आपसमा क्षमा याचना गरी मिलेर बस्न थाले। त्यसपछि तिनीहरूले दाताहरू कहाँ गई भने– "उपासकहरू ! अब हामी पहिले जस्तै मिलेर बसी सक्यौं। तिमीहरू पनि पहिले जस्तै होऊ।"

दाताहरूले भने– "तपाईहरूले तथागत सँग क्षमा माग्नु भयो ?"

भिक्षुहरूले भने– "अहँ, मागेका छैनौं।"

दाताहरूले भने– "तपाईहरूले शास्तासँग क्षमा मागिसकेपछि मात्र हामी पहिले जस्तै हुनेछौं।"

श्रावस्ती नगरका अनाथपिण्डिक सेठ, विशाखा महाउपासिका र अन्य भिक्षुहरूले पनि यतिका दिनसम्म भगवान तथागतको दर्शन नपाएको र धर्मोपदेश सुन्न पाउनबाट बञ्चित रहेको कुरो आनन्द स्थविरलाई बिन्ति गरे।

अनि आनन्द स्थविर श्रावस्तीमा बस्ने पाँचशय भिक्षुहरूलाई साथमा लिई पारिलेय्यक वनखण्डमा जानु भयो। भगवान बुद्ध कहाँ पुग्नु भन्दा पहिले आनन्द स्थविरले विचार गऱ्यो – "तीन महिनासम्म एक्लै एकान्तमा बस्नु भएका तथागत समक्ष यतिका भिक्षुहरू साथमा लिएर जानु उचित हुँदैन।" त्यसैले अरू भिक्षुहरूलाई वनखण्डको बाहिर राखी आफू एक्लै गई भगवानलाई वन्दना गरी एक छेउमा बस्यो।

तथागतले सोध्नु भयो– "आनन्द ! तिमी एक्लै आएको ?"

Downloaded from http://www.dhamma.digital

आनन्द स्थविरले बिन्ति गऱ्यो– "होइन, भन्ते ! अरू पाँचशय भिक्षुहरू पनि आएका छन् ।"

तथागतले सोध्नुभयो– "तिनीहरू कहाँ छन् ?"

आनन्द स्थविरले बिन्ति गऱ्यो– "वनखण्ड बाहिर राखेर आएको छु, भगवन् !"

भगवान बुद्धले भन्नु भयो– "त्यसो भए तिनीहरूलाई यहाँ बोलाऊ ।"

आनन्द स्थविर गई तिनीहरू सबैलाई बोलाएर ल्यायो ।

भगवान बुद्धले तिनीहरूसँग कुशलक्षेमको कुराकानी गर्नु भयो ।

ती भिक्षुहरूले बिन्ति गरे – "शास्ता ! जंगलमा एक्लै बस्दा, सेवा टहल गर्ने कोही नहुँदा केही कष्ट त भएन ?"

पारिलेय्यक हात्तीले तीन महिनासम्म सेवा-टहल गरेको जानकारी दिँदै 'राम्रो साथी नपाएमा एक्लै बस्नु नै वेश छ' भन्नु हुँदै तथागतले निम्न गाथाहरू आज्ञा गर्नु भयो–

१. **"सचे लभेथ निपकं सहायं,**
**सद्धिंचरं साधुविहारि धीरं ।**
**अभिभुय्य सब्बानि परिस्शयानि,**
**चरेय्य तेनतमनो सतीमा ॥"**

अर्थ– बुद्धिमान साथी पाएको खण्डमा सबै विघ्न वाधा हटाई स्मृतिमान तथा प्रसन्न भई त्योसँग बस्नु वेश हुनेछ ।

२. **"नोचे लभेथ निपकं सहायं,**
**सद्धिंचरं साधुविहारि धीरं ।**
**राजाव रट्ठं विजितं पहाय**
**एको चरे मातङ्गरञ्ञेव नागो ।"**

अर्थ– बुद्धिमान साथी नपाएमा पराजित भएको राजाले देशलाई

Downloaded from http://www.dhamma.digital

छाडे झैं अथवा मातङ्ग हात्ती बसे झैं एक्लै बस्नु वेश हुनेछ ।

३. **"एकस्स चरितं सेय्यो,**
**नत्थि वाले सहायता ।**
**एको चरे न च पापानि कयिरा,**
**अप्पोसुक्को मातङ्ग रञ्ञोव नागो'ति ॥"**

अर्थ– मूर्खसँग बस्नु भन्दा पाप नगरी अल्प-उत्सुकी भई मातङ्ग हात्ती बसे झैं एक्लै बस्नु वेश छ ।

भगवान बुद्धका यी उपदेश सुनी चित्तलाई समाधिमा लगाई विपश्यना ध्यानद्वारा ती पाँचशय भिक्षुहरूले अरहत्वको स्थिति प्राप्त गरे ।

त्यसपछि आनन्द स्थविरले अनाथपिण्डिक र विशाखा महाउपासिकाले पठाएका अनुरोध सन्देश बिन्ति गरेपछि पात्र-चीवर लिन लगाई शास्ता श्रावस्तीको जेतवन विहारमा जानु भयो ।

भगवान बुद्ध श्रावस्तीमा आइपुग्नु भएको खवर सुनेपछि तथागतसँग क्षमा माग्न कोसम्बिक भिक्षुहरू श्रावस्ती आइरहेका थिए । भगवान बुद्धले भनेको कुरा समेत नमान्ने 'ती झगडालु भिक्षुहरू श्रावस्ती आउँदै छन्' भनी थाहा पाएर कोशल राजाले उसको राज्यमा पस्न नदिने र अनाथपिण्डिकले जेतवन विहारमा बस्न नदिने विचार गरी ती दुबैले आ-आफ्ना विचार तथागत समक्ष राखे ।

भगवान बुद्धले तिनीहरूलाई यसरी सम्झाउनु भयो– "महाराज ! ती भिक्षुहरू शीलवान छन् । केवल परम्पराका विवादको कारणले मेरो कुरा नबुझेका हुन् । अब मसँग क्षमा माग्न आइरहेका छन् । तिनीहरूलाई आउन दिनुहोस् ।"

अरू भिक्षुहरूले पनि 'कोसम्बिक भिक्षुहरू झगडालु छन्' भनी चिने । यसो हुँदा ती भिक्षुहरू सार्‍है लज्जित भई भगवान बुद्धको चरण कमलमा ढोगी क्षमा मागे ।

Downloaded from http://www.dhamma.digital

भगवान बुद्धले तिनीहरूलाई करुणायुक्त चित्तले क्षमा दिदैं भन्नु भयो– "भिक्षुहरू ! तिमीहरूले सार्है ठूलो भूल गऱ्यौ । मेरो शासनमा प्रव्रजित भएर पनि मैले भनेको कुरा मानेनौं ।" यसै प्रसङ्गमा '**कोसम्बक जातक**को कुरा सुनाउनु भई यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"परे च न विजानन्ति – मयमेत्थ यमामसे ।**
**ये च तत्थ विजानन्ति – ततो सम्मन्ति मेधगा ॥"**

अर्थ– मूर्खहरू 'एक दिन अवश्य मर्नु पर्छ' भनी विचार गर्दैनन् । 'एकदिन हामी मर्नु पर्छ' भनी सम्झन सकेमा कलह शान्त हुन्छ ।

तथागतको यस धर्म-उपदेशको अन्तमा त्यहाँ उपस्थित भएका भिक्षुहरू सबै मार्ग-फलमा प्रतिष्ठित भए ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

## १.६. मारले कस्तोलाई डगमडाउन सक्तैन ?

१. (७) **"सुभानुपस्सिं विहरन्तं – इन्द्रियेसु असंवुतं ।**
**भोजनम्हि च अमत्तञ्ञुं – कुसीतं हीनवीरियं ।**
**तं वे पसहति मारो – वातो रुक्खंव दुब्बलं ॥"**

१. (८) **"असुभानुपस्सिं विहरन्तं – इन्द्रियेसु सुसंवुतं ।**
**भोजनम्हि च मत्तञ्ञुं – सद्धं आरद्धवीरियं ।**
**तं वे नप्पसहति मारो – वातो सेलंव पब्बतं ॥"**

एक समय भगवान बुद्ध **सेतव्य नगर**को **सिंसपावन**मा विहार गरिरहनु एको थियो । त्यसबेला तथागतले यी दुइ गाथा **चूलकाल** र **महाकाल** भिक्षुहरूको सन्दर्भमा भन्नु भएको हो ।

**सेतव्य** नगरमा **महाकाल**, **मज्झिमकाल** र **चूलकाल** भन्ने तीन जना दाजुभाइहरू बस्तथे । तिनीहरू व्यापार गरी जीविका गर्दथे । ती तीन मध्ये जेठो र कान्छो दुइ जनाले शहर गाउँमा घुमेर माल-सामान जम्मा गरी गाडामा राखी ल्याउँथे । **मज्झिमकाल** चाहिँ घरमा बसी ल्याएका सामानहरू बिक्री गर्ने गर्थ्यो ।

एक दिन पाँचशय गाडामा सामानहरू राखी ती दुइ भाइ श्रावस्ती गए । श्रावस्ती पुगेपछि जेतवन विहारबाट अलि टाढा सबै गाडाहरू रोके । बयलहरूका डोरी फुकाई दिई त्यहीं बास बस्ने बन्दोबस्त मिलाए ।

साँझ तिर श्रावस्तीका मानिसहरू हातमा फूल लिई जेतवन विहारमा गइरहेको देखी महाकाल पनि तिनीहरूको पछि लागेर गयो र परिषदको एक छेऊमा बस्यो । भगवान बुद्धले त्यहाँ महाकाललाई देखेर उसैलाई अनुकूल हुने गरी आनुपूर्वी-कथा सहित धर्मोपदेश गर्नु भई,

Downloaded from http://www.dhamma.digital

**पञ्चकाम विषय**को **दुष्परिणाम** र **संक्लेश** आदिको विषयमा अनेक प्रकारले उपदेश गर्नु भयो ।

सम्यक् सम्बुद्धका यी अमृतमय उपदेश सुनी महाकालले सोच्न थाल्यो– "एक दिन यी सबै श्रीसम्पति छोडेर जानु पर्छ । परलोक जाँदा यी छोरा-छोरी, पत्नी र नाता कुतुम्बहरू कोही पनि साथमा आउँदैनन् । घरमा बसेर के गर्ने ? बरु प्रव्रजित हुनु नै राम्रो होला ।"

अनि सभाका सबै मानिसहरू फर्किसकेपछि भगवान बुद्धको छेउमा गई प्रव्रज्या माग्यो ।

भगवान बुद्धले प्रश्न गर्नु भयो– "तिमीले अनुमति लिनु पर्ने अरू कोही छ कि ?"

महाकालले बिन्ति गऱ्यो– "मेरो कान्छो भाइ छ, भगवन् !"

तथागतले भन्नु भयो– "त्यसो भए भाइसँग अनुमति लिएर आउनु ।"

महाकाल भाइ कहाँ गई उसलाई बोलाएर भन्यो– "भाइ ! यी सबै सम्पतिहरू तिमीले जिम्मा लेऊ ।"

चूलकालले प्रश्न गऱ्यो– "तपाई के गर्नु हुन्छ नि ? किन यस्तो भन्नु भएको ?"

महाकाले भन्यो– "मलाई वैराग्य उत्पन्न भयो । म भगवान कहाँ गएर प्रव्रजित हुनेछु ।"

भाइ चाहिंले अनेक तरहले रोक्न खोज्यो तर सफल भएन । अनि 'तपाई जस्तो चाहनु हुन्छ त्यस्तै गर्नुस्' भनी वचन दियो ।

महाकाल गएर भगवान कहाँ प्रव्रजित भयो । त्यसपछि "दाजुलाई चीवर छोडाएर घर फर्काउने छु" भन्ने विचार गरी कान्छो भाइ पनि प्रव्रजित भयो ।

महाकालले 'भिक्षुहरूले गर्नु पर्ने मुख्य दुइ काम– **ग्रन्थ-धुर** र **विपश्यना-धुर**' मध्ये विपश्यना कै काम पूरा गर्ने निश्चय गरी

Downloaded from http://www.dhamma.digital

तथागतसँग सिक्नु पर्ने ध्यानका कुराहरू सिकेर **स्मशानिक धुताङ्ग** समादान गरी फर्क्यो ।

त्यस धुतङ्गशील अनुसार रातको प्रथम याम बितिसकेपछि अर्थात् सबै सुतिसकेपछि मसानमा गई बिहान सबैरै कोही नउठ्दै विहारमा आउने गर्न थाल्यो ।

त्यस मसानमा '**काली**' भन्ने एक महिला थिई । तिनले '**दाह-कर्म**' गर्ने काम गर्थी । महाकाल भिक्षु मसानमा राती आउने-जाने गरेको तिनले देखेर भिक्षु कहाँ गएर भनी– "भन्ते ! मसानमा ध्यान-भावना गर्नेले मसानको पाले, विहारको महास्थविर र गाउँको द्वारपाललाई सूचना दिई राख्नु पर्दछ । किनभने चोरहरूले सामान चोरेर ल्याई भागेर आउँछन् । तिनीहरूलाई लखेट्न आउँदा ती सामान चोरहरूले मसानमा छोडेर भाग्छन् । मानिसहरूले मसानमा बस्नेलाई नै चोर भन्ठानी दुःख कष्ट दिन सक्छन् । ती व्यक्तिहरूलाई पहिल्यै सूचित गरी राखेमा यी समस्याहरू आउँदैनन् ।

अर्को कुरा– "मसानमा बस्नेले माछा, मासु, पीठो, तील, खानु हुँदैन । दिनमा निदाउनु हुँदैन । अल्छि हुनु हुँदैन । वीर्यवान हुनु पर्दछ । ढोंगी र छली नभई शुद्ध चित्तले बस्नु पर्दछ ।"

तिनले यो पनि भनी– "भन्ते ! यहाँ कुनै शव दाह गर्न ल्याएमा म तपाईलाई सूचना दिनेछु ।"

एक दिन कुनै रोग नलागी तुरुन्तै मरेकी एक सुन्दरीको शव जलाउन कालीलाई जिम्मा दिए । तिनले शब जलाउनु भन्दा पहिले त्यस भिक्षुलाई सूचना दिन गईन् । भिक्षु आएर त्यस सुन्दरीको शब तथा रूप हेऱ्यो । अनि चित्तामा राखेर शब जलायो । जलाई रहेको त्यस सुन्दरीको रूप विरूप भएर गएको विभत्स दृश्य हेर्दा हेर्दै अनित्य स्वभावलाई चिन्तन मनन गर्दै आफ्नो स्थानमा गई ध्यान गऱ्यो । त्यही ध्यानद्वारा

Downloaded from http://www.dhamma.digital

**प्रतिसम्भिदाज्ञान** सहित अर्थात् **ऋद्धि-सिद्धि** सहित अरहत्वको गऱ्यो ।

केही दिन पछि भगवान बुद्ध भिक्षु संघ सहित चारिका गर्दै **सेतव्य** नगरको **सिंसपावन**मा विहार गर्नु भयो । त्यहाँ चूलकालका दुइ वटी, मज्झिमकालका चार वटी र महाकालका आठवटी पत्नीहरू थिए । तिनीहरूले सेतव्य नगरमा भगवान बुद्ध आइपुग्नु भएको खवर सुनी आ-आफ्ना पतिहरूलाई घर फर्काउनको निमित्त भगवान बुद्धलाई भोजन निमन्त्रणा गरे ।

कुनै नयाँ घरमा भोजन गर्न जानु भन्दा पहिले आसन मिलाउन एक जना भिक्षु अगाडि पठाउने चलन थियो । महाकालले आसन मिलाउन चूलकाललाई अगाडि पठाई दियो । उसलाई देखेर त्यस घरका स्त्रीहरूले झन हेपेर नमिल्ने गरी आसन बिछ्याई दिए । चूलकालले 'आसन त्यसरी होइन, यसरी बिछ्याउनु पर्दछ' भनी भनेपछि तिनीहरूले– "कोसँग सोधेर तिमी प्रव्रजित भएको ? यहाँ किन आएको ?" भन्दै चीवर खोसेर लिई सेतो लुगा लगाउन दिई 'जाऊ शास्ता लाई बोलाएर ल्याऊ' भनेर पठाए । ऊ गएर तथागत सहित भिक्षुसंघलाई बोलाएर ल्यायो ।

भोजन दान कार्य सकिएपछि महाकाल भिक्षुका पूर्व पत्नीहरूले विचार गरे– "यिनीहरूले आफ्ना पतिलाई घर फर्काए । हामीले पनि हाम्रा पतिलाई घर फर्काउनु पऱ्यो ।" त्यसकारण भोलिको निमित्त पनि भोजन निमन्त्रण गरे । तथागतले भोजन स्वीकार गर्नु भयो ।

भोलिपल्ट आसन मिलाउन अर्के भिक्षु पठायो । हिजोको जस्तो मौका ती स्त्रीहरूले पाउन सकेनन् । भिक्षुसंघ सहित तथागत आइपुग्नु भयो । भोजन अर्पण गरे । भोजनको कार्य सकिए पछि ती स्त्रीहरूले बिन्ति गरे– "भन्ते, भगवन ! हामी महाकाल भिक्षुबाट **भुक्तानुमोदन धर्म देशना** सुन्न चाहन्छौं ।"

Downloaded from http://www.dhamma.digital

तथागतले तिनीहरूको निवेदन स्वीकार गर्नु भई महाकाल भिक्षुलाई एक्लै घरमा छोडेर उहाँ अरू भिक्षुहरूका साथ फर्कनु भयो ।

विहारमा पुगे पछि भिक्षुहरूको बीचमा कुरा चल्न थाल्यो– "हिजो मात्रै चूलकाल भिक्षुलाई उनकी पत्नीहरूले वस्त्र छोड्न वाध्य गराए । आज त्यस घरमा महाकाल भिक्षुलाई एक्लै छोडेर तथागत फर्कनु भयो । उनको त झन आठ वटा पत्नीहरू छन् । के हुने होला ! त्यस्तो शीलवान तथा गुणवान भिक्षुलाई कुनै विघ्न वाधा आउने होकि ?"

भिक्षुहरूको बीचमा चलेका कुरा भगवान बुद्धलाई अवगत गराएपछि उहाँले भन्नु भयो– "भिक्षुहरू ! यसरी विचार नगर । चूलकाल जहिले पनि शुभारम्भण अर्थात् 'यी स्त्री कति राम्री' भनी कल्पना गरी बस्छ । उसको इन्द्रिय संयम छैन । ऊ प्रपातमा रहेको कमजोर रूख जस्तै हो । तर मेरो पुत्र महाकाल अशुभ विहारी हो । उसको इन्द्रिय संयम छ । भोजनमा मात्रा ज्ञान छ । श्रद्धावन्त वीर्यवान छ । ऊ चट्टान जस्तै अचल छ ।"

Dhamma.Digital

तिनीहरू दुइको सन्दर्भमा तथागतले यी दुइ गाथा पनि प्रकाशमा ल्याउनु भयो–

**"सुभानुपस्सिं विहरन्तं – इन्द्रियेसु असंवुतं ।**
**भोजनम्हि च अमत्तञ्ञुं – कुसीतं हीनवीरियं ।**
**तं वे पसहति मारो – वातो रूक्खंव दुब्बलं ॥"**

अर्थ– 'जहाँ जे पनि शुभ र राम्रो छ' भनी ठान्ने, इन्द्रियहरूमा संयम नभएको, भोजनमा मात्रा ज्ञान नभएको, वीर्य हीन भएको व्यक्तिलाई मारले त्यसरी नै ढाल्छ; जसरी दुर्वल रूखलाई बतासले ढाल्छ ।

**"असुभानुपस्सिं विहरन्तं – इन्द्रियेसु सुसंवुतं ।**
**भोजनम्हि च मतञ्ञुं – सद्धं आरद्धवीरियं ।**
**तं वे नप्पसहति मारो – वातो सेलंव पब्बतं ॥"**

Downloaded from http://www.dhamma.digital

अर्थ– "**अशुभलाई अशुभ**" भनी ज्ञान दृष्टिले हेर्ने, इन्द्रियहरूमा संयमित भएको, भोजनमा मात्रा ज्ञान भएको, **श्रद्धा** र **आरद्ध वीर्य** भएको व्यक्तिलाई पर्वतमा रहेको चट्टानलाई बतासले हल्लाउन नसके झैं त्यसलाई मारले छुन सक्तैन ।

तथागतको यस धर्म देशनाको अन्तमा धेरै भिक्षुहरू मार्ग-फलमा प्रतिस्थित भए ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# १.७. काषाय वस्त्रको अधिकारी

**१. (९) "अनिक्कसावो कासावं – यो वत्थं परिदहिस्सति ।**
**अपेतो दमसच्चेन – न सो कासावमरहति ॥"**

**१. (१०) "यो च वन्तकसावस्स – सीलेसु सुसमाहितो ।**
**उपेतो दमसच्चेन – स वे कासावमरहति ॥"**

एक समय भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा विहार गरिरहनु भएको थियो । त्यस बेला राजगृह नगरमा देवदत्त भिक्षुले चीवर लाभ गरेको कारणमा तथागतले यी गाथा प्रकाशमा ल्याउनु भएको हो ।

एक समय सारिपुत्र र महामौद्गल्यायन दुइ अग्रश्रावकहरू आ-आफ्ना पाँच शय शिष्यहरूका साथ तथागतसँग अनुमति लिएर जेतवनबाट राजगृह नगरमा जानु भयो । राजगृहका भक्तजनहरूले आपसमा मिलेर उहाँहरूलाई आगन्तुक सत्कार गरे । दान-प्रदान पनि गर्दै रहे ।

एक दिन सारिपुत्रले यसरी अनुमोदन धर्मदेशना गर्नु भयो–

"उपासकहरू हो ! दान गर्नेहरूले चार प्रकारले दान दिन सकिन्छ :–

(१) जुन व्यक्तिले आफूले मात्रै दान दिन्छ, अरूलाई 'दान गर्नु पर्छ' भनी प्रेरणा दिँदैन; त्यस्तो व्यक्ति मरण-पश्चात् जहाँ जहाँ जन्म लिन्छ, त्यस त्यस ठाउँमा उसले भोग-सम्पत्ति पाउँछ; तर परिवार-सम्पति पाउँदैन ।

(२) जसले आफूले दान दिँदैन, तर अरूलाई मात्र 'दान दिनु पर्छ' भनी प्रेरणा दिन्छ अथवा दान दिन लगाउँछ; उसले जन्मे जन्मेको ठाउँमा परिवार-सम्पत्ति पाउँछ; तर भोग-सम्पत्ति भने पाउँदैन ।

Downloaded from http://www.dhamma.digital

(३) जुन व्यक्तिले आफूले पनि दान दिँदैन; अरूलाई पनि दिन लगाउँदैन भने त्यसले जन्मे जन्मेको ठाउँमा भोग-सम्पत्ति पनि पाउँदैन र परिवार-सम्पत्ति पनि पाउँदैन ।

(४) जुन व्यक्तिले आफूले पनि दान दिन्छ, अरूलाई पनि दान दिन लगाउँछ; त्यो जहाँ जहाँ जन्मिन्छ; उसले भोग-सम्पत्ति र परिवार-सम्पत्ति दुबै पाउँछ ।"

यी उपदेश सुनेर एक भद्र पुरुष साह्रै खुशी भयो र उसलाई दुबै सम्पत्ति पाउने उत्साह बढ्यो । उसले सारिपुत्र स्थविर कहाँ गई एक हजार भिक्षुहरूलाई भोजनको लागि निमन्त्रणा गऱ्यो ।

अनि उसले आफन्त, छर-छिमेकी र अरूहरूलाई आव्हान गर्दै एक हजार भिक्षुहरूलाई भोजनको लागि निमन्त्रणा दिएको कुरा अवगत गरायो र सोध्यो पनि– "तपाईहरूले कति कति जना भिक्षुहरूलाई भोजन दान गरी सहयोग गर्न सक्नु हुन्छ ?"

तिनीहरू मध्ये कसैले दश, कसैले बीस, कसैले शय जनालाई भोजन दान दिन स्वीकृति दिए । साथै तिनीहरूले आ-आफ्ना खाद्य-भोज्य बस्तुहरू एकै ठाउँमा जम्मा पारे । एक जना आफन्तले धेरै मोल पर्ने एक जोर **काषाय वस्त्र** दिएर भन्यो– "यदि तपाईहरूको दानकार्यमा खर्चको कमि भएमा यो वस्त्र बिक्री गरी जुन चीजको कमि हुन्छ; त्यसलाई पूरा गर्नु होस् । खर्च पुगेको खण्डमा तपाईहरूले जसलाई चाहनुहुन्छ, त्यसलाई यो वस्त्र दान दिनु होस् ।"

भोजन दान कार्यमा वस्त्र बिक्री गर्नु पर्ने आवश्यक परेन । वस्त्र बाँकी रह्यो । तिनीहरूले सल्लाह गरे– "अब यो काषाय वस्त्र कसलाई दान दिउँ । सारिपुत्र स्थविरलाई अथवा देवदत्त स्थविरलाई ? सारिपुत्र स्थविर कहिले-काहीं मात्र राजगृह नगरमा आउनु हुन्छ । तर देवदत्त स्थविर धेरै जसो यहीं बस्नु हुन्छ । त्यसैले देवदत्त स्थविरलाई नै दान गर्नु

Downloaded from http://www.dhamma.digital

पर्ला भन्ने निर्णय गरे र उसैलाई दान दिए ।"

देवदत्त स्थविरले त्यस वस्त्रको चीवर बनाई लगायो । उसले यो चीवर लगाएको देखेर मानिसहरूको बीचमा कुरा चल्यो– "यो चीवर देवदत्तलाई सुहाउँदैन । यो त सारिपुत्र भन्तेलाई मात्रै सुहाउँछ ।"

एक दिन एक जना भिक्षु राजगृहबाट श्रावस्ती गई तथागतलाई अभिवादन गरी एक छेउमा बस्यो । कुशलवार्ता पछि तथागतले ऊसँग दुइ अग्रश्रावकहरूको विषयमा सोध्नु भयो ।

भिक्षुले बिन्ति गऱ्यो– "भन्ते, भगवन् ! राजगृह नगरमा एक जना भद्र उपासकले महादानको आयोजना गऱ्यो । त्यस दानमा धेरै मोल पर्ने वस्त्र पनि समावेश गरेको थियो । त्यो वस्त्र देवदत्तलाई दान दियो । त्यस वस्त्रको चीवर देवदत्तले लगाउँदा नसुहाएको र सारिपुत्रले लगाएमा सुहाउने कुरा पनि चलेको थियो ।"

शास्ताले भन्नु भयो– "भिक्षुहरू ! देवदत्तले अहिले मात्रै आफूलाई नसुहाउने चीवर लगाएको होइन; पहिले पनि यस्तै नसुहाउने गरी चीवर लगाएको थियो ।"

यसै सिलसिलामा तथागतले देवदत्तको अतीतको कुरा यसरी वर्णन गर्नु भयो–

अतीत समयमा वाराणसीमा ब्रह्मदत्त राजाले राज्य गर्दथ्यो । त्यसबेला त्यहाँ हात्ती मार्ने एकजना मानिस बस्दथ्यो । उसले हात्तीलाई मारी दाँत, दाह्रा र मासु बेची आफ्ना जीविका चलाउँथ्यो ।

एक दिन जंगलमा हजारौं हात्तीहरूको एक जमात आइरहेको देख्यो । ती हात्तीहरूले त्यस जंगलमा एकजना प्रत्येक बुद्धलाई देखेर घुडा टेकी वन्दना गरे । त्यहाँदेखि सँधै नै त्यस्तै गर्न थाले । यो दृश्य देखी त्यस हात्ती मार्ने मानिसले 'किन यी हात्तीहरू यस्ता गर्दा रहेछन्' भनी हेर्न जाँदा त्यहाँ एक प्रत्येक बुद्धलाई देख्यो । 'म यी हात्तीहरूलाई कष्ट पूर्वक

Downloaded from http://www.dhamma.digital

मार्दैछु। मैले पनि काषाय वस्त्र लगाउनु पऱ्यो' भनी विचार गरी प्रत्येक बुद्ध पोखरीमा नुहाइरहेको मौका पारी चीवर वस्त्र चोरेर लियो। त्यही वस्त्र लगाएर एउटा रूख मन्तिर बसिरह्यो। हात्तीहरूले उसलाई वन्दना गर्दै गयो। त्यस जमातको सबै भन्दा पछिल्लो हात्तीलाई तीरले प्रहार गरी मार्ने काम गर्दै रह्यो।

त्यस बखत बोधिसत्व हात्तीको योनीमा जन्म भई त्यस समूहको नाइके बनेको थियो। यसरी क्रमशः हात्तीको संख्या कम हुँदै गएको देखेर हात्तीको नाइकेले विचार गऱ्यो– "यो पक्कै पनि त्यस काषाय वस्त्र-धारीको काम हुनु पर्छ। यो कुरो पत्तो नलगाई भएन।"

एक दिन सबै हात्तीहरूलाई अघिल्तिर पठाई केही बेर पछि मात्रै आफू पछि लाग्यो। सँधै झैं जम्मै हात्तीहरूले वन्दना गरी गए पछि खूव होश राखेर विस्तारै आइरहेको त्यस नाइके हात्तीलाई देखी हतरपतर ओढेको काषाय वस्त्र फुकाली हातमा धनुष लिई वाण हान्यो। होश राखेर आइरहेकोले हात्ती वाण छल्नमा सफल भयो र 'यसैले मेरो जमातलाई नाश गरेको हो' भन्ने निश्चित् भएपछि त्यस मानिसलाई समात्न दौड्यो। त्यो मानिस भागेर गई एउटा रखको आड्मा लुकेर बस्यो। वोधिसत्वले रूखै उलेखेर उसलाई भूईमा बजार्ने विचार गरेको थियो। तर उसको हातमा काषाय वस्त्र देखेर उसलाई त्यत्तिकै छोडी दियो र भन्यो – "वीत रागीको काषाय वस्त्र धारण गरी यत्तिका हात्ती मारी तिमीले वडो नराम्रो काम गऱ्यौ।"

यसरी देवदत्तको पूर्वकथा बताउनु भई तथागतले भन्नु भयो– "त्यस बेला काषाय वस्त्र धारण गरी हात्ती मार्ने मानिस अहिलेको देवदत्त भिक्षु हो। देवदत्तले अहिले मात्र होइन; पहिले पनि आफूलाई नसुहाउँने वस्त्र लगाएको थियो।"

यसै सन्दर्भमा तथागतले यी गाथा प्रकाशित गर्नु भयो–

Downloaded from http://www.dhamma.digital

**"अनिक्कसावो कासाव – यो वत्थं परिदहिस्सति ।**
**अपेतो दमसच्चेन – न सो कासावमरहति ॥"**

अर्थ– इन्द्रिय दमन नगर्ने, सत्य ज्ञान नबुझ्ने, आफ्नो मन स्वच्छ नराख्नेलाई काषाय वस्त्र वा गेरुवा वस्त्र सुहाउँदैन ।

**"यो च वन्तकसावस्स – सीलेसु सुसमाहितो ।**
**उपेतो दमसच्चेन – स वे कासावमरहति ॥"**

अर्थ– क्लेश मुक्त भई मन स्वच्छ भइसकेको, शील राम्रोसँग पालन गर्ने, इन्द्रिय दमन गरी सत्य-धर्ममा बस्नेलाई काषाय वस्त्र सुहाउँछ ।

यी गाथाको अवसानमा आगन्तुक भिक्षु सहित अरू थुप्रै भिक्षुहरू स्रोतापत्ति मार्ग-फल प्राप्त गर्न सफल भए । अरू धेरै लोक जनहरूलाई यो धर्म-देशना सार्थक भयो ।

Downloaded from http://www.dhamma.digital

# १.८. सारिपुत्र र मौद्गल्यायन

१. (११) **"असारे सारमतिनो – सारे चासारदस्सिनो ।**
**ते सारं नाधिगच्छन्ति – मिच्छासङ्कपगोचरा ॥"**

१. (१२) **"सारञ्च सारतो ञत्वा – असारञ्च असारतो ।**
**ते सारं अधिगच्छन्ति – सम्मासङ्कप्प गोचरा ॥"**

एक समय भगवान बुद्ध राजगृह नगरको वेणुवनाराममा विहार गरिरहनु भएको थियो । त्यसबेला तथागतले यी गाथा '**संजय परिव्राजक**' को कारणमा भन्नु भएको हो ।

भगवान बुद्धले बोधित्व प्राप्त गरिसक्नु भए पछि वाराणसीको **ऋषिपतन मृगदावन**मा **पञ्चभद्रवर्गीय** भिक्षुहरूलाई **धर्मचक्र** प्रवर्तन गर्नु भयो । त्यसपछि बनारसको **यश कुलपुत्र** र उसका चवन्न जना साथीहरूले बुद्धको धर्म-उपदेश सुनी त्यस अनुसार आचरण गरी सबैले अरहन्तको अवस्था प्राप्त गरे । प्रथम **वर्षावास**को अन्त सम्ममा साथी जना अरहन्त भिक्षुहरू भइसकेपछि तथागतले ती भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो–

"**चरथ, भिक्खवे ! चारिकं बहुजन हिताय, बहुजन सुखाय, लोकानुकम्पाय...।**" "भिक्षुहरू ! लोक जनहरूमा अनुकम्पा राखी बहुजन हित र बहुजन सुखको लागि चारिका गर्न जाऊ........।"

यसरी मानव कल्याणको लागि सबै भिक्षुहरूलाई अलग्ग-अलग्ग बाटोमा पठाउनु भई तथागत स्वयं धर्म प्रचारको निमित्त गयाको **उरुवेल**तिर जानु भयो । बीच बाटोमा **वन-विहार** गर्न आएका तीस जना **भद्रवर्गीय** कुमारहरूलाई धर्म-उपदेश गर्नु भयो । तथागतको धर्म-उपदेश सुनी विपश्यना ध्यान गर्दै तिनीहरू सबै अरहन्त भए । तिनीहरूलाई पनि

Downloaded from http://www.dhamma.digital

धर्म प्रचार गर्न विभिन्न दिशामा पठाउनु भई तथागत **उरुवेल**मा पुग्नु भयो। त्यहाँ दुइ शय, तीन, शय र पाँच शय जटिल परिवार भएका तीन जना दाजुभाइलाई धर्म अववोध गराउनु भयो। तिनीहरू सबैले विपश्यना ध्यान गरी अरहत्वको स्थिति प्राप्त गरे । ती एक हजार अरहन्त भिक्षुहरूका साथ भगवान बुद्ध राजगृहमा पुग्नु भयो।

राजगृह नजिक **उपतिस्स** र **कोलित** नाम भएका दुइ ब्राह्मण गाउँहरू थिए। ती गाउँका दुइ ब्राह्मण कुमारहरूको नाम पनि **उपतिस्स** र **कोलित** नै थिए । यी दुबै कुमारहरूको बीचमा बाल-कालदेखि नै घनिष्ट मित्रता थियो । एक दिन दुबै जना नाटक हेरिरहेका थिए । नाटक हेर्दा हेर्दै ती दुबैको मनमा विरक्तिको भाव उत्पन्न भयो । नाटकमा केही सार भए जस्तो लागेन । अनि एकले अर्कोलाई भन्यो– "हामीले त मोक्ष प्राप्त हुने मार्ग खोज्नु पर्छ । मोक्ष धर्मको लागि प्रव्रज्या ग्रहण गर्नु पर्छ । कुनै आचार्य कहाँ गएर प्रव्रजित भएर जाऔं ।" दुबै जना प्रव्रजित हुन तयार भए।

त्यसबेला राजगृहमा **संजय** भन्ने **परिव्राजक** थियो । उनका धेरै शिष्यहरू थिए। उपतिस्स र कोलित दुबै पाँचशय परिवारका साथ **संजय** परिव्राजक कहाँ गई प्रव्रजित भए । तिनीहरू प्रव्रजित भएदेखि संजय परिव्राजकलाई विशेष लाभ सत्कार प्राप्त भयो। उपतिस्स र कोलितले केही समय भित्रै संजय परिव्राजकले जाने जति धर्म शास्त्र सिके । ती दुबैलाई आश्रमको आचार्य पद पनि प्रदान गरियो।

एक दिन ती दुबैले आफ्ना आचार्यसँग प्रश्न गरे– "गुरुवर ! हामीले तपाईसँग सिक्नु पर्ने आध्यात्मिक ज्ञान यत्ति नै हो कि अथवा अरू बाँकी छ ?"

संजय परिव्राजकले भन्यो– "यत्ति नै हो। मैले जति जानको हो, ती सबै तिमी दुबैले जानि सक्यौ ।"

Downloaded from http://www.dhamma.digital

संजय परिव्राजकको कुरा सुनी ती दुबैले आपसमा सल्लाह गरे– “हामी मोक्ष प्राप्तिको लागि प्रव्रजित भएका हौं । अब यहाँ बसेर मोक्ष प्राप्त गर्न सकिन्न । **जम्बुद्वीप** विशाल छ । ग्राम, निगम, नगरमा घुम्दै रहेमा कुनै महापुरुष भेटिन्छ कि ?”

यसरी कुराकानी गरिसकेपछि भ्रमणमा जानुभन्दा पहिले एकले अर्कोलाई भन्यो– “हामी दुइ मध्ये जसले पहिले अमृत ज्ञान पाउनेछ, उसले अर्कोलाई भन्नु पर्नेछ ।”

त्यसबेला **पञ्चभद्रवर्गीय** भिक्षुहरूमा सबै भन्दा कान्छो **अश्वजित भिक्षु** राजगृहमा आइपुगेको थियो । भोलिपल्ट भिक्षाटनको लागि गइरहेको अश्वजित भिक्षुलाई उपतिस्सले देख्यो । उसको हिडाईको रङ्गढङ्ग चालचलन देखी उपतिस्स साह्रै प्रभावित भई उसको पछि पछि लाग्यो । भिक्षाटन गरिसकेपछि शहर बाहिर गई भोजन गर्न एउटा रूख मुनि बस्न खोज्दा उपतिस्सले आफ्नो आसन विछ्याई दिई आचार्य सत्कार गऱ्यो ।

भोजन पछि उपतिस्सले सोध्यो– “आवुसो ! तिम्रा इन्द्रियहरू प्रसन्न छन्; अनुहार अति परिशुद्ध छ । तिमी को हो ? कुन उद्देश्यले प्रव्रजित भएको ? तिम्रो गुरूको वाद के हो ?”

अश्वजित भिक्षुले भन्यो– “ म यस धर्ममा भर्खरै प्रव्रजित भएकोले विस्तार पूर्वक व्याख्या गर्न सक्दिन ।”

उपतिस्सले भन्यो– “तिमीलाई जति थाहा छ, त्यति मात्रै भन ।” म त्यसलाई शय प्रकार, हजार प्रकारले बुझ्ने कोशिश गर्दछु ।

अश्वजित भिक्षुले धर्मको सार संक्षेपमा गाथाद्वारा यसरी भन्यो–

**“ये धम्मा हेतुप्पभवा, तेसं हेतु तथागतो आह ।**
**तेसं च यो निरोध, एवं वादी महासमणो ।।”**

अर्थ– जुन कर्म **हेतु**बाट उत्पन्न हुन्छ; त्यस हेतु अर्थात् कारण

Downloaded from http://www.dhamma.digital

तथागतले बताउनु भएको छ । उहाँले त्यसको **निरोध** हुने उपाय पनि भन्नु भएको छ । उहाँ **महाश्रमण** यो वादको हुनुहुन्छ ।

यस गाथाको पहिलो दुइ पद सुन्ने बित्तिकै उपतिस्स विरज वीतमल भएको **स्रोतापत्ति फल**मा प्रतिष्ठित भयो । अनि उनले भाव विभोर भई भन्यो– "भन्ते ! हाम्रो शास्ता कहाँ बस्नु भएको छ ?"

अश्वजित भिक्षुले भन्यो– "आवुसो ! उहाँ **वेणुवन**मा हुनुहुन्छ ।"

उपतिस्सले बिन्ति गऱ्यो– "भन्ते ! मेरो एक जना साथी छ, हामी बीचमा जसले पहिले अमृत प्राप्त गर्छ; उसले अर्कोलाई तुरन्तै भन्नु पर्ने हाम्रो वाचा छ । त्यो वाचा पूरा गरी साथीलाई पनि लिएर म शास्ता कहाँ आउने छु ।"

यसो भनेर उपतिस्सले अश्वजित भिक्षुलाई **पचाङ्ग वन्दना** गरी तीन पटक प्रदक्षिणा गरी आफ्नो साथी कोलित परिव्राजक कहाँ गयो र त्यही गाथा कोलितलाई सुनायो । गाथाको अवशानमा कोलित (परिव्राजक)ले पनि स्रोतापत्ति फल प्राप्त गऱ्यो ।

उपतिस्स गुरु भक्ति अर्थात् गुरु प्रति कृतज्ञ हुने स्वभावको थियो । त्यसैले साथी कोलितलाई भन्यो– "सौम्य ! हामीले अमृत पायौं । यो कुरा हाम्रा पूर्व आचार्य संजय परिव्राजकलाई गएर सुनाऔं । बुझ्न सके बुझ्नेछ, नसके हाम्रो कुरामा विश्वास गरी भगवान बुद्ध कहाँ गई धर्मोपदेश सुनी मार्ग-फल प्राप्त गर्न सक्नेछ ।"

उपतिस्स र कोलित दुबै संजय परिव्राजक कहाँ गएर आफूहरूले अमृत-मार्ग प्राप्त गरेका र लोकमा बुद्ध, धर्म, संघ उत्पन्न भइसकेको कुरा आचार्यलाई अवगत गराए । अनि यसो भने– "तपाई तुच्छ असारमा किन अल्मलिएर बस्नु हुन्छ ? शास्ता कहाँ जाऔं ।"

संजय परिव्राजकले भन्यो– "तिमीहरू जाऊ; म जान सक्तिन ।"

उपतिस्स र कोलित दुबैले सोधे– "तपाई किन जान सक्नु हुन्न ?"

Downloaded from http://www.dhamma.digital

संजय परिव्राजकले जवाफ दियो– "म आचार्य भई बसेको; उनको शिष्य भई बस्नु त पानी राख्ने भाडाबाट पानी झिक्ने डाडु जस्तै हुनु हो । अहँ, म जान्न ।"

ती दुबै शिष्यले अति आग्रह गरेपछि संजयले सोध्यो– "यो लोकमा अपण्डित मूर्खहरू धेरै छन् कि पण्डित बुद्धिमानहरू धेरै छन् ?"

तिनीहरूले जवाफ दिए– "आचार्य ! मूर्खहरू नै धेरै छन् । पण्डित, बुद्धिमानहरू थोरै छन् ।"

संजय परिब्राकले भन्यो– "त्यसैले पण्डित बुद्धिमानहरू श्रमण गौतम कहाँ जान्छन् । अपण्डित मूर्खहरू म कहाँ आउँछन् ।"

त्यस पछि उपतिस्स र कोलित आफ्ना अढाइ शय शिष्य परिव्राजकहरूका साथ भगवान बुद्ध कहाँ गई सादर वन्दना गरी भगवानसँग प्रव्रज्या र उपसम्पदा मागे ।

भगवान बुद्धले भन्नु भयो– "भिक्षुहरू ! आऊ; सुआख्यात धर्म छ । सम्यक् प्रकारले दु:ख क्षय गर्नको लागि ब्रह्मचर्य पालन गर ।"

यसरी तिनीहरूलाई संघमा सम्मिलित गराउनु भई उपतिस्सलाई '**सारिपुत्र**' र कोलितलाई '**मौद्गल्यायन**' नामाकरण गर्नु भयो । दुबै श्रावकहरूले क्रमश: विपश्यना ध्यान अभिवृद्धि गरी एक हप्तामा भिक्षु मौद्गल्यायन अर्हन्त हुनु भयो भने अर्को हप्तामा सारिपुत्र भिक्षु अर्हत्वमा प्रतिष्ठित हुनुभयो ।

त्यसपछि भगवान बुद्धले **वेणुवनमा श्रावक सन्निपात** गर्नु भई ती दुबै श्रावकहरूलाई '**अग्रस्थान-पद**' प्रदान गर्नु भयो ।

Downloaded from http://www.dhamma.digital

# १.८. (क) कौडण्य भिक्षुको अतीत कथा

भगवान बुद्धले 'सारिपुत्र' र 'मौद्गल्यायन' दुइ युगल भिक्षुहरूलाई अग्र-श्रावक पद दिनु भएको सम्बन्धमा वेणुवनाराममा विहार गरिरहनु भएका भिक्षुहरूको बीचमा यसरी कुरा चल्यो– "भगवान बुद्धले पनि मुख हेरेर अग्र-पद दिनु हुन्छ जस्तो लाग्छ । किनभने सारिपुत्र, मौद्गल्यान प्रव्रजित हुनु भन्दा पहिले प्रव्रजित भएका भिक्षुहरू यहाँ थुप्रै हुनुहुन्छ । अग्र-पद नै दिनु छ भने 'पञ्चभद्रवर्गीय भिक्षुहरूलाई दिनु पर्थ्यो अथवा यश भिक्षुसहित उहाँका चवन्न जना सहयोगीहरूलाई दिनु पर्थ्यो । कि होइन भने तीस जना भद्रवर्गीय भिक्षुहरूलाई दिनु भए पनि हुन्थ्यो । उहाँहरूलाई पनि नदिए 'उरुवेल कश्यप', 'गया कश्यप' र 'नदी कश्यप'– "तीन जना दाजुभाइ भिक्षुहरू छन्; उहाँहरूलाई दिनु भए पनि हुन्थ्यो । तथागतले यसरी पक्षपात गर्नु भई मुख हेरेर अग्र-पद दिनु भएको किन होला ?"

भगवान बुद्ध भिक्षु सभामा जानु भई विछ्याइएको आसनमा बस्नु भयो । तथागतले 'अहिले यस सभामा के कुरा भइरह्‌यो' भनी सोध्नु भयो ।

भिक्षुहरूले बिन्ति गरे– "भगवान, शास्ता ! भगवानले सारिपुत्र र मौद्गल्यायन दुइ भिक्षुहरूलाई अग्र-पद दिनु भएकोले हामी बीचमा विवाद चलिरहेको थियो । उहाँहरू भन्दा पहिले प्रव्रजित हुनु भएको कौडण्य आदि पञ्चभद्रवर्गीय भिक्षुहरू सहित यतिका अरू जेष्ठ भिक्षुहरूलाई छोडेर उहाँहरूलाई नै अग्रपद दिनु परेको कारण के हो ? तथागतले उहाँहरूको मुख हेरेर अग्र-पद दिनु भएको त होइन ? भन्ने शंका उपशंका हाम्रो मनमा उब्जी रहेछ ।"

तथागतले भन्नु भयो– "भिक्षुहरू ! मैले तिनीहरूको मुख हेरेर अग्र-पद दिएको होइन । जो-जो भिक्षुहरूले आ-आफ्ना पूर्व जन्ममा जे-जे प्रार्थना गरेर आएका हुन्; त्यही त्यही पद प्राप्त हुने हो । जसरी

Downloaded from http://www.dhamma.digital

कौडण्य भिक्षुले सम्यक् धर्म अववोध गरी सबै भन्दा पहिले अरहन्त हुने प्रार्थना गर्दै अग्र-अन्न दान दिँदै आयो । त्यसको फल स्वरूप '**अञ्ञासी कोण्डञ्ञ**' को अग्र-पद प्राप्त गर्नमा ऊ सफल भयो । यस्तै अरू भिक्षुहरूको पूर्व पारमिता अनुसार आ-आफ्ना पद प्राप्त गर्नमा सफल भएका हुन् ।"

तथागतले यसरी आज्ञा गर्नु भएको सुनेर ती भिक्षुहरूले 'कौडण्य भिक्षु' को अतीत घटनाहरू वर्णन गरिदिन हुन तथागतसँग सादर अनुरोध गरे ।

तथागतले कौडण्य भिक्षुको अतीतका कुराहरू यसरी वर्णन गर्नु भयो–

आज भन्दा एकानब्बे **कल्प** पहिले यस लोकमा '**विपस्सी तथागत**' उत्पन्न हुनु भएको थियो । त्यस बेला **महाकाल** र **चूलकाल** भन्ने दुइ जना दाजु-भाइ थिए । ती दुइका धानका खेत प्रशस्त थिए ।

एक दिन चूलकाल खेतमा गई धानको बालाबाट एउटा दूधे धान झिकी बोक्रा निकालेर खाएर हेर्दा गुलियो र मीठो लाग्यो । उसले विचार गऱ्यो– "भिक्षुसंघ सहित भगवान बुद्धलाई यी दूधे धान छोडाएर पानी नभएको दूधमा खीर पकाई दान गर्न पाए साह्रै राम्रो हुन्थ्यो ।" यसरी सोचेर ऊ आफ्नो दाजु कहाँ गई यही कुरा निवेदन गऱ्यो ।

महाकालले भन्यो– "भाइ ! के कुरा गरेको यस्तो ? दूधे धान छोडाएर दान दिने भन्ने कुरा न पहिले भएको थियो, न पछि हुनेछ । नचाहिँदो कुरा गरी अन्न नाश गर्ने काम नगर ।"

चूलकालले बार-बार आग्रह गरी दाजुसँग वचन मागी रह्यो । आखिरमा दाजु चाहिँले यसो भन्यो– "त्यसो भए खेत दुइ भाग गर । मेरो भागमा परेको धान नछुनु । तिम्रो भागमा परेको धान तिमीलाई जस्तो मन लाग्छ, त्यस्तै गर्नु ।"

Downloaded from http://www.dhamma.digital

'हुन्छ, हवस्' भनी चूलकालले खेत दुइ भाग गऱ्यो। थुप्रै काम गर्नेहरू बोलाई दूधे धान छोडाउन लगायो। शुद्ध दूधमा ध्यू, मह, सखर आदि चाहिँदो मात्रा हाली दूधे चामलको खीर बनाई भिक्षुसंघ सहित भगवान बुद्धलाई श्रद्धा पूर्वक खीर भोजन गरायो। भोजन कार्य समाप्त भइसकेपछि तथागतसँग चूलकालले यसरी प्रार्थना गऱ्यो– "भन्ते, भगवन् ! मेरो यो अग्र-दानको पुण्य प्रभावले सम्यक्-धर्मलाई सबभन्दा पहिले अवबोध गर्ने हेतु बनोस्।"

तथागतले भविष्यको विचार गर्नु भई उसको त्यस्तो क्षमता देख्नु भई अनुमोदन गर्नु भयो।

केही दिन पछि चूलकालले आफ्नो भागमा परेको खेत हेर्न जाँदा खेत भरी धान पाकेका बालाहरू लहराइरहेको देखेर उसको मन पाँच प्रकारका प्रीतिले भरपूर भयो। उसले आफ्नो भागयलाई सकार्दै त्यस धान बालीबाट नौ पटक सम्म अग्र-दान दियो। त्यस खेतबाट जति धान निकाले पनि फेरि फेरि पनि भरीपूर्ण हुन्थ्यो। अझ साविक भन्दा बढ्थ्यो। त्यसैले धर्मलाई जसले रक्षा गर्छ उसलाई धर्मले आरक्षा गर्छ। त्यसकारण भगवान बुद्धले भन्नु भयो–

**"धम्मो हवे रक्खति धम्मचारिं,**
**धम्मो सुचिण्णो सुखमावहाति।**
**एसानिसंसो धम्मे सुचिण्णे,**
**न दुग्गतिं गच्छति धम्म चारी'ति॥"**

अर्थ– धर्मको आचरण गर्नेलाई धर्मले रक्षा गर्दछ। धर्मानुसार आचरण राम्रो भएको व्यक्तिलाई जहाँ गए पनि सुख हुन्छ। धर्मचारी कहिले पनि दुर्गतिमा पर्दैन। धर्मको आचरण गरेमा यस्तो फल प्राप्त हुन्छ।

यसरी कौडण्य भिक्षुले सर्ब प्रथम अग्र-धर्मलाई साक्षात्कार गर्नको निमित्त '**विपस्सी तथागत**को समयदेखि अग्र-दान दिदैं प्रार्थना गर्दै

Downloaded from http://www.dhamma.digital

आइरहेको थियो । फेरि आज भन्दा एक लाख कल्प पहिले '**हसंवती नगरमा**' '**पदुमत्तर तथागत**'लाई सात दिनसम्म महादान गरी सर्ब प्रथम अग्र-धर्म साक्षात्कार गर्ने प्रार्थना गऱ्यो ।

'यस प्रकार बार-बार प्रार्थना गरी आएको कारणले नै कौडण्य भिक्षुले मेरो शासनमा सब भन्दा पहिले अग्र-धर्म साक्षात्कार गरी '**अञ्ञासी कोडञ्ञ**'को पद प्राप्त गर्न सकेको हो । मैले मुख हेरेर दिएको होइन' भन्नु हुँदै, कौडण्य भिक्षुको सम्बन्धमा कुरा स्पष्ट पार्नु भयो ।

भगवान बुद्धको श्रीमुखबाट कौडण्य भिक्षुको अतीतका कथा सुनेर त्यहाँ उपस्थित भएका भिक्षुहरू संतुष्ट भए । तथागतले उहाँलाई '**अञ्ञासी कोडञ्ञ**' को अग्र-पद दिनु भएकोमा '**साधुकार**' दिंदै '**यश कुमार**', '**भद्रवर्गीय**', '**उरुवेल कश्यप**' आदिका पूर्व-कथाहरू सविस्तार सुनाउनु हुन तिनीहरूले तथागतसँग सादर प्रार्थना गरे ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# १.८. (ख) यश कुमारको पूर्व कथा

तथागतले यश कुमारको अतीत जन्मको विषयमा यसरी व्याख्यान गर्नु भयो–

एक समय **शून्य-कल्प** अर्थात् भगवान बुद्ध उत्पन्न नभएको कल्पमा यश कुमार सहित उसको चवन्न जना साथीहरू मिली अनाथहरूलाई सेवा गर्थे । दुखी-दरिद्रहरूको उपकार गरी थुप्रै कुशल-कार्य गरेका थिए ।

लोकमा बुद्ध उत्पन्न भइसकेपछि तिनीहरूले तथागत समक्ष 'हामी अरहन्त हुन सकौं' भनी प्रार्थना गरेका थिए र त्यही अनुरूप पुण्य कार्य पनि गर्दै आइरहेका थिए ।

एक दिन तिनीरूको गाउँमा एक जना गर्भवती महिलाको अचानक मृत्यु भयो । तिनीहरूले तिनलाई दाह संस्कार गर्न श्मशानमा लगे । तिनीहरू मध्ये पाँच जना श्मशानमा बसे बाँकी रहेका गाउँमा फर्के । गर्भवती महिलाको शव दाह गरिरहेको बेला यश कुमारले ध्यान दिई हेरिरहेको थियो । त्यस विभत्स दृश्य हेर्दा-हेर्दै चित्त एकाग्र भई उसलाई '**अशुभ-संज्ञा**' **प्रतिलाभ** भयो ।

त्यसपछि यश कुमारले अरू चार जना साथीहरूलाई सम्बोधन गरी भन्यो– "साथीहरू ! हेर, यस मृतक शरीरको ठाउँ ठाउँबाट छाला पड्केर दुर्गन्ध निस्किरहेछ । हेर्दैमा घिन लाग्दो छ । हेर त, पहिले कस्तो थियो, अहिले कस्तो छ ।"

ती चारै जना साथीहरूले त्यस विभत्स रूप हेरिरहँदाँ रहँदै चित्त एकाग्र भई **'अशुभ-संज्ञा' प्रतिलाभ** गरे । पछि तिनीहरू पाँचै जना गाउँमा फर्केर गई अरू साथीहरूलाई त्यस विभत्स दृश्यको वर्णन गरे ।

Downloaded from http://www.dhamma.digital

यश कुमार घरमा गएर आफ्ना आमा-बाबु र पत्नीलाई त्यस दृश्यको वर्णन एक एक गरी सुनायो । तिनीहरू सबैले **अशुभ-भावना** गरे । त्यही तिनीहरूको पूर्व-कर्मको संस्कार बन्यो । त्यही '**उप-निस्शय**' अर्थात् **हेतु-सम्पत्ति**को बलले तिनीहरू सबै मेरो शासनमा अरहन्त हुन सकेका हुन् ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# १.८. (ग) भद्रवर्गीयहरूको पूर्व कथा

यश कुमार र उनका चवन्न जना साथीरूको पूर्व कथा सुनेर संतुष्ट भई फेरि '**भद्रवर्गीय**' **भिक्षुहरू**को पूर्व जन्मका कुरा संक्षेपमा सुनाउन हुन तथागतसँग ती भिक्षुहरूले सादर अनुरोध गरे ।

तथागतले ती भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! तथागत उत्पन्न नभएको एक कल्पमा यी तीस जना भद्रवर्गीयहरू साह्रै नराम्रो आचरणमा लागेका थिए। तिनीहरू ठग्ने काम गरेर हिड्थे । मानिसहरूलाई छ्लकपट गर्थे । जुवा खेल्थे । यसरी अनाचार कर्म गरी घुम्दै-फिर्दै गर्दा '**तुण्डिल**' नामक एक जना तपस्वीसँग तिनीहरूको भेट भयो । तपस्वीको धर्म-उपदेश सुनेर तिनीहरूले धेरै वर्षसम्म पञ्चशील पालन गरे ।

अर्को जन्ममा लोकमा बुद्ध उत्पन्न भइसकेपछि तथागतको समक्ष तिनीहरूले कुनै भावी बुद्धको समयमा 'अरहन्त हुन सकौं' भनी प्रार्थना गरे। प्रार्थना गरे अनुसार अनेक जन्ममा कुशल कर्म गरी पुण्य संचय गरी रहे । त्यसैको फल स्वरूप अहिले यस जन्ममा तिनीहरूको आ-आफ्नो प्रार्थना अनुसार मेरो शासनमा अरहन्त हुन सकेको हो। मैले मुख हेरेर दिएको पद होइन ।

यसरी भगवान बुद्धको श्रीमुखबाट भद्रवर्गीयहरूको पूर्व कथा सुनेर ती भिक्षुहरू संतुष्ट भए। तिनीहरूलाई अग्र-श्रावकको पद प्राप्त नभएको कारण पनि राम्रैसँग थाहा भयो ।

फेरि ती भिक्षुहरूले उरुवेल कश्यप, नदी कश्यप र गया कश्यप– तीन जना दाजुभाइको पूर्व कथा सुन्ने इच्छाले तथागतसँग सादर अनुरोध गरे ।

Downloaded from http://www.dhamma.digital

## १.८. (घ) उरुवेल कश्यपहरूको पूर्व कथा

भगवान बुद्धले त्यहाँ भएका भिक्षुहरूलाई सम्बोधन गर्नु भई **'उरुवेल कश्यपहरू'**का अतीत कथा यसरी वर्णन गर्नु भयो–

"भिक्षुहरू ! आज भन्दा बयानब्बे कल्प पहिले अलग्ग अलग्ग समयमा दुइ तथागतहरू लोकमा उत्पन्न हुनु भयो । **'फुस्स'** तथागत राजा **'महेन्द्र'** को सुपुत्र हुनुहुन्थ्यो । राजाको कान्छो छोरो उहाँको **प्रथम अग्र-श्रावक** भएको थियो भने पुरोहितको छोरो **द्वितीय अग्र-श्रावक** भएको थियो ।

एक दिन महेन्द्र राजाले विचार गर्नु भयो– "अहो मेरो कस्तो सौभाग्य ! मेरो कान्छो सुपुत्र प्रथम अग्र-श्रावक हुनु भयो । पुरोहितको सुपुत्र द्वितीय अग्र-श्रावक हुनु भयो ।" मेरो कत्रो भाग्य ! भन्दै हर्षले गद्गद् हुँदै तथागतको चरण-कमलमा ढोगेर यसरी प्रार्थना गर्नु भयो– "भन्ते, भगवन् ! अब म बुढो भइसकें । मेरो जीवन छउँञ्जेल दिनहूँ तथागतलाई **चतु-प्रत्यय** दान दिन चाहन्छु । कृपया स्वीकार गर्नु होस् ।"

भगवान बुंद्धले स्वीकार गर्नु भएपछि राजाले नित्य प्रतिदिन तथागतको सेवा गर्दै रहनु भयो । महेन्द्र राजाको अरू तीन जना राजकुमारहरू थिए । तिनीहरूका क्रमशः पाँच शय, तीन शय, दुइ शय योद्धा शैन्य सिपाहीहरू थिए । ती तीनै जना दाजुभाइलाई तथागतलाई भोजन दान गर्ने ठूलो इच्छा भयो । राजासँग बार-बार प्रार्थना गरे । आज्ञा पाउन सकेको थिएन ।

त्यसै बेला सिमान्त प्रदेशमा प्रजाहरूको बीचमा झै-झगडा परी अशान्ति फैलिएको थियो । राजाले राजकुमारहरूलाई सिमान्त प्रदेशमा गई कोलाहल शान्त पारेर आउन अह्राउनु भयो । राजकुमारहरू त्यहाँ गई कोलाहल शान्त पारी फर्के । राजाले खुशी भई तिनीहरूलाई

Downloaded from http://www.dhamma.digital

‘**वरदान**’ माग्न हुकुम भयो । तिनीहरूले लामो समयसम्म तथागतलाई भोजन दान गर्ने अनुमति मागे । लामो समयको लागि अनुमति नपाएपछि वर्ष, महिना घटाउँदा घटाउँदै एक जनाले एक एक महिनाको अनुमति पाए ।

तीन जना राजकुमारहरू मिलेर एकै ठाउँबाट भोजन दान गर्न एक जना भण्डारी र एक जना कोषाध्यक्षको जिम्मामा थुप्रै अरू परिषदहरू खडा गरे । तीन जना राजकुमारहरू र तिनीहरूको एक हजार सैनिकहरू सबैले दश शील धारण गरी श्वेत वस्त्र लगाई तीन महिनासम्म विहारमा नै बस्ने बन्दो बस्त मिलाए ।

भण्डारी र कोषाध्यक्ष दुइ जना मिलेर राजकुमारहरूको ढुकुटीबाट दान गर्ने सामानहरू आलोपालो गरी निकाल्दै दान-कार्य गरिरहे । दान-कार्यमा संलग्न भइरहेका अरू कार्यकर्ताका बच्चाहरू ‘दाल, भात, तरकारी आदि चाहियो’ भनी झगडा गर्ने भएकोले तिनीहरूले भिक्षुसंघ सहित तथागतलाई दान गर्नु भन्दा पहिल्यै खानेकुराहरू झिकेर दिने गर्थे । पछि हुँदा हुँदै आफूहरूले पनि झिक्दै खाने गरे । पछि यिनीहरूको मृत्यु पश्चात् प्रेत-लोकमा उत्पन्न भयो । कोषाध्यक्ष, भण्डारी र एक हजार सैनिक सहित तीन राजकुमारहरू मरण पछि सुगतिमा उत्पन्न भए ।

प्रेत-लोकमा प्रेत भई जन्मेकाहरू ‘**ककुसन्ध**’, ‘**कोणागमण**’, ‘**कस्सप**’ तथागतहरूको समयसम्म दु:ख कष्ट भोग गरिरहे । त्यसबेला भण्डारी हुने गौतम बुद्धको समयमा राजा बिम्बिसार थियो । कोषाध्यक्ष हुने माता विशाखा थिइन् । राजा बिम्बिसारले गौतम बुद्धलाई दान-प्रदान गरेको पुण्य आनिशंस ती प्रेतहरूले प्राप्त गर्न नसकेपछि तिनीहरूले राजालाई डर लाग्दो रूप देखाई तर्साउन थाले ।

भोलिपल्ट राजाले रातमा घटेका सबै घटनाहरूको विवरण तथागतलाई बिन्ति चढाए ।

Downloaded from http://www.dhamma.digital

भगवान बुद्धले भन्नु भयो– "महाराज ! आज भन्दा बयांनब्बे कल्प पहिले यी प्रेतहरू तपाईको आफन्तहरू थिए । त्यस बेला भिक्षुसंघ सहित भगवान बुद्धलाई दान दिन ल्याएका खाद्य-भोज्य पदार्थहरू पहिले नै भिकेर खाने गरेको कारणले प्रेत गतिमा पतन भई संसार चक्रमा अनेक दुःख-कष्ट भोग गरिरहेका थिए । तिनीहरू तपाईले भिक्षुसंघ सहित भगवान बुद्धलाई दान गरेको पुण्यको आनिसंश पाउने आशामा थिए । हिजो तपाईले दान गर्नु भएको पुण्यको फल तिनीहरूले पाउन सकेन । त्यही कारणले तपाईलाई तर्साउन आएका हुन् ।"

तथागतको यी कुरा सुनेर भिक्षुसंघ सहित भगवान बुद्धलाई भोलिको लागि निमन्त्रणा गर्नु भई महादान दिई राजाले तथागत समक्ष यसरी प्रार्थना गर्नु भयो– "भन्ते, भगवन् ! मेरो यो दान पुण्यको फलले ती प्रेत भइरहेका आफन्तहरूलाई दिव्य अन्न-पान प्राप्त हुन सकोस् ।" भनी राजाले प्राप्त भएको सबै पुण्य तिनीहरूलाई अर्पण गरे । त्यसरी नै भोलिपल्ट चीवर-वस्त्र आदि दान दिई 'यस पुण्यको प्रभावले तिनीहरूलाई दिव्य-वस्त्र प्राप्त होस्' –भनी पुण्य अर्पण गरे । त्यस बेलादेखि ती प्रेतहरू प्रेत भावबाट मुक्त भए ।

तथागतले पुण्यानुमोदन गर्नु भई "**तिरोकुट्टेसु तिट्ठन्ति**" भन्ने सूत्रको धर्म देशना गर्नु भयो । यस अनुमोदना धर्म-देशनाको अन्तमा हजारौं-हजार प्राणीहरूले धर्म लाभ गरे ।

यस प्रकार तथागतले उरुवेल कश्यप आदि तीन दाजु भाइको पूर्व कथा सन्दर्भ सहित व्याख्यान गर्नु भयो । तथागतको यस व्याख्यानलाई भिक्षुहरूले सहर्ष अनुमोदन गरे ।

Downloaded from http://www.dhamma.digital

# १.८. (ङ) अग्रश्रावकहरूको अतीत कथा

उरुवेल कश्यप आदि तीन दाजु-भाइका अतीतका कथा सुनेर हर्षित् भएका ती भिक्षुहरूले तथागतको व्याख्यानलाई '**साधुकार**' दिए। फेरि दुइ युगल अग्र-श्रावकहरू– सारिपुत्र र मौद्गल्यायन भिक्षुहरूका अतीतका पुण्य पारमीको विषयमा धर्म-उपदेश गरी दिनु हुन तथागतसँग तिनीहरूले सादर अनुरोध गरे।

भगवान बुद्धले सारिपुत्र र मौदगल्यायन भिक्षुहरूको अतीतका कथा यसरी वर्णन गर्नु भयो–

एक **असंख्य** र एक लाख **कल्प** पहिले सारिपुत्र ब्राह्मण **महाशाल कुल**मा जन्म भएको थियो। उनको नाम '**सरद मानव**' थियो। मौद्गल्यायन पनि गृहपति **महाशाल** कुलमा जन्म भएको थियो। उनको नाम **सिरिवड्ढन कुटुम्बिक** थियो। दुबै जना बाल-कालदेखिको धुलो खेल्ने साथी थिए। सरद मानव ठूलो भएपछि उनको पिताको देहावसान भयो। उनी महान धन-सम्पत्तिका मालिक बन्यो।

अनि उनले मन मनै विचार गऱ्यो– "मसँग यत्तिका धन-सम्पत्ति छन्। यसलाई मैले कसरी उपयोगमा ल्याउने ? अर्को कुरा म यस लोकको कुरा मात्रै जान्दछु। पर-लोकको विषयमा मलाई केही पनि थाहा छैन। प्राणी जन्मेपछि मरण अवश्य पनि हुनेछ। परलोक जानेले यी सारा धन-सम्पत्ति त्यति कै छोडेर जान्छ। उसले आफ्नो साथमा न साथी, न ज्ञाति-बन्धुहरू नै लिएर जान सक्छ। अझ आफ्नो शरीर समेत यहीं छोडेर जान्छ। धर्म-कर्म गर्न नजानिकन यी धन-सम्पत्ति जम्मा गर्नु पनि व्यर्थको रहेछ। बरु कहीं प्रव्रजित भई मोक्ष धर्मको खोजी गर्नु राम्रो हुन्छ। यो कुरो साथीलाई पनि भन्नु पर्दछ।"

'सरद मानव' आफ्नो साथी '**सिरिवड्ढन**' कहाँ गई भन्यो– "साथी ! म त प्रव्रजित भई मोक्ष धर्मको खोजी गर्नेछु। तिमी पनि प्रव्रजित होऊ।"

Downloaded from http://www.dhamma.digital

**सिरिवड्ढन**ले भन्यो– "साथी ! म त प्रव्रजित हुन सक्तिन । तिमी मात्रै जाऊ ।"

सरद मानव घरमा फर्केर आफ्नो ढुकुटी खोली गरीबहरूलाई महादान दियो । अनि ऋषिभेष धारण गरी पर्वततिर लाग्यो । अरू थुप्रै जटिलहरूले उनको साथ दिए । उनले ध्यान भावना गरी '**पञ्च-अभिञ्ञा**' र **अष्ट समापत्ति ध्यान** लाभ गऱ्यो । अरू जटिल साथीहरूलाई त्यही स्थितिमा पुग्ने विधि सिकाउनमा ऊ सफल भयो ।

त्यसबेला **अनोमदस्सी तथागत** लोकमा उत्पन्न हुनु भएको थियो । उहाँको जन्म-स्थान **बन्धुमति नगर**, पिता **यशवन्त क्षत्री** र माता **यशोधरा** हुनु हुन्थ्यो । उहाँले पीपलको रूखमुनि बोधिज्ञान प्राप्त गर्नु भएको थियो । **निषभ** र **अनोम** नामक दुइ **अग्रश्रावक**हरू तथा **सुन्दरा** र **सुमना** भन्ने दुइ **अग्रश्राविकाहरू** थिए । **वरुण** नामक भिक्षु उहाँको **उपस्थापक** थियो ।

एक दिन अनोमदस्सी तथागत विहान सबेरै **करुणा समापत्ति**बाट उठ्नु भई बुद्ध-चक्षुले हेर्नु हुँदा सरद तपस्वीलाई देख्नु भयो । तथागत त्यहाँ जानु भई धर्म-देशना गर्नु भएको खण्डमा सरद तपस्वी र सिरिवड्ढनले अग्रश्रावकको स्थान प्रार्थना गर्ने र उनको साथमा रहेका सबै जटिलहरू अर्हत्वको स्थितिमा पुग्न सक्ने क्षमता देख्नु भई सरद तपस्वी कहाँ आइपुग्नु भयो । तथागतलाई देखेर सरद तपस्वीले उहाँलाई **पञ्चाङ्ग वन्दना** गरी आसन विछ्याई दियो र आफू अलि होंचो आसनमा बस्यो । सरद तपस्वीका सबै शिष्यहरूले यो दृश्य देखी अनोमदस्सी तथागतको चरणमा ढोगे ।

सरद तपस्वीले तिनीहरूले ल्याएका प्रणीत तथा ओजपूर्ण फलहरू तथागतको भिक्षा-पात्रमा राखी दियो । तथागतलाई पिउने पानी आदिको पनि व्यवस्था गरी दियो । तथागतले भोजन गरिसक्नु भएपछि निषभ र

Downloaded from http://www.dhamma.digital

अनोम दुइ अग्रश्रावकहरूलाई आह्वान गर्नु भयो । ती दुबै एक लाख अर्हत् भिक्षुहरूका साथ आई शास्तालाई अभिवादन गरी एक छेउमा उभिए । अनि सरद तपस्वीले उहाँहरू सबैलाई यथायोग्य पुष्पासन तयार गर्न लगाई तथागतको अगाडि दुइ हात जोडी यसरी बिन्ति गऱ्यो– "भन्ते, भगवन ! मेरो दीर्घकाल सम्म हित-सुखको लागि यस पुष्पासनमा बस्नु होस् ।"

तथागत आसनमा बसिसक्नु भएपछि दुइ अग्रश्रावक र अरू भिक्षुहरू यथायोग्य स्थानमा बसे । तथागत सात दिनसम्म निरोध समापत्तिमा बस्नु भइसकेपछि दुबै अग्रश्रावकहरूलाई पुष्पासन अनुमोदन गर्न अह्राउनु भयो । दुबै अग्रश्रावकहरूले देशना गरिसक्नु भएपछि तथागतले धर्म-देशना गर्नु भयो । सरद तपस्वी एक जना बाहेक अरू सबै अरहन्त भए । सरद तपस्वी अरहन्त नभएको कारण के भने अग्रश्रावकहरूले देशना गरिरहँदा 'म पनि भविष्यमा कुनै बुद्धको शासनमा अग्रश्रावक हुन पाए हुन्थ्यो' भनी सोचिरहेको थियो । उनले आफ्नो मनको कुरा तथागतलाई बिन्ति गऱ्यो । अनोमदस्सी तथागतले भविष्यको विचार गर्नु भई उनको प्रार्थना सफल हुने देखेर भन्नु भयो– "भविष्यमा एक असंख्य र एक लाख कल्प पछि **गौतम** नामक बुद्ध उत्पन्न हुनेछ । त्यसबेला तिमी धर्म सेनापति सारिपुत्र नामले प्रथम अग्रश्रावक हुनेछौ ।" यसरी भविष्य वाणी गर्नु भई तथागत आफ्नो स्थानमा फर्कनु भयो ।

अनि सरद तपस्वी आफ्नो साथी सिरिवड्ढनलाई द्वितीय अग्रश्रावक पद प्रार्थना गराउन उनी कहाँ गयो ।

धेरै दिनपछि आफ्नो साथी आएको देखेर सिरिवड्ढन साह्रै खुशी भयो । सरद् तपस्वीलाई यथायोग्य स्थानमा राखी आफू होंचो आसनमा बसी कुशलवार्ता गर्न थाल्यो र उनको शिष्यहरूको विषयमा सोध्यो ।

Downloaded from http://www.dhamma.digital

सरद तपस्वीले आफ्नो आश्रममा अनोमदस्सी तथागत आउनु भएको कुरादेखि लिएर सारा वर्णन प्रस्तुत गरी 'आफूले भविष्यमा गौतम बुद्धको प्रथम अग्रश्रावक हुने' प्रार्थना गरेको कुरा सुनायो र भन्यो – "तिमीले पनि उहाँको द्वितीय अग्रश्रावक हुने प्रार्थना गर ।"

सिरिवड्ढनले भन्यो– "भन्ते ! तथागतसँग मेरो परिचय छैन । के गर्ने ?"

सरद तपस्वीले भन्यो – "अनोमदस्सी तथागतसँग परिचय गराई दिने काम मेरो भयो । तिमीले तथागतलाई भव्य रूपले स्वागत गर्ने प्रबन्ध मिलाऊ ।"

सिरिवड्ढनले जमिन सफा पार्न लगाई भव्य रूपले निलो कमलको मण्डप बनाउन लगाई बुद्धासन तयार पार्न लगायो । भिक्षुहरूको लागि पनि प्रशस्त आसनहरू यथायोग्य स्थानमा मिलाउन लगायो । अत्यन्त सुन्दर ढङ्गले सबै व्यवस्था मिलाइसकेपछि भिक्षुसंघ सहित तथागतलाई निमन्त्रणा गर्न सरद तपस्वीलाई सूचना दियो ।

भगवान बुद्ध भिक्षुसंघ सहित त्यहाँ पाल्नु भएपछि अत्यन्त सम्मान एवं श्रद्धाकासाथ सिरिवड्ढनले तथागतको प्रत्युगमन गरी उहाँको हातबाट भिक्षापात्र लिई मण्डप भित्र लगी आसनमा बसाल्यो । अनि भिक्षुसंघ सहित तथागतलाई प्रणीत भोजन गराइसकेपछि अनर्घ वस्त्रहरू दान दियो । यसरी एक सप्ताहसम्म महान दान-कार्य गरिसकेपछि उनले तथागतसँग यसरी प्रार्थना गऱ्यो– "भन्ते, भगवन् ! मेरो साथी सरद तपस्वीले भावी बुद्धको प्रथम अग्र-श्रावक हुने प्रार्थना गरे झैं म पनि गौतम बुद्धको द्वितीय अग्रश्रावक बन्न सकौं ।"

तथागतले उसको क्षमता अनुसार भविष्यको विचार गर्नु भई गौतम बुद्धको द्वितीय अग्रश्रावक हुने भविष्य-वाणी गर्नु भयो । भुक्तानुमोदन पश्चात् तथागत विहारमा फर्केर जानु भयो ।

Downloaded from http://www.dhamma.digital

गौतम बुद्धले भन्नु भयो– "भिक्षुहरू ! त्यसबेला मेरो पुत्रहरूले प्रार्थना गरे अनुसार नै अग्रस्थान पद पाएका हुन् । मैले मुख हेरेर दिएको होइन ।"

यसरी गौतम बुद्धले दुइ अग्रश्रावकहरूका अतीतका कुरा वर्णन गरी सक्नु भएपछि दुबै श्रावकहरूले आफूहरू घरबाट निस्केदेखि **अस्सजि भिक्षु**लाई भेटेको कुरासम्म विस्तृत वर्णन गरी अन्तमा **संजय परिव्राजक**ले भनेको कुरा पनि तथागतलाई बिन्ति गरे ।

तथागतले भन्नु भयो– "भिक्षुहरू ! संजय परिव्राजकले आफ्नो **मिथ्यादृष्टि**को कारणले '**असार**'लाई '**सार**' र '**सार**'लाई '**असार**' भनी ग्रहण गऱ्यो । तिमीहरूले आफ्नो पण्डित्याईको कारणले '**सार**'लाई '**सार**', '**असार**' लाई '**असार**' भनी जानी '**असार**'लाई छोडेर '**सार**' लाई ग्रहण गऱ्यौ ।"

यसै सन्दर्भमा तथागतले यी गाथा प्रकाशमा ल्याउनु भयो–

**"असारे सारमतिनो – सारे चा सारदस्सिनो ।**
**ते सारं नाधिगच्छन्ति – मिच्छासङ्कप्प गोचरा ॥"**

अर्थ– 'असार'लाई 'सार', 'सार'लाई 'असार' भनी ठान्ने मिथ्यादृष्टि भई बस्ने व्यक्तिले कहिल्यै सार वस्तु प्राप्त गर्न सक्तैन ।

**"सारं च सारतो ञत्वा – असारं च असारतो ।**
**ते सारं अधिगच्छन्ति – सम्मासङ्कप्प गोचरा ॥"**

अर्थ– 'सार'लाई 'सार', 'असार' लाई 'असार' भनी जान्ने, **सम्यक-दृष्टि** भई बस्ने व्यक्तिले सार वस्तु प्राप्त गर्न सक्तछ ।

यस धर्म-उपदेशको अन्तमा धेरै लोकजनहरू स्रोतापत्ति मार्ग-फलमा प्रतिस्थित भए । अरू स्रोतावर्गहरूलाई यो धर्म-देशना सार्थक भयो ।

Downloaded from http://www.dhamma.digital

# १.९. कस्तो चित्तमा राग घुस्दैन ?

१. (१३) **"यथागारं दुच्छन्नं – वुट्ठी समतिविज्झति ।**
**एवं अभावितं चित्तं – रागो समतिविज्झति ॥"**

१. (१४) **"यथागारं सुच्छन्नं – वुट्ठी न समतिविज्झति ।**
**एवं सुभावितं चित्तं – रागो न समति विज्झति ॥"**

भगवान बुद्धले श्रावस्तीको जेतवनारामा विहार गरिरहँनु हुँदा यी दुइ गाथा नन्द स्थविरको कारणमा प्रकाशमा ल्याउनु भएको हो ।

सारनाथको मृगदावनमा धर्म-चक्र प्रर्वतन गरिसक्नु भएपछि तथागत राजगृह नगरमा जानु भई **वेणुवन**मा विहार गरिरहनु भएको थियो । शुद्धोदन महाराजले यो खवर पाई भगवान बुद्धलाई **कपिलवस्तु** ल्याउन दस पटकसम्म एक एक हजार दूतहरू पठाएको थियो । पटकै पिच्छे गएका ती दूतहरू भिक्षु भई अरहन्तको स्थिति प्राप्त गर्नमा सफल हुन्थे । यसरी कपिलवस्तुका मात्रै दश हजार दूतहरू भिक्षु भई अरहन्त भइसकेका थिए ।

ती दूत भएर गएकाहरू मध्ये सबै भन्दा पछिल्लो पटक गएका दूतहरूका नेता **कालुदायी** भिक्षु थियो । कालुदायी भिक्षुले राजगृहदेखि कपिलवस्तु नगरसम्मको मार्गको खूव राम्रोसँग वर्णन गरी बुद्धलाई प्रभावित पाऱ्यो । त्यसबेला वसन्त ऋतु थियो । तथागत बीस हजार क्षीणास्रवी भिक्षुहरूका साथ कपिलवस्तु आइपुग्नु भयो । कपिलवस्तु आइपुग्नु भएको भोलि पल्टै भिक्षुसंघ सहित राजधानीमा भिक्षाटन गर्नु भयो । दोस्रो दिन उहाँको भाइ नन्दकुमारको अभिषेक, गृह-प्रवेश तथा विवाह-मंगलको कार्य भइरहेको थियो । त्यस दिन तथागतले राज-दरवारमा निमन्त्रण स्वीकार गर्नु भएको थियो र भोजनको लागि

Downloaded from http://www.dhamma.digital

दरवारमा जानु भयो । भोजन पश्चात् नन्द कुमारलाई भिक्षा-पात्र दिनु भई आसनबाट उठेर जानु भयो । नन्दकुमार हातमा भिक्षापात्र लिई बुद्धको पछि पछि लाग्यो । 'भऱ्याङ्गमा पुगेपछि भगवान बुद्धले पात्र लिनु हुनेछ; भऱ्याङ्ग ओर्लिसकेपछि लिनु हुनेछ पटांगिनीमा पुगेपछि लिनु हुनेछ; भनी विचार गर्दै तथागतको पछि पछि लाग्यो ।' उसले तथागत प्रतिको गौरबको कारणले गर्दा तथागतलाई 'पात्र लिनु होस्' भनी भन्न सकेन ।

यसरी हातमा भिक्षापात्र लिई भगवान बुद्धको पछि पछि गइरहेको नन्द राजकुमारलाइ देखी जनपद कल्याणी दौडेर झ्यालमा गई भनिन् – "आर्यपुत्र ! चाडै फर्कनुहोस् ।"

यो वाक्य उसको हृदयमा गाँठो परिरह्यो । तथागत उसको हातबाट भिक्षापात्र नलिइकन नै विहारमा पुग्नु भयो । विहारमा पुगेपछि भगवान बुद्धले नन्द राजकुमारलाई सम्बोधन गर्नु भई भन्नु भयो– "नन्द ! के तिमी प्रव्रजित हुन्छौ ?"

तथागतको प्रतिको गौरवको कारणले गर्दा भगवानको बचनलाई अस्वीकार गर्न नसकी 'हवस, हुन्छ' भनी स्वीकार गऱ्यो । तथागतले नन्द राजकुमारलाई प्रव्रजित गर्न लगाउनु भयो ।

तथागत कपिलवस्तुमा पुगेको सातौं दिनमा **यशोधरा** (राहुलमाता)ले राहुल कुमारलाई अलंकारले अलंकृत गरी भगवान बुद्ध कहाँ पठाउनु भन्दा पहिले कुराहरू सम्झाउँदै यसरी भनीन्– "पुत्र राहुल ! यी बीस हजार श्रमण परिवार भएको श्रमण गौतम तिम्रो पिता हुनुहुन्छ । उहाँको वर्ण सुवर्णमय छ । रूप ब्रह्म-रूप समान छ । उहाँसँग महान नीधि कुम्भहरू छन् । उहाँले गृहत्याग गर्नु भएदेखि ती नीधि कुम्भहरू हामीले देखेका छैनौं । जाऊ पुत्र ! उहाँ कहाँ गएर तिमीले यसो भन – "म तपाईको सुपुत्र हुँ । अहिले म बालक छु । पछि अभिषेक प्राप्त गरी म चक्रवर्ती राजा हुनेछु । मलाई धन सम्पत्तिको आवश्यकता छ । पिताको धन पुत्रको हुन्छ । मलाई धनको अधिकारी बनाई दिनु

Downloaded from http://www.dhamma.digital

होस् । मलाई दायाद दिनु होस् ।"

सात वर्षीय राहुल कुमार भगवान कहाँ पुग्ने वित्तिकै पितृ-स्नेह पाएर प्रसन्न भई बाल स्वभावले भन्यो– "श्रमण ! तपाईको छाया मलाई अति शीतल लाग्छ ।"

भोजन सिद्धिएपछि अनुमोदन गर्नु भई तथागत आसनबाट उठेर जान लाग्नु भयो । पुत्र राहुल कुमार पनि "श्रमण ! मलाई **दायाद** दिनुहोस्; मलाई दायाद दिनुहोस्" भन्दै भगवान सँग-सँगै गई विहार सम्म पुग्यो ।

विहारमा पुगेपछि भगवान बुद्धले विचार गर्नु भयो– "यो कुमार पितासँग भएको धन चाहन्छ । यसले मागेको धन भने संसार-चक्र घुमाउने धन हो । यसलाई बोधिवृक्ष मुनि पाएको **सप्तविध आर्य-धन** दिनु पर्छ । **लोकोत्तर दायाद**को स्वामी बनाई दिनेछु ।" यति विचार गरिसक्नु भए पछि सारिपुत्र स्थविरलाई बोलाउनु भई पुत्र राहुलकुमार लाई प्रव्रजित गर्न अह्राउनु भयो ।

राहुल कुमारलाई प्रव्रजित गराई सकेपछि शुद्धोदन महाराजलाई साह्रै दुःख लाग्यो र तुरन्तै भगवान बुद्ध कहाँ पुगी यसरी निवेदन गर्‍यो– "भन्ते, भगवन् ! अबदेखि आमा-बाबुको अनुमति विना छोरा-छोरीलाई प्रव्रजित नगराउनु भए वेश हुने थियो । भगवानले 'हुन्छ' भनी स्वीकार गर्नु भयो ।

त्यसपछि शुद्धोदन राजालाई समय समयमा उपदेश दिनु भई उहाँ स्रोतापन्न, सकृदागामी, अनागामी, मार्ग-फलमा प्रतिष्ठित भइसकेपछि तथागत भिक्षुसंघ सहित फेरि राजगृह नगरमा नै फर्कनु भयो । केही समय पछि अनाथपिण्डिक महाजनलाई दिनु भएको वचन पूरा गर्न श्रावस्तीमा जानु भई जेतवनाराममा विहार गर्नु भयो ।

त्यहाँ नन्द भिक्षुले अरू भिक्षुहरूलाई यस्तो भन्ने गर्‍यो– "मलाई

Downloaded from http://www.dhamma.digital

भिक्षु भएर बस्न मन छैन । म ब्रम्हचर्य धान्न सक्तिन । भिक्षु भाव छोडेर गृहस्थी हुन मन लाग्छ ।

भिक्षु नन्दको यी कुरा भगवन बुद्धको कानमा पऱ्यो । भगवान बुद्धले नन्दलाई बोलाउन पठाउनु भई उक्त कुरा सोध्नु भयो । नन्द भिक्षुले 'हो' भनी स्वीकार गरेपछि तथागतले भन्नु भयो– "नन्द ! किन मन नलगाई नलगाई ब्रम्हचर्य पालन गरिरहेको ? ब्रम्हचर्य धान्न नसकेको कारण के ? भिक्षुभाव छोडी गृहस्थ हुन किन चाहेको ?"

"भन्ते ! म दरवारबाट निस्किरहेको बेलामा जनपदकल्याणीले 'आर्यपुत्र ! चाडै फर्कनुहोस्' भनेको कुरा मात्रै सम्भेर मन नलागे पनि ब्रम्हचर्य पालन गरिरहेको छु । भिक्षुभाव छोडी गृहस्थ बन्न चाहेको कारण पनि त्यही हो ।"

अनि तथागतले नन्दलाई हात समाती आफ्नो ऋद्धिबल द्वारा **त्रयतिंश भुवन**मा लग्नु भयो । त्यहाँ लैजाँदै गर्दा बीच बाटोमा एउटी बाँदरनीलाई देखाउनु भयो । बाँदरनी कान काटिएकी, ठूँडे नाक भएकी, ठूट्टो पुच्छर भएकी आगोले डडेको एउटा रूखको ठुटोमा बसिरहेकी थिई । देवलोकमा पाँचशय **अप्सरा**हरू **शक्र देवेन्द्र**को **उपस्थान**मा आएका थिए । ती अप्सराहरूको खुट्टा परेवाको खुट्टाको रङ्ग जस्तै राता थिए ।

भगवानले सोध्नु भयो– "नन्द ! तिम्री जनपद कल्याणी राम्री छिन् कि यी अप्सराहरू राम्री छन् ?"

नन्द भिक्षुले बिन्ति गऱ्यो– "भन्ते ! यिनीहरूको अगाडि जनपद कल्याणी त त्यस ठूटोमा बसिरहेकी नाक, कान बुच्चे बाँदरनी जस्तै देखिन्छे ।

तथागतले भन्नु भयो– "नन्द ! ब्रम्हचर्यमा मन लगाऊ । म तिमीलाई यी अप्सराहरू दिलाइदिने छु ।

Downloaded from http://www.dhamma.digital

नन्द भिक्षुले फेरि बिन्ति गऱ्यो– "भन्ते ! हजुरले यी पाँचशय अप्सराहरू दिलाइदिनु हुन्छ भने म ब्रम्हचर्यमा मन लगाउने छु।"

त्यसपछि भगवान बुद्ध नन्दलाई लिएर त्यहाँबाट अन्तरधान हुनु भई जेतवन विहारमा प्रकट हुनु भयो।

'नन्द भिक्षुले अप्सराहरू पाउने आशाले ब्रम्हचर्य पालन गर्दैछ' भन्ने कुरा भिक्षुहरूको बीचमा फैलियो। नन्द भिक्षुलाई अरू भिक्षुहरूले गिज्याउन थाले। कसैले के, कसैले के भनेर नन्द भिक्षुलाई हैरान पार्न थाले। पछि ऊ साह्रै विरक्त भई एक्लै निर्जन स्थानमा गई ध्यान गर्न थाल्यो। अप्रमादी बनी ध्यान गर्दा गर्दै प्रव्रजित जीवन सफल भयो। आयुष्मान नन्द अरहन्त भयो। जीवन मुक्त भयो।

यता भगवान बुद्धले ध्यान दृष्टिले हेर्दा आयुष्मान नन्द **आस्रव रहित** भएको कुरा थाहा पाउनु भयो। त्यस रात बितिसकेपछि आयुष्मान नन्द भगवान बुद्ध कहाँ आएर तथागतलाई सादर वन्दना गरी यसरी बिन्ति गऱ्यो– "भगवन् शास्ता ! अब मलाई ती अप्सराहरूको आवश्यकता छैन।"

तथागतले भन्नु भयो– "नन्द ! तिमीले अर्हत्व प्राप्त गरेको कुरो मैले जानिसकें। एक देवताले पनि मलाई यही कुरो सुनाउन आएको थियो। तिमी **आस्रव** रहित हुने बित्तिकै म मेरो कबुलबाट मुक्त भइसकेको छु।"

कोही कोही भिक्षुहरूले आयुष्मान नन्दलाई अझै पनि गिज्याउँदै थिए। 'गृहस्थ भई फर्कने होइन' भनी सोध्ने गर्थे।

यी कुरा सुनेर भगवान बुद्धले भन्नु भयो– "भिक्षुहरू ! बितेका दिनहरूमा नन्दको चित्त नराम्रो गरी छाएको घर जस्तै थियो। अहिले उसको चित्त राम्ररी छाएको घर जस्तै भएको छ। यसले दिव्य अप्सराहरू देखेदेखिन् प्रव्रज्यात्वको परमार्थ कार्य पूरा गर्न कोशिश गऱ्यो। त्यसमा

Downloaded from http://www.dhamma.digital

ऊ सफल पनि भयो । नन्द अर्हत्वको स्थितिमा पुगिसकेको छ ।"

यसै सन्दर्भमा तथागतले यी दुइ गाथा प्रकाशमा ल्याउनु भयो-

**"यथागारं दुच्छन्नं - वुट्ठी समतिविज्झति ।**
**एवं अभावितं चित्तं - रागो समति विज्झति ॥"**

अर्थ-राम्रोसँग नछाएको घरको छानाबाट पानी चुहिए झैं राम्रोसँग ध्यान-भावना नगरेको चित्तमा राग उत्पन्न हुन्छ ।

**"यथागारं सुच्छन्नं - वुट्ठी न समतिविज्झति ।**
**एवं सुभावितं चितं - रागो न समति विज्झति ॥"**

अर्थ-राम्रोसँग छाएको घरको छानाबाट पानी न चुहिए झैं राम्रोसँग ध्यान-भावना गरेको चित्तमा राग उत्पन्न हुँदैन ।

यस धर्म-देशनाको अन्तमा धेरै लोकजनहरूले स्रोतापत्ति, सकृदागामी मार्ग-फल प्राप्त गर्नमा सफल भए । बाँकी रहेका परिषदहरूलाई तथागतको उपदेश सार्थक भयो ।

Downloaded from http://www.dhamma.digital

# १.१०. पापीले शोक गर्दछ

१.(१५) **"इध सोचति पेच्च सोचति,**
**पापकारी उभयत्थ सोचति ।**
**सो सोचति सो विहञ्ञति,**
**दिस्वा कम्मकिलिट्ठमत्तनो ॥"**

एक समय भगवान बुद्ध राजगृह नगरको **वेलुवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यस बेला तथागतले यो गाथा **चुन्दसूकरिक**को कारणमा भन्नु भएको हो ।

राजगृह नगरमा **चुन्दसूकरिक** भन्ने एक जना व्यक्ति थियो । ऊ सुंगूर मारी मासु बेची जीविका गर्दथ्यो । दुर्भिक्षको समयमा गाडा भरी धान राखी शहरमा जान्थ्यो । एक वा दुइ कुरुवा धान दिई सुगूर, सुंगरका बच्चाहरू किनेर गाडाभरी राखेर ल्याउँथ्यो । उसको घर पछाडि सुंगूरको खोर बनाई राखेको थियो । त्यहाँ तिनीहरूलाई राखेर पाल्थ्यो । दाना, घाँस र मल ख्वाई हुर्काउथ्यो । ठूलो भए पछि ज-जसलाई मार्न मन लाग्छ, त्यसलाई समातेर खम्बामा बाँधी शरीरको मासु फुलाउनको निमित्त मुंग्रोले चुट्थ्यो । मासु फुलेर आएपछि मुख च्याती मुख भरी काठका टुक्राहरू राख्थ्यो । अनि तातो पानी मुखमा खन्याई दिन्थ्यो । भुडी सफा नभएसम्म तातो पानी खन्याएको खन्याएकै गर्थ्यो । यसरी साह्रै कष्ट दिई सुंगूर मारी मासु बेच्थ्यो र बाँकी मासु छोरा छोरी र स्वास्नीसँग बसी खाने गर्थ्यो । यसरी उसले जीविका चलाइरहेको पचपन्न वर्ष भइसक्यो । नजिकै भगवान बुद्ध बस्नु हुन्थ्यो । तर कहिल्यै एक गाँस भातसम्म पनि दान दिएन । अरू कुनै प्रकारको धर्म कर्म पनि गरेन ।

पछि उसलाई रोग लाग्यो । जीउँदै **अवीचि महानरक**को ताप

Downloaded from http://www.dhamma.digital

अनुभव गऱ्यो । यस्तो तापले गर्दा आफूले गरेको काम अर्थात् पाप कर्म झल्झलि देख्न थाल्यो । सुंसूर कराए जस्तै कराएर घुँडा टेकी यताउती हिड्थ्यो । घरका मानिसहरूले उसलाई समाती मुख थुनी दिन्थे । कर्म-विपाकलाई कसैले छेक्न सक्तैन । ऊ कराई चिच्याई यताउती हिड्थ्यो । उसले गर्दा सात घरसम्मको मानिसहरू निदाउन सकेका थिएनन् । मरण-भयले डराएको त्यो मान्छे घरबाट निस्केला भन्ने डरले उसलाई रोक्न ठाउँ-ठाउँमा मानिसहरू ढोकामा पालो बसे झैं बसिरहे । ऊ चाहिँ घर भित्रै नरकको ताप भोग गर्दै यताउता छट्पटाई रहेको थियो । यसरी सात दिनसम्म यसै जीवनमा नरकको ताप भोगेर अन्तमा मरेर **अवीचि महानरक**मा पतन भयो ।

उसको घर अघिल्तिरबाट भिक्षाटन जाँदा सात दिनसम्म सुंगूर कराइरहेको, चिच्याइरहेको जस्तो आवाज भिक्षुहरूले सुनेका थिए । तिनीहरू भगवान् कहाँ गएर भने– "भन्ते ! चुन्दसूकरिकको घरमा सात दिनदेखि घरको ढोका बन्द गरी सुंगूर काटिरहेको जस्तो आवाज सुनिन्छ । उसको घरमा कुनै विशेष काम हुनुपर्छ । सुंगूरलाई कस्तो कष्ट दिई मार्छन् । उसको हृदय कस्तो कठोर होला ! यस्तो विघ्न कठोर निर्दयी व्यक्ति त हामीले अहिलेसम्म देखेका थिएनौं ।"

तथागतले भन्नु भयो– "भिक्षुहरू ! यी सात दिनसम्म उसले सुंगूर मारिरहेको होइन । अपितु उसले गरेको कर्म अनुसारको फल भोगिरहेको हो । ऊ उसको कर्मको सन्तापबाट सात दिनसम्म सुंगूर कराए जस्तै घर भित्र छट्पटाई रहेको थियो । आज उसको मृत्यु भयो । यहाँबाट मृत्यु भई ऊ अवीचि महानरकमा पतन भयो ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो ।

**"इध सोचति पेच्च सोचति,**
**पापकारी उभयत्थ सोचति ।**

Downloaded from http://www.dhamma.digital

**सो सोचति सो विहञ्ञति,**
**दिस्वा कम्मकिलिट्ठमत्तनो ॥"**

अर्थ– पाप गर्ने व्यक्तिलाई यस लोक र परलोक दुबै लोकमा शोक हुन्छ। फेरि आफूले गरेको पाप कर्मलाई सम्झेर तथा देखेर ऊ झन दुखित र पीडित हुन्छ।

साथै तथागतले धर्म-उपदेश गर्नुहुँदै भन्नु भयो– "प्रमादी हुनेहरू चाहे गृहस्थ होस् वा प्रव्रजित यस लोक र परलोकमा दुबै लोकमा सन्तापित हुन्छन्।"

यस धर्म-देशनाको अन्तमा धेरै श्रोतागणहरू मार्ग-फलमा प्रतिष्ठित भए। अरू परिषदहरूलाई धर्मउपदेश सार्थक भयो।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# १.११. धर्मात्मा प्रमुदित हुन्छ

१. (१६) **"इध मोदति पेच्च मोदति,**

**कतपुञ्ञो उभयत्थ मोदति ।**

**सो मोदति सो पमोदति,**

**दिस्वा कम्मविसुद्धिमत्तनो ॥"**

यो गाथा महामुन तथागत श्रावस्तीको जेतवनाराममा विहार गरिरहनु हुँदा **धम्मिक उपासक**को कारणमा आज्ञा गर्नु भएको हो ।

श्रावस्तीमा पाँच शय धार्मिक उपासकहरू थिए । ती सबै उपासकहरू मध्ये जेठो चाहिँको सात पुत्र र सात पुत्री थिए । तिनीहरू मध्ये प्रत्येकले **सलाक-भोजन**, **पाक्षिक-भोजन**, **नवचन्द्र-भोजन** र **वर्षावासिक-भोजन** दान दिन्थे । ती सबै **अनुजात पुत्र-पुत्री**हरू थिए ।

सन्तान तीन प्रकारका हुन्छन्– १) **अवजात-पुत्र** २) **अनुजात-पुत्र** र ३) **अतिजात-पुत्र**

Dhamma.Digital

१) **अवजात-पुत्र–** आमा-बाबु भन्दा कमसल काम गरी बस्नेलाई '**अवजात-पुत्र**' भनिन्छ ।

२) **अनुजात-पुत्र–** आमा-बाबुले जस्तै समान रूपले काम गरी बस्नेलाई '**अनुजात-पुत्र**' भनिन्छ

३) **अतिजात-पुत्र–** आमा-बाबुले भन्दा पनि राम्रो काम गरी बस्नेलाई '**अतिजात-पुत्र**' भनिन्छ ।

यसरी धम्मिक उपासक आफ्नी धर्म-पत्नी चौध जना छोरा-छोरी समेत गरी जम्मा सोह्रजनाले सलाक दान दिने गर्थे । यसरी उनी पुत्र-पुत्री, भार्या सहित शीलवान, कल्याणधर्मी तथा विभाजन गरी दान दिने कार्यमा कुशल थियो ।

Downloaded from http://www.dhamma.digital

धम्मिक उपासक विरामी भई ओछ्यानमा पऱ्यो । **आयु संस्कार क्षय** हुन थाल्यो । उनलाई धर्म-उपदेश सुन्न मन लाग्यो । आफ्नो मनको कुरा तथागतलाई अवगत गराई उनी कहाँ भिक्षुहरू पठाई दिनको लागि सविनय अनुरोध गर्न मानिस पठायो । भगवान बुद्धले उनले चाहेको जति भिक्षुहरू पठाउनु भयो । ती भिक्षुहरू धम्मिक उपासकको पलङ्ग वरिपरि बिछ्याइएको आसनमा बसे ।

भिक्षुहरूले धम्मिक उपासकको इच्छानुसार सबै बुद्धहरूले साथमा राख्ने '**सतिपट्ठान सुत्त**' पाठ गर्न थाले । त्यस बेला देवभुवनबाट रथसहित देवताहरू आएर भन्न थाले– "उपासक ! हाम्रो रथमा आऊ । हाम्रो रथमा आऊ" । सूत्र पाठ सुनीरहेको उपासकले धर्म-श्रवणमा देवताहरूको आवाज बाधक भएकोले देवताहरूलाई 'भो, भो नकराऊ' भन्यो । यता सूत्र पाठ गरिरहेका भिक्षुहरूले 'हामीलाई भनेको होला' भन्ठानी चूप लागे ।

छोरा-छोरीहरूले विचार गरे– "हाम्रा पिता पहिले धर्म-श्रवण गर्दा कहिल्यै तृप्त हुँदैनथ्यो । अहिले आफैले भिक्षुहरूलाई बोलाउन पठाई सूत्र पाठ गरिरहेकाहरूलाई आफैले रोक्यो ।'मरण भय देखि नडराउने प्राणी कोही हुँदो रहेनछ' भन्दै सबै रुन थाले । 'अब यहाँ बसिरहने समय होइन' भन्ठानी भिक्षुहरू पनि आसनबाट उठेर गए ।

केही छिनपछि धम्मिक उपासकले छोरा-छोरीहरूसंग सोध्यो– "तिमीहरू किन रोइरहेको ?"

तिनीहरूले भने– "पिताजी ! तपाईले धर्म-श्रवण गरिरहेको बेलामा 'भो, भो, नकराऊ' भन्नु भयो । त्यसैले हामीहरू 'मरण-भयदेखि नडराउने प्राणी कोही हुँदो रहेनछ' भन्दै रोइरहेका हौ ।"

धम्मिक उपासकले सोध्यो– "आर्यहरू खोइ त ?"

तिनीहरूले भने– "अब यहाँ बस्ने समय होइन भनी उहाँहरू

Downloaded from http://www.dhamma.digital

फर्केर जानु भयो ।"

धम्मिक उपासकले छोराहरूलाई रथ सहित देवताहरू आई आफूलाई लिन आएको र मेरो रथमा आऊ मेरो रथमा आउ भन्दै कराएको कुरा सुनायो र भन्यो– "अब म **तुषित देवलोक**मा जाँदैछु । मेरो चिन्ता नगर । पुण्य कार्य गर ।" यसो भन्दै उनले प्राण छोड्यो ।

उता विहारमा पुगेका भिक्षुहरूलाई तथागतले सोध्नु भयो– "भिक्षुहरू ! उपासकले राम्रोसँग धर्म-श्रवण गऱ्यो ?"

भिक्षुहरूले बिन्ति गरे– "भन्ते, भगवन ! हामी पाठ गरिरहेका थियौं । बीचैमा हामीलाई उनले रोक्यो । उनका छोरा-छोरीहरू रुन थाले । हामी आसनबाट उठेर आयौं ।"

भगवान बुद्धले भन्नु भयो– "भिक्षुहरू ! उनले तिमीहरू-लाई रोकेको होइन । दिव्य रथ सहित उनलाई बोलाउन आएका देवताहरूलाई भनेको हो । धम्मिक उपासक अहिले **तुषित देवलोक**मा उत्पन्न भइसक्यो ।"

यसै सिलसिलामा शाक्यमुनीले यो गाथा प्रकाशित गर्नु भई भन्नु भयो– "अप्रमादीहरू चाहे गृहस्थ होस् वा प्रव्रजित; तिनीहरू यस लोक र परलोक दुबै लोकमा प्रमुदित हुन्छन् ।

**"इध मोदति पेच्च मोदति,**
**कतपुञ्ञो उभयत्थ मोदति ।**
**सो मोदति सो पमोदति,**
**दिस्वा कम्मविसुद्धिमत्तनो ।।"**

अर्थ– पुण्य कर्म गर्ने व्यक्ति यस लोक र परलोक– दुबै लोकमा हर्षित हुन्छ, मुदित हुन्छ आफूले गरेको राम्रो कर्म, शुद्ध कर्म सम्झेर, देखेर झन् प्रमुदित हुन्छ ।

Downloaded from http://www.dhamma.digital

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै लोकजनहरू स्रोतापत्ति, सकृदागामी आदि आर्य मार्ग फलमा प्रतिष्ठित हुन सफल भए। अरू श्रोतावर्गहरूलाई तथागतको यस धर्म-उपदेश सार्थक भयो।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# १.१२. देवदत्तको कथा

१. (१७) **“इध तप्पति पेच्च तप्पति,**
**पापकारी उभयत्थ तप्पति ।**
**पापं मे कतन्ति तप्पति,**
**भिय्यो तप्पति दुग्गतिं गतो ॥”**

भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा विहार गरिरहँनु हुँदा तथागतले यो गाथा देवदत्तको कारणमा भन्नु भएको हो ।

एक समय भगवान बुद्ध **मल्ल**हरूको देशमा ‘**अनुप्पिय**’ भन्ने आँपको वगैचामा विहार गरिरहनु भएको थियो ।

सिद्धार्थ कुमारलाई नामाकरण गर्दा लक्षणविद्हरूले उहाँको शरीर लक्षण विचार गरेको दिनमा उहाँ राज्यमा बस्नु भए **चक्रवर्ती राजा** हुने; राज-वैभव त्याग गरे **सम्यकसम्बुद्ध** हुने भविष्य-वाणी गरेका थिए । त्यसबेला उहाँको अस्सी हजार क्षत्रीय परिवारहरू थिए । त्यसबेला ती क्षत्रीय परिवारहरूले उहाँ चक्रवर्ती राजा भए पनि अथवा सम्यकसम्बुद्ध भए पनि उहाँलाई साथ दिई सँगसँगै विचरण गर्ने प्रतिज्ञा गरी राखेका थिए ।

सिद्धार्थ सम्यकसम्बुद्ध भइसक्नु भएपछि ती क्षत्रीय परिवारहरू मध्ये धेरै जसो प्रव्रजित भइसकेका थिए । तर त्यस बेलासम्म **भद्दिय राजपरिवार**हरूमा– **भद्दिय**, **अनुरुद्ध**, **आनन्द**, **भगु**, **किम्बिल** र **देवदत्त**– यी ६ जना शाक्य कुमारहरू प्रव्रजित भएका थिएन । यसैले यिनीहरूलाई अरू क्षत्रीय परिवारहरूले यसो भन्ने गर्दथे– “हामीले आ-आफ्ना सन्तानहरूलाई प्रव्रजित गराई सक्यौं । यी छ जना शाक्य-पुत्रहरू अहिलेसम्म प्रव्रजित भएका छैनन् । यिनीहरू भगवान बुद्धका

Downloaded from http://www.dhamma.digital

आफन्त होइनन् कि क्या हो ?"

त्यसपछि महानाम शाक्यले अनुरुद्ध कहाँ गएर भन्यो– "भाइ ! हाम्रो परिवारबाट अहिलेसम्म भगवान बुद्ध कहाँ गई कोही पनि प्रव्रजित हुन गएको छैन । तिमी र म दुइ भाइमा एक जना तथागत कहाँ गई प्रव्रजित हुनु पर्दछ । भाइ ! तिमी जान्छौ कि म जाउँ ?"

अनुरुद्धले सोध्यो– "दाजु ! यो '**प्रव्रज्या**' भनेको के हो ?"

महानाम शाक्यले जवाफ दियो– "केश, डाढी खौरने, **काषाय-वस्त्र** धारणगर्ने, काठ वा बेट–बाँस को खाटमा सुत्ने, भिक्षा मागेर जीविका गर्ने– यसैलाई '**प्रव्रज्या**' भनिन्छ ।"

अनुरुद्धले भन्यो– "अहो दाजु ! म त सुकोमल छु । मैले यस्तो प्रव्रज्या ग्रहण गर्न सकिदैन होला । के गर्ने ?"

दाजु चाहिँले भन्यो– "भाइ त्यसो भए तिमीले घरको सबै काम-काज सिकेर गृहस्थाश्रममा बस । म प्रव्रजित भएर जान्छु । हुँदैन ?"

अनुरुद्धले फेरि दाजुसँग सोध्यो– "दाजु ! घरको काम-काज भनेको के हो ?"

अनुरुद्ध साह्रै सुकुमार थियो । ऊ संपूर्ण भोग सम्पत्तिले संयुक्त भएको परिवारमा जन्मेको थियो । 'घरको काम-काज'को कुरो त के उसले '**छैन**' भन्ने शब्दसम्म पनि कहिल्यै सुनेको थिएन ।

एक चोटी यस्तो घटना घट्यो । भद्दिय, अनुरुद्ध, आनन्द, भगु, किम्बिल र देवदत्त– यी छ जना क्षत्रीय शाक्य कुमारहरू गुच्चा खेलिरहेका थिए । त्यसमा अनुरुद्धले गहुँको रोटी हारेछ । अनि उसले घरमा अर्को रोटी लिन पठायो । आमा चाहिँले रोटी पकाएर दिई पठाइन् । तिनीहरू फेरि खेले । फेरि पनि अनुरुद्ध हार्‍यो ।

यसरी तीन पटकसम्म आमा चाँहिले रोटी पकाई पठाइन् । चौथो पटक लिन पठाउँदा '**छैन रोटी**' भनी पठाइन् । सेवक फर्केर गई

Downloaded from http://www.dhamma.digital

'**छैन रोटी**' भन्न गयो । अनुरुद्धले '**छैन**' भन्ने शब्द कहिल्यै नसुनेको हुनाले '**छैन रोटी**' पनि एक प्रकारको रोटी होला भन्ठानी सेवकलाई– "जाऊ '**छैन रोटी**' नै लिएर आउनु" भनी पठायो ।

सेवक आमा चाहिँ कहाँ गएर भन्यो– "मालिकनी ! त्यही **'छैन'** भन्ने रोटी भए पनि दिनुस् भनी पठायो ।"

आमा चाहिँले विचार गरिन्– "मेरो छोरोलाई '**छैन**' भन्ने कुरो नै थाहा रहेनछ । यसलाई '**छैन**' भन्ने शब्दको अर्थ सम्भाई दिनु पऱ्यो भनी विचार गरी सुनको खालि थालमा सुनको ढकनी राखेर पठाई दिइन् ।

अनुरुद्ध शाक्यको पूर्व जन्मको नाम '**अन्नभार**' थियो । त्यसबेला उसले '**उपरिट्ठ**' भन्ने **प्रत्येक बुद्ध**लाई आफ्नो भोजन भाग दान दिई यसरी प्रार्थना गरेको थियो– "भन्ते ! '**छैन**' भन्ने कुरो मैले थाहा पाउन नपरोस् । साथै आहार उत्पन्न हुने कारण पनि थाहा पाउन नपरोस् ।"

यो कुरा त्यसबेलाको नगर आरक्षक देवतालाई थाहा थियो । त्यसैले त्यस देवताले खालि थाल दिब्य रोटीले भरी दियो । सेवकले थाल कुमारहरू खेलिरहेको ठाउँमा पुऱ्याई दियो । ढकनी खोलेर हेर्दा दिब्य रोटीको सुगन्ध चारैतिर फैलियो । रोटी साह्रै रसिलो र मीठो थियो ।

यस्तो स्वादिलो रोटी खान पाउँदा अनुरुद्धको मनमा कुरो खेलो– "म मेरो आमाको मन पर्ने छोरो होइन रहेछु । किन भने आमाले मलाई आजसम्म यस्तो रस-युक्त '**छैन**' भन्ने रोटी पकाई दिनु भएन । अब देखि मैले यस्तो रोटी बाहेक अरू रोटी खान्दै खान्न ।"

त्यसपछि अनुरुद्ध घरमा गई आफ्नो आमासँग सोध्यो– "आमा ! म तपाईलाई मन पर्छु कि पर्दैन ?"

आमाले भनिन्– "प्रिय पुत्र ! जसरी एउटा मात्रै आँखा भएको मानिसले आफ्नो एउटा मात्र भएको आँखालाई जति हिफाजत गर्छ, प्रेम गर्छ; त्यस्तै म तिमीलाई माया गर्छु, प्रेम गर्छु ।"

Downloaded from http://www.dhamma.digital

अनुरुद्धले भन्यो– "आमा ! त्यसो भए तपाईंले आजसम्म यस्तो '**छैन**' भन्ने रोटी किन पकाई नदिनु भएको त ?"

आमा चाहिँले सेवकतिर फर्केर सोधिन्– "बाबु ! थालमा केही चीज थियो ?"

सेवकले भन्यो– "मालिकनी ! रोटी त थाल भरी नै थियो। त्यस्तो रोटी मैले कहिल्यै देखेको थिएन ।"

सेवकको कुरा सुनेर आमा चाहिँले विचार गरिन्– "मेरो छोरो अवश्य पनि पुण्यवान हुनु पर्छ। निश्चय पनि यसले पूर्व-जन्ममा यस्तो प्रार्थना गरी आएको हुनु पर्छ; जसले गर्दा यसलाई देवताहरूले दिब्य रोटी थालभरी राखी दिएको हुनुपर्छ ।"

अनुरुद्धले आमालाई भन्यो– "आमा ! अब देखि मलाई अरू रोटी होइन, यही '**छैन**' भन्ने रोटी नै पकाई दिनुस् ।"

त्यसबेलादेखि छोरोले रोटी खाने इच्छा गऱ्यो कि आमा चाहिँले खालि थालमा ढकनीले छोपी दिन्थिन् । त्यस देवताले अनुरुद्ध गृहस्थाश्रममा बसुञ्जेल त्यसलाई दिव्य-रोटी पुऱ्याई रह्यो ।

Downloaded from http://www.dhamma.digital

## १.१२. (क) एउटा अर्को घटना

एक पटक तीन जना क्षत्रीय कुमारहरूको बीचमा '**भात** अथवा **भुजा** कहाँबाट आउँछ' भन्ने विषयमा कुरा चल्यो ।

किम्बिल शाक्यले भन्यो– "भात भनेको भकारीबाट आउँछ ।"

भद्दियले भन्यो– "होइन, तिमीलाई थाहा रहेनछ । 'भात' भनेको कसौरीबाट उत्पन्न हुन्छ ।"

अनुरुद्ध शाक्यले भन्यो– "अहँ, तिमीहरू दुइजनालाई नै यो कुरा थाहा छैन रहेछ । 'भात' भनेको रत्न जडेको सुनको थालमा उत्पन्न हुन्छ ।"

तिनीहरूले यसो भनेको कारण के हो भने एक पटक किम्बिल शाक्यले भकारीबाट धान झिकिरहेको देखेको थियो । एक चोटी भद्दिय कुमारले भात पकाउने कसौरीबाट भात पस्किरहेको देखेको थियो ।

अनुरुद्ध शाक्यले त धान झिकिरहेको, भात पस्किरहेकोसम्म पनि कहिल्यै देखेको थिएन । केवल रत्न जडित सुवर्ण थालमा भात पस्काई राखेको मात्रै देखेको थियो । त्यसैले उसको मनमा 'खाने इच्छा भयो कि थाल भरी भात हुने होला' भनी ठानेको थियो ।

यसकारण अनुरुद्धले महानाम शाक्यसँग 'घरको काम-काज भनेको के हो' भनी सोधेको हो । महानाम शाक्यले उसलाई यसरी सम्झाई दियो– "पहिले खेत खन्ने र जोत्ने काम गर्नु पर्छ । अनि धानको बीउ हाल्ने, खेतमा पानी भरेर धान रोप्ने काम गर्नु पर्दछ ।

दाजुको कुरा सुनेर अनुरुद्धले सोध्यो– 'यस्तो काम कहिलेसम्म गर्नु पर्छ ? अनि आनन्दसँग सम्पत्ति परिभोग गरेर कहिले बस्न पाइन्छ नि ?"

महानाम शाक्यले भन्यो– 'यो कामको अन्त कहिल्यै हुँदैन । जीवनभर गर्नु पर्छ ।"

Downloaded from http://www.dhamma.digital

यस्तो कुरा सुनेर अनुरुद्धले भन्यो– “दाजु ! त्यसो भए घरमा तपाई नै बस्नुहोस् । मलाई यस्तो झन्झट मन पर्दैन ।”

यति भनी ऊ आमाकहाँ गएर यसो भन्यो – “आमा ! म प्रव्रजित हुन जान्छु । मलाई अनुमति दिनुहोस् ।”

आमा चाहिँले उसलाई तीन पटकसम्म रोकिन् । तैपनि उसलाई मनाउन नसकेपछि यसो भनिन्– “यदि तिम्रो साथी **भद्दिय राजा** प्रव्रजित हुन जान्छु भन्यो भने तिमी पनि उनीसँगै प्रव्रजित हुन जानु ।”

आमाको यस्तो कुरा सुनी अनुरुद्ध भद्दिय कहाँ गएर भन्यो– “साथी ! मेरो प्रव्रज्या तिम्रो हातमा छ” भन्दै अनेक प्रकारले सम्झाई उसलाई चित्त बुझायो र सात दिन भित्र आफूसँगै प्रव्रजित हुन जाने प्रतिज्ञा गरायो ।

त्यसपछि शाक्य राजकुलका भद्दिय, अनुरुद्ध, आनन्द, भगु, किम्बिल र देवदत्त– यी छः जना क्षत्रीय कुमारहरू र ‘**उपालि**’ भन्ने एकजना हजाम साथमा लिई सात दिनसम्म राज-सुख अनुभव गरी सातौं दिनमा **चतुरङ्गिणी सेना**सहित घरबाट बाहिर निस्के । जाँदा-जाँदै आफ्नो देशको सीमानामा पुगेपछि सेनाहरूलाई फर्काई दिए । तिनीहरू सात जना मात्रै अर्को देशमा पसे ।

त्यसपछि ती छः जना क्षत्रीय कुमारहरूले आ-आफ्नो आभूषण, पोशाक फुकालेर पोका पारी उपालिलाई दिएर यसो भने– “हे उपालि ! हाम्रा यी आभूषण र वस्त्र यति भयो भने तिम्रो जीविका गर्न जति पनि पुग्छ । अब तिमी यहाँबाट फर्केर घर जाऊ ।”

कुमारहरूको यस्तो कुरा सुनी उपालिले विरह थाम्न सकेन । तिनीहरूको चरणमा ढोगेर ऊ रुनसम्म रोयो । उनीहरू बिदा-बाजि भएर जान लाग्दा पुरै जङ्गल रोएको जस्तो लाग्यो । भूमि कम्प भएको जस्तो भयो । उनीहरूको वचन उलंघन गर्न नसकी उपालि रुँदै घर तिर

Downloaded from http://www.dhamma.digital

फर्केर आइरहेको थियो । केही बेर पछि उसको मनमा यस्तो विचार आयो– "यी शाक्यकुलका क्षत्रीहरूको रीस ठीक छैन । मैले नै कुमारहरूलाई मारेर 'यी आभूषण र पोशाकहरू लिएर आएको' हो पनि भन्न सक्छ र मलाई मार्न पनि सक्छ ।"

उसले फेरि यसरी सोच्यो– "यी शाक्य कुमारहरूले त यत्तिका महासम्पत्ति त्यागेर गए । फेरि यत्तिका बहुमूल्य आभूषणहरूलाई परवाह नगरी प्रव्रजित हुन जान सक्छन् भने मेरो त के छ र ?"

यसरी विचार गरी पोको खोलेर सबै आभूषण रूखमा झुण्ड्याई राजकुमारहरूलाई भेट्टाउन सरासर हिड्यो ।

राजकुमारहरूले उसलाई फर्केर आएको देखेर सोधे – "तिमी फेरि किन आएको ?"

उपालिले आफ्नो मनमा लागेको कुरा सबै सुनायो । उनीहरूले उपालिलाई सँगै लिएर गए । तिनीहरू सबै भगवान बुद्ध कहाँ गई तथागतलाई सादर वन्दना गरी एक छेऊमा बसेर यसरी बिन्ति गरे– "भन्ते, भगवन् ! हामी शाक्यहरू साह्रै अभिमानी छौं । यो उपालि भन्ने हजामले हामीलाई धेरै समयदेखि सेवा गरी आइरहेको छ । पहिले यसलाई नै प्रव्रजित गर्नु होस् । अनि यो हामी भन्दा जेष्ठ हुनेछ । हामीले यसलाई अभिवादन र नमस्कार गर्छौं । अनि मात्र हाम्रो अभिमान नाश हुनेछ ।"

यसरी तथागतलाई सविनय पूर्वक अनुरोध गरी उपालि पहिले प्रव्रजित भइसकेपछि मात्रै तिनीहरू सबै प्रव्रजित भए ।

तिनीहरू मध्ये आयुष्मान भद्दिय त्यही वर्षको वर्षावास भित्र **त्रि-विद्या**सहित अरहन्त हुनु भयो । आयुष्मान अनुरुद्ध **दिव्यचक्षु** प्राप्त गरी '**महापुरुषवितक्क सूत्र**' सुनेर अरहन्त पद प्राप्त गर्नु भयो । आयुष्मान आनन्द स्रोतापत्ति मार्ग-फलमा प्रतिष्ठित हुनु भयो । भगु र किम्बिल दुइ

Downloaded from http://www.dhamma.digital

जना स्थविरहरूले पछि विपश्यना ध्यान अभिवृद्धि गरी अरहन्त पद लाभ गर्नु भयो। देवदत्त एक जना केवल **पृथग्जन-ऋद्धि** प्राप्त गर्नमा सफल भए।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

## १.१२. (ख) भगवान बुद्ध प्रति देवदत्तको शत्रु-भाव

केही समय पछि भगवान बुद्ध '**कोसम्बि**' मा विहार गरिरहनु भएको थियो । त्यसबेला तथागत र उहाँका श्रावक शिष्यहरूलाई महान लाभ सत्कार प्राप्त भइरहेको थियो । त्यहाँका जनताहरूले चीवर र औषधि आदि दिई विहारमा गई 'भगवान शास्ता कहाँ हुनुहुन्छ ? सारिपुत्र, महामौद्गल्यायन स्थविरहरू कहाँ हुनुहुन्छ ? महाकाश्यप, भद्दिय, अनुरुद्ध, आनन्द, भगु, किम्बिल आदि स्थविरहरू कहाँ हुनुहुन्छ ?' भन्दै सोध्ने गर्थे । उहाँहरूलाई सादर वन्दना गरी दान-प्रदान गर्थे । तर 'देवदत्त स्थविर कहाँ छ' भनी सोध्ने र उसलाई आदर-सत्कार गर्ने मानिसहरू कोही थिएन ।

मानिसहरूको यस्तो व्यवहार देखेर एक दिन देवदत्तले यसरी विचार गऱ्यो– "म पनि भद्दिय, अनुरुद्ध, आनन्दहरूसँगै प्रव्रजित भएको हुँ । यी मानिसहरूले खालि यिनीहरूलाई मात्रै खोजी खोजी दान दिन्छन् । मेरो भने नाम सम्म पनि लिदैनन् । अब म पनि कसलाई खुशी गऱ्यो भने लाभ-सत्कार प्राप्त हुन्छ; त्यसैसँग मिल्न जानु पऱ्यो ।"

यसरी विचार गरिसकेपछि उसले फेरि सोच्यो– "**बिम्बिसार राजा**लाई साथमा लिउँ भने राजाले भगवान बुद्धको प्रथम दर्शन भेटमा नै स्रोतापत्ति मार्ग-फल प्राप्त गरिसकेको छ । राजालाई पक्कै पनि हातमा लिन सकिन्न । **कोशल राजा**लाई हातमा लिउँ भने त्यो पनि सफल होला जस्तो लाग्दैन । अहिले **अजातशत्रु राजकुमार** नै छ । उसलाई कसैको गुण दोष पनि थाहा छैन । अजातशत्रुलाई हातमा लिन सके वेश हुनेछ ।"

यति कुरा मनमा राखी देवदत्त '**कोसम्बि**' नगरबाट राजगृह तिर लाग्यो । अनि आफ्नो ऋद्धि शक्तिद्वारा कुमारको भेष धारण गरी जीउ भरी सर्पले लपेटेर आकाशबाट ओर्लेर अजातशत्रुको काखमा बस्न

Downloaded from http://www.dhamma.digital

गयो । अजातशत्रु डरले थर थर काँप्दै "तिमी को हौ ?" भनी सोध्यो ।

उसले भन्यो– "म देवदत्त हुँ ।"

पछि उसले भेष बदलेर पात्र-चीवर धारण गरी भिक्षु बनी अजातशत्रुको अगाडि उभियो । देवदत्तलाई तुरन्तै भिक्षु भेषमा देखेर अजातशत्रु साह्रै खुशी भयो । राजकुमारबाट देवदत्तले थुप्रै लाभ सत्कार प्राप्त गर्‍यो ।

अजातशत्रु आफ्नो काबुमा आइसकेपछि 'मैले पनि भिक्षुसंघलाई संचालन गर्न सक्छु' भन्ने पाप चेतना देवदत्तको मनमा उत्पन्न भयो । यही पाप चित्तको कारणबाट देवदत्तको ऋद्धि-सिद्धि लुप्त भएर गयो ।

एक समय भगवान बुद्ध **वेणुवन विहार**मा पृथग्जन परिषदहरूको बीचमा बस्नु भई धर्म-देशना गरिरहनु भएको थियो । त्यही बेला देवदत्त त्यहाँ आई तथागतलाई वन्दना गरी दुइ हात जोडेर भन्यो– "भन्ते, भगवन् ! अब हजूर वृद्ध भइसक्नु भयो । हजूरले धेरै बोझ बोक्नु नभएपनि हुन्छ । बाँकी जीवन दृष्ट-धर्मको सुख अनुभव गरी बिताउनु भए राम्रो हुन्छ । भिक्षुसंघलाई म संचालन गर्दछु । भिक्षुसंघको अभिभारा मलाई जिम्मा लगाई दिनु होस् ।"

देवदत्तको यस्तो याचना सुन्नु भई भगवान बुद्धले नरम शब्दले त्यसलाई **प्रतिक्षेप** गर्नु भयो । देवदत्त तिरस्कृत भएपछि तथागत प्रति प्रथमवार शत्रुभाव राखी त्यहाँबाट फर्केर गयो ।

त्यसपछि भगवान बुद्धले देवदत्तलाई '**प्रकाशनीय कर्म**' गर्नु भयो । अनि देवदत्तले मन मनै सोच्यो– "अब भने श्रमण गौतमले मलाई छोड्नु भयो । मैले उसलाई अनर्थ नगरी छोड्दिन ।"

यसरी तथागत प्रति गहिरो शत्रुभाव राखी अजातशत्रु कहाँ गएर भन्यो– "राजकुमार ! पहिले पहिले मानिसहरूको आयु लामो थियो । अहिले मानिसको आयु छोटो छ । तपाई राजा हुन नपाउँदै मृत्यु हुने

Downloaded from http://www.dhamma.digital

धेरै सम्भावना छ । त्यसकारण तपाईले आफ्ना बुबाज्यु बिम्बिसार राजालाई हत्या गरी जतिसक्दो छिटो राज्यसुख भोग गर्ने उपाय सोच्नु होस् । म पनि भगवान बुद्धलाई हत्या गरी बुद्ध हुने कोशिश गर्दछु ।"

Downloaded from http://www.dhamma.digital

## १.१२. (ग) आनन्द स्थविरको महान त्याग

देवदत्तको संगतमा लागेर अजातशत्रुले आफ्ना बुबाज्यू बिम्बिसार राजालाई अनेक प्रकारका यातना दिई हत्या गर्न लगायो । यता अजातशत्रुको मद्दत लिई तथागतलाई हत्या गर्न देवदत्तले थुप्रै मानिसहरू पठाउन लगायो । तर भगवान बुद्धको उपदेश सुनी तिनीहरू सबै स्रोतापत्ति फल अर्थात् मुक्तिको मार्गमा प्रतिष्ठित भए । यो कुरा सुनेर देवदत्तलाई असह्य भयो । "म आफैले श्रमण गौतमको प्राण लिनेछु" भन्दै **गृधकूट पर्वत**मा चढेर तथागतलाई लक्ष्य गरी एउटा ठूलो ढुङ्गाले हान्यो । त्यो ढुङ्गा अर्को ढुङ्गामा ठक्कर खाई टुक्रा टुक्रा भयो । त्यस टुक्रिएको ढुङ्गाको एउटा सानो टुक्रा उछिटिएर तथागतको खुट्टाको औंलामा परी रगत निस्क्यो ।

ढुङ्गाले हानेर तथागतलाई मार्न नसकेपछि देवदत्तले अर्को उपाय सोच्यो । एकदिन तथागत भिक्षुसंघ सहित भिक्षा चरणमा आइरहनु भएको मौका पारी '**नालागिरि**' नामक अति प्रचण्ड हात्ती छोड्न लगायो । हात्ती तथागत भएकै ठाउँमा दौड्दै आइरहेको थियो । यो दृश्य देखी आनन्द स्थविरले आफ्नो जीवन समर्पण गरी भगवान बुद्धको अगाडि उभिनु भयो ।

भगवान बुद्धले आफ्नो मैत्रीको प्रभावले त्यस प्रचण्ड हात्तीलाई शान्त पार्नु भयो । दमन गर्नु भयो । त्यसपछि तथागत नगरबाट बाहिर निस्कनु भई विहारमा जानु भयो । त्यस दिन राजगृहका नगरवासीहरू थुप्रै संख्यामा तथागत कहाँ भेला भएका थिए । तथागतले तिनीहरूलाई '**आनुपूर्वि कथा**' को धर्म-उपदेश दिनु भयो । तथागतको उपदेश सुनेर तिनीहरू साह्रै प्रभावित भएर आनन्द स्थविरको गुण वर्णन गरे । यी कुरा सुनेर तथागतले भन्नु भयो– "अहिले मात्रै होइन, आयुष्मान

Downloaded from http://www.dhamma.digital

आनन्दले पहिले पनि मेरो लागि जीवन त्याग गरेको थियो । यसै सन्दर्भमा तथागतले '**चूलहंस**', '**महाहंस**' र '**कक्कट**' आदि जातकको कथा व्याख्यान गर्नु भयो ।

Downloaded from http://www.dhamma.digital

# १.१२. (घ) देवदत्तको अकीर्ति

देवदत्तले तथागतलाई हत्या गराउन मानिसहरू पठाएको, गृधकूट पर्वतबाट ढुङ्गाले हानेको कुरा राजगृहका जनताहरूलाई थाहा थिएन । जब तथागतलाई हत्या गराउन **'नालागिरि'** नामक प्रचण्ड हात्तीलाई छोडेको दृश्य सबैले देखे । अनि मात्र तिनीहरू सबै यसरी कराउन थाले– "देवदत्तको कुचक्रले नै राजा बिम्बिसारलाई हत्या गर्न लगाएको हो । भगवान बुद्धलाई घात गर्न हत्याराहरू पठाएका हुन् । देवदत्तले नै ढुङ्गाले हानेर तथागतको शरीरबाट रगत निकालेको अर्थात् **'लोहितपाद'**को कर्म गरेको हो । अहिले 'नालागिरि' हात्तीलाई छोड्न लगाई यस्तो ठूलो आतङ्क मचायो । अजातशत्रुले यस्तो अत्याचारी, नीच र पापीको संगत गरेर हिंड्यो" भन्दै असंख्य नगरवासीहरू जम्मा भई रीसले चूर हुँदै महा कोलाहल शब्द निकालेको राजाले सुन्यो । त्यस बेलादेखि अजातशत्रुले देवदत्तको संगत छोड्यो । उसलाई दिई राखेको पाँचशय थालि भोजन पनि बन्द गरिदिए । आफ्नो कुकर्मले गर्दा देवदत्त सबै लाभ-सत्कारबाट वञ्चित हुनु पर्‍यो ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# १.१२. (ङ) संघ भेद

देवदत्त आफ्नो कुकर्मले गर्दा सम्पूर्ण लाभ-सत्कारबाट विमुख भई रहनु पऱ्यो । तैपनि उसले छलकपट गर्ने बानि छाडेको होइन । उसले यस्तै कपट चाल चलेर नै जीवन निर्वाह गर्ने विचार गऱ्यो ।

एक दिन देवदत्त भगवान बुद्ध कहाँ गई पाँच प्रकारका नियमहरू भिक्षुहरूले अनिवार्य रूपमा पालन गर्नु पर्दछ भनी याचना गऱ्यो । ती नियमहरू हुन्–

(१) भिक्षुहरू जीवन भर जङ्गलमा बस्नु पर्दछ ।

(२) भिक्षुहरूले भिक्षा मागेर मात्रै खानु पर्दछ ।

(३) भिक्षुहरूले '**पसुंकूल**' अर्थात् मसानमा फ्याँकिराखेका कपडाको चीवर धारण गर्नु पर्दछ ।

(४) जीवनभर रूख मुनी बस्नु पर्दछ ।

(५) भिक्षुहरूले कहिल्यैं माछा-मासु खानु हुँदैन ।

भगवान बुद्धले भन्नु भयो– "देवदत्त ! तिमी चुप लाग । यी नियम पालन गर्नु अनिवार्य छैन । जसलाई इच्छा छ, उसले पालन गर्दछ ।"

तथागतले यसरी आज्ञा गर्नु भएपछि देवदत्तले भन्यो– "भिक्षुहरू ! तिमीहरूलाई कसको कुरा ठीक लाग्यो, मेरो कि तथागतको ? ज-जसलाई दु:खबाट मुक्त हुने इच्छा छ; तिनीहरू मेरो पछि लाग्नु ।" त्यति भनी देवदत्त बाहिर निस्क्यो ।

देवदत्तको यस्तो कुरा सुनी नयाँ भिक्षुहरू जसको बुद्धि त्यति परि पक्व छैन, तिनीहरूले विचार गऱ्यो– "देवदत्तले भनेको कुरा ठीक जस्तो लाग्छ, यसैको पछि लाग्नु पऱ्यो" भनी उसको पछि लागेर गए ।

यसरी पाँच शय नयाँ भिक्षुहरू देवदत्तको पछि लागे । देवदत्तले यी

Downloaded from http://www.dhamma.digital

पाँच नियमको विशेषता दर्शाउँदै मन्द-बुद्धि भएका दाताहरूलाई प्रभावित पार्दै संघ-भेद गर्ने युक्ति गर्दै रह्यो ।

एक दिन भगवान बुद्धले देवदत्तसँग प्रश्न गर्नु भयो– "देवदत्त ! के तिमीले **संघ-भेद** गर्न कोशिश गरिरहेको साँचो हो ?"

देवदत्तले भन्यो – "साँचै हो, भन्ते ।"

तथागतले भन्नु भयो– "देवदत्त ! **संघ-भेद** गर्ने काम अति दु:खदायी हुन्छ । यस्तो काम नगर ।" यसरी अनेक प्रकारले उपदेश दिंदा-दिंदै पनि उसले तथागतको उपदेशलाई वास्ता नगरिकन फर्केर गयो ।

त्यहाँबाट फर्केर जाँदा राजगृह नगरमा भिक्षा-चरणमा आइरहनु भएको आयुष्मान आनन्दलाई देखेर यसो भन्यो– "आवुसो आनन्द । आजदेखि म भगवान बुद्ध सहित भिक्षुसंघबाट अलग्ग रही '**उपोसथ कर्म**' गर्दछु ।"

देवदत्तले भनेको कुरो आयुष्मान आनन्दले तथागतलाई सादर बिन्ति गर्नु भयो । यो कुरा थाहा पाउनु भई तथागतलाई **धर्म-संवेग** उत्पन्न भयो । तथागतले यसरी चिन्तन गर्नु भयो– "देवदत्तले देव-मनुष्य आदि लोक जनहरूको अनर्थ हुने काम गऱ्यो । यस कर्मले गर्दा ऊ आफै पनि '**अवीचि महानरक**'मा परेर दु:ख कष्ट भोग गर्नु पर्ने हुन्छ ।"

त्यसै बेला तथागतले यी दुइ उदान गाथा उच्चारण गर्नु भयो–

**"सुकरानि असाधुनि – अत्तनो अतानि च ।**
**यं वे हितञ्च साधुञ्च – तं वे परमदुक्करं ॥"**

अर्थ– आफूलाई अहित हुने अकुशल कर्म गर्न सजिलो हुन्छ । आफूलाई भलाई हुने, हित हुने कुशल कर्म गर्नु अति नै गाहारो हुन्छ ।

Downloaded from http://www.dhamma.digital

**"सुकरं साधुना साधु – साधु पापेन दुक्करं ।**
**पापं पापेन सुकरं – पापमहियेहि दुक्करं ॥"**

अर्थ– असल मानिसहरूलाई राम्रो काम गर्न सजिलो हुन्छ । तर खराब मानिहरूलाई राम्रो काम गर्न गाहारो हुन्छ । नराम्रो मानिसहरूलाई नराम्रो काम गर्न सजिलो हुन्छ । तर राम्रो मानिसहरूलाई नराम्रो काम गर्न गाहारो हुन्छ ।

Downloaded from http://www.dhamma.digital

## १.१२. (च) अग्रश्रावकहरूको ऋद्धि प्रातिहार्य

त्यसपछि देवदत्तले '**उपोसथ**' को दिनमा आफ्ना परिषदहरूलाई एकत्रित पारी यसो भन्यो– "भिक्षुहरू ! ज-जसलाई यी पाँच नियम पालन गर्ने इच्छा छ, तिनीहरूले यी सलाक ग्रहण गर्नु ।"

अल्प बुद्धि भएका पाँचशय नयाँ **वज्जिपुत्र** भिक्षुहरूले ती सलाक ग्रहण गरे । त्यसपछि देवदत्तले ती भिक्षुहरूसँग **उपोसथ कर्म** गरी **संघ-भेद** गऱ्यो । अनि ऊ **गयाशिर्ष** पर्वततिर लाग्यो ।

त्यसपछि सारिपुत्र र मौद्गल्यायन दुइ अग्रश्रावकहरू ती नव-युवक भिक्षुहरू भएको ठाउँमा जानु भई तिनीहरूलाई **ऋद्धि प्रातिहार्य** दर्शाउनु भयो । फेरि **ऋद्धि प्रातिहार्य** कै अनेक प्रकारले धर्म देशना गर्नु भई तिनीहरू सबैलाई बोध गरी आकाश मार्गबाट फर्केर आउनु भयो । यो दृश्य देखी अरू भिक्षुहरूले अग्रश्रावकहरूको प्रशंसा गरे ।

यसै सन्दर्भमा तथागले '**लक्खणमिग जातक**' उल्लेख गर्नु भई भन्नु भयो– "भिक्षुहरू अहिले मात्रै यी दुइ अग्रश्रावकहरू आफ्ना परिवार सहित म कहाँ आएको होइन । पहिले पहिलेको जन्ममा पशु भएर जन्म लिंदा पनि आफ्ना परिवारहरू बटुलेर शोभायमान भई म कहाँ आएका थिए ।

Downloaded from http://www.dhamma.digital

## १.१२. (छ) देवदत्त अवीचि नरकमा पतन

सारिपुत्र र मौद्गल्यायन दुइ अग्रश्रावकहरूले देवदत्तको पछि लागेर गएका पाँच शय नवयुवक भिक्षुहरूलाई बोध गरी फर्काएर ल्याएपछि देवदत्तले सहन नसकी रगत बमन गऱ्यो । त्यस बेलादेखि नौ महिनासम्म ओछ्यानमा परी ठूलो दुःख कष्ट भोग्नु पऱ्यो । अन्तिम समयमा उसलाई भगवान बुद्धको दर्शन गर्ने इच्छा उत्पन्न भयो । उसले आफ्नो शिष्यहरूलाई भन्यो– "मलाई भगवान बुद्धको दर्शन गर्ने ठूलो इच्छा भयो । मलाई तथागत कहाँ लगी देऊ ।"

उसका शिष्यहरूले उसलाई यसरी जवाफ दिए– "तिमी बलियो भएसम्म तथागत प्रति शत्रुभाव राखी अनर्थकर महापाप गर्ने ! अहिले तिम्रो मन पग्ल्यो ? उहाँको दर्शन गर्न मन लाग्यो ? हामी तिमीलाई त्यहाँ लैजान सक्तैनौं ।"

देवदत्तले विनम्र भई भन्यो– "मलाई विनाश नगर ! भगवान बुद्ध प्रति मैले जतिसुकै शत्रुभाव राखी कुकर्म गरेतापनि तथागतले म माथि केशाग्र प्रमाण मात्र पनि शत्रुभाव राख्नु भएको छैन । एक समय तथागतले आज्ञा गर्नु भएको थियो–

**"बधके देवदत्तम्हि – चोरे अंगुलिमालके ।**
**धनपालके राहुले चेव – सब्बत्थ सममानसो ॥"**

अर्थ– **हत्यारा देवदत्त, डाँका अंगुलिमाल, 'धनपाल'** नामक **नालागिरि हात्ती** तथा **राहुल**–यिनीहरू सबै प्रति मेरो चित्त एकै समानको छ ।

'मलाई यस्तो समदर्शी तथागतको दर्शन गराऊ' भनी बार बार याचना गरेपछि तिनीहरूले देवदत्तलाई पलङ्ग उचालेर बाहिर ल्यायो ।

भगवान बुद्धको दर्शन गर्न देवदत्त आइरहेको कुरा भिक्षुहरूले तथागतलाई बिन्ति चढाए ।

Downloaded from http://www.dhamma.digital

भगवान बुद्धले भन्नु भयो– "भिक्षुहरू ! जुन दिन देवदत्तले विचार राखी भिक्षुहरू लागि पाँच प्रकारका नियम अनिवार्य गर्नु पर्दछ" भनी याचना गऱ्यो; त्यस दिनदेखि उसले तथागतको दर्शन पाउन सक्तैन । यो धर्म-नियामतता हो ।

देवदत्तलाई बोकेर ल्याउनेहरू जेतवन विहारको नजिक आई पुगे । विहार नजिक एउटा पोखरी थियो । पोखरी नजिक देवदत्त बसेको खात बिसाएर तिनीहरू सबै नुहाउनको लागि पोखरीमा ओर्ले । देवदत्त पनि पलङ्गबाट ओर्ली दुइवटै खुट्टाले भूइमा टेक्यो । खुट्टा दुइवटै भूइँमा गार्दै गयो । क्रमश: गार्दै जाँदा गोलिगाँठा घुँडा र कम्मरसम्म गाऱ्यो । फेरि छाति, घाँटि गार्दै गई चिउँदोसम्म पुग्यो । अन्तमा उसले यस गाथा उच्चारण गरी भगवान बुद्धको शरण ग्रहण गऱ्यो–

**"इमेहि अट्ठीहि तमग्गपुग्गलं,**
**देवातिदेवं नरदम्मसारथिं ।**
**समन्तचक्खुं सतपुञ्ञलक्खणं,**
**पाणेहि बुद्धं सरणं उपेमी ॥"**

अर्थ– उहाँ तथागत **अग्र-पुद्गल** हुनुहुन्छ; देवताहरू भन्दा पनि महान देवता हुनुहुन्छ । प्राणीहरूलाई दमन गर्नको निम्ति **सारथी** समान हुनुहुन्छ । उहाँ **समन्त चक्षु** तथा **शतपुण्य लक्षण** हुनु भएको तथागत सम्यक्सम्बुद्धमा यो **अस्थिमय शरीर** सहित मेरो प्राण समेत अर्पण गरी शरणमा आउँदै छु ।

यसरी गाथा उच्चारण गर्दा गर्दै यस जन्मको महापापले गर्दा देवदत्त भूइँमा गार्दै गई '**अवीचि महानरक**'मा पतन भयो ।

'अन्तिम समयमा बुद्धको शरणमा जाने' – यही एउटा कारण देख्नु भई तथागतले उसलाई प्रव्रजित गराउनु भएको हो । प्रव्रजित नभएको भए गृहस्थ भई उसले अत्यन्त भयंकर पापकर्म गर्ने

Downloaded from http://www.dhamma.digital

थियो; जसले गर्दा उसलाई उपकार गर्ने कुनै उपाय नै हुँदैनथ्यो। प्रव्रजित भएर भयंकर पापकर्म गरेतापनि भावि जन्ममा उद्धार हुन सक्ने हेतु देख्नु भई उसलाई प्रव्रजित गराउनु भएको हो। 'एक लाख कल्प पछि ऊ '**अट्ठिस्सर**' नामक **प्रत्येक बुद्ध** हुनेछ' भनी तथागतले भविष्यवाणी गर्नु भयो।

'देवदत्तले ठूलो अपराध गरेको कारणले यो गति भोग्नु परेको हो' भनी भिक्षुहरूको बीचमा चलिरहेको कुरो सुन्नु भई तथागतले भन्नु भयो– "भिक्षुहरू ! देवदत्तले म प्रति अपराध गरेर यस्तो गति भोग्नु परेको अहिले मात्रै होइन; पहिले पनि उसले अपराध गरी पृथ्वीमा गाडेर गएका अनेक घटनाहरू छन् भन्नु हुँदै '**महासीलव नागराज**', '**खन्तिवादी**' तथा '**चूल धम्मपाल**' आदि जातकहरू प्रकाशमा ल्याउनु भयो।

देवदत्त पृथ्वीमा धसेर गई प्राणान्त भएको दृश्य देखी त्यहाँका जनताहरू खुशी भई **ध्वजा-पताका**हरू फहराउँदै उत्सब मनाउन थाले। यी कुरा भिक्षुहरूले तथागतलाई बिन्ति गरे।

भगवान बुद्धले भन्नु भयो– "भिक्षुहरू ! देवदत्त मृत्यु हुँदा जनताहरूले अहिले मात्रै उत्सब मनाएको होइन; पहिले पनि मनाएको थियो।"

यसै सन्दर्भमा तथागतले '**पिङ्गल जातक**' को उपदेश गर्नु भयो।

भिक्षुहरूले बिन्ति गरे– "भगवन् शास्ता ! अहिले देवदत्तको के गति भयो।"

तथागतले भन्नु भयो– "भिक्षुहरू ! ऊ अवीचि महानरकमा पतन भयो।"

भिक्षुहरूले बिन्ति गरे– "भन्ते, भगवन् ! देवदत्तले यस लोकमा पनि तापले तप्त हुने काम गऱ्यो। यहाँबाट च्यूत भई गएर पनि तप्त हुनु पर्ने ठाउँमा पतन भयो। होइन र?"

Downloaded from http://www.dhamma.digital

तथागतले भन्नु भयो– "हो, भिक्षुहरू ! चाहे प्रव्रजित होस् अथवा गृहस्थ जसले प्रमादी भई पापयुक्त अनर्थ हुने कर्म गर्दछ; ऊ दुवैतिरबाट तप्प हुनु पर्ने हुन्छ ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनुभयो–

**"इध तप्पति पेच्च तप्पति,**
**पापकारी उभयत्थ तप्पति ।**
**पापं मे कतन्ति तप्पति,**
**भिय्यो तप्पति दुग्गतिं गतो ॥"**

अर्थ– पाप गर्ने व्यक्तिलाई यसलोक र परलोक दुवै लोकमा ताप हुन्छ । 'अहो ! मैले पाप गर्न पुगेछु' भनी तड्पिन्छ । दुर्गतिमा पुगेपछि यहाँ भन्दा त्यहाँ झन बढी तड्पिन्छ ।

यस धर्म उपदेशको अवसानमा थुप्रै लोकजनहरू स्रोतापन्न आदि अवस्थामा पुगे । बाँकीरहेका श्रोतावर्गलाई यो उपदेश सार्थक भयो ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# १.१३. सुमना देवी

१. (१८) **"इध नन्दति पेच्च नन्दति,**
**कतपुञ्ञो उभयत्थ नन्दति ।**
**पुञ्ञं मे कतन्ति नन्दति,**
**भिय्यो नन्दति सुग्गतिं गतो ॥"**

भगवान बुद्ध जेतवनाराममा विहार गरिरहनु हुँदा **सुमनादेवी**को सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भएको हो ?

श्रावस्तीमा **अनाथपिण्डिक** सेठको नाम प्रख्यात थियो । अनाथहरूलाई पिण्ड दान दिने भएकोले उनको नाम '**अनाथपिण्डिक**' रहन गएको हो । उनको घरमा दिनहूँ दुइ हजार भिक्षुहरूलाई भोजन गराउँथ्यो । श्रावस्तीमा अर्की महाजननी थिइन् । तिनको नाम **विशाखा महाउपासिका** थियो । तिनको घरमा पनि त्यसरी नै दिनहूँ भिक्षुहरूलाई भोजन दान गर्ने व्यवस्था थियो ।

श्रावस्तीमा अरू दाताहरूले भिक्षुहरूलाई भोजन दान गर्दा अनाथपिण्डिक र विशाखा महाउपासिकालाई बोलाउँथे । किनभने भिक्षुहरूलाई दान-कार्य गर्दा 'कसरी गर्नु पर्छ', कस्तो सेवा पुऱ्याउनु पर्छ' भन्ने कुरा ती दुबैलाई राम्रोसँग थाहा थियो । अर्को तिर ती दुइको उपस्थितिले गर्दा दान-कार्यमा शोभा बढ्थ्यो । त्यसकारण ती दुबैलाई आ-आफ्नो घरमा भोजन दान दिने अवसर नै पाउँदैनथ्यो ।

त्यसैले विशाखाले विचार पुऱ्याएर भिक्षुसंघलाई भोजन दान गराउन सक्ने आफ्नो परिवारको एक सदस्यलाई छानिन् । तिनी तिनकी नातिनी थिइन् । अनाथपिण्डिकले पनि भोजनको लागि आफ्नो घरमा आउने भिक्षुसंघलाई हेरचाह गर्न आफ्नो स्थानमा जेठी छोरी

Downloaded from http://www.dhamma.digital

**महासुभद्रा**लाई राख्यो । भिक्षुसंघको सेवा-सुश्रुषा गर्दै धर्मका कुराहरू सुनेर उनी स्रोतापन्न भइन् । पछि तिनको बिहे भयो । तिनी पतिकुलमा गइन् । त्यसपछि माहिली छोरी **चूलसुभद्रा**लाई त्यही काम सुम्पियो । तिनले पनि दान दिँदै, शील पालन गरी धर्मका कुराहरू सुनी त्यस अनुसार अभ्यास गरी स्रोतापन्न अवस्था प्राप्त गरिन् । पछि तिनको पनि बिहे भयो ।

**सुमना देवी** कान्छी छोरी थिइन् । भिक्षुसंघलाई सेवा गर्ने काम तिनले सम्हालिन् । धर्मका कुराहरू सुन्दै गरिन् । आचरण र अभ्यासमा लागि रहिन् । तिनले झन् दिदीहरूले भन्दा एक तह माथि **'सकृदागामी फल'** प्राप्त गर्नमा सफल भइन् । तिनी कुमारी नै थिइन् ।

एक दिन तिनलाई रोग लाग्यो । तिनले खाना खान छोडिन् । तिनी झन् झन् कमजोर भइन् । आफ्नो पिता अनाथपिण्डिक महाजनको मुख हेर्ने इच्छा भयो । त्यस दिन अनाथपिण्डिक कुनै दान-कार्यको लागि बाहिर गएको थियो । उनलाई बोलाउन पठाइन् । खबर पाउने बित्तिकै घरमा आएर आफ्नी छोरीलाई सम्बोधन गरेर भन्यो– "प्रिय पुत्री ! सुमना ! तिमीलाई के भयो ? तिमीलाई के चाहियो ? भन ।"

सुमनादेवीले भनिन्– "के भनेको भाइ ?"

"पुत्री ! तिमीले **प्रलाप** गर्‍यो ?"

"भाइ ! मैले प्रलाप गरिन"

"पुत्री ! तिमी डरायौ ?"

"भाइ ! म डराउँदिन । किन डराउने ?" यसो भन्दै सुमना देवीले प्राण त्यागिन् । अनाथपिडिक स्रोतापन्न भएपनि छोरी प्रतिको स्नेहले साह्रै शोक गर्‍यो । छोरीको अग्निसंस्कार गरिसकेपछि अनाथपिण्डिक भगवान कहाँ गयो ।

Downloaded from http://www.dhamma.digital

तथागतले सोध्नु भयो– "गृहपति ! आज किन तिमी गहभरी आँसु पारी दुःखी दुर्मन भई यहाँ आयौ ?"

अनाथपिण्डिकले बिन्ति गर्‍यो– "भन्ते, भगवन् ! मेरो छोरी सुमनादेवीको देहान्त भयो ।"

तथागतले भन्नु भयो– "यति कुरामा शोक गर्नु पर्छ त ? एक दिन जन्मेका सबै प्राणी मर्नु पर्छ; होइन र ?"

अनाथपिण्डिकले हात जोडेर भन्यो– "हो, भन्ते भगवन् ! यो कुरो मलाई पनि थाहा छ । मेरो पुत्री साह्रै लज्जाशील थिइन् । पाप देखी डराउँथिन् । तर अन्तिम समयमा प्रलाप गरेर अर्थात् वेहोश भई प्राण त्याग गरिन् । यसै कारणले मनमा साह्रै चोट पर्‍यो र बडो अपशोच पनि लाग्यो ।"

तथागतले सोध्नु भयो– "अनाथपिण्डिक ! तिनले के भनिन् ?"

अनाथपिण्डिकले बिन्ति गर्‍यो – "मैले जे प्रश्न गरे पनि मलाई 'भाइ', 'भाइ' भनी सम्बोधन गरी उत्तर दिइन् र यत्तिकैमा तिनले प्राण त्याग गरिन् ।"

भगवान बुद्धले भन्नु भयो– "महाजन ! तिम्री छोरीले तिमीलाई बेहोशमा त्यस्तो भनेकी होइन ।"

अनाथपिण्डिकले बिन्ति गर्‍यो – "भन्ते ! त्यसो भए किन त्यस्तो भनिन् त ?"

तथागतले सम्झाउनु भयो– "महाजन ! मार्गफलको दृष्टिले सुमनादेवी तिमी भन्दा जेठी थिइन् । तिमी स्रोतापन्न, तिनी सकृदागामी भइसकेकी थिइन् । त्यसैले तिनले यस्तो भनेकी हुन् ।"

अनाथपिण्डिकले बिन्ति गर्‍यो– "भन्ते, भगवन् ! त्यसो भए तिनी कहाँ उत्पन्न भइन् ?"

तथागतले भन्नु भयो– "महाजन ! तिनी **तुषित भुवन**मा उत्पन्न

Downloaded from http://www.dhamma.digital

भइन् ।"

महाजनले उद्गार व्यक्त गर्दै भन्यो– "भगवन् ! मेरो छोरी यहाँ ज्ञाति बन्धुहरूको बीचमा आनन्दसँग बसेर फेरि यहाँबाट गएर आनन्द हुने ठाउँमा नै उत्पन्न भएकी रहिछिन् ।"

भगवान बुद्धले भन्नु भयो– "हो, महाजन ! अप्रमादी भएर बस्ने गृहस्थ होस् वा प्रव्रजित – यस लोक र परलोक दुबै लोकमा आनन्दित नै हुन्छ ।

यसै प्रसङ्गमा यो गाथा प्रकाशमा ल्याउनु भयो ।

**"इध नन्दति पेच्च नन्दति,**
**कतपुञ्ञो उभयत्थ नन्दति ।**
**पुञ्ञं मे कतन्ति नन्दति**
**भिय्यो नन्दति सुग्गतिं गतो ॥"**

अर्थ–पुण्य कर्म गर्ने व्यक्तिले यस लोक र परलोक दुबै लोकमा आनन्द अनुभव गर्दछ । 'मैले पुण्यकर्म गरी राखेको छु' भनी आनन्दित हुन्छ । सुगतिमा पुगेपछि झन् बढी आनन्दको अनुभव गर्दछ ।

Downloaded from http://www.dhamma.digital

# १.१४. दुइ सहायक भिक्षुहरूको कथा

१.(१९) **“बहुम्पि चे संहितं भासमानो,**
**न तक्करो होति नरो पमत्तो ।**
**गोपो व गावो गणयं परेसं,**
**न भागवा सामञ्ञस्स होति ॥”**

१. (२०) **“अप्पम्पि चे संहितं भासमानो,**
**धम्मस्स होति अनुधम्म चारी ।**
**रागं च दोसं च पहाय मोहं,**
**सम्मप्पजानो सुविमुत्तचित्तो ।**
**अनुपादियानो इध वा हुरं वा**
**स भागवा सामञ्ञस्स होति ॥”**

यी दुइ गाथा भगवान बुद्धले जेतवन विहारमा दुइ सहायक भिक्षुहरूको सम्बन्धमा प्रकाश पार्नु भएको हो ।

श्रावस्तीमा दुइ कुलपुत्रहरू बस्तथे । ती दुइ मिल्ने साथी थिए । एक दिन ती दुबै विहारमा गई बुद्धको उपदेश सुने । दुबैले काम-विषयलाई त्यागेर बुद्ध-शासनमा प्रव्रजित भए । ती दुबै पाँच वर्षसम्म आफ्ना आचार्य-उपाध्यायहरू कहाँ बसे ।

एक दिन दुबै तथागत कहाँ गएर शासनमा बसेर गर्नु पर्ने कामको विषयमा सोध्न गए । ती दुबैले बिन्ति गरे– “भगवन् शास्ता । बुद्ध-शासनमा कति धुर छन् अर्थात् प्रमुख काम के के हुन् ?”

शास्ताले भन्नु भयो– “भिक्षुहरू ! यस शासनमा दुइ **धुर** छन्– **विपश्यना-धुर** र **ग्रन्थ-धुर** ।”

Downloaded from http://www.dhamma.digital

ती दुइ मध्ये एकले बिन्ति गऱ्यो– "भगवन् शास्ता ! म पढ्ने र पढाउनेतिर लाग्नु भन्दा ध्यान गर्ने काममा लाग्छु । कृपया मलाई **विपश्यना** गर्ने तरिका सिकाई दिनुहोस् । अर्को चाहिँले **ग्रन्थ-धुर**को काम गर्ने वचन दियो । दुबै आ-आफ्नो काममा लागे ।

विपश्यना ध्यान गर्नेले कुनै एक जङ्गलमा गई खूब मेहनत गरी ध्यान गऱ्यो र धेरै समय नबित्दै **प्रतिसम्भिदाज्ञान** सहित अर्हत् भयो । अर्को चाहिँले बुद्ध-वचन अध्ययन गरी पाँचशय भिक्षुहरूलाई धर्मको अध्यापन गराउँदै रह्यो । मधुर स्वरले धर्म-देशना गर्दै **अठार महागण**को आचार्य भयो ।

यता अर्हत् भएका भिक्षुका शिष्यहरूले तथागतलाई दर्शन गर्न जानको लागि आफ्ना गुरुसँग अनुमति माग्न जाँदा उहाँले यसो भन्नु भयो– "हुन्छ, जाऊ । मेरो वचनले तथागतलाई वन्दना गरिदिनु र **असीति महाश्रावकहरू**लाई पनि । साथै 'मेरो साथी स्थविरलाई मैले सोधेर ल्याएको छ भनी दिनु ।"

यसरी पटक पटक अर्हत् भिक्षुले शिष्यहरू मार्फत् आफ्नो साथीलाई खबर पठाउँदा **ग्रन्थ-धुर** भई पण्डित भएको भिक्षुले विचार गऱ्यो– "भिक्षु हुने बितिकै जङ्गलमा गएर बस्नु पर्छ । शायद अहिलेसम्म चार पदको एउटा गाथा आएको होवोइन । बडो जान्ने भएर यतिका शिष्यहरू बनाउनु पर्छ ! त्यो भिक्षु यहाँ आएपछि अनेक प्रश्न गर्नेछु ।"

एक दिन अर्हत् भिक्षु आफ्नो साथी कहाँ आइपुग्नु भयो । पात्र-चीवर त्यहाँ छोडेर तथागतलाई '**वन्दना**' गर्न जानु भयो । अनि फर्केर आफ्नै साथी कहाँ आउनु भयो । ग्रन्थ-धुर भिक्षुले गर्नु पर्ने आगन्तुक सत्कार गरी सकेपछि उहाँसँग प्रश्न गर्न समान आसनमा बस्यो । त्यसबेला भगवान बुद्धले 'यस ग्रन्थ-धुर भिक्षुले मेरो पुत्रलाई अनेक प्रश्न गरी कष्ट दिएको कारणले त्यस भिक्षु नरकमा जान सक्ने' विचार गर्नु भई ऊ प्रति अनुकम्पा राख्नु भई उसले प्रश्न सोध्नु भन्दा पहिल्यै त्यहाँ

Downloaded from http://www.dhamma.digital

आइपुग्नु भई बिछ्याई राखेको आसनमा बस्नु भयो । अनि भगवान बुद्धले ग्रन्थ-धुर भिक्षुसँग **प्रथम-ध्यान** सम्बन्धी प्रश्न सोध्नु भयो । यसको उत्तर दिएपछि **दुतिय, तृतीय, चतुर्थ ध्यान** सम्बन्धी र **अष्टसमापत्ति**का साथै **रूप-अरूप ध्यान** सम्बन्धी प्रश्न सोध्नु भयो । उसले सबैको उत्तर दियो । अनि भगवान बुद्धले **स्रोतापत्ति मार्ग** सम्बन्धी प्रश्न सोध्नु हुँदा त्यसको उत्तर दिन सकेन । त्यसपछि यही प्रश्न अर्हत् भिक्षुसँग सोध्नु भयो । स्थविरले उत्तर दिनु हुँदा तथागतले '**साधु**', '**साधु**' भनी अभिनन्दन गर्नु भयो । यसरी **सकृदागामी, अनागामी, अर्हत् मार्ग**को उत्तर दिनु हुँदा पनि प्रत्येक बार तथागतले साधु साधु भन्नुहुदै '**साधुकार**' दिनु भयो । तर सबै **परियत्ति-धर्म** जान्ने पाँच शय शिष्य भएका प्रमुख आचार्यलाई भने प्रशंसा गर्नु भएन । अत: ती शिष्यहरूको बीचमा कुरा चल्न थाल्यो ।

तथागतले ती भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! मेरो शासनमा तिमीहरूका आचार्य ज्याला लिएर गाई चराउने गोठालो जस्तै हो । तर यो मेरो पुत्र चाहिँ आफ्नो इच्छानुसार **पञ्चगोरस** खाने गाईका मालिक जस्तै हो ।"

यसै सन्दर्भमा तथागतले यी दुइ गाथा उच्चारण गर्नु भयो–

**"बहुम्पि चे संहितं भासमानो,**
**न तक्करो होति नरो पमत्तो ।**
**गोपो व गावो गणयं परेसं,**
**न भागवा सामञ्ञस्स होति ॥"**

अर्थ– **त्रिपिटक ग्रन्थ** पढी धर्मको कुरा निकै जान्ने पण्डित भएपनि प्रमादी भई; वेहोशी बनी जानेको अनुसार आचरण र अभ्यास गरेन भने अरूको गाई चराउने गोठालोले गाईको दूध खान नपाए झैं त्यस व्यक्तिले श्रमणत्वको सारयुक्त फल पाउन सकिदैन ।

Downloaded from http://www.dhamma.digital

"अप्पम्पि चे संहितं भासमानो,
धम्मस्स होति अनुधम्मचारी ।
रागंच दोसंच पहाय मोहं,
सम्मप्पजानो सुदिमुत्तचित्तो ।
अनुपादियानो इध वा हुरं वा,
स भागवा सामञ्ञस्स होति ॥"

अर्थ–जसले अलिकति मात्र धर्मको कुरो जान्ने भएपनि धर्मानुसार धर्मको आचरण र अभ्यास गर्दछ; राग, द्वेष, मोहलाई प्रहाण गर्दछ; धर्मलाई सम्यक् रूपले जानी, बुझी आफ्नो चित्तलाई क्लेशबाट हटाउन सक्दछ; साथै यस लोक र परलोकको आसक्ति नभएको त्यस व्यक्तिलाई श्रमणत्वको सार युक्त फल प्राप्त हुन्छ ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# २. अप्पमादवग्गो

## २.१. अल्लकप्प र वेठदीपक राजाहरू

२.(२१) **"अप्पमादो अमतपदं – पमादो मच्चुनो पदं ।**
**अप्पमत्ता न मीयन्ति – ये पमता यथा मता ॥"**

२.(२२) **"एतं विसेसो ञत्वा – अप्पमादम्हि पण्डिता ।**
**अप्पमादे पमोदन्ति – अरियानं गोचरे रता ॥"**

२.(२३) **"ते झायिनो साततिका – निच्चं दल्लपरक्कमा ।**
**फुसन्ति धीरा निब्बानं – योगक्खेमं अनुत्तरं ॥"**

एक समय भगवान बुद्ध **कोसम्बि**को **घोषितारामम**मा विहार गरिरहनु भएको थियो । त्यसबेला तथागतले यी गाथा **श्यामावती** सहित तिनका पाँचशय स्त्री सहचारीहरू र **मागण्डिय** सहित तिनका पाँचशय दासीहरूका अकाल मृत्यु भएको कारणमा भन्नु भएको हो ।

पूर्व समयमा '**अल्लकप्प**' राज्यमा '**अल्लकप्प**' भन्ने राजाले राज्य गर्दथ्यो । त्यस्तै '**वेठदीप**' राज्यमा **वेठदीपक** राजा थियो । यी दुइ राजाहरू बाल-कालदेखिका मिल्ने साथीहरू थिए । शिल्प-विद्या सिक्न आचार्य-कुलमा जाँदा सँगै गएका थिए । समय बित्दै गयो । दुबै राजकुमारहरूका बुबाज्यूहरूका देहावसान भयो । पछि यिनीहरू आ-आफ्ना देशका राजा भए । राजा भएपनि यिनीहरूको मित्रता यथावत नै रह्यो । समय समयमा यी दुइ राजाहरू सँगै बस्थे, खान्थे । जनताहरूको अवस्था-व्यवस्था पनि बुझ्ने गर्थे ।

एक दिन ती दुइ राजाहरूको बीचमा यस्तो कुराकानी चल्यो– "मानिसहरू जन्मन्छन्, बुढा-बुढी हुन्छन्; मर्छन् । परलोक जानेले आफ्नो

Downloaded from http://www.dhamma.digital

साथमा केही लैजान्दैन । आफ्नो शरीर समेत यहीं छोडेर जान्छ । हामी दुइ पनि गृहस्थ भएर के बस्ने ? प्रव्रजित भएर जाऔं ।"

कुरा पक्का भइसकेपछि आ-आफ्ना राजकुमारहरूलाई राज्य सुम्पेर दुबै जना ऋषिभेष धारण गरी हिमाल प्रदेशतिर लागे । त्यहाँ केही समय बितेपछि ती दुइले यसरी सल्हाह गरे– "हामी राज-वैभव त्याग गरेर प्रव्रजित भएका हौं । हामी दुइ एकै ठाउँमा बस्दा प्रव्रजित जीवन जस्तो भएन । प्रव्रजित जीवन भनेको एकलै बस्नु राम्रो हुन्छ । अत: तिमी त्यो पर्वतमा बस्न जाऊ । म यो पहाडमा बस्छु । पन्ध्र दिनको एक पटक '**उपोसथ**' को दिनमा हामी भेट्ने गरौं ।" यस कुरामा दुबैजना राजी भए । दुइ जना अलग दुइ पहाडमा बसे ।

केही दिनपछि तिनीहरूको मनमा एउटा विचार उठ्यो । एकले अर्कोलाई आ-आफ्नो विचार व्यक्त गऱ्यो– "हामी अझै पनि '**गणसंगणिक**' अर्थात् भेट्ने काम गरिरहेका छौं । अब यसरी भेट्ने काम छोडेर पन्ध्र दिनको एक पटक पालो पालो गरी आफू बस्ने पहाडमा आगो बाल्ने । आगो बलेको लक्षण हेरी हामी बाँचेका छौं, छैनौं थाहा पाउने गरौं ।"

यसरी निर्णय गरिसकेपछि ती दुइले त्यस्तै गरे ।

केही समयपछि वेठदीपक तपस्वीको देहावसान भई महाप्रभावशाली देवराज भई देव–भुवनमा उत्पन्न भयो । उनको साथी अल्लकप्प तपस्वीले पन्ध्र दिन बित्दा पनि आगो नबलेको देखेर 'मेरो साथीको देहावसान भयो होला' भनी विचार गऱ्यो ।

वेठदीपक तपस्वी देवराज भई उत्पन्न हुने बित्तिकै आफ्नो पूर्व-जन्मको कुरो विचार गरी आफ्नो पूर्व साथीलाई भेट्न जाने निधो गऱ्यो । उनले भेष बदलेर बटुवाको रूप लिई अल्लकप्प तपस्वी कहाँ गयो । तपस्वीलाई वन्दना गरी एक छेउमा बस्यो ।

Downloaded from http://www.dhamma.digital

तपस्वीले उनलाई सोध्यो– "तपाई कहाँबाट आउनु भएको ?"

बटुवाले भन्यो– "भन्ते ! म टाढैबाट आएको छु । हजुर यहाँ एकलै बस्नु हुन्छ कि अरू साथी पनि छन् ?"

तपस्वीले भन्यो– "मेरो एक जना साथी थियो । ऊ अर्को पहाडमा बस्थ्यो । उपोसथको दिनमा आगो बालेको देखेन । शायद उनको मृत्यु भयो होला ।"

बटुवाले भन्यो– "भन्ते ! म उही तपस्वी हुँ । म देवलोकमा महाप्रभावशाली देवराज भई उत्पन्न भएँ । म हजूरको दर्शन गर्न यहाँ आएको हूँ ।"

उसले फेरि सोध्यो– "यहाँ हजूरलाई केही तकलिफ छ कि ?"

तपस्वीले भन्यो– "उपासक ! मलाई यहाँ हात्तीहरूले दुःख दिइरहेका छन् । सफा गरिसकेको ठाउँमा फोहर गरी दिने; भूइँको माटो निकाली यता उति छरी दिने गर्छन् ।"

Dhamma.Digital

बटुवाले भन्यो– "त्यसो भए म हजूरलाई हात्ती नआउने जतन गरी दिन्छु । उनले तपस्वीलाई '**हत्थिकन्तवीणा**' दियो र साथै '**हत्थिकन्त-मन्त्र**' पनि यसरी सिकाई दियो– "यो सितारमा तीन वटा तार हरू छन् । यो तार बजाएर यो चाहिं मन्त्र उच्चारण गऱ्यो भने हात्तीहरू फर्केरै नहेरिकन भाग्छन् । यो चाहिं तार बजाई यो मन्त्र पढेमा हात्तीहरू फर्केर हेर्दै भाग्छन् । अनि यो तार बजाई यो चाहिं मन्त्र उच्चारण गऱ्यो भने हात्तीहरूका नाइके चाँहिं हात्ती निहुँरिदै अगाडि आउँछ । हजूर लाई जस्तो इच्छा हुन्छ; त्यस्तै गर्नु होस्" भनी तपस्वीलाई वन्दना गरेर फर्क्यो ।

तपस्वीले हात्ती भगाउने मन्त्र पढेर तार बजाई हात्तीहरूलाई भगायो ।

Downloaded from http://www.dhamma.digital

# २.१. (क) उदेनको जन्म

त्यस समय **कोसम्बिमा** '**पुरन्तप्त**' भन्ने राजाले राज्य गर्दथ्यो । एक दिन राजा आफ्नी महारानीसँगै दरवारको छतमा बिहानको घाम तापिरहेको थियो । महारानी गर्भवती थिइन् । तिनले राजाले ओड्ने धेरै मोल पर्ने रातो कम्बल ओडेर राजासँग कुरा गरिरहेकी थिइन् । त्यसबेला राजाको औंलाबाट एक खाल मूल्य पर्ने औंठी झिकी आफ्नो औंलामा लगाइन् । ठीक त्यसै बेला '**हत्थिलिङ्ग सकुण**' भन्ने विशाल काय भएको एउटा पंछि आकाशमा उडिरहेको थियो । रातो कम्बल ओडेकी महारानीलाई टाढैबाट देखी मासुको डल्लो सम्झी पखेता फैलाई वायु-बेगले तल ओर्ल्यो । बेगले पंछि ओर्लेको आवाज सुनी राजा डराएर छिट्-छिटो कोठा भित्र पस्यो । महारानी गर्भवती भएकोले छिटो डौड्न सकेन । यतिकैमा पंछिले तिनलाई झम्टेर आफ्नो खुट्टाको नग्राले च्यापी आकाशमा उडेर गयो ।

महारानी मरण-भयले थर-थर काँप्दै यसरी सोचिन्– "म अहिले चिच्याएर कराएँ भने यसले मलाई जहाँ पायो त्यहाँ छोड्ने छ । यसो भयो भने म सहित मेरो गर्भको बालकको पनि मृत्यु हुनेछ । जहाँ बसेर यसले मलाई खान खोज्छ; त्यही चिच्याउनु पर्ला ।" यसरी सोचेर महारानीले आफ्नो पण्डित्याईले कष्ट सही रहिन् ।

त्यस बेला हिमालय प्रदेशमा एउटा ठूलो मण्डपाकारको वरको वृक्ष थियो । त्यस पंछिले पशुहरूलाई त्यहीं लगेर खाने गर्थ्यो । महारानीलाई त्यहीं लगेर एउटा हाँगाको काप्चामा राख्यो । अनि आफू आएको बाटो हेर्न थाल्यो । यसरी बाटो हेर्ने तिनीहरूको स्वभाव-धर्म थियो । त्यही क्षणमा महारानीले दुइवटै हात निकाली तालि बजाई चिच्याएर उसलाई भगाउन तिनी सफल भइन् ।

त्यही दिनको साँझमा महारानीलाई प्रसव वेदना भयो । चारैतिर

Downloaded from http://www.dhamma.digital

बादलले छायो । रातभरी निन्द्रा परेन । ठूलो कष्ट सही रात बिताइन् । बिहानको मिर्मिरे उज्यालो भयो । बादल हट्दै गयो । आकाश सफा देखियो । अरूणोदयको सँगसँगै बालकको जन्म भयो । महारानीले यी सबै प्राकृतिक दृश्य र ऋतु अनुरूप आफ्नो पुत्रलाई '**उदेन**' भनी नामाकरण गरिन् ।

अल्लकप्प तपस्वी त्यही वर-वृक्षको आसपासमा बसिरहेको थियो । पानी पर्दा फलमूलको लागि तपस्वी जङ्गलमा जाँदैनथ्यो । पंछिहरूले मासु खाएर खसालेका हाडहरू जम्मा पारी कुटेर सूप बनाई पिउने गर्थ्यो ।

त्यस दिन पनि वर-वृक्ष मुनि हाडहरू बटुल्दै गर्दा उसले माथिबाट बच्चा रोएको आवाज सुन्यो । अगाडि गएर हेर्दा महारानीलाई देख्यो । उसले कारण सोधे पछि तिनले घटेका घटनाको वर्णन गरिन् । तपस्वीले एक तिर रूखमा चढ्ने बाटो बनाई नवजात शिशुलाई तल ल्यायो । महारानी पनि वृक्षबाट ओर्लिन् । दुबैलाई आफ्नो आश्रममा लगी शील भङ्ग नगरिकन दया-माया गरी पालन पोषण गरी राख्यो ।

केही समय बितेपछि महारानीले यसरी विचार गरिन्– "मलाई यहाँ आउने बाटो पनि थाहा छैन । दरवारमा फर्कने बाटो पनि थाहा छैन । मलाई यो तपस्वीको पनि विश्वास छैन । यदि यो तपस्वी हामी दुइलाई यही छोडेर कतै गई दियो भने हामी दुबै यहीं मर्नेछौं । त्यसकारण यसको शील जसरी गरेर भएपनि भङ्ग गरी दिनु पर्‍यो ।"

यति सोचेर तिनले तपस्वीलाई मायाजालमा फँसाइन् । त्यसपछि तिनीहरू मिलिजुलि बस्न थाले ।

एकदिन तपस्वीले नक्षत्र योग हेरिरहँदा कोसम्बिको पूरन्तप्प राजाको देहान्त भएको कुरो थाहा पाएर तिनलाई भन्यो । तिनी रून थालिन् । रोएको कारण सोधे पछि तिनले भनिन्– "मेरो छोरो त्यस कुल-वंशको राज्यको अधिकारी हो । आज त्यहाँ भएको भए मेरो पुत्र

Downloaded from http://www.dhamma.digital

राजा हुने थियो ।"

तपस्वीले भन्यो– "भद्रे ! चिन्ता लिनु पर्दैन । यदि उसलाई राज्य प्राप्त गराउने इच्छा छ भने म त्यसको उपाय गर्दछु ।"

अनि तपस्वीले राजकुमारलाई हत्थिकन्त वीणा दिई हत्थिकन्त मन्त्र सिकाई दियो । राजकुमारले यसलाई बार-बार प्रयोग गरी हेऱ्यो । कार्य सफल भएपछि तपस्वीलाई यस कुराको जानकारी दियो ।

यो कुरो आमा चाँहिले थाहा पाए पछि आफ्नो छोरोलाई सम्बोधन गरी भनिन्– "प्रिय पुत्र ! तिमी कोसम्बिको पूरन्तप्प राजाको छोरो हो । तिनले विगतमा घटेका घटनाको सम्पूर्ण विवरण सुनाइन् । त्यहाँका सेनापति आदि मुख्य-मुख्य व्यक्तिहरूको परिचय दिइन् । 'तिमी कोसम्बि गएर तिमीले भनेको कुरामा त्यहाँका जनताले विश्वास नगरेको खण्डमा राजाले ओड्ने '**यो रातो कम्बल**' तथा उनले लगाउने '**यो औंठी**' प्रमाणको रूपमा देखाउनु' भनी अनेक अर्ति बुद्धि दिई पठाइन् ।"

तपस्वीले पनि राजकुमारलाई माया गरी मन्त्र उच्चारण गरी तार बजाउने तरिका राम्रोसँग सिकाएर चाँहिदो अर्ति दियो । राजकुमारले दुबै आमा-बाबुलाई वन्दना गरी भाषा बुझ्ने हात्तीमा चढेर गयो । त्यस हात्तीले अरू हजारौं हात्ती साथमा लिई राजकुमारलाई कोसम्बि राज्यमा पुऱ्याई दियो ।

कोसम्बिमा पुगेपछि त्यहाँका जनतालाई आफ्नो परिचय दियो । त्यहाँ भएका सेनापति आदिको नाम लिई सबैको विश्वास दिलाउनमा सफल भयो । त्यसमाथि पूरन्तप्प राजाले ओड्ने **कम्बल** तथा उनले लगाउने **औंठी** प्रमाणको रूपमा देखाए पछि त्यहाँ भएका जनता तथा राजकर्मचारीहरूलाई पूरा विश्वास लाग्यो । अनि उनलाई राज्य सुम्पि दिए । सबैले उनलाई '**राजा**' भनी स्वीकार गरे ।

Downloaded from http://www.dhamma.digital

# २.१. (ख) घोषकको जन्म

एक समय **अल्लकप्प राष्ट्र**मा अनिकाल पऱ्यो । त्यहाँ **अहिवातक रोग**ले धेरै मानिसहरूको मृत्यु भयो । त्यहाँको '**कोतुहलिक**' नामक एक जना मानिस '**कालि**' भन्ने आफ्नी पत्नीलाई लिई सानो छोरो बोकेर जीविकाको लागि **कोसम्बि**तिर लागे । जादाँ-जाँदै बाटो खर्च सकियो । भोकले सतायो । छोरोलाई बोकेर हिड्ने समर्थ भएन । उसले स्वास्नीलाई बोलाएर भन्यो– "भद्रे ! हामी बाँची रहेमा सन्तान भई हालिन्छ । अहिले छोरोलाई बाटोमा नै छोडेर जाउँ ।"

आमाको हृदयले आफ्नो सन्तानलाई कहाँ त्याग गर्न सकिन्छ र ! "पालो, पालो गरी बोकेर लैजाउँ" भनी तिनले भनिन् । बाटोमा हिड्दा हिड्दै भोक र प्यासले अशक्त भई स्वास्नीलाई त्यही कुरा दोहऱ्यायो । स्वास्नी चाहिँ मानेन । छोरो बोक्ने पालो लोग्नेको थियो । जाँदा-जाँदै छोरो निदायो । एउटा रूख मुनि छोरोलाई सुताएर फटाफट हिड्यो । स्वास्नीले थाहा पाएर फर्केर लिन आउँदा छोरो मरिसकेको थियो ।

यसरी छोरोलाई बाटोमा फ्याँकेको पापले गर्दा उसलाई अर्को जन्ममा सात पटकसम्म फ्याक्न लगाएको थियो । पापकर्म भनेको सानो सम्झनु हुँदैन ।

तिनीहरू जाँदाँ-जाँदै एक जना गाई पाल्नेको घरमा पुगे । त्यो दिन त्यस घरमा '**धेनु–मगल**' को **उत्सव** थियो । थुप्रै खीर बनाई राखेको थियो । त्यस घरमा दिनहूँ एक जना **प्रत्येक बुद्ध** भोजनको लागि आउनु हुन्थ्यो । उहाँलाई भोजन गराई **मंगल-कार्य** गऱ्यो । घर धनीले तिनीहरूलाई 'कहाँबाट आएको' भनी सोध्यो । तिनीहरूले भए, घटेका घटनाहरू सबै सुनाए । कुरा सुनेर घर-धनीलाई साह्रै दया लाग्यो । तिनीहरूलाई पुग्ने गरी घिउ राखी खीर दिन लगायो । लोग्ने चाहिंले धेरै दिनको भोको पेटमा मात्रा भन्दा बढी खीर खायो । खीर पचाउन

Downloaded from http://www.dhamma.digital

नसकी राती उसको मृत्यु भई त्यही घरको कुकुरनीको कोखमा जन्म लियो ।

स्वास्नी चाँहिंले लोग्नेको दाह-संस्कार गरी त्यही घरमा नोकर्नी भई बसिन् । भिक्षाको लागि प्रत्येक बुद्ध त्यस घरमा आउने भएकोले तिनले दिनहूँ उहाँको सेवा-सत्कार गरी पुण्य संचय गरिन् ।

केही महिनापछि कुकुरनीले एउटै मात्र छाउरा पाइन् । स्याहार पुगेकोले छाउरा बढेर ठूलो भयो । घर-धनी दिनको दुइ पटक प्रत्येक बुद्धको सेवा-उपस्थानको लागि जाँदा कुकुरलाई पनि साथमा लिई जान्थ्यो । बाटोको बीच-बीचमा भूईंमा लट्ठीले आवाज आउने गरी हिर्काई जङ्गली पशु-पंछीहरूलाई भगाउने गर्थ्यो ।

एक दिन उसले प्रत्येक बुद्धलाई यसरी बिन्ति गऱ्यो– "भन्ते ! कहिले-काहिं म हजूरलाई बोलाउन आउन नभ्याउँदा यो कुकुरलाई पठाई दिन्छु । कुकुर आएको देखेपछि हजूर घरमा आउनु होला ।"

त्यसबेला देखि फुर्सद नहुने दिनमा कुकुरलाई पठाई दिन्थ्यो । कुकुर दगुरेर जान्थ्यो । बाटोमा जहाँ-जहाँ मालिकले लट्ठीको आवाज दिई जंगली पशु-पंछी भगाउँथ्यो; त्यहाँ-त्यहाँ तीन पटक भुक्ने गर्थ्यो । प्रत्यके बुद्ध कहाँ पुगेर तीन पटक भुकेर आवाज दिइसकेपछि उहाँ बाहिर ननिस्कुञ्जेल एकातिर बसिरहन्थ्यो । उहाँ निस्कनु भएपछि बाटोमा अगुवाई गर्दै घर ल्याई पुऱ्याउने गर्थ्यो ।

एकदिन प्रत्येक बुद्धको चीवर झुत्रो भएको देखेर घर-धनीले उहाँलाई वस्त्र दान दियो । उहाँले भन्नु भयो– "उपासक ! चीवर भनेको एकलैले सिउन गाहारो छ । चीवर सिउन सजिलो हुने ठाउँमा जान्छु" भन्नु हुँदै उहाँ आकाश मार्गबाट '**गन्धमादन पर्वत**' तिर हेरी जानु भयो ।

प्रत्येक बुद्ध आकाश माथि गइरहनु भएको देखेर कुकुरले विरह थाम्न नसकी त्यहीं उसको मृत्यु भयो ।

Downloaded from http://www.dhamma.digital

कुकुरको जन्म लिएर पनि प्रत्येक बुद्धलाई प्रेमपूर्वक सेवा गरी भुकेको कारणले ऊ '**तावतिंस देवलोक**' मा महान भोग सम्पत्ति सहित देवपुत्र भई उत्पन्न भयो ।

देवलोकमा उत्पन्न हुने प्राणीहरू त्यहाँबाट चार कारणले च्यूत हुन्छन्-(१) आयु सकेर (२) पुण्य सिद्धिएर (३) आहार सकेर र (४) क्रोध आदिको कारणले ।

जो धेरै पुण्य-कर्म गरी देवलोकमा जान्छ; ऊ पूर्ण आयुसम्म बाँच्दछ । जसको पुण्य थोरै हुन्छ; ऊ अल्पायुमा नै च्यूत हुन्छ । यो देवपुत्र पनि अल्पायुमा नै च्यूत भई कोसम्बिमा नगरशोभनी अर्थात् वेश्याको कोखमा जन्म भयो ।

वेश्यावृत्तिमा लागेकाहरूले छोरोलाई हुर्काउने काम गर्दैनन् । त्यसैले बच्चा जन्मने बित्तिकै सानो डालोमा राखी धुलो फ्याक्ने ठाउँमा फ्याँक्न पठायो ।

Downloaded from http://www.dhamma.digital

## २.१. (ग) घोषकलाई मार्ने षद्यन्त्र

धुलोमा फ्याकिएको नव-जात शिशुलाई चारै तिर काग र कुकुर हरूले घेरेर बसेका थिए। पूर्व-जन्ममा प्रत्येक बुद्धलाई बडो स्नेहपूर्वक सेवा गरेर आएको पुण्यको प्रभावले शिशुलाई कसैले केही गर्न सकेन। त्यसबेला एक जना मानिस घुम्दै त्यहाँ आइपुगेछ। काग तथा कुकुर हरूको बथान देखेर 'त्यहाँ के रहेछ' भनी हेर्न जाँदा '**नव-जात शिशु**' लाई देखी '**पुत्र-स्नेह**' उत्पन्न भयो। 'मलाई पुत्र प्राप्त भयो' भनी खुशी भई बालकलाई घरमा लिएर गयो।

त्यस दिन कोसम्बिको सेठले राजदरवारमा गएर फर्किरहेका पुरोहितलाई भेटेर सोध्यो– "आचार्य ! आजको नक्षत्र-योग कस्तो छ ?"

पुरोहितले भन्यो– "आज यो नगरमा जन्मेको बालक यो देशको सबै भन्दा ठूलो सेठ हुनेछ।"

त्यसबेला सेठको पत्नी सुत्केरी हुने बेला भइरहेको थियो। उसले एक जना नोकरलाई आफ्नी पत्नी सुत्केरी 'भयो, भएन' सोध्न पठायो। सुत्केरी भएको छैन भन्ने थाहा पाए पछि '**काली**' भन्ने दासीलाई एक हजार रूपियाँ दिई 'यो नगरमा घुमेर आज जन्मेको बालकलाई एक हजार रूपियाँ तिर्नु परे पनि तिरेर ल्याउनु' भनी काम अह्राएर पठायो। कालीले त्यही दिनमा जन्मेको बालक भेट्टाई एक हजार रूपियाँ तिरेर ल्याइन्।

सेठले बालकलाई हेरेर विचार गर्‍यो– "मेरो छोरी जन्मेछ भने यसैसँग विहे गरी दिई यसलाई श्रेष्ठीको स्थान दिई छोरीलाई मालिकनी बनाई दिन्छु। मेरो छोरो जन्मेछ भने यसलाई मार्न लगाउँछु।" यसरी मन मनै सोचेर नव-जात शिशुलाई पालेर राख्यो।

केही दिनपछि उसकी पत्नीले छोरो पाइन्। सेठले सोच्यो– "अहिले नै यो बच्चालाई मार्न लगाउन पाए मेरो छोरोले श्रेष्ठीको स्थान

Downloaded from http://www.dhamma.digital

प्राप्त गर्नेछ ।"

उसले कालीलाई बोलाएर भन्यो– "काली ! गोठबाट गाई-गोरु निस्कने बेलामा गोठको ढोकाको बीचमा यो बालकलाई तेर्सो सुताई देऊ । अनि गाई-गोरुले कुल्चेर 'मऱ्यो कि मरेन' हेरेर मलाई खबर गर्नु ।"

कालीले त्यस्तै गरी । तर त्यो दिनमा गोठबाट सबै भन्दा पछि निस्कने नाइके गोरु सबभन्दा पहिल्यैं निस्केर त्यस बच्चालाई आफ्नो चारखुट्टाको बीचमा राखी बचाई राख्यो । गोठालोले यसो हेर्दा बालकलाई देखेर पुत्र-स्नेह उत्पन्न भई "मलाई पुत्र लाभ भयो' भनी बोकेर घर लग्यो ।

काली दासीले त्यहाँ भएको घटना सबै सुनाए पछि सेठले फेरि एक हजार रूपियाँ दिई बच्चा फर्काएर लिन लगायो ।

सेठले कालीलाई फेरि भन्यो– "जाऊ ! आज बिहान सवेरै पाँच शय वटा गाडा व्यापारको लागि लैजाने छन् । यसलाई लगेर गाडाको पाङ्ग्रा गुड्ने ठाउँमा सुताई यसलाई चकनाचूर पारेको खबर लिएर आउनु ।"

दासीले त्यस्तै गरी राखी । तर सबभन्दा पहिले निस्केको गाडा त्यहाँ पुग्दा रोकियो । केही गरे पनि बयलहरू अगाडि बढेन । उज्यालो भयो । गाडावान ओर्लेर हेर्दा मायालाग्दो बच्चालाई देखेर घरमा लिएर गयो ।

कालीले सबै कुरा सेठलाई सुनायो । उसले फेरि एक हजार रूपियाँ दिई बच्चा लिन पठाई कालीलाई भन्यो– "यसलाई श्मशानमा लगी झारपात भएको ठाउँमा सुताई दिनु । त्यहाँ कुकुर अथवा भूत आदिले मार्ने पनि हेरेर मलाई भन्न आउनु ।"

कालीले त्यसलाई श्मशानमा लगी झारपातमा सुताई एक छेउमा उभिएर हेरिरहिन् । उसलाई मार्न कुनै पनि प्राणी अगाडि बढ्न सकेन ।

Downloaded from http://www.dhamma.digital

उज्यालो भएपछि थुप्रै वस्तुहरूको बीचबाट एउटी दूधालु बाखी घाँस खाँदै बच्चाकहाँ पुगी उसलाई दूध ख्वाउन थाली । यो दृश्य देखी गोठालोले बालकलाई बोकेर घर लग्यो ।

सेठले फेरि पनि एक हजार रूपियाँ दिई बच्चालाई फर्काएर ल्याउन लगायो । सेठले कालीलाई बोलाएर भन्यो– “जाऊ, यसलाई चोर -डाँकाहरूलाई खसालेर मार्ने पर्वतको प्रपातमा खसाली मरेको खबर लिई आउनु ।”

काली पर्वतको टुप्पामा गई त्यहाँबाट तल बच्चा खसाली दिइन् । त्यस प्रपातमा ठूल-ठूला बाँसका झाङ्गमा बच्चा अड्कियो । त्यो दिन बाँसको काम गर्ने नाइकेको बाँस लिन जाने पालो थियो । उसले बाँस काट्न खोज्दा बच्चा रोएको आवाज सुनेर हेर्न जाँदा बालकलाई देख्यो । बालकलाई देखी खुशी भई ‘मलाई पुत्र लाभ भयो’ भनी घर लिएर गयो ।

त्यहाँबाट फर्केर आएकी काली दासीको कुरा सुनेर बच्चालाई केही गरे पनि मार्न नसकेकोले सेठ हैरान भई दिक्क मान्यो । फेरि पनि एक हजार रूपियाँ तिरेर बच्चा फिर्ता ल्याउन लगायो । उसले बालकलाई मार्ने प्रयत्न गर्दागर्दै ठूलो भयो । उसको नाम‘**घोषक**’ नै राखियो । सेठलाई त्यो केटो पटक्कै मन पर्दैनथ्यो । ‘उसलाई कसरी मार्ने’ भन्ने चिन्तामा ऊ डुबिरह्यो ।

एक दिन ऊ कुम्हाले साथी कहाँ गएर भन्यो– “मेरो एउटा कुलांगार छोरो छ । त्यसलाई मारेर तिम्रो भाँडाकुडासँगै जलाई देऊ । म तिमीलाई एक हजार रुपियाँ दिन्छु ।” कुम्हालेले ‘हुन्छ’ भनी स्वीकार गऱ्यो ।

भोलिपल्ट सेठले घोषकलाई कुम्हाले कहाँ पठाई दियो । बाटोमा जाँदा गुच्चा खेलिरहेको भाइले देखेर भन्यो– “दाजु ! तपाई जाने काममा म गई दिन्छु । गुच्चा खेलेर म धेरै हारेँ । तपाईले खेलेर जिताई दिनुस् ।”

Downloaded from http://www.dhamma.digital

घोषकले 'भइहाल्यो, म आफै जान्छु' भन्दा भन्दै जिद्दी गरेर भाइ चाँहिं कुम्हाले कहाँ गयो। कुम्हालेले सेठले अह्राए बमोजिम काम सकाई दियो।

यता घोषक दिनभरी गुच्चा खेलेर साँझमा घर फर्क्यो। भाइलाई सम्झाउँदा-सम्झाउँदै पनि नमानिकन कुम्हाले कहाँ गएको सबै कुरा सुनायो। उसको कुरा सुनेर सेठको शरीरबाट पसिना निस्क्यो। 'मेरो सर्वनाश भयो' भन्दै चिच्याउँदै ऊ कुम्हाले कहाँ पुग्यो। त्यतिञ्जेल कुम्हालेले उसको छोरोलाई उसले भने बमोजिम काम भ्याइसकेको थियो। सेठलाई पर्वतले थिचेको जस्तै भयो। ठूलो शोक र सन्ताप भई दाह भयो।

निरपराधीलाई अपराध गरेको भोग यस्तै भोग्नु पर्दो रहेछ।

भगवान बुद्धले भन्नु भएको पनि छ–

**"यो दण्डेन अदण्डेसु–अप्पदुट्ठेसु दुस्सति।**
**दसन्नमञ्जतरं ठानं–खिप्पमेव निगच्छति॥"**

अर्थ– दण्ड नभएकोलाई दण्ड दिने; दोष नभएकोलाई दोष दिने व्यक्तिलाई यी दश प्रकारका दुःख मध्ये कुनै न कुनै दुःख तुरन्त आइपर्दछ–

१) टाउँको दुख्ने आदि असह्य वेदना हुन्छ।

२) आफ्नो भएको धन विनाश हुन्छ।

३) अङ्ग-भङ्ग हुन्छ।

४) ठूलठूलो रोग हुन्छ।

५) पागल अथवा बहुलाउने हुन्छ।

६) राजाद्वारा दण्ड आदि भय हुन्छ।

७) नभए नभएको कुराले ठूलो निन्दाको भागी बन्नु पर्ने हुन्छ।

Downloaded from http://www.dhamma.digital

८) नाता-कुटुम्ब तथा आफन्तहरूको विनाश हुन्छ ।

९) भएको भोग सम्पत्ति नाश हुन्छ ।

१०) घर जलेर मृत्यु पश्चात् नरकगामी हुन्छ ।

Downloaded from http://www.dhamma.digital

# २.१. (घ) घोषकलाई श्रेष्ठी-पद प्राप्त

सेठले यी दश दण्ड मध्ये एक दुइ दण्ड त भोगिसकेको थियो । तैपनि **घोषक** उसको आँखाको कसिँगर बनी रह्‍यो । 'यसलाई कसरी मार्ने' भन्ने कुविचारमा ऊ डुबिरहन्थ्यो । पछि उसले एउटा उपाय निकाल्यो । उसको अरू शय वटा गाउँहरू थिए । ती गाउँहरू एक जना मानिसलाई मेनेजर बनाई जिम्मा लगाई राखेको थियो । उसैलाई खबर पठाई मार्ने नियतले चिट्ठी लेखी घोषकलाई बोलाएर भन्यो– "पुत्र घोषक ! तिमी गाउँमा गई प्रबन्धकलाई भेटेर यो चिट्ठी दिनु । चिट्ठी उसको तनुमा बाँधी दियो । घोषकलाई पढन आउँदैन । बच्चैदेखि मार्ने कोशिश गर्दागर्दै हुर्केर बढेको थियो । विचराले आफूलाई मार्ने चिट्ठी आफैले बोकेर बाबुलाई ढोगेर यसो भन्यो– "बुबाज्यू ! मसँग बाटो खर्च छैन ।"

सेठले भन्यो– "तिमीलाई बाटो खर्च चाहिँदैन । बाटोको बीचमा फलानो गाउँमा मेरो सेठ साथी छ । उसकहाँ पसेर बिहानको खाना खाएर जानु ।"

घोषक सरासर गयो । सेठको घर पत्ता लगाई घर भित्र पस्यो । सेठनी घरमा रहेछ । घोषकको परिचय लिइसकेपछि तिनलाई घोषकदेखी पुत्र-स्नेह उत्पन्न भयो । तिनकी पन्ध्र-सोह्र वर्षकी सुन्दरी छोरी थिइन् । तिनको सुरक्षाको लागि प्रासादको सातौं तल्लाको कोठामा राखी एकजना दासी मात्रै आउने-जाने व्यवस्था मिलाई राखेको थियो ।

त्यो दिन सेठकी पुत्रीले दासीलाई बजार पठाएकी थिइन् । तिनलाई सेठनीले देखेर घोषकलाई ख्वाउने, सुताउने सबै प्रबन्ध मिलाइसकेपछि मात्र बजार पठाइन् । उता छोरी चाँहि दासी ढीलो आएकीले रिसाइन् । **घोषक** भन्ने नव-युवक पाहुना आएकोले ढीलो भएको कारण सुनाइन् ।

Downloaded from http://www.dhamma.digital

'**घोषक**' भन्ने नाम सुन्ने बित्तिकै पूर्व-स्नेहले कुमारी ऊ प्रति प्रेमाशक्त भईन् । किनभने पूर्व जन्ममा **कोतुहलिक** हुँदा यी सेठकी छोरी उसको पत्नी थिइन् । ऊ त्यस बेला नोकर्नी भई काम गरी प्रत्येक बुद्धको सेवा-टहल गरी भोजन दान गरेर आएको पुण्यको प्रभावले अहिले सेठ कुलमा जन्मेकी थिइन् । त्यही जन्ममा घोषक **कोतुहलिक** छँदा आफ्नो छोरोलाई बाटोमा छोडेर आएको पाप कर्मले गर्दा अहिले उसलाई सात पटकसम्म मार्न लगाएको हो । तर कुकुर भई जन्म लिंदा स्नेहपूर्वक भुकेर प्रत्येक बुद्धको सेवा गरेको कारणले जस्तो उपाय गरेर उसलाई मार्न लगाए पनि मार्न नसकेको हो ।

सेठ-पुत्रीले दासीको मद्दत लिई सुतिरहेको घोषकको तनुमा बाँधिएको पत्र निकालेर पढिन् । अनि तिनले अर्को पत्र यसरी लेखिन्– "साथी ! मेरो छोरो घोषक तिमी कहाँ आउँदैछ । गाउँको बीचमा पर्ने गरी पर्खालले घेरेर चिटिक्क परेको घर बनाई दिनु । जनपदको सेठ-पुत्रीसँग विवाह गरी दिई शयवटा गाउँबाट उपहार दिन लगाई यसको खबर मलाई पठाई दिनु । पत्र लेखिसकेपछि उसको तनुमा पहिले जस्तै बाँधी दिई ।

घोषक निद्राबाट ब्युउँभ्हेर उठी सरासर गाउँतिर लाग्यो । बाटैमा प्रबन्धकसँग भेट भई पत्र दियो । पत्रमा लेखे बमोजिम समयमा नै सबै काम भ्याईसकेपछि विवरणसहित चिट्ठी लेखी सेठलाई पठाई दियो ।

चिट्ठी खोलेर हेरी सेठ साह्रै दिक्क भई मन मनै सोच्यो– "**म ताक्छु मुढो, बञ्चरो ताक्छ घुँडो**" भने झैं म जे सोच्छु त्यस्तो हुँदैन । अब के गर्ने ?"

शोक-सन्तापले ऊ छट्पटिन थाल्यो । पेट पोल्यो । अतिसार भयो । ओछ्यानमा पऱ्यो । तैपनि उसको दुष्ट्याइँ समाप्त भएन । उसलै एक जना सेवकलाई बोलाएर भन्यो– "जाऊ, मेरो छोरोलाई यहाँ बोलाएर ल्याऊ ।"

Downloaded from http://www.dhamma.digital

उता सेठ-पुत्रीले त्यस मानिसलाई घरैमा पालेर राखीन् । सेठले अर्को मानिसलाई पठायो । त्यो पनि फर्केन । फेरि तेस्रो सेवकलाई पठायो । त्यतिञ्जेल सेठ ओछ्यानमा थला परिसकेको कुरो थाहा पाइन् । 'अब भने घोषकलाई सेठ विरामी भएको कुरो थाहा दिए पनि भयो' भनी विचार गरी उसलाई भनिन्– "तपाईको बुबाज्यू साह्रै विरामी हुनुहुन्छ भनी खबर आएको छ । हामी त्यहाँ गएर हेर्न जानु पऱ्यो । त्यहाँ जाँदा म सिरानमा बस्छु । तपाई उहाँले देख्ने गरी खुट्टातिर बस्नुहोस् ।"

त्यसपछि शयवटा गाउँबाट उठेका सामानहरू गाडामा राखेर तिनीहरू घर गए । सेठले बहिदारलाई बोलाएर **'मेरो सबै सम्पत्ति घोषकलाई दिने होइन'** भन्न लागेकोमा **'होइन'** भन्न नपाउँदै बुहारी चाहिँ क्वाँ-क्वाँ रोई सेठको छातिमा टाउको बजार्न पुगीन् । यतिकैमा सेठको मृत्यु भयो ।

सेठको मृत्यु भएको समाचार **उदेन (उदयन)** राजालाई बिन्ति चढायो । उसको **काज-कीरिया** सकिएपछि राजाले **'उसको कोही सन्तान छ कि'** भनी सोध्न लगायो । उसको **घोषक** भन्ने एक जना छोरो भएको र उसको सबै सम्पत्ति उसैलाई लेखी दिएको कुरा राजालाई जानकारी दिइयो ।

राजाले घोषकलाई बोलाउन पठाउनु भई ऊसँग प्रश्न गरी उसको आचरणमा संतुष्ट भएको राजाले बाबु चाहिंलाई दिई राखेको **भोग-सम्पत्ति सर्वशत बस्तु** दिई **'सेठ पदवी'** दिन लगायो । त्यो दिन घोषक सेठ रथमा बसेर नगर परिक्रमा गऱ्यो ।

यो दृश्य देखी सेठ-पुत्रीले आफ्नो चलाखीपन गर्दा यो पद प्राप्त गर्न सकेको कुरो काली दासीलाई सुनाइन् ।

कालीले भनीन्– "यतिमात्र कहाँ हो र ? घोषकलाई बच्चैदेखि मार्न सात पटकसम्म प्रयत्न गरेको र त्यसको लागि थुप्रै धन-सम्पत्ति

Downloaded from http://www.dhamma.digital

खर्च गरेको कुरो विवरण सहित तिनीहरूलाई सुनाइन् ।

तिनीहरूको कुरा सुनेर घोषक झसङ्ग भयो । उसले विचार गऱ्यो – "साच्चै मेरो कर्म साह्रै भयानक रहेछ । यतिका मरण भयबाट बचेको मानिस अब प्रमादी भएर बस्न भएन ।"

यसरी सोचेर दिनको एक हजार खर्च गरी दुःखी दरिद्रहरूलाई दिनहूँ दान दिने व्यवस्था मिलाउन लगायो ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# २.१. (ङ) श्यामावती र राजा उदेन

बुद्धकालीन समयमा भारतमा **चेतिय** भन्ने राज्यमा **भद्रवती** नामक एक नगर थियो । त्यहाँ **भद्रवतीय** भन्ने सेठको एक परिवार बस्दथ्यो । **कोसम्बि**मा पनि एक सेठ परिवार बस्दथ्यो र उसको नाम **घोषक** थियो ।

भद्रवतीबाट जाने व्यापारीहरू कोसम्बिको घोषक सेठलाई भेटेर भद्रवतीय सेठको बयान गर्थे । उता कोसम्बिबाट आउने व्यापारीहरूले पनि भद्रवतीय सेठलाई भेटेर घोषक सेठको बयान गर्थे । पछि ती दुबै सेठहरूका बीच उपहार तथा पत्रहरू आदान-प्रदान भई मित्रता स्थापना भएको थियो ।

भद्रवतीय सेठको '**श्यामा**' भन्ने एक छोरी थिई । एक दिन अचानक त्यस सेठको घरमा **अहिवातक रोग** (**प्लेग**) लाग्यो । भनिन्छ, यो रोग लाग्दा घरका कीट-पतंग देखि लिएर क्रमश: घरका मानिसहरू मर्छन् । जो-जो घरको पछिल्लो भागको भित्ता फोडेर भाग्न सफल हुन्छन् । तिनीहरूको मात्र प्राण बच्छन् । त्यसैले भद्रवतीय सेठ आफ्नी धर्म पत्नी र छोरी श्यामालाई लिई पत्र-मित्र घोषक सेठ कहाँ जान घरको भित्ता फोडेर निस्क्यो । बाटो लामो थियो । कोसम्बि नपुग्दै उनीहरूसँग भएको बाटो खर्च र खानेकुरा सकियो । दुइ तीन दिनसम्म तीनै जना भोक भोकै हिडे ।

उता घोषक सेठले एउटा धर्मशाला बनाई **सदावर्त दानशाला**बाट सँधै गरीब गुरुवाहरूलाई भिक्षा-दान दिने गर्दथ्यो । भद्रवतीय सेठ त्यस धर्मशालानिर पुग्दा ती तीनै जना साह्रै भोकाएका, तिर्खाएका, थाकेका र अनुहार हेर्नै नहुने गरी गलेका अवस्थामा थिए । 'केही दिन यसै धर्मशालामा बसी, खाई अलि हेर्न लाएक भएपछि मात्र नुहाई-धुवाई गरी मित्रको घरमा जानु पर्ला' भन्ने विचार गरी छोरी श्यामालाई

Downloaded from http://www.dhamma.digital

दानशालामा भिक्षा माग्न पठायो। विचरी श्यामा लजाउँदै गई तीन भाग भिक्षा मागेर ल्याइन्।

पत्नी चाहिँले पतिलाई यसो भनिन् – "स्वामी ! विपत्ति भनेको जस्तोसुकै ठूलो कुलीनलाई पनि आइपर्छ। हाम्रो चिन्ता लिनु पर्दैन। जति खान मन लाग्छ खानुहोस्।"

यसरी आश्वासन दिंदै तीन भाग भिक्षा अधि राखी दिइन्। केही दिनदेखिको भोकले पीडित भएको सेठले खाना खायो। तर सो खाना पचाउन नसकी त्यही रातमा त्यसै धर्मशालामा उसको देहान्त भयो। दुबै आमा-छोरी रूदै विलाप गर्दै सेठको दाहसंस्कार गरिसकेपछि श्यामा फेरि भिक्षा माग्न गइन् र दुइ भाग मात्र मागेर ल्याइन्। शोक संतप्त भइर हेकी आफ्नी आमालाई संझाई-बुझाई खाना ख्वाइन्। विचरी आमाले पनि सो खाना पचाउन नसकी राती उनको मृत्यु भयो।

अकस्मात दुबै आमा-बाबुको मृत्यु भएको कारणले गर्दा श्यामाको कलिलो हृदयमा ठूलो चोट पऱ्यो। तर गर्नु के ? धैर्यको सहारा लिनु सिवाय विचरीलाई अरू विकल्प थिएन। शोकलाई संभाली भोक मेट्न फेरि भिक्षा माग्न गइन्। आज तिनले एक भाग मात्र खाना मागेको देखी दानशालामा बस्ने **'मित्र'** भन्ने **कुटुम्बी**ले बडो दयापूर्वक श्यामासँग यसको कारण सोध्यो। श्यामाले बितेका दुःखद् घटनाहरू सुनाइन् र घोषक सेठ तिनको **मित-बा** पर्ने कुरा पनि भनिन्। श्यामाको हृदयस्पर्शी कुरा सुनी मित्र कुटुम्बीले श्यामालाई छोरीको रूपमा आफ्नो घरमा लगेर पाल्यो।

दानशालामा माग्नेहरूको भीड हुन्थ्यो। सँधै हो-हल्ला मचिरहन्थ्यो। एक दिन श्यामाले दानशालामा हल्ला हुन नदिन दोहोरो **बार** (**बार**) लगाई व्यवस्था मिलाई दिन आफ्नो धर्म-पितासँग अनुरोध गरिन्। तिनले भने जस्तै **'वार'** अर्थात् पालि भाषामा **'वती'** लगाई दिए देखिन् शान्त वातावरणमा दान दिने काम भइरह्यो। श्यामाको नाममा

Downloaded from http://www.dhamma.digital

**'वती'** शब्द थपी श्यामावती राखियो ।

घोषक सेठले दानशालाबाट हो-हल्लाको आवाज नआएको कारण थाहा पाए पछि श्यामावतीलाई 'मितको छोरी मेरो आफ्नै छोरी जस्तै हो' भनी तिनलाई पाँचशय समवयस्क स्त्री परिवारहरू दिई स्वागत सत्कार गरी घरमा ल्यायो र सुविधापूर्वक राख्यो ।

कोसम्बि नगरमा वर्षको एक पटक ठूलो महोत्सव हुन्थ्यो । त्यस महोत्सवमा घरबाट कहिल्यै ननिस्कने सुकुमारीहरू पनि पैदल गई नदीमा नुहाउन जानु पर्थ्यो । नदीमा जाँदा राजदरबारको बाटो भएर जानु पर्थ्यो । श्यामावती पनि आफ्नो पाँचशय परिचारिकाहरूका साथ नुहाउन निस्किन् । त्यस बेला कोसम्बिका राजा उदेन राजदरवारको झ्यालमा बसिरहेको थियो । परिचारिकाहरू सहित श्यामावतीलाई देखेर उनीप्रति आशक्त भएका राजाले सोधपूछ गर्दा तिनी घोषक सेठको छोरी भनी थाहा पाएपछि 'तिनलाई तुरन्तै दरवारमा पठाउनु' भनी सन्देश पठायो । तर घोषक सेठ राजाको आज्ञा मान्न तयार भएन । अनि राजा रिसाएर सेठ-सेठानी दुबैलाई बाहिर निकाली घरमा ताल्चा मार्न लगाइयो । नदीमा नुहाएर फर्केकी श्यामावतीले आमा-बाबु दुबै घर बाहिर बसिरहेको देखेर "के भयो, किन घर बाहिर बसिरहनु भएको ?" भनी सोधिन् । घोषक सेठले राजा उदेनको कुरा सुनाए पछि पाँचशय परिचारिकाहरू सहित श्यामावती दरवारमा जान तयार भइन् । श्यामावतीको यस्तो निर्णय सुनेर राजा खुशी भई असल लग्न विचार गराई श्यामावतीलाई दरवारमा ल्यायो । तिनलाई **अग्रमहिषी**को अभिषेक दिई बेग्लै दरवारमा राखी पाँचशय स्त्री परिवारलाई महारानीकै परिवार घोषित गरियो ।

Downloaded from http://www.dhamma.digital

# २.१. (च) राजा चण्डप्रद्योत र राजा उदेन

**चण्डप्रद्योत उज्जैन देश**को राजा थियो । उनी आफ्नो राज्यको श्रीसम्पत्तिमा खूब घमण्ड गर्थ्यो । तर कोसम्बिका **राजा उदेन**को सम्पत्ति उनको भन्दा कमि थिएन । राजा उदेनले **हस्तिकन्त मंत्र** जानेको र उनी हस्ती सेनामा बलियो थियो ।

राजा चण्डप्रद्योतले उदेन राजालाई षडयन्त्र गरी जित्ने योजना बनाउन लगायो । काठको सेतो हात्ती बनाउन लगाई अनेक तरहले छलछाम गरी उदेन राजालाई एक्लै एकान्त स्थानमा पारेर समातियो । उनलाई बन्दी बनाएर चण्डप्रद्योत राजा कहाँ ल्यायो ।

राजा चण्डप्रद्योतले सोध्यो– "तिमीले हस्तिकन्त मंत्र जानेका छौ, होइन र ? यदि त्यो मंत्र मलाई सिकाई दिन्छौ भने म तिमीलाई छाडी दिनेछु । सिकाइ दिन्छौ के ?"

राजा उदेनले जवाफ दियो– "हुन्छ, सिकाई दिन्छु । तर मलाई ढोग्नु पर्दछ ।"

राजा चण्डप्रद्योतले भन्यो – "अहँ, म ढोग्दिन ।"

राजा उदेनले भन्यो– "न ढोगे म पनि सिकाई दिन्न ।"

राजा चण्डप्रद्योतले भन्यो– "त्यसो भए तिमीलाई मार्नेछु ।

राजा उदेनले जवाफ दियो– "हुन्छ, मार । यो शरीरलाई मात्र तिमीले मार्नेछौ; मेरो मनलाई मार्न सक्दैनौ ।"

उनको वीरतापूर्ण कुरा सुनी चण्डप्रद्योत राजाले विचार गर्‍यो– "यो मंत्र जसरी भएपनि सिक्नु पर्दछ । यसमा अरूलाई थाहा दिनु हुँदैन । बरु आफ्नो छोरीलाई सिक्न लगाई पछि उनीसँग सिक्नु वेश होला ।"

यसरी विचार गरिसकेपछि उनले राजा उदेनलाई भन्यो – "मेरो दरवारमा एक लंगडी छिन् । तिनले तिमीलाई ढोग्ने छिन् । तिनलाई

Downloaded from http://www.dhamma.digital

सिकाइदिन सक्छौ ?"

राजा उदेनले भन्यो– "चाहे लंगडी होस् वा लंगडा जसले मलाई ढोग्छ; उसलाई सिकाई दिन्छु ।"

उदेन राजाको कुरा सुनी चण्डप्रद्योत राजा आफ्नी छोरी **वासुलदत्ता** कहाँ गई भन्यो– "पुत्री ! एक जना **शंखकुष्ठी पुरुष**सँग एउटा **अनर्घ मंत्र** सिक्नु छ । यो कुरो अरूलाई थाहा दिनु हुँदैन । अतः पर्दा भित्र बसी उनलाई ढोगेर तिमीले त्यो मंत्र सिक । अनि म तिमीसँग सिक्ने छु ।"

ती दुइको बीचमा हुन सक्ने आसक्ततालाई बचाउन चण्डप्रद्योत राजाले वासुलदत्तालाई लंगडी र राजा उदेनलाई कुष्ठी बनाएका हुन् । हात्तीसारको पर्दा भित्र बसेकी वासुलदत्तालाई पर्दा बाहिर बसेर राजा उदेनले मंत्र पढाउन थाल्यो ।

एक दिन पढाए बमोजिम मंत्र उच्चारण गर्न नसकेकोले उदेन राजाले झोकेर भन्यो– "अरे लंगडी ! कस्तो बाक्लो ओँठ तिम्रो ? यति शब्द पनि राम्रो संग उच्चारण गर्न सक्तैनौ ? कस्ती रहेछौ तिमी ?"

यस्तो गालि सुनेर पर्दा भित्र रहेकी वासुलदत्तालाई रीस उठ्यो । तिनले भनी – "अरे शंखकुष्ठी ! कसलाई लंगडी भनेको ? के म लंगडी छु र ?" यसो भन्दै तिनले पर्दा खोलिन् । एकले अर्कोलाई देख्यो । दुबै आपसमा आसक्त भए । मंत्र सिक्ने र सिकाउने काम बहाना मात्र भयो । बरु जसरी हुन्छ दुबैजना त्यहाँबाट भाग्ने कोशिशमा लागे ।

एक दिन वासुलदत्ताले आफ्नो पितालाई खुशी पारेर राजा उद्यान-क्रीडाको लागि गएको मौका छोपी दुबै जना हात्ती चढेर हात्तीसारबाट भागे ।

राजा उदेन आफ्नो राज्यभित्र प्रवेश गरी दरवारमा गयो । वासुलदत्तालाई अभिषेक गरी पाँच शय परिचारिकाहरू दिई महारानीको पदमा प्रतिष्ठित गरायो ।

Downloaded from http://www.dhamma.digital

**कुरु देश**मा **कम्मासद्धम** भन्ने एक **निगम** थियो । त्यहाँ **मागण्डिय ब्राह्मण** परिवार बस्दथ्यो । मागण्डिय ब्राह्मणको एउटी अति सुन्दरी छोरी थिइन् । तिनको नाम पनि **मागण्डिय** नै थियो । उनकी छोरीलाई माग्न अनेक मानिसहरू आए । तर सुन्दरी छोरीलाई योग्य वर भेट्टाउन सकेको थिएन ।

एक दिन तथागतको **करुणा समापत्ति**मा मागण्डिय ब्राह्मण र उनको धर्मपत्नीको पूर्व संस्कार देख्नु भई पात्र-चीवर ग्रहण गर्नु भई तिनीहरूको अग्निशालामा जानु भयो । ब्राह्मणले तथागतको रूप सम्पत्ति देखेर साह्रै प्रभावित भई 'यहाँलाई नै मेरो छोरी दिनु पर्ला' भनी विचार गरी अगाडि गएर बिन्ति गर्‍यो – "हे श्रमण ! मेरी एउटी सुन्दरी छोरी छिन् । तथागतलाई एकदमै सुहाउँछ । म तुरन्तै घर गएर छोरीलाई लिएर आउँछु । त्यतिञ्जेल हजूर यहीं बसिरहनु होस् ।" यति भनी ब्राह्मण दौडेर घर गयो । छोरीलाई लुगा र गहनाहरू लगाउन दिई आफ्नी पत्नी ब्राह्मणी सहित पुन: त्यहाँ आइ पुग्यो ।

त्यतिञ्जेल तथागत त्यहाँबाट उठेर पाद-चिन्ह देखिने गरी छोड्नु भई अर्कै ठाउँमा गई बस्नु भयो । ब्राह्मणी पनि पाद-चिन्हको लक्षण शास्त्रमा पारंगत थिइन् । तिनले पाद-चिन्ह हेरेर भनिन्– "यो महापुरुषको पाद-चिन्ह हो । यस्तो पुरुष पञ्चकामको विषय-वासनामा कदाचित भुल्दैन ।"

यसरी कुरा गर्दै तिनीहरूले यताउति हेर्दा तथागतलाई देखेर त्यहाँ गएर ब्राह्मणले भन्यो-"श्रमण यी मेरी छोरी तथागतको सेवा सुश्रुषाको लागि ल्याएको छु । ग्रहण गर्नु होस् ।"

'तथागतले हुन्छ वा हुँदैन' केही नभनी ब्राह्मणलाई सम्बोधन गर्नु भई "आफू राजदरवारबाट निस्केदेखि बुद्धत्व प्राप्त गर्नु भएको घटनासम्म सविस्तार वर्णन गर्नु भयो । बुद्ध भइसकेपछि अजपाल वृक्षनिर बसिरहँदा मार-पुत्रीहरूले त आकर्षण गर्न सकेन भने यस

Downloaded from http://www.dhamma.digital

मलमूत्रले भरिएको रूपलाई खुट्टाले पनि छुन चाहन्न ” भन्नु हुँदै यो गाथा उच्चारण गर्नु भयो–

**“दिस्वान तण्हं अरतिं रगञ्च,**
**नाहोसि छन्दो अपि मेथुनस्मिं ।**
**किमेविदं मुत्तकरीसपुण्णं,**
**पादापिनं सम्फुसितुं न इच्छे ॥”**

अर्थ– **तण्हा, अरति** र **रगा** जस्तालाई देखेर त आसक्त भएन भने अहिले यो मलमूत्रले भरिएका शरीरलाई देखेर कसरी आसक्त होला । यस्तोलाई खुट्टाले पनि छुन चाहन्न ।

यसरी बुद्धको जीवनमा घटेका घटना सुन्नुको साथै यस गाथाको अवसानमा ब्राह्मण र ब्राह्मणी दुबै जना अनागामी भए । छोरी चाहिं आफू तिरष्कृत भएकोले साह्रै रिसाइन् र अनुकूल पति पाएपछि ‘बुद्धसँग इख फेर्नेछु’ भनी मन मनै विचार गरिन् ।

ब्राह्मणले छोरीलाई भाइ मागण्डियको जिम्मा लगाई दियो । उसले तिनको लागि योग्यवर खोज्दै-खौज्दै कोसम्बिका राजा उदेन कहाँ पुग्यो । राजा उदेन सुन्दरीको अनुहार देख्ने बित्तिकै मोहित भई तिनलाई पनि पाँचशय परिचारिकाहरू दिई महारानी बनायो । यसरी राजा उदेन तीन वटी राजमहिषीहरू र पन्द्रशय परिचारिकाहरूका साथ दरवारमा बस्दथ्यो ।

Downloaded from http://www.dhamma.digital

# २.१. (छ) मागण्डियको कुचक्र

**कोसम्बि नगर**मा भगवान बुद्धको लागि तीन वटा आरामहरू बनाइएका थिए । **घोषक सेठ**ले बनाएको **घोषिताराम, कुक्कुट सेठ**ले बनाएको **कुक्कुटाराम** र **पावारिक सेठ**ले बनाएको **पावारिकाराम** । यी तीनै जना सेठहरू श्रावस्तीमा गएर तथागतलाई कोसम्बिमा पाल्नु हुन निमन्त्रणा दिए । पछि भगवान बुद्ध कोसम्बिमा आउनु भयो र पालो-पालो गरी तीनै वटा विहारमा बस्नु भयो । ती तीनै जना सेठहरूको सेवामा आउने '**सुमन**' भन्ने एक जना **मालाकार** थियो । एक दिन ती सेठहरूसँग अनुमति लिई सुमन मालाकारले तथागतलाई आफ्नो घरमा निमन्त्रणा गऱ्यो ।

**खुज्जुत्तरा** महारानी **श्यामावती**की दासी थिइन् । **उदेन राजा**ले श्यामावतीको लागि फूल किन्न दिनहूँ तिनलाई आठ **कार्षापण** दिन्थ्यो । खुज्जुत्तराले सुमन मालाकार कहाँ गई चार कार्षापणको मात्र फूल किनेर ल्याउने गर्थिन् ।

त्यस दिन फूल किन्न जाँदा सुमन मालाकारले खुज्जुत्तरालाई भन्यो– "आज मैले भगवान बुद्धलाई निम्त्याएको छु । उहाँलाई फूलले पूजा गरी भोजन दान गर्नेछु । तिमी पनि यस काममा सहभागी होऊ । भोजन कार्य भ्याइसकेपछि मात्र फूल लिएर जानु ।"

तथागतलाई प्रणीताकारले भोजन गराई सकेपछि शास्ताले अनुमोदना धर्म-देशना गर्नु भयो । खुज्जुत्तरा तथागतको धर्म-देशना सुन्दा-सुन्दै **स्रोतापत्ति मार्ग-फल**मा प्रतिष्ठित भइन् । पहिले चार कार्षापण लुकाई चार कार्षापणको मात्र फूल किन्ने गरेकोमा आज आठै कार्षापणको फूल किनेर लगिन् । धेरै फूल देखेर श्यामावती दङ्ग परिन् र 'आज राजा खुशी भएर बढी पैसा दियो कि क्या हो' भनी सोधिन् । खुज्जुत्तराले घटेका घटनाहरू विस्तारपूर्वक सुनाइन् । साथै आज भगवान

Downloaded from http://www.dhamma.digital

बुद्धको उपदेश सुनेर धर्म अवबोध भएको कुरा पनि भनिन् ।

श्यामावतीले खुज्जुत्तरालाई तुरन्तै दासत्वबाट मुक्त गरी उच्च आसनमा राखी तथागतको धर्म-उपदेश सुनाउन आग्रह गरिन् । खुज्जुत्तराले जसरी सुनेर आएको हो; त्यस्तै गरी उपदेश दिन थालिन् । उपदेशको अवसानमा श्यामावती सहित उनकी सबै परिचारिकाहरूले स्रोतापत्ति मार्ग-फल प्राप्त गरे । त्यस दिनदेखि खुज्जुत्तरा तथागतको उपदेश सुन्ने र सुनाउने काम गर्दै **बहुश्रुत** मध्ये **अग्रस्थान** प्राप्त गर्नमा सफल भइन् ।

पछि श्यामावती र तिनकी सबै परिचारिकाहरूले खुज्जुत्तरालाई तथागतको दर्शन गराउन आग्रह गरे । तर तिनीहरू राजदरवारबाट बाहिर निस्कन सम्भव नभएकोले तिनले एउटा उपाय बताइन् । घोषक आदि सेठहरूका विहारमा जान राजदरवार कै बाटो भएर जानु पर्दछ । अतः कोठाको भित्तामा प्वालहरू पारेर राखेको खण्डमा तथागत बाटोमा आउनु हुँदा उहाँको दर्शन पाउन सक्ने कुरा पनि अवगत गराइन् । तिनले भने जस्तै गरी तिनीहरूले तथागतको दर्शन गर्ने गर्थे ।

एक दिन **मागण्डिय** श्यामावतीको प्रासादमा घुम्न जाँदा भित्तामा प्वालहरू देखेर प्रश्न गरिन् । बुद्ध प्रति तिनको ईष भएको कुरा श्यामावतीलाई थाहा थिएन । तिनले बुद्धको वर्णन गरिन् र तथागतको दर्शन गर्ने गरेको कुरा पनि भनिन् ।

मागण्डियलाई तथागत कोसम्बिमा आइरहनु भएको कुरा थाहा भयो । उहाँसँग पुरानो ईष फेर्ने मनसायले सिधै राजा कहाँ गएर तिनले भनिन्– "देव ! श्यामावतीहरूको बाहिरया पुरुषहरूसँग अनुचित सम्बन्ध छ । विश्वास नभए गएर हेरी बक्शियोस् ।"

मागण्डियले ज्यादै ढीपि गरेपछि राजा गएर हेऱ्यो र त्यसको कारणहरू सोध्यो । तिनीहरूले भनेका कुरा राजालाई ठीक लाग्यो र प्वाहरू बन्द गर्न लगाई राम्रोसँग हेर्न सक्ने झ्यालहरू राखन लगायो ।

Downloaded from http://www.dhamma.digital

मागण्डियको इच्छा विपरित काम हुन गएकोले तिनको मनमा झन् डाह भयो । 'श्रमण गौतमलाई नै केही गर्न पऱ्यो' भनी द्वेषभाव राखी गुण्डाहरू जम्मा गर्न लगाई पैसा दिइन् । अनेक अपशब्दद्वारा गालि गर्न लगाई बुद्धलाई भगाउने कोशिश गरिन् । तथागतलाई गालि गरेको अपशब्द सहन नसकी आनन्द स्थविरले भगवानलाई अन्तै जाने प्रार्थना गऱ्यो ।

भगवान बुद्धले भन्नुभयो– "आनन्द ! अन्त पनि यस्तै भए के गर्ने ?"

आनन्दले बिन्ति गऱ्यो– "फेरि अन्त जाने ।"

भगवान बुद्धले भन्नुभयो– "आनन्द ! यस्तो गर्नु ठीक छैन । जुन झगडा वा प्रश्न जहाँ उत्पन्न हुन्छ, त्यसको समाधान त्यहीं हुनु पर्दछ । आनन्द ! चिन्ता नगर ! यो होहल्ला सात दिन भन्दा बढी टिक्दैन ।"

सात दिनसम्म गालि गर्न लगाएर पनि भगवान बुद्धलाई भगाउन असफल भएपछि मागण्डियले आफ्नो काका र अरूलाई कुरा सिकाएर चाहिँदो व्यवस्था मिलाइसकेपछि आठ-आठवटा जीउँदा र मरेका कुखुराहरू लिन पठाइन् । बुद्धको लागि भए श्यामावती प्राणी हिंसा गर्न समेत तयार रहेका कुरा सुनाउँदै राजालाई अनेक तरहले चुगली लगाइन् । तर यहाँ पनि राजा चूप लागेर बस्यो । मागण्डियको कुचक्र फेरि पनि बिफल भयो । तिनले सोच्न थालिन्– "अब के गर्नु पर्ला ?"

राजा एक-एक हप्ताको पालो गरी रानीहरूको प्रासादमा जाने गर्दथ्यो । भोलि श्यामावती कहाँ जाने थाहा पाएपछि आफ्नो काकालाई दाँत झिकेको एउटा सर्प लिन पठाइन् । राजा जहाँ गएपनि **हस्तिकन्त** वीणा साथैमा लिएर जान्थ्यो । तिनले त्यस सर्पलाई वीणाको तल्लो भागको प्वालमा पसाल्न लगाई फूलले प्वाल टालिदिइन् । अनि राजालाई भनिन्– "महाराज ! आज मैले साह्रै नराम्रो स्वप्न देखें । श्यामावती कहाँ नजानुहोस् । तिनको नियत ठीक छैन ।" राजालाई रोक्न नसकेपछि उनी पनि पछि लागिन् ।

Downloaded from http://www.dhamma.digital

श्यामावतीले राजालाई श्रद्धापूर्वक स्वागत गरिन् र सुस्वादिला भोजन ख्वाइन् । वीणा सिरानमा राखेर राजा खाटमा पल्ट्यो । मागण्डियले मौका छोपी वीणाको प्वालमा राखेको फूल झिकिदिइन् । सर्प निस्केर फण फैलाई फुँकार गर्न थाल्यो । मागण्डिय चिच्याउन थाली र श्यामावतीलाई भन्नु नभन्नु गालि गरी । सर्प देखेर राजा मरण-भयले डरायो । श्यामावती देखी रीसले चूर भयो । राजाले धनुष र वाण लिई वीष भरिएको वाण राखेर धनुष तान्न तयार भयो ।

तुरन्तै श्यामावतीले आफ्ना परिचारिकाहरूलाई भनिन्– "सखीहरू ! यस समय हाम्रो अरू कोही शरण छैन । राजाप्रति, मागण्डियप्रति तथा आ-आफूप्रति पनि सम-भाव राखी मैत्री चित्त फैलाऊ । कसै माथि द्वेष र कोप नगर ।"

राजाले श्यामावती सहित सबैलाई लहरै उभ्याई तिनीहरूमाथि वाण हान्न लाग्दा वाण न तान्न सक्यो; न झिक्न सक्यो; न त हान्न नै सक्यो । यस अनौठो घटनाले राजाको शरीरबाट पसिना निस्कन थाल्यो । मुटु काम्न थाल्यो । हतरपतर श्यामावतीसँग क्षमा मागी तिनको शरणमा पऱ्यो ।

श्यामावतीले भनिन्– "महाराज ! मेरो शरणमा होइन । म जसको शरणमा गइरहेछु, उनै भगवान बुद्धको शरणमा जानुहोस् ।"

राजा विहारमा गई बुद्धको शरणमा गयो । तथागतसहित भिक्षु महासंघलाई निमन्त्रणा गरी एक सप्ताहसम्म महादान दियो । साथै श्यामावतीको इच्छानुसार आनन्द स्थविर सहित पाँचशय भिक्षुसंघलाई नित्य भोजन प्रदान गर्ने अनुमति दियो ।

Downloaded from http://www.dhamma.digital

## २.१. (ज) श्यामावती र उनका सखीहरूको अतीत घटना

भगवान बुद्धसँग ईष फेर्न मागण्डियले यतिका कुचक्र चलाएको सबै निष्फल भएकोले तिनी साह्रै दिक्क भइन् । तिनले सोच्न थालिन्– "मैले जे कुरा सोचेर गर्छु, परिणाम त्यसको ठीक विपरीत हुन्छ । अब के गर्ने होला !"

फेरि तिनले मन-मनै भन्न थालिन्– "अब मैले जानेको छु ।"

एक दिन राजा क्रीडाको लागि उद्यानमा गएको थियो । त्यहीं मौका पारी तिनले आफ्नो काकालाई बोलाउन पठाइन् र भनिन्– "श्यामावतीको प्रासादको खम्बा तेलमा भिजाएको कपडाले बेरी तिनीसहित तिनका सबै सखीहरूलाई एउटै कोठामा थुनेर आगो लगाई देऊ ।"

काका चाहिंले तेलमा भिजाएको कपडाले खम्बामा लपेटिरहेको देखेर श्यामावतीका सखीहरूले सोधे– "काका ! यो के गरिरहनु भएको ?"

"घर बलियो पार्न राजाले आज्ञा दिनु भएको; तिमीहरू सबै आफ्नो कोठामा बसिरहनु" भनी सबैलाई एउटै कोठामा राखी बाहिरबाट ताच्ला मारी दियो । अनि उसले माथि देखि आगो लगाउँदै तल झऱ्यो ।

आफू बसिरहेको प्रासाद जलिरहेको देखेर श्यामावतीले आफ्नो सखीहरूलाई आश्वासन दिँदै भनी– "सखीहरू । यो संसारमा हामी यस्तो आगोमा कति चोटी परिसक्यौं होला ! अतः कसैमाथि पनि द्वेष-भाव नराखी मैत्री चित्त फैलाऊ । अप्रमादी होऊ ।"

यसपछि तिनीहरू सबैले **'वेदना परिग्रह'** भन्ने ध्यान गरी कसैले **सकृदागामी मार्ग-फल** र कसैले **अनागामी मार्ग-फल** प्राप्त गरे ।

भिक्षाटनबाट फर्किरहेका भिक्षुहरूले श्यामावतीको प्रासाद बलिरहेको देखेर भगवान बुद्ध कहाँ गई बिन्ति गरे– "भन्ते, भगवन् !

Downloaded from http://www.dhamma.digital

श्यामावतीसहित तिनकी पाँचशय सखीहरू आगोमा परेर परलोक भए। तिनीहरूको के गति भयो होला ?"

भगवान बुद्धले भन्नु भयो- "भिक्षुहरू ! तिनीहरूको मरण बिफल भएको छैन। तिनीहरू मध्ये कसैले **सकृदागामी मार्ग-फल** तथा कसैले **अनागामी मार्ग-फल** प्राप्त गरेका छन् ।" "भिक्षुहरू ! संसारमा घुमिरहँदा मानिसहरूले सँधै अप्रमादी भई पुण्य-कर्म मात्रै गर्दैनन् । प्रमादी भई पाप-कर्म पनि गर्दछन् । त्यसैले संसारमा कहिले सुख हुन्छ भने कहिले दु:ख हुन्छ ।" यस्तो भन्नु हुँदै धर्म-उपदेश दिनु भयो ।

यता "श्यामावतीको प्रासादमा आगलागी भयो" भन्ने खबर पाउने बित्तिकै राजा उदेन त्यहाँ आइपुग्यो । तर राजाले तिनीहरू मध्ये कोही पनि बचेको फेला पार्न सकेन । यस घटनाले राजालाई ठूलो चोट पर्‍यो र मन मनै सोच्यो- "यो काम अवश्य पनि मागण्डियले गराएकी हुनुपर्दछ । अब यिनलाई तर्साएर होइन, लालच देखाएर यो कुरो पत्ता लगाउनु पर्दछ ।"

राजाले सबै मन्त्रीहरू एक ठाउँमा भेला हुन आदेश दियो । अनि सबैको अगाडि यसो भन्यो- "पहिले म आशंकित र परिशंकित भएर बस्दथें । अब बल्ल शान्ति पाएँ । म माथि ठूलो स्नेह गर्नेले यस्तो काम गराएको हुनु पर्दछ ।"

त्यसबेला मागण्डिय राजासँगै बसिरहेकी थिइन् । तिनले गर्व गरी भनिन्- "महाराज ! यस्तो काम अरू कसले गराउन सक्ला र ? हजूरप्रति ठूलो स्नेह गरी आफ्नो काकालाई बोलाई मैले गर्न लगाएकी हुँ ।"

राजाले भन्यो- "रानी ! म तिमीदेखी साह्रै खुशी भएँ । तिम्रो ज्ञाति-बन्धुहरूलाई बोलाऊ । म तिमीहरूलाई पुरस्कार दिन चाहन्छु ।"

मागण्डियले सारा परिवार जम्मा पारिन् । नाता नभएकाहरू पनि नाता जोडेर आउन थाले । यतिकैमा राजाले तिनीहरू सबैलाई समात्न

Downloaded from http://www.dhamma.digital

लगाई राज-प्रांगणमा राखी दण्ड दियो । मागण्डियलाई उनको मासु काटेर तेलमा पकाई उनैलाई ख्वाएर मारे ।

एक दिन धर्म-सभामा भिक्षुहरूको बीचमा यसरी कुरा चल्यो– "श्यामावती साह्रै श्रद्धा भएकी महारानी थिइन् । तिनकी सखीहरू पनि राम्रै स्वभावका थिए । तिनीहरूको यसरी मृत्यु हुनु राम्रो जस्तो लागेन ।"

यसरी कुरा चलिरहेकै बेला तथागत त्यहाँ आइपुग्नु भयो । श्यामावती तथा उनकी सखीहरूको अयोग्य ढङ्गले मृत्यु भएको कुरा ती भिक्षुहरूले तथागतलाई बिन्ति गऱ्यो ।

भगवान बुद्धले भन्नुभयो– "भिक्षुहरू । श्यामावती र उनका सखीहरूको मृत्यु अहिलेको जन्मको हिसाबले अवश्य अयोग्य ढङ्गले भएको देखिन्छ । तर तिनीहरूले पूर्व-जन्ममा गरेर आएको कर्मको विचार गर्ने हो भने अयोग्य भन्न पनि मिल्दैन ।"

तथागतको यो कुरा सुनेर तिनीहरूले पूर्व-जन्ममा के गरेर आएको हो, त्यो कुरा थाहा पाउन सादर अनुरोध गरे ।

तथागतले भन्नुभयो– "अतीत समयमा **वाराणशी** नगरमा **ब्रह्मदत्त** राजाको राज्य थियो । त्यसबेला आठ जना **प्रत्येक बुद्धहरू** राजगृह नगरमा नित्य भोजनको लागि आउनु हुन्थ्यो । पाँचशय जना महिलाहरूले उहाँहरूको सेवा-उपस्थान गर्दथे । उहाँहरू आठ जना मध्ये सात जना हिमालतिर जानु हुन्थ्यो । एक जना नदीको किनारमा घाँसको झाङ्ग भएको ठाउँमा **निरोध समापत्ति ध्यान**मा बस्नु हुन्थ्यो ।

एक दिन प्रत्येक बुद्धहरू फर्कनु भइसकेपछि ती पाँचशय परिचारिकाहरू साथमा लिई राजा पौडी खेल्न गयो । दिनभरी पानीमा खेलिसकेपछि ती परिचारिकाहरू पानीबाट माथि आई जाडो भएकोले आगो ताप्न यताउति झाङ्ग खोज्न थाल्यो । अलि पर घाँसको झाङ्ग देखेर त्यसैमा आगो लगाई सबैले आगो ताप्न थाले । बलिरहेको आगोको

Downloaded from http://www.dhamma.digital

बीचमा समाधिमा बस्नु भएका प्रत्येक बुद्धलाई देखेर तिनीहरू साह्रै डराए। 'यो कुरो थाहा पायो भने राजाले हामीलाई मार्नेछ। बरु प्रत्येक बुद्धलाई नै भष्म गरी दिनु ठीक हुन्छ' भन्ने विचार गरी अरू झारपातहरू बटुल्दै त्यहाँ पुग्ने गरी थुपारी तिनीहरू फर्के।

**निरोध-समापत्ति**मा बस्नेलाई आगो, पानी आदि कुनै चीजले पनि छुन सक्दैन। उहाँ प्रत्येक बुद्ध पनि सात दिन सम्म समापत्तिमा बस्नु भई समाधिबाट उठेर आफ्नो ठाउँमा जानु भयो।

आगो ताप्ने हिसावले आगो बालेसम्म तिनीहरूलाई कुनै दोष लागेन। पछि 'प्रत्येक बुद्धलाई नै भष्म गर्छु' भन्ने चेतनाले आगो बालेकोले लाखौं वर्षसम्म तिनीहरूले नरक भोग गर्नु पर्‍यो। शयौं जन्मसम्म यस्तै प्रकारले आगोमा परेर मृत्यु हुनु पर्‍यो।"

श्यामावती तथा तिनका सखीहरूको पूर्व-कर्मको कुरा सुनेर ती भिक्षुहरूको शङ्का निवारण भयो।

Downloaded from http://www.dhamma.digital

## २.१. (झ) अप्रमादी निर्वाणका भागिदार बन्छ

भगवान बुद्धसँग ती भिक्षुहरूले फेरि यसरी प्रार्थना गरे– "भन्ते, भगवन् ! **खुज्जुत्तरा** किन लँगडी भएकी ? तिनले कस्तो पुण्य गरेर **त्रिपिटक-धारी, महाप्रज्ञावान** भएकी ? तिनले कसरी श्रोतापत्ति मार्ग-फल प्राप्त गर्न सकेकी ? कस्तो कर्म गरेकोले तिनी दासी भएर जन्मनु परेको ?"

तथागतले यी प्रश्नको उत्तर यसरी दिनुभयो– "भिक्षुहरू ! ब्रह्मदत्त राजाको पालामा वाराणसीमा एक जना प्रत्येक बुद्ध थियो। ऊ अलि लंगडो स्वभावको थियो । त्यसबेला एउटी **उपस्थापिका** कम्बल ओढी सुनको कलश लिई 'हाम्रो प्रत्येक बुद्ध यसरी जानुहुन्छ' भनी लंगडी भई नक्कल गरी देखाएको कर्मले गर्दा यो जन्ममा उनी लंगडी हुनु परेको हो ।

शुरूका दिनमा प्रत्येक बुद्धहरू राजदरवारमा भिक्षा आएको बेला पात्र भरी तातो खीर राखी दिएछ। पात्र समाउन नसक्ने गरी पोलेको थाहा पाई तिनले आफ्नो हातबाट आठ वटा दन्तका चुरी फुकाली दान दिई । त्यही पुण्य-कर्मको प्रभावले यो जन्ममा तिनी त्रिपिटक-धारी महाप्रज्ञावान भएकी हुन्। साथै प्रत्येक बुद्धलाई सेवा-सत्कार गरेको कारणले **श्रोतापत्ति मार्ग-फल** प्राप्त गर्न सकेकी हुन् ।

त्यस्तै **काश्यप सम्यकसम्बुद्ध**को समयमा तिनी वाराणसीको सेठ-कुलमा जन्मेकी थिइन्। एक दिन तिनी ऐना हेरी सिंगारिरहेकी थिइन् त्यही बेला एक जना अरहन्त भइसकेकी भिक्षुणी तिनलाई भेट्न आइन्। श्रृङ्गारको बाकस तिनी बसेकी ठाउँबाट अलि टाढा थियो। काम अह्राउने मानिस अगाडि कोही नभएर तिनले **क्षीणास्रवी** भिक्षुणीलाई नै श्रृङ्गार-बत्ता ल्याउन काम अह्राइन्। भिक्षुणीले विचार गरिन्– "यो चीज मैले तिनलाई ल्याई दिइँन भने तिनले म प्रति द्वेष-भाव गर्ने छिन्। जसको

Downloaded from http://www.dhamma.digital

कारणबाट तिनी **नरकगामी** हुनु पर्नेछ । ल्याई दिएँ भने यिनी दासी भई जन्मनु पर्नेछ । नरकको सन्ताप भन्दा अरूको दासी हुनु नै बेश हुन्छ ।

यसरी सोचेर तिनले सामान ल्याएर तिनलाई दिइन् । यही कर्मले गर्दा तिनी अर्काकी दासी हुनु परेको हो ।

खुज्जुत्तराको पूर्व-कर्मको कुराहरू यसरी विवरण सहित सुन्न पाउँदा खुशी भई ती भिक्षुहरूले तथागतको भाषणलाई अभिनन्दन गरे ।

एक दिन भिक्षुहरूको बीचमा यसरी कुरा चल्यो– "श्यामावती सहित तिनका पाँचशय सखीहरू आगोमा जलेर मरे । मागण्डिय तेलको कराईमा पाकेर मरिन् । तिनीहरू मध्ये कसलाई मरेको र कसलाई जिउँदो भन्ने होला !"

यसै बेला भगवान बुद्ध त्यहाँ आइपुग्नु भयो । भिक्षुहरूले त्यहाँ भइरहेको कुरा निबेदन गरे । तथागतले भन्नुभयो– "भिक्षुहरू ! जो प्रमादी भएर बस्दछ; ऊ शय वर्ष बाँचे पनि मरेको समान नै ठर्हछ । जो अप्रमादी भई बस्दछ; ऊ मरे पनि बाँचिरहेको समान हुन्छ । मागण्डिय बाँचेर बसेतापनि मरेको जस्तै हो । श्यामावती सहित तिनका पाँचशय सखीहरू मरे पनि बाँचिरहेकै समान हुन् ।"

यसै सन्दर्भमा तथागतले यी गाथाहरू प्रकाशमा ल्याउनु भयो–

**"अप्पमादो अमतपदं – पमादो मच्चुनो पदं ।**
**अप्पमत्ता न मीयन्ति – ये पमत्ता यथा मता ॥"**

अर्थ– अप्रमादी अर्थात् होशीयारी हुनु अमृत अर्थात् मर्न नपर्ने निर्वाणको बाटो हो । प्रमादी अर्थात् बेहोशी हुनु मृत्यु हुने बाटो हो । प्रमादीहरू मरे झैं अप्रमादीहरू मर्दैनन् ।

**"एतं विसेसतो ञत्वा – अप्पमादम्हि पण्डिता ।**
**अप्पमादे पमोदन्ति – अरियानं गोचरे रता ॥"**

Downloaded from http://www.dhamma.digital

अर्थ–पण्डितहरू अप्रमादको विशेषतालाई राम्रोसँग जानेर, बुझेर आर्य-धर्ममा लाग्दछन् । तिनीहरू अप्रमादी भएर बस्नुमा नै प्रमुदित हुन्छन् ।

**"ते झायिनो साततिका – निच्चं दल्हपरक्कमा ।**
**फुसन्ति धीरा निब्बानं – योगक्खेमं अनुत्तरं ॥"**

अर्थ–ध्यानीहरू सँधै वीर्य, उद्योग गर्नमा दृढ रहन्छन् । ती धीर पुरुषहरू बन्धन नभएको, भय रहित अनुत्तर निर्वाण पदलाई साक्षात्कार गरी लिनमा सफल हुन्छन् ।

यस धर्म-देशनाको अन्तमा थुप्रै मानिसहरू श्रोतापन्न भए । बाँकी रहेका जन-समूहलाई धर्म-उपदेश सार्थक भयो ।

Downloaded from http://www.dhamma.digital

# २.२. अप्रमादीको यश बढ्छ

२. (२४) "**उट्ठानवतो सतिमतो,**
**सुचिकम्मस्स निसम्मकारिनो ।**
**सञ्ञतस्स धम्मजीविनो,**
**अप्पमतस्स यसोभिवड्ढति ॥**"

यो गाथा तथागतले **वेणुवनाराम**मा विहार गरिरहनु हुँदा **कुम्भघोषकको** कारणमा प्रकाश पार्नु भएको हो ।

बुद्धकालीन समयमा राजगृह नगरमा एक श्रेष्ठी परिवार थियो । त्यस परिवार साह्रै धनी थियो । अचानक त्यस श्रेष्ठीको घरमा **अहिवातक** अर्थात् **प्लेग रोग** लाग्यो । श्रेष्ठी-श्रेष्ठीनी दुबैलाई त्यस रोगले छोइसकेको थियो । तिनीहरूको एक जना युवक छोरो थियो । श्रेष्ठीले आफ्नो छोरोलाई बोलाएर भन्यो– "बाबु ! यो रोग लाग्दा घरको भित्ता फोडेर जान सक्नेको ज्यान बच्छ । तिमी हामीहरूको पर्वाह नगर । भित्ता फोडेर जाऊ ! आफ्नो ज्यान बचाऊ । फलानो ठाउँमा चालिसकोटी धन गाडिराखेको छु । पछि आएर त्यही धन झिकेर लिई आफ्नो जीविका गर ।"

बाबुको कुरा सुनी छोरोले विलाप गर्दै आमा-बाबु दुबैलाई वन्दना गऱ्यो । मृत्यु भयबाट बच्न ऊ भित्ता फोडेर भाग्यो र पर्वतीय प्रदेशमा गएर बस्यो । बाह्र वर्ष पछि ऊ आफ्नो घर फर्क्यो र धन गाडिराखेको ठाउँमा गई हेऱ्यो । धन राखेको ठाउँ सुरक्षित थियो । बाह्र वर्ष पहिले घर छोडेर गएको हुनाले उसलाई त्यहाँका मानिसहरूले चिन्न सकेनन् ।

उसले विचार गऱ्यो– "यो गाडेको धन झिकेर ल्याएँ भने मानिसहरूले मलाई दु:ख दिन सक्छन् र राजाले पनि समात्न सक्छन् । बरु कुनै ज्यामी काम गरेर बस्नु नै वेश होला ।"

Downloaded from http://www.dhamma.digital

यसरी विचार गरेर ऊ काम खोज्न हिड्यो । उसले बिहान सबेरै मानिसहरूलाई उठाउने एउटा काम भेट्टायो । उसले दिनहूँ सबेरै उठेर यसो भन्ने गर्थ्यो– "दाजु-भाइ, दिदी-बहिनी हो ! उठने बेला भयो, उठ्नुस् । आ-आफ्नो काममा जानुहोस् । गाडामा गोरुहरू बाँध्नुहोस् । हात्ती, घोडा र पशुहरूको लागि घाँस काट्न जानुहोस् । दाल-भात पकाउने काममा लाग्नु होस् ।" यसरी भन्दै घुम्ने गर्थ्यो ।

एकदिन ऊ कराएको आवाज बिम्बिसार राजाले सुन्यो । राजा '**शब्दविज्ञ**' थियो । यो आवाज महाधनी पुरुषको आवाज हो भनी अन्दाज राजाले लगायो । उसको चेवा गर्न कुनै मानिस पठायो । 'ऊ त एकजना दरिद्र मानिस हो' भन्ने जवाफ आयो । राजालाई यो कुरो विश्वास लागेन । राजदरवारको परिचारिकाले उसको यथार्थ कुरा पत्ता लगाउने निर्णय गरी झुत्रो मैलो लुगा लगाई दुइ आमा-छोरी उनैको घरमा बास बस्न गए ।

केही दिन त्यसै घरमा बसी आमा-छोरी दुबै मिलेर उसलाई मिठो खाना ख्वाउन थाल्यो । हेरचाह गर्न थाल्यो र विस्तार-विस्तारै आफ्नो काबुमा लिन थाल्यो ।

पछि राजालाई खबर पठाई कामदारहरूको टोलमा एक उत्सव मनाउने घोषणा गरायो । त्यस मानिससँग पैसा थिएन । तर ती परिचारिकाहरूले उसलाई जहाँबाट भएपनि पैसा ल्याएर उत्सव मनाउनु पर्ने बाध्यतामा पाऱ्यो । त्यस मानिसले दिक्क मान्दै चालिसकोटी धन-गाडेको ठाउँबाट एउटा **कार्षापण** अर्थात् असर्फी ल्याएर खर्च गरी उत्सव मनायो । आमा-छोरी मिलेर उसले ल्याएको असर्फी सुटुक्क राजा कहाँ पठायो ।

केहि दिन पछि ती परिचारिकाहरूले राजाकहाँ फेरि त्यस्तै खबर पठायो । राजाले पनि 'उत्सव नगर्नेलाई यति जरिवाना हुनेछ' भनी घोषणा गरायो । परिचारिकाहरूले यस पटक पनि उसलाई उत्सव मनाउन जहाँबाट भएपनि पैसा लिएर आउने बाध्यतामा पाऱ्यो । ऊ गएर धन गाडेको ठाउँबाट

Downloaded from http://www.dhamma.digital

तीन वटा असर्फी लिएर आयो । उसले ल्याएको असर्फी राजा कहाँ पुऱ्याइसकेपछि अब उसलाई राजदरवारमा बोलाउन खबर पठायो ।

मानिसहरू आएर भने– "तिमीलाई राजाले बोलाएको छ ।" ऊ साह्रै डरायो । ऊ दरवारमा जान मानेन । ती परिचारिकाहरूले उसलाई सम्झाई-बुझाई राजदरवारमा जाने सल्लाह दिए । ऊ त्यहाँ पुग्नु भन्दा पहिल्यै ती दुबै आमा-छोरी दरवारीया भेषमा राजासँगै बसी रहे ।

राजपुरुषहरूले उसलाई राजा कहाँ पुऱ्याए । राजालाई अभिवादन गरी ऊ उभिरह्यो ।

राजाले सोध्यो– "तिमी **कुम्भघोषक** हो ?"

उसले भन्यो – "हो, महाराज !"

राजाले 'ऊ कामदार होइन; महाधनी मानिस हो' भनी उसकै असर्फी प्रमाणको रूपमा देखाएर चालिसकोटी धन राजाको प्रांगणमा थुपार्न लगायो । राजगृह नगरका जनताहरू एकत्रित गरी "यो नगरमा यतिका धन हुने मानिस अरू कोही छ ?" भनी प्रश्न गरियो । त्यतिका धन भएका मानिस त्यहाँ कोही पनि निस्केनन् ।

"त्यसो भए यी धनका मालिकलाई के गर्नु पर्ला ?" भन्ने प्रश्न गऱ्यो ।

सबै नागरिकहरूले 'उसलाई **महासम्मान** गर्नु पर्दछ' भनेपछि उनलाई '**श्रेष्ठी-पद**' दिई ती केटी पनि उनैसँग विहे गरिदियो ।

केही दिनपछि राजा कुम्भघोषकलाई लिएर भगवान बुद्धकहाँ गयो । भगवानलाई अभिवादन गरी एक छेऊमा बसी राजाले शास्तालाई बिन्ति गऱ्यो– "भन्ते, भगवन् ! मैले यो जस्तो धैर्यवान पुरुष कहिल्यै देखेको थिएन । यतिको धन भएर पनि यस पुरुषमा अभिमान थिएन । कस्तो धैर्य लिई कामदार भई बस्यो । मैले अनेक उपाय गरी यसलाई **श्रेष्ठी-पद** दिएँ ।"

Downloaded from http://www.dhamma.digital

राजाका यी कुरा सुनेर तथागतले भन्नुभयो– "महाराज ! यसरी जीविका गर्नेलाई धार्मिक जीविका भन्न सकिन्छ । चोरी आदि काम गर्नेलाई यस लोकमा पनि दु:ख हुन्छ । त्यस्तो कर्मद्वारा परलोकमा पनि सुख पाउँदैन । धन परिहानी हुँदा खेतीको काम अथवा ज्यालादारी कामद्वारा जीविका गर्नु नै धार्मिक जीविका हो । यसप्रकार वीर्य सम्पन्न भई होश राख्न सक्ने, काय र वचनबाट शुद्धकाम गर्ने, बुद्धि पुऱ्याई संयमतापूर्वक जीविका गर्नेको यश बढ्छ ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"उट्ठानवतो सतिमतो,**
**सुचिकम्मस्स निसम्मकारिनो ।**
**सञ्ञतस्स धम्मजीविनो,**
**अप्पमतस्स यसोभिवड्ढति ॥"**

अर्थ– उद्योगी भई, स्मृतिवान बनी, कुशल काम गर्ने, विचार पुऱ्याएर काम गर्ने, इन्द्रिय संयम गरी धर्मपूर्वक जीविका गर्ने, अप्रमादी भई बस्ने व्यक्तिको यश वृद्धि हुन्छ ।

Downloaded from http://www.dhamma.digital

# २.३. महापन्थक

२.(२५) **"उट्ठानेनप्पमादेन – संयमेन दमेन च ।**
**दीपं कयिराथ मेधावी – यं ओघो नाभिकीरति ॥**

राजगृहको **वेणुवनाराममा** विहार गरिरहँनु हुँदा **चूलपन्थक** स्थविरको सन्दर्भमा तथागतले यस गाथा उल्लेख गर्नु भएको हो ।

राजगृह नगरमा एक जना धनी मानिस बस्दथ्यो । उसकी एउटी राम्री युवती छोरी थिई । सेठले युवती छोरीको सुरक्षाको लागि सात तल्ले घरको सबभन्दा माथिल्लो तलामा तिनलाई राखेको थियो । आमा-बाबुले जतिसुकै सुरक्षा गरे पनि के गर्ने ? तिनले एक जना आफ्नो नोकरसँग प्रेम गरिन् । पछि आमा-बाबुले थाहा नपाउने गरी दुबै जना घरबाट भागेर गए । नगरबाट निकै टाढा एक गाउँमा बसेर दुबैले आफ्ना गुजारा चलाई रहेका थिए ।

केही समयपछि तिनी गर्भवती भइन् । जति जति तिनको गर्भ छिपिंदै गयो त्यति-त्यति तिनले माइत सम्भिन थालिन् । सुत्केरी हुने समयको भयले तिनलाई सताउन थाल्यो । सबै विवरण सहित सम्झाई माइत जाने कुरो लोग्ने चाहिंलाई भनिन् । लोग्ने चाहिं केही गरेपनि ससुराली जान मानेन ।

सुत्केरी हुने बेला नजिक हुँदै आयो । एक दिन तिनले माइत जान निश्चित् गरिन् । लोग्ने बाहिर गइरहेकै मौका पारी छर-छिमेकीहरूलाई जानकारी दिई तिनी माइततिर लागिन् ।

लोग्ने चाहिं घरमा आउँदा आफ्नी स्वास्नीलाई नदेखी यताउती सोध्न गयो । माइततिर गइसकेको कुरो थाहा पाई ऊ पनि दौडेर उतैतिर लाग्यो । बीच बाटोमा तिनलाई भेट्टायो । त्यसै बेला तिनलाई प्रसव वेदना भयो । पछि तिनले छोरो जन्माई । जुन कामको लागि माइत जान चाहेकी

Downloaded from http://www.dhamma.digital

थिइन्; त्यो काम त्यहीं पूरा भयो । दुबै जना घर फर्के । '**पन्थ**' अर्थात् बाटोमा जन्मेको हुनाले छोरोलाई '**पन्थक**' नाम राखे ।

केही बर्षपछि तिनी फेरि गर्भवती भइन् । प्रसवकाल सम्भदै तिनी चिन्तामा डुबिन् । माइत जान लोग्ने चाहिंलाई फेरि पनि आग्रह गरिन् । लोग्नेले आल्टाल् मात्रै गरी दिन बिताउन थाल्यो । आखिर केही नलागी लोग्नेलाई थाहा नदिइकन पहिले जस्तै तिनी माइततिर लागिन् ।

लोग्नेचाहिं घर आउँदा आफ्नी स्वास्नीलाई नदेखी 'यिनी फेरि पनि पक्कै माइत लागेकी होलिन्' भनी विचार गरी ऊ त्यही बाटोबाट लम्कन थाल्यो । बीच बाटोमा पुग्दा तिनलाई भेट्टायो । त्यसै बेला तिनलाई प्रसव वेदना भयो । केही समयको छटपटी पछि अर्को छोरो पाइन् ।

बच्चा सहित दुबै जना त्यहींबाट घर फर्के । यसरी दुबै बालकहरू बाटोमा पाएकोले जेठो छोरोलाई '**महापन्थक**' कान्छो छोरोलाई '**चूलपन्थक**' भनी नामाकरण गरे ।

दुबै छोराहरू हुर्के, बढे ! तिनीहरूले त्यहाँ तिनीहरूका साथीहरूको जस्तो बाजे-बज्यै र अरू आफन्तहरू नदेखेर आफ्ना आमालाई सोधे । आमा चाहिंले ती दुबै छोराहरूलाई विगतमा घटेका घटनाहरू सुनाइन् । साथै राजगृह नगरमा '**धन श्रेष्ठी**' भन्ने बाजे तथा बज्यै र अरू धेरै नाता-कुतुम्बहरू भएका कुरा पनि अवगत गराइन् ।

छोराहरू दुबैले तिनीहरूलाई बाजे-बज्यै कहाँ पुऱ्याई दिन दिनहूँ कचकच गर्न थाले । लोग्ने चाहिंलाई अनेक तरहले संम्भाई-बुझाई तिनीहरू सपरिवार राजगृह नगरमा गई एक ठाउँमा बसे । अनि तिनीहरू त्यहाँ आइपुगेको खबर आमा-बाबु कहाँ पठाए । तर आमा-बाबु हुनेले ती दुबै छोरी-ज्वाइलाई घरमा भित्र्याउन चाहेनन् । बरु चाहिने जति धन-सम्पत्ति दिएर अन्त कतै बसी जीविका गर्न अनुमति दिए । नातिहरूलाई भने घरमा बोलाएर सुविस्ता साथ राखे ।

Downloaded from http://www.dhamma.digital

महापन्थकको बाजे-बज्यैहरू भगवान कहाँ धर्मोपदेश सुन्न जाँदा उसलाई पनि साथैमा लिएर जान्थे । बुद्धको उपदेश सुनेर एक दिन महापन्थकको मनमा प्रव्रजित हुने इच्छा उत्पन्न भयो । उसले आफ्ना बाजे-बज्यैलाई सोध्यो– "यदि तपाईहरूले मलाई वचन दिनु हुन्छ भने म प्रव्रजित हुन चाहन्छु ।"

दुबै जना साह्रै खुशी भई तुरन्तै अनुमति दिए । किन भने श्रेष्ठी उच्च कुलको थियो । कसैले ती केटाहरू "कसका छोराहरू" भनी सोद्धा 'भागेर गएकी छोरीका हुन्' भनी भन्नु पर्दा तिनीहरूलाई ठूलो लाज हुन्थ्यो । त्यसैले श्रेष्ठीले महापन्थकलाई लिई भगवान कहाँ गयो र तथागतलाई निवेदन गऱ्यो– "भन्ते, भगवन् ! यो केटो प्रव्रजित हुनु चाहन्छ ।"

तथागतले उसको निवेदन स्वीकार गर्नु भयो र एक **पिण्डपाटिक** भिक्षुलाई प्रव्रजित गराउन अह्राउनु भयो ।

Downloaded from http://www.dhamma.digital

# २.३. (क) चूलपन्थक

**महापन्थक** प्रव्रजित भई बुद्धका वचनहरू निकै अध्ययन गऱ्यो । उमेर पुगेपछि उनलाई **उपसम्पदा** प्राप्त भयो । पछि उनी **विपश्यना ध्यान**मा लागी **अरहन्त** हुनमा सफल भयो ।

एक दिन ध्यान-सुखमा लीन भइरहेको महापन्थकको मनमा यस्तो विचार आयो– "यस्तो विमुक्ति सुखमा भाइ **चूलपन्थक**लाई पनि सहभागी गराउनु पऱ्यो ।"

केही दिनपछि उनी आफ्नो बाजे श्रेष्ठी कहाँ गएर यसो भन्यो– "महासेठ ! तिमीले अनुमति दिन्छौ भने चूलपन्थकलाई पनि प्रव्रजित गराउन चाहन्छु ।"

श्रेष्ठीले तुरन्तै अनुमति दियो । महापन्थकले भाइ चूलपन्थकलाई लिई विहारमा गयो । उसलाई प्रव्रजित गराई शीलमा प्रतिष्ठित् गरायो । पढाइमा चूलपन्थक कमजोर थियो ।

**"पद्मं यथा कोकनदं सुगन्धं,**
**पातो शिया फुल्लमवीतगन्धं ।**
**अङ्गीरसं पस्स विरोचमानं,**
**तपन्तमादिच्चमिवन्तलिक्खे'ति ॥"**

यो एउटा गाथा कण्ठ गर्न उसलाई चार महिना लाग्यो । माथिको लाइन कण्ठ गरे तलको लाइन बिर्सने, तलको लाइन कण्ठ गरे माथिको लाइन बिर्सने भइरह्यो ।

यस्तो भएको कारण के भने **काश्यप तथागत**को समयमा उनी प्रव्रजित भइरहँदा एक जना पढनमा कमजोर भिक्षुलाई **परिहास** गरेको थियो । जसले गर्दा त्यस भिक्षुले लाज मानेर पाठ लिने, घोक्ने काम छोडेको थियो । यही कर्म विपाकको कारणले गर्दा चार पदको यो एउटा

Downloaded from http://www.dhamma.digital

गाथा उनले चार महिनासम्म पढ्दा पनि कण्ठ गर्न सकेन । 'यस्तोले प्रव्रजितको काम कहिले पूरा गर्ला' भनी महापन्थकले भाइ चूलपन्थकलाई विहारबाट निस्कन आदेश दियो । तर चूलपन्थकलाई भने प्रव्रजित नै भएर बस्न मन थियो ।

त्यस समय महापन्थकलाई '**भत्तुदेसक**' अर्थात् भिक्षुहरूको निमित्त '**निमन्त्रणा**' स्वीकार गर्ने काम सुम्पिएको थियो । **जीवक** बैद्यले उनलाई 'विहारमा कति भिक्षुहरू हुनुहुन्छ'; 'भोलिको निमित्त भोजन स्वीकार गर्नुहोस्' भनी प्रार्थना गऱ्यो ।

महापन्थकले भन्यो– " उपासक ! यो चूलपन्थक बुद्ध-शासनको लागि योग्य छैन । त्यसैले पाँचशयमा एकजना कम भिक्षुहरूको निमित्त भोजन स्वीकार गर्दछु ।"

यो कुरो सुनेर चूलपन्थकको मनमा यस्तो लाग्यो– "मेरो दाजुको म प्रति विश्वास रहेनछ । यस्तो अवस्थामा यहाँ किन बसिरहने ? चीवर छोडेर गृहस्थी भएर जान्छु ।"

भोलिपल्ट बिहान सबेरै चीवर छोड्ने विचारले चूल पन्थक विहार बाट निस्क्यो ।

त्यसदिन बिहान तथागतले करुणा समापत्तिमा चूलपन्थकलाई देख्नु भयो र चूलपन्थक आइरहेको बाटोको छेउमा उहाँ उभिरहनु भयो । तथागतलाई देखेर उनले सादर वन्दना गऱ्यो ।

भगवान बुद्धले सोध्नु भयो– "चूलपन्थक ! यस बेला तिमी कहाँ जान लागेको ?"

चूलपन्थकले बिन्ति गऱ्यो– "भन्ते, भगवन् ! दाजुले मलाई विहारबाट निस्कन आदेश दिनु भयो । भिक्षु भाव छोडी गृहस्थ हुन बाहिर निस्केको भगवन् !"

भगवान बुद्धले भन्नुभयो– "तिम्रो प्रव्रज्या मेरो शासनमा

Downloaded from http://www.dhamma.digital

भएको कि तिम्रो दाजु कहाँ ?"

चूलपन्थकले दुइ हात जोडेर भन्यो– "भगवन्‌को शासनमा ।"

"त्यसो भए तिमी म कहाँ आउनु पर्थ्यो । बाहिर जाने होइन ।" यति भन्नु भई तथागतले आफ्नो चक्रांकित हातले उनको शीरमा सुम्सुम्याउनु भई आफूसँगै गन्धकुटीमा लगेर एउटा शुद्ध र सफा रुमाल दिनु भयो । पूर्वतिर हेरी **"रजोहरणं, रजोहरणं"** भनी यस रुमाललाई हातले मल्दै गर्नु भनी आज्ञा गर्नु भयो ।

भोजनको समय भएपछि भगवान बुद्ध भिक्षुहरूका साथ जीवकको घरमा जानुभयो ।

यता चूलपन्थक '**रजोहरणं**', '**रजोहरणं**' भन्दै रुमाललाई **परिमार्जन** गरिरह्‌यो । यसरी रुमाल परिमार्जन गरिरहँदा हातको पसिनाले रुमाल मैलो भयो । रुमाल मैलो भएको देखेर उनले सोच्न थाल्यो– "यो रुमाल अघि कति शुद्ध र सफा थियो । अहिले हात पुछ्दा-पुछ्दै कस्तो मैलो भएको । यो शरीर त यस्तो मैलोले भरिएको पो रहेछ ! यसबाट उनको पूर्व पारमीले गर्दा उनलाई एक नयाँ ज्ञानको आभिर्भाव भयो । '**संस्कार अनित्य रहेछ**' भनी '**अनित्य-बोध**' हुन थाल्यो । **दु:खको स्मरण** गरी विपश्यना ध्यान गर्न थाल्यो ।

यसै अवस्थामा तथागतले उनको चित्तको अवस्था थाहा पाउनु भई दिव्य शक्तिद्वारा उनलाई सम्बोधन गरी भन्नुभयो– "चूलपन्थक ! धूलो अथवा मैलोलाई मात्र '**रज**' भनिन्दैन; **राग द्वेष** र **मोह**लाई पनि '**रज**' नै भनिन्छ । यही मैलोलाई सफा पारी भिक्षुहरू निर्मल बुद्ध-शासनमा बस्दछन् ।"

भगवान बुद्धका यस अतुलनीय सन्देशको अवशानमा चूलपन्थकले **प्रतिसम्भिदाज्ञान** सहित अरहन्त प्राप्त गर्‍यो साथै बुद्धो-पदेशका ज्ञाता पनि भयो ।

Downloaded from http://www.dhamma.digital

जीवकले भगवानलाई '**दक्षिणोदक**' अर्थात् भोजनदान गर्नु भन्दा पहिले दिने पानी अर्पण गर्दा तथागतले विहारमा अरू भिक्षुहरू भएको कुरा अवगत गराउनु भयो । विहारमा गई हेर्दा चूलपन्थकले ऋद्धिद्वारा एक हजार चूलपन्थकहरू निर्माण गरी विहार भरी विभिन्न काममा लगाई राखेको थियो ! यो दृश्य देखी बोलाउन जाने व्यक्ति अचम्म भई कसलाई बोलाउने थाहा नभई फर्क्यो । पछि तथागतको अनुज्ञा लिई '**चूलपन्थक**' भनी बोलाउँदा सबैभन्दा पहिले जवाफ दिनेलाई बोलाएर ल्यायो । भोजन सिद्धिएपछि भगवानले चूलपन्थकलाई **भुक्तानुमोदन** गराउन आज्ञा गर्नु भयो । चूलपन्थकले बडो विद्वतापूर्वक धर्म-उपदेश दिई अनुमोदन गरायो ।

एक दिन धर्म सभामा यस्तो कुरा चल्यो– "चूलपन्थकले चार महिना पढ्दा पनि एउटा गाथा कण्ठ गर्न सकेन । तैपनि आफ्नो प्रयासलाई नछोडी कोशिश गरेको कारणले चूलपन्थकले **ऋद्धि-शक्ति** सहित अरहत्वको स्थिति समेत प्राप्त गऱ्यो ।"

यसरी कुरा गरिहेको बेलामा तथागत त्यहाँ आइपुग्नु भयो र तिनीहरूको कुरा सुनेर ती भिक्षुहरूलाई सम्बोधन गर्नुभई भन्नु भयो– "भिक्षुहरू ! वीर्यवान भिक्षु मेरो शासनमा लोकोत्तर धर्मको स्वामी नै बन्दछ ।"

यसरी आज्ञा गर्नु भई यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"उट्ठानेनप्पमादेन – संयमेन दमेन च ।**
**दीपं कयिराथ मेधावी – यं ओघो नाभिकीरति ॥"**

अर्थ– बुद्धिमानहरूले उद्योगी भई, अप्रमादी बनी, संयमपूर्वक चित्तलाई दमन गरी बाढी आए पनि बगाउन नसक्ने द्वीप बनाउनु पर्दछ ।

Downloaded from http://www.dhamma.digital

## २.४. अप्रमादीले सुख पाउँछ

२. (२६) **"पमादमनुयुञ्जति – बाला दुम्मेधिनो जना ।**
**अप्पमादं च मेधावी – धनं सेट्ठं व रक्खति ॥"**

२. (२७) **"मा पमादमनुयुञ्जेथ – मा काम रतिसन्थवं ।**
**अप्पमतो हि झायन्तो – पप्पोति विपुलं सुखं ॥"**

यी गाथा जेतवन विहारमा भगवान बुद्धले **बालनक्षत्र**को सम्बन्धमा भन्नुभएको हो ।

एक समय श्रावस्तीमा **नक्षत्र उत्सव**को घोषणा भएको थियो । त्यस उत्सवमा मूर्ख अज्ञानीहरूले आफ्नो शरीरमा खरानी र गोवर डलेर बाटोमा हिड्थे । आफ्ना ज्ञातिबन्धुहरू अथवा श्रमणहरू देखे पनि तिनीहरू लाज मान्दैनथे । प्रत्येक घरको दैलो-दैलोमा गएर असभ्य शब्दहरू प्रयोग गर्थे । अपशब्दहरू बोल्ने गर्थे । तिनीहरूले बोलेको असभ्य शब्द सहन नसकी आ-आफ्नो गच्छे अनुसार तिनीहरूलाई रूपियाँ पैसा दिन्थे । रूपियाँ पैसा पाएपछि तिनीहरू एक घरबाट अर्को घर अथवा एक ठाउँबाट अर्को ठाउँमा जान्थे । यसरी यो उत्सव एक सप्ताहसम्म चल्थ्यो ।

त्यस समय श्रावस्तीमा पाँचकोटी **आर्य श्रावक**हरू बस्दथे । त्यस नक्षत्र उत्सव शुरू हुनु भन्दा पहिल्यै उनीहरूले तथागतलाई अनुरोध गरे– "भन्ते, भगवन् ! यो सप्ताहभरी तथागत सहित कोही पनि भिक्षुहरू भिक्षाटन गर्न बाहिर नजानुहोस् । सप्ताहभरी भोजनको व्यवस्था हामीले विहारमा नै प्रबन्ध गरिदिने छौं ।" उनीहरू पनि घरबाट बाहिर निस्केनन् ।

त्यस नक्षत्र उत्सव सिद्धिए पछि आठौं दिनमा उनीहरूले भगवान

Downloaded from http://www.dhamma.digital

बुद्ध सहित भिक्षु महासंघलाई निमन्त्रणा गरी महादान दिए । त्यसपछि उनीहरू एक छेऊमा बसी बिन्ति गरे– "भन्ते, भगवन् ! हामीले अति कष्टपूर्वक यो एक हप्ता बितायौं । अज्ञानी मूर्खहरूको असभ्य शब्द सुन्नु परेकोले कान फुट्ला जस्तो भयो । तिनीहरूमा लाज-शरम भनेको पटक्कै थिएन । त्यसैले तथागतलाई हामीले भिक्षाटन गर्नबाट रोकेका हौं ।

उनीहरूको कुरा सुनी तथागतले भन्नुभयो– "अज्ञानी मूर्खहरूको काम यस्तै हुन्छ । बुद्धिमानीहरूले धनलाई सुरक्षित गरी रक्षा गरे झैं अप्रमादलाई रक्षा गरी अमृत निर्वाण सम्पत्ति प्राप्त गर्दछन् ।"

यसै सन्दर्भमा तथागतले यी गाथा प्रकाशित गर्नु भयो–

**"पमादमनुयुञ्जन्ति – बाला दुम्मेधिनो जना ।**
**अप्पमादञ्च मेधावी – धनं सेट्ठं व रक्खति ॥"**

अर्थ– मूर्खहरू प्रमादी भई बेहोशी बन्छन् । तर पण्डितहरूले धेरै मोल पर्ने श्रेष्ठ धनलाई आरक्षा गरे झैं अप्रमादलाई रक्षा गर्दछन् ।

**"मा पमादमनुयुञ्जेथ – मा कामरतिसन्थवं ।**
**अप्पमत्तो हि झायन्तो – पप्पोति विपुलं सुखं ॥"**

अर्थ– प्रमादी नहोऊ; काम विषयमा आसक्त नहोऊ अर्थात् कामवासनामा लिप्त भई नबस । प्रमाद रहित भई, अप्रमादी बनी ध्यान गरेमा महान सुख प्राप्त हुन्छ ।

Downloaded from http://www.dhamma.digital

# २.५. अज्ञानीहरूलाई हेर्दछ

२. (२८) **"पमादं अप्पमादेन – यदा नुदति पण्डितो ।**
**पञ्ञापासादमारुय्ह – असोको सोकिनिं पजं ।**
**पब्बतट्ठो व भूमट्ठे – धीरो बाले अवेक्खति ॥"**

यो गाथा भगवान बुद्धले जेतवनमा **महाकस्सप स्थविरको** कारणमा भन्नु भएको हो ।

एक समय महाकस्सप स्थविर **पिप्फलि गुफामा** बस्नु भएको थियो । एक दिन राजगृह नगरमा भिक्षाटन गरी भोजन पश्चात् ध्यान गर्नु भयो । ध्यान गर्दा-गर्दै उहाँले **आलोक समाधि** बढाउनु भयो । **आलोक समाधिमा** दिब्य चक्षुद्वारा उहाँले संसारमा मृत्यु भइरहेको उत्पन्न भइरहेका प्राणीहरूलाई हेरिरहनु भयो ।


त्यसबेला भगवान बुद्ध जेतवनमा विहार गरिरहनु भएको थियो । उहाँले आफ्नो ध्यानद्वारा 'महाकस्सप स्थविर के गरिरहेको छ' भनी हेर्नु भयो । उहाँले प्राणीहरूको **च्यूति** र **उत्पत्ति** भइरहेको दृश्य हेरिरहेको देख्नु भई तथागतले आभाष फैलाउनु भई उहाँलाई सम्बोधन गरी भन्नुभयो– "कस्सप ! प्राणीहरूको **च्यूति** र **उत्पत्तिको** विषयलाई जान्ने काम तिम्रो होइन । यो त बुद्धको विषय हो । आमाको पेटमा प्रतिसन्धि लिई **च्यूत** हुने प्राणीहरूको गन्ति गरेर साध्ये छैन । यस्तो विषयलाई तिमीले जान्न सक्तैनौ ।"

यही विषयलाई लिएर तथागतले यो गाथा प्रकाशमा ल्याउनु भएको हो–

**"पमादं अप्पमादेन – यदा नुदति पण्डितो ।**
**पञ्ञापासादमारुय्ह – असोको सोकिनिं पजं ।**
**पब्बतट्ठो व भूमट्ठे – धीरो बाले अवेक्खति ॥"**

Downloaded from http://www.dhamma.digital

अर्थ–अप्रमादले प्रमादलाई नाश गरी शोक गर्नु पर्ने कारणबाट मुक्त भएको पण्डितले प्रज्ञा रूपी प्रासाद चढेर शोकाकूल प्राणीहरूलाई त्यसरी हेर्दछ; जसरी पर्वतमा चढेको धीर पुरुषले भूमिमा रहेका अज्ञानी मानिसहरूलाई हेर्दछ ।



Downloaded from http://www.dhamma.digital

# २.६. बुद्धिमान अगाड़ि पर्दछ

२. (२९) **"अप्पमत्तो पमत्तेसु – सुत्तेसु बहुजागरो ।**
**अबलस्सं व सीघस्सो – हित्वा याति सुमेधसो ॥"**

जेतवन विहारमा भगवान बुद्धले यो गाथा दुइ सहायक भिक्षुहरूको सन्दर्भमा भन्नु भएको हो ।

श्रावस्तीका दुइजना साथीहरू आपसमा सल्लाह गरी जेतवन विहारमा गए । दुबै जना तथागत कहाँ प्रव्रजित भए । भिक्षु भइसकेपछि भगवान बुद्धसँग ध्यानका कुराहरू सिकेर दुबै जना जंगलतिर लागे । ती दुइ मध्ये एक जनाले ध्यान गर्नुको सत्ता दाउराहरू खोजेर ल्याई आगो बाल्थ्यो । अनि अरू तरुण श्रामणेरहरूसँग गफ गर्थ्यो र आगो तापेर समय बिताउँथ्यो ।

अर्को चाहिं साथी अप्रमादी भई **श्रमण-धर्म** पालन गर्थ्यो । विपश्यना ध्यानमा लागिरह्यो । उसले आफ्नो साथीलाई यसरी सम्झाउने गर्थ्यो- "आवुसो ! आगो तापेर यसरी समय नबिताऊ । प्रमादी हुनेहरू चार **अपाय दुर्गति**मा पर्दछन् । भगवान बुद्धलाई छलकपट गरी प्रसन्न पार्न सकिन्न । श्रमण-धर्म पालन गर ।" साथीको कुरामा उसले पटक्कै ध्यान दिएन ।

त्यसबेलादेखि त्यस भिक्षुले उसलाई केही भनेन । बरु आफू अप्रमादी भई श्रमण-धर्म पालन गर्दै रह्यो । अल्छि भिक्षु प्रथम प्रहरमा आगो तापिरहँदा उनी **चंक्रमण** गर्थ्यो । दोस्रो प्रहरमा आराम गरी फेरि बिपश्यना ध्यान गर्थ्यो ।

यसरी अप्रमादी बनी उनले श्रमण - धर्म पालन गर्दा-गर्दै चाँडै नै **प्रतिसम्भिदा ज्ञान** सहित **अरहत्व**को स्थिति प्राप्त गर्‍यो ।

अल्छि भिक्षुले उनलाई एक छिन आराम गरेको देख्यो कि यसो

Downloaded from http://www.dhamma.digital

भन्थ्यो– "तिमी बडो अल्छि रहेछौं । सुत्नको लागि तिमी जङ्गलमा आएको हो कि क्या हो ?" तर आफू चाहिं गएर निद्रामा मस्त सुत्थ्यो । यसरी अल्छि भिक्षुले प्रमादी भएर नै दिन बितायो ।

वर्षावास सकिएपछि दुबै भिक्षुहरू श्रावस्ती नगरतिर लागे । जेतवन विहारमा पुगी भगवान बुद्धलाई सादर वन्दना गरी दुबै एक छेऊमा बसे । तथागतले तिनीहरूसँग कुशल वार्ता गर्नु भई सकेपछि प्रश्न गर्नुभयो– "भिक्षुहरू अप्रमादी भई बस्न सक्यौ ? श्रमण-धर्म पालन गरेर प्रव्रज्याको परमार्थ धर्म पूर्ण गर्‍यौ ?"

तथागतका यी प्रश्न सुनी अल्छि भिक्षुले पहिले जवाफ दियो– "यो भिक्षु अप्रमादी भएर कहाँ बस्यो र ? यहाँबाट गएदेखि सुतेर दिन बितायो ।

तथागतले अल्छि भिक्षुलाई प्रश्न गर्नुभयो– "तिमीले कसरी दिन बितायौ त ?"

"भन्ते भगवन् ! मैले रातको पहिलो याममा आगो तापी ननिदाइकन बसेर समय बिताएँ ।"

तथागतले प्रश्न गर्दै भन्नुभयो – "आफू प्रमादी भई समय बिताई अप्रमादीलाई प्रमादी भन्छौ ?"

फेरि तथागतले प्रमादको दोष र अप्रमादको गुण प्रकाश पार्नु हुँदै भन्नुभयो– "तिमी चाहिं मेरो पुत्रको अगाडि वेगले दौडन नसक्ने कमजोर घोडा जस्तै हो । तर यो भिक्षु तिम्रो अगाडि वेगले दौड्न सक्ने बलवान घोडा जस्तै हो ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"अप्पमत्ता पमत्तेसु – सुत्तेसु बहुजागरो ।**
**अबलस्सं व सीघस्सो – हित्वा याति सुमेधसो ॥"**

अर्थ– जसरी दुर्वल घोडा भन्दा बलवान घोडा छिटो दौड्छ; त्यसरी नै प्रमादीहरूमा अप्रमादी, सुती रहनेहरूमा जागृत, मूर्खहरूमा बुद्धिमान व्यक्ति अगाडि जान्छ ।

Downloaded from http://www.dhamma.digital

# २.७. शक्र देवराज

२. (३०) **“अप्पमादेन मघवा – देवानं सेट्ठतं गतो ।**
**अप्पमादं पसंसन्ति – पमादो गरहितोसदा ॥”**

एक समय भगवान बुद्ध **वैशालीको कुटागार शाला**मा विहार गरिरहनु भएको थियो । त्यसबेला **शक्र देवराज इन्द्र**को कारणमा तथागतले **महाली लिच्छवी**लाई यो गाथा भन्नु भएको हो ।

वैशाली नगरमा **महाली** भन्ने **लिच्छवी** बस्दथ्यो । एक दिन उसले '**सक्कपञ्हसूत्रको** कुरा सुनेको थियो । यस सूत्रको कुरा सुनेर उसको मनमा यस्तो लाग्यो– “यसमा भगवान बुद्धले शक्रको बडो बयान गर्नु भएको छ । उहाँले शक्र देवराज इन्द्रलाई देखेर यस्तो भन्नु भएको हो कि अथवा नदेखिकन नै भन्नु भएको हो । यो कुरा भगवान सँगै सोध्नु पर्‍यो ।”

यसरी विचार गरी **महाली लिच्छवी** भगवान बुद्ध कहाँ गई सादर वन्दना गरी एक छेऊमा बस्यो । अनि उसले तथागतसँग प्रश्न गर्‍यो– “भन्ते, भगवन् ! तथागतले शक्र देवराज इन्द्रलाई देख्नु भएको छ ?”

तथागतले भन्नु भयो– “महाली ! मैले शक्र देवराज इन्द्रलाई देखेको छु ।”

महाली लिच्छवीले बिन्ति गर्‍यो– “भन्ते, भगवन् ! शक्रदेवराज इन्द्रलाई देख्न कठिन छ, होइन र ? शायद तथागतले शक्र जस्तै अरूलाई देख्नु भएको हो कि ?”

तथागतले महाली लिच्छवीलाई सम्बोधन गर्दै भन्नुभयो– “महाली ! म शक्रलाई पनि चिन्दछु । शक्र बनाउने धर्म पनि जान्दछु । जुन धर्मले युक्त हुँदा शक्रत्व प्राप्त हुन्छ; त्यो पनि जान्दछु ।”

Downloaded from http://www.dhamma.digital

"महाली ! शक्रदेवराज इन्द्र पहिले मनुष्य हुँदा उनको नाम '**मघ**' थियो । त्यसैले उनलाई '**मघवा**' भनिएको हो ।"

"महाली ! शक्र मनुष्य हुँदा अरूले भन्दा पूर्व अर्थात् अघि-अघि सरी दान दिने गर्थ्यो । त्यसैले उनलाई '**पुरिन्दद**' भनिएको हो । त्यस्तै शक्र देवराज इन्द्रले मानिस भएर जन्म लिंदा सत्कारपूर्वक दान दिने भएकोले '**शक्र**'; '**आवास**' दान दिएकोले '**वासवो**'; हजार कारणलाई पनि तुरन्तै विचार गर्न सक्ने भएकोले '**सहस्त्राव**'; '**सुजा**' भन्ने **असुर कन्याको प्रजापति** भएकोले '**सुजम्पति**'; **त्रयस्त्रिंश देवलोक**मा राजा भएकोले '**देवानमिन्द्र**' भनिएको हो ।"

"महाली ! शक्र देवराज इन्द्र पहिले मानिस हुँदा उनले सात वटा ब्रत राम्ररी पालन गरेको थियो । त्यसै कारणले गर्दा उनी शक्रत्वमा पुग्न सफल भयो । ती सात वटा ब्रतहरू हुन् –

१) जीवनभर आमा-बाबुको सेवा गरेको थियो ।

२) जीवनभर घरमा आफू भन्दा जेष्ठको सम्मान गरेको थियो ।

३) जीवनभर कोमल, मधुर वचन बोल्थ्यो ।

४) जीवनभर कडा शब्द प्रयोग गरेन ।

५) जीवनभर लोभ-लालचमा नलागी दान दिने कार्यमा अग्रसर भई याचकहरूलाई दान दिने गर्थ्यो ।

६) जीवनभर सत्य वचन बोल्थ्यो ।

७) जीवनभर क्रोधको दास भएन अर्थात् क्रोध उत्पन्न भएको खण्डमा होश राखी क्रोधलाई शान्त पार्थ्यो ।"

"महाली ! मनुष्य हुँदा उनले यी सात ब्रतहरू जीवनभर पालन गरेकोले नै उनी शक्रत्वमा पुगेको थियो । उनी '**मघ मानवक**' छँदा उनले **अप्रमाद-प्रतिपत्ति** पालन गरेको कारणले गर्दा दुबै लोकको आधिपत्य

Downloaded from http://www.dhamma.digital

प्राप्त गर्न सकेको हो ।"

"बुद्धादि उत्तम पुरुषहरूले अप्रमादलाई प्रशंसा गर्दछन् । अप्रमादको कारणले गर्दा **लौकिक** र **लोकोत्तर** विशेषतालाई प्राप्त गर्न सकिन्छ ।"

यसै सन्दर्भमा तथागतले यो गाथा भन्नुभयो–

**"अप्पमादेन मघवा – देवानं सेट्ठतं गतो ।**
**अप्पमादं पसंसन्ति – पमादो गरहितो सदा ॥"**

अर्थ– अप्रमादी भएको कारणले इन्द्र देवताहरूमा श्रेष्ठ हुन पुग्यो । अप्रमादलाई सबैले प्रशंसा गर्दछन् । तर प्रमादलाई सँधै निन्दा गर्दछ ।

Downloaded from http://www.dhamma.digital

# २.८. अप्रमादले बन्धनलाई जलाउँछ

२. (३१) **"अप्पमादो रतो भिक्खु – पमादे भयदस्सिवा ।**
**शयोजनं अणुं थूलं – डहं अग्गीव गच्छति ॥"**

यो गाथा भगवान बुद्ध जेतवनमा विहार गरिरहनु हुँदा एक भिक्षुको कारणमा बताउनु भएको हो ।

एक समय एक जना भिक्षु भगवान बुद्ध कहाँ गई उहाँलाई सादर वन्दना गरी एक छेउमा बस्यो । उनले तथागतसँग **अरहन्तसम्म** हुन सक्ने ध्यानका कुराहरू सुनेर विपश्यना ध्यान गर्न जंगलमा गयो । उनले खूब मेहनत गरी ध्यान गऱ्यो । अनेक तरहले कोशिश गऱ्यो । तर उनी अरहत्वको स्थितिमा पुग्न सकेन ।

केही दिन पछि उनी 'तथागतसँग विशेष रूपले अरू ध्यानका कुरा सुन्नु पऱ्यो' भनी विचार गरी जेतवन विहार तिर आइरहेको थियो । त्यसै बेला जंगलमा अचानक ठूलो आगो लाग्यो । यस्तो भयंकर आगलागी देखेर उनी दगुरेर गई एक नाङ्गो पहाडको टुप्पोमा गएर बस्यो । त्यहाँ बसी आगो लागिरहेको हेरेर मनमनै यसरी सोच्न थाल्यो– "जसरी यस आगोले साना-ठूला झारपातहरूलाई भष्म पार्दैछ; त्यसरी नै **आर्य-मार्ग ज्ञान**द्वारा साना ठूला सबै प्रकारका बन्धनलाई भष्म पारेर लैजानु परेको छ ।"

ठीक त्यसै बेला जेतवनमा विहार गरिरहनु भएका तथागतले उनको मनको कुरा थाहा पाउनु भयो र उनको चित्त अनुकूल हुने गरी भन्नुभयो– "भिक्षु ! त्यस्तै हो । सत्वहरूको अभ्यन्तरमा उत्पन्न हुने साना-ठूला सबै संयोजनहरू अर्थात् बन्धनहरूलाई **आर्य-मार्गरूपी अग्नि**द्वारा भष्म पारेर फेरि उत्पन्न हुन नसक्ने गर्नु पर्दछ ।"

Downloaded from http://www.dhamma.digital

त्यसपछि त्यस भिक्षुको सामुन्ने बसिरहे जस्तै आफ्नो आभाष फैलाउनु भई तथागतले यो गाथा भन्नुभयो–

**"अप्पमादो रतो भिक्खु – पमादे भयदस्सि वा ।**
**संयोजनं अणुं थूलं – डहं अग्गीव गच्छति ॥"**

अर्थ– प्रमादमा भय देखेर अप्रमादमा मन लगाई रहने भिक्षुले संसारमा जन्म लिनु पर्ने साना-ठूला संयोजन अर्थात् बन्धनलाई अग्निले भष्म पारे झैं भष्म गर्दछ ।

तथागतको यस उपदेश सुनेर त्यस भिक्षुको सबै संयोजन भष्म भएर गयो । त्यही आसनमा बसी प्रतिसम्भिदा सहित अरहत्वको स्थिति प्राप्त गर्नमा उनी सफल भयो ।

त्यसपछि त्यस भिक्षु आकाश मार्गबाट भगवान बुद्ध कहाँ गई तथागतको सुवर्णमय शरीरको वर्णन गरी अनेक किसिमले प्रशंसा गऱ्यो । अनि तथागतलाई सादर वन्दना गरी फर्केर गयो ।

Downloaded from http://www.dhamma.digital

# २.९. अप्रमादी पतन हुँदैन

२. (३२) **"अप्पमादो रतो भिक्खु – पमादे भयदस्सि वा ।**
**अभब्बो परिहानाय – निब्बानस्सेव सन्तिके ॥"**

तथागत जेतवनमा विहार गरिरहनु हुँदा **निगमवासी तिष्य स्थविर**को कारणमा यो गाथा भन्नु भएको हो ।

श्रावस्ती नजिक एक **निगम** थियो । त्यसै निगममा जन्मेर हुर्के बढेका एक जना कुलपुत्र थियो । एक दिन उनी भगवान बुद्ध कहाँ आयो र बुद्ध शासनमा प्रव्रजित हुने इच्छा व्यक्त गऱ्यो । पछि उनले प्रव्रज्या र **उपसम्पदा** प्राप्त गऱ्यो ।

उनी आफ्नो निगममा बस्थ्यो । उनी निर्लोभी र सन्तुष्टि थियो । साथै एकान्तप्रेमी तथा वीर्यवान थियो । निगममा प्राप्त भएको भिक्षामा नै सन्तुष्ट थियो । अनाथपिण्डिक महाजनले दिएको **महादान**मा उनी जाँदैनथ्यो । कोशल राजाले दिएको **असदृश दान**मा पनि उनी सहभागी बन्दैन्थ्यो । 'त्यस निगमवासी स्थविर बडो निर्लोभी र सन्तुष्टि छ' भन्ने कुरा चारै तिर फैलियो ।

तर कुनै कुनै भिक्षुहरूले यसरी भन्ने गर्थे– "यस निगमवासी तिष्य स्थविर सँधै आफ्नै निगममा अल्भ्रेर बस्दछ । श्रावस्तीमा अनाथपिण्डिक महाजनले दिएको महादान र कोशल राजाले दिएको असदृश दानमा पनि आउँदैन ।"

तिनीरूले यी कुरा भगवान बुद्धलाई पनि अवगत गराए । तथागतले त्यस निगमवासी तिष्य स्थविरलाई बोलाउन पठाउनु भई उसलाई यसरी प्रश्न गर्नु भयो– "तिष्य ! तिमी निगममा अल्भ्रेर बस्छौ रे ! के यो कुरो साँचो हो ?"

Downloaded from http://www.dhamma.digital

निगमवासी स्थविरले बिन्ति गऱ्यो – "भन्ते भगवन् ! म निगममा आफ्नोनाताकुटुम्बसँग अल्झेर बसेको होइन । भिक्षा चरण गरी केवल पेट भर्न उनीहरूबाट प्राप्त भएको आहार ग्रहण गर्दछु । शास्ता ! मैले मीठो-नमीठो, राम्रो-नराम्रोमा ध्यान दिइन । मलाई संग्रह गर्ने आवश्यकता पनि छैन । त्यसैले म अरू ठाउँमा नगएको हुँ ।"

तथागतले उनलाई प्रशंसा गर्दै भन्नुभयो– "अल्पेच्छता र सन्तुष्टिता भनेको तथागतको परम्परा हो ।"

यसै सन्दर्भमा '**चुल्लसुक जातक**' को कुरा सुनाउनु भई भन्नुभयो– "यसरी सन्तुष्ट भई बस्ने भिक्षु '**समथ-विपस्सना**' **ध्यान**बाट र **मार्ग-फल**बाट **परिहानी** हुन सक्तैन । बरु उनी निर्वाणको नजिक पुग्दछ ।"

यसै सन्दर्भमा भगवान बुद्धले यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"अप्पमादो रतो भिक्खु – पमादे भयदस्सि वा ।**
**अभब्बो परिहानाय – निब्बानस्सेव सन्तिके ॥"**

अर्थ– प्रमादमा भय देखेर अप्रमादमा मन लगाई रहने व्यक्ति निर्वाणको झन-झन नजिक पुगेको हुन्छ । उसको कहिल्यै परिहानी अर्थात् पतन हुँदैन ।

तथागतको यस धर्म-उपदेशको अवसानमा निगमवासी तिष्य स्थविर प्रतिसम्भिदाज्ञान सहित अरहन्त हुनु भयो । त्यहाँ उपस्थित भएका धेरैजसो मानिसहरू स्रोतापन्न आदि मार्ग-फलमा प्रतिस्थित भए । बाँकी रहेका अरू श्रोतावर्गले तथागतको यस धर्म-देशनाबाट धर्म लाभ गरे ।

Downloaded from http://www.dhamma.digital

# शब्दार्थ

**अधिष्ठान** – दृढ निश्चय गरी बस्ने, दस पारमिताहरूमा एक पारमिता ।

**अरहत्, (अरहन्त)** – जीवन मुक्त, १) रूपराग, २) अरूपराग, ३) मान, ४) उद्धच्च र ५) अविद्या– यी पाँच बन्धनलाई जरैदेखि उखेलेर नाश गरी परम शान्त निर्वाण पद प्राप्त गरी सकेको; राग, द्वेष र मोहलाई हनन् गरी सकेको; छेदन गरी सकेको ।

**अशुभ** – अपवित्र, नराम्रो, घृणित, अशुचि ।

**अशुभ-संज्ञा** – अशुभ भावना ।

**अशुभ भावना** – **केसा**, **लोमा** आदि शरीरमा भएको ३२ प्रकारका अशुचिको ध्यान गर्ने ।

**असंख्य** – संख्या गर्न नसक्ने ।

**अष्टसमापत्ति ध्यान** – **रूपावचर** र **अरूपावचर** ध्यान ।

**अवीचि महानरक** – नरकहरू मध्ये साह्रै भयानक नरक ।

**अनुजात-पुत्र** – आमा-बाबुले जस्तै काम गरी बस्ने ।

**अवजात-पुत्र** – आमा-बाबुको भन्दा कमसल काम गरी बस्ने ।

**अतिजात-पुत्र** – आमा-बाबुले भन्दा राम्रो काम गरी बस्ने ।

**अग्र-पुद्गल** – मुख्य व्यक्ति, पहिलो व्यक्ति ।

**असदृशदान** – तुलना गर्न नसकिने गरी दिने दान ।

**अग्र-श्रावक** – विशेष प्रकारले पारमी पूर्ण गरेका भगवानका बुद्ध शिष्यहरू मध्ये उत्तम शिष्य ।

**आर्य** – श्रेष्ठ व्यक्ति, निर्वाणको साक्षात्कार गरिसकेको व्यक्ति । **स्रोतापन्नदेखि अरहन्तसम्म आर्य-पुद्गलका चार** स्तर हुन्छन् ।

**आर्य-श्रावक** – **स्रोतापत्ति**, **सकृदागामी**, **अनागामी र अरहन्त मार्ग-फल** मध्ये कुनै एक वा सबैमा प्रतिष्ठित भएको पुद्गल ।

Downloaded from http://www.dhamma.digital

**आनुपूर्वी-कथा** – **दान-कथा**, **शील-कथा**, **स्वर्ग-कथा** आदि क्रमिक रूपमा ब्याख्या गर्दै लैजाने प्रक्रिया

**आभरण** – आभूषण ।

**आरद्धवीर्य** – प्रयत्नशील ।

**आस्रव** – अकुशल विचार, मल, चार प्रकारका आस्रव – **काम-आस्रव**, **भव-आस्राव**, **दृष्टि-आस्रव** र **अविद्या-आस्रव** ।

**आवुसो** – आफू भन्दा सानोलाई सम्बोधन गर्ने शब्द ।

**इर्य्यापथ** – शरीरको चार अवस्था – बस्ने, सुत्ने, उठ्ने र हिड्ने ।

**उपोसथ** – अष्टशील, दुइ अष्टमी, औंसी र पूर्णिमा– महिनाको चार उपोसथ-व्रतका दिन । भिक्षुहरू १५ दिनमा एक पटक जम्मा भई '**उपोसथ**' वा **शुद्धिकर्म** गर्ने ।

**उपस्थापक** – सेवा-टहल गर्ने ।

**उपसम्पदा** – उपसम्पन्न भिक्षु हुनको लागि दिइने दीक्षा ।

**ओजपूर्ण** – रसयुक्त, रसपूर्ण ।

**कल्प** – समयको अवधि, धेरै लामो समय ।

**करूणा समापत्ति** – करुणाले युक्त भएको ध्यान ।

**काषायवस्त्र** – भिक्षुको चीवर-वस्त्र ।

**कार्षापन** – सुन, ताँवा, चाँदीको सिक्का, रूपैँया, पैसा ।

**केशाग्र** – रौंको टुप्पो ।

**गण-संगणिक** – भेट्ने काम ।

**ग्रथन्धुर** – पठन-पाठनको कार्य ।

**गन्धमादन पर्वत** – एक पर्वतको नाम ।

**गाथा** – श्लोक ।

**चतुरङ्गिणी सेना** – चार प्रकारका सैन्य– हात्ती, घोडा, रथ, पैदल ।

**चक्रमण** – ओहर-दोहर गरी ध्यान गर्ने एक तरीका ।

Downloaded from http://www.dhamma.digital

**तावंतिंस देवलोक** – छ देवलोक मध्ये एक देवलोकको नाम ।

**दक्षिणोदक** – भोजन दान गर्नु भन्दा पहिले दिने पानी ।

**धर्म-संवेग** – धर्म गर्ने इच्छा, उत्सुकता ।

**धुर** – मूल, मुख्य ।

**धुतङ्ग** – क्लेशलाई नाश गर्ने शील; **धुतङ्गशील** १३ प्रकारका छन् ।

**धेनु-मंगल** – गौ-मंगल ।

**निरोध** – अवसान, उन्मूलन, निर्वाणको पयार्यवाची शब्द; चार आर्य-सत्यमा तेस्रो सत्य ।

**निर्वाण** – दुःख रूपी अग्निको अवसान, दुःख विमुक्ति, परमार्थ-सत्य, असंस्कृत ।

**निरोध-समापत्ति** – सबै वेदना शान्त हुने अत्यन्त शान्त ध्यानावस्था; यसलाई **'सञ्ञावेदयित निरोध'** ध्यान पनि भनिन्छ । संज्ञालाई निरोध गरी राख्ने अवस्था; यो ध्यान केवल **अनागामि** र **अरहन्त पुद्गल**लाई मात्र लाभ हुन्छ ।

**पञ्चगोरस** – दूध, दही, मही, नौनी, घिउ ।

**प्रीति** – आनन्द, प्रमोद, हर्ष, खुशी; पाँच प्रकारका प्रीति १) **खुद्दकापीति**, २) **खणिकापीति**, ३) **ओक्कन्तिकापीति**, ४) **उब्बेगापीति** र ५) **फरणापीति** ।

**परिहानी** – पतन ।

**परिहास** – गिज्याउने, हँसी उडाउने ।

**परिमार्जन** – रगड्नु, पुछ्नु, मालिश गर्नु ।

**प्रलाप** – व्यर्थको वक्वास ।

**पांसुकूल** – मसानमा फ्याँकी राखेका कपडा; पुरानो च्यातिएको कपडा ।

**प्रकाशनीयकर्म** – दोष खोली दिने; भिक्षु दण्ड ।

**प्रतिसारणीय कर्म** – संघ-दण्ड ।

**प्रतिक्षेप** – अस्वीकार ।

Downloaded from http://www.dhamma.digital

**प्रत्येक बुद्ध** – विना गुरु आफै बोधि प्राप्त गरी बुद्ध हुने तर अरूलाई ज्ञान दिन नसक्ने ।

**प्रत्येवेक्षण** – भूत, भविष्य, वर्तमानको विषयमा राम्रोसँग ध्यान दिई हेर्ने; स्मृतिपूर्वक रहने ।

**पञ्च अभिञ्ञा** – पाँच अलौकिक शक्ति १) दिव्य चक्षु ज्ञान, २) दिव्य श्रोत-ज्ञान, ३) ऋद्धि विध-ज्ञान, ४) परचित्त विजानन-ज्ञान र ५) पुर्वे निवास-ज्ञान ।

**पञ्चाङ्ग** – पाँच अङ्गले युक्त वन्दना; – दुइ घुँडा, दुइ कुहिना र टाउको ।

**परिव्राजक** – घुमन्ते योगी, संन्यासी, साधु ।

**पञ्चकाम विषय** – रूप, शब्द, गन्ध, रस र स्पर्श– यी पाँचलाई पञ्चकाम विषय भनिन्छ ।

**पारमी** – पारमिता, पूर्णता, गुण; अहंकारलाई क्षीण गरी विमुक्तितिर लैजाने कुशल चित्त-वृत्ति ।

**पुण्य** – कुशल कर्म, जुन काम गर्नाले वर्तमान र भविष्यमा सुख प्राप्त हुन्छ । सामान्य व्यक्तिको लागि दान दिनु, शील पालन गर्नु र ध्यान-भावना गर्नु ।

**प्रव्रज्या** – प्रव्रजित, संन्यास; त्रि-शरण गमन श्रामणेर भाव ।

**प्रतिसम्भिदा ज्ञान** – प्रत्येक ज्ञानलाई विविधाकारले बुझ्ने ज्ञान; **प्रतिसम्भिदा** चार प्रकारका छन् - १) **अर्थ प्रतिसम्भिदा**, २) **धर्म प्रतिसम्भिदा**, ३) **निरूक्ति प्रतिसम्भिदा** र ४) **प्रतिभान प्रतिसम्भिदा** ।

**प्रातिहार्य** – चमत्कार ।

**ऋद्धि-प्रातिहार्य** – दिव्य शक्ति, दिव्य चमत्कार ।

**बहुश्रुत** – पण्डित, धेरै विषयको ज्ञाता ।

**ब्रह्मचर्य** – श्रेष्ठ, उत्तम चर्या ।

**बुद्ध-शासन** – भगवान बुद्धको शिक्षा ।

Downloaded from http://www.dhamma.digital

**भत्तुदेसक** – भिक्षुहरूको निमित्त निमन्त्रणा स्वीकार गर्ने व्यक्ति ।

**भुक्तानुमोदना** – भोजन गरिसकेपछि भिक्षुहरूले दान, शील र भावनाको विषयमा दिइने उपदेश ।

**भोग-सम्पत्ति**– धन-सम्पत्ति, काममा आउने वस्तु ।

**महाप्रज्ञावान** – महान प्रज्ञा भएको ।

**महान प्रज्ञा** – महान प्रज्ञा-ज्ञानले सम्पन्न ।

**महा नरक** – भयानक नरक ।

**महाश्रमण** – भगवान बुद्ध ।

**मरणासन्न** – मृत्यु हुने क्षणको अन्तिम चित्त ।

**मार्ग** – दु:खनाशको उपाय; आठ अष्ठांगिक मार्ग जसले दु:खबाट मुक्ति दिलाई दिन्छ । आठ मार्ग हुन् – १) **सम्यक-दृष्टि**, २) **सम्यक-संकल्प**, ३) **सम्यक-वचन**, ४) **सम्यक्-कर्मान्त**, ५) **सम्यक-आजीविका**, ६) **सम्यक-व्यायाम**, ७) **सम्यक-स्मृति** र ८) **सम्यक-समाधि** ।

**लोहितपाद** – तथागतको शरीरबाट रगत निकाल्नु ।

**लोकोत्तर धर्म** – लोकबाट उतीर्ण हुने धर्म; चार मार्ग, चार फल र निर्वाण ।

**कोलोत्तर दायाद** – लोकोत्तर सम्पत्ति ।

**शब्द विज्ञ** – शब्द विद्या जान्ने व्यक्ति ।

**सनातन** – पहिलेदेखि चलि आएको धर्म ।

**सलाक भोजन** – भिक्षुहरूलाई भोजन निमंन्त्रण दिन चिन्ह स्वरूप दिइने काठको टुक्रा ।

**सप्तविध आर्य-धान** – सात प्रकारका आर्य-धन, श्रेष्ठ धन– १) **श्रद्धा-धन**, २) **शील-धन**, ३) **हिरी-धन**, ४) **ओतम्प-धन**, ५) **श्रुत-धन**, ६) **त्याग-धन** र ७) **प्रज्ञा-धन** ।

**सम्यक-दृष्टि** – ठीक दृष्टि, राम्रो विश्वास, आठ अष्टाङ्ग मार्गमा पहिलो मार्ग ।

Downloaded from http://www.dhamma.digital

**शून्यकल्य** – बुद्ध उत्पन्न नहुने समय, बुद्धको शासन नहुने समय ।

**संक्लिष्ट** – मलिन ।

**संघ-भेद** – मिलेर बसेका भिक्षुहरूलाई अलग्याई दिने ।

**साधुकार** – ठीक, राम्रो ।

**श्रमण-धर्म** – क्लेश शान्त हुने शील, नियम; विशेष गरी ३२ प्रकारका **अशुभ-भावना** गर्ने अभ्यास ।

**श्रावक** – भगवान बुद्धका शिष्यहरू, भिक्षुहरू ।

**श्रामणेर** – संन्यास, श्रामणेर-संन्यास, प्रव्रजित ।

**वर्षावास** – गुरू पूर्णिमा देखि आश्विन पूर्णिमा सम्म भिक्षुहरू एकै विहारमा बस्ने वास ।

**विपश्यनाधुर** – विपश्यना ध्यानमा लाग्ने कार्य ।

**विपश्यना** – आत्म निरीक्षण; अन्तर्दृष्टि जसबाट चित्त नितान्त निर्मल हुन्छ; विशेषगरी चित्त र शरीरको स्वभावमा अन्तर्दृष्टि ।

**वेदना** – अनुभूति, चार **चेतसिक स्कन्ध** मध्ये एक; अन्य तीन – **सञ्ञा**, **सङ्खार**, **विञ्ञाण** । भगवान बुद्धको उपदेशानुसार यसको **चेतसिक** र **कायिक** दुइ पक्ष हुन्छन् । अतः **वेदना चित्त** र **काया**को समग्र रूपमा जाँच गर्ने साधन हो । **प्रतीत्य समुत्पाद**को श्रृंखलामा दुःखको **हेतु तृष्णा** (तण्हा) **वेदना**को प्रतिक्रियाको फल स्वरूप आरम्भ हुन्छ । **वेदना**लाई साक्षी भावमा हेर्न सकेमा व्यक्ति **राग**, **द्वेष**को प्रतिक्रियाबाट बच्न सकिन्छ । अनि आफू भित्रको **अनित्यता (अनिच्च)** को सत्यता प्रत्यक्षरूपमा जान्न सकिन्छ । चित्तको विमुक्तिको लागि अपेक्षित वैराग्य पुष्ट गर्न अनुभूति अनिवार्य हुन्छ ।

**क्षीणास्रवी** – आस्रव क्षीण भएको ।

**त्रि-विद्या** – **पुब्बेनिवासानुसति-ञ्ञाण**, **दिव्यचक्खु-ञ्ञाण** र **आसवक्खय-ञ्ञाण**– यी तीन **त्रि-विद्या** हुन् ।

Downloaded from http://www.dhamma.digital

## मेरा अरू पुस्तकहरू

**प्रकाशित :**

१) बुद्ध-वचन
२) नारी प्रति बुद्धका देन
३) विधुर जातक (नेपाली)
४) मग्गङ्ग-दीपनी (प्रथम, दुतीय, तृतीय, चतुर्थ संस्करण)
५) महाचीन यात्रा
६) बुद्धका प्रथम सन्देश
७) बोधिपक्खिय दीपनी (प्रथम, दुतीय संस्करण)
८) नियाम-दीपनी
९) नियाम-दीपनी (बर्मीज अनुवाद)
१०) जिगु पौ
११) चतुसच्च-दीपनी
१२) धर्म: जीवन जिउने कला
१३) धर्मज्योति
१४) त्रिरत्न-वन्दना
१५) प्रवचन-प्रवाह
१६) बुद्ध-वचन (पालि सहित)
१७) विपश्यना: एक जीवनोपयोगी साधना
१८) धम्मपद-अट्ठकथा (भाग-१)

**प्रकाशन प्रतीक्षामा :**

१) धम्मपद-अट्ठकथा (भाग-२, भाग-३)
२) निर्मल धारा धर्मको
३) विधुर जातक (नेपाल भाषा)
४) उपयोगी विचार धारा
५) बुद्ध-धर्म-संघ (तथागत)

---

मुद्रक : न्यू नेपाल प्रेस - २५९०३२, ४३४८५०

Downloaded from http://www.dhamma.digital